# नेपालको भविष्य कसको हातमा?

एसिया रिपोर्ट नं. १७३ — १३ अगस्ट २००९

International Crisis Group
WORKING TO PREVENT
CONFLICT WORLDWIDE

# सम्पादकीय टिप्पणी

यो इन्टरन्यासनल क्राइसिस ग्रुपद्वारा प्रकाशित रिपोर्टको नेपाली अनुवाद हो। यसको आधिकारिक संस्करण अङ्ग्रेजीमा प्रकाशित छ। क्राइसिस ग्रुपका नेपालसम्बन्धी सबै रिपोर्टहरू वेबसाइट (www.crisisgroup.org) बाट डाउनलोड गर्न सकिन्छ। नयाँ रिपोर्टका प्रकाशित प्रति प्राप्त गर्न निम्न ठेगानामा सम्पर्क राख्नुहोलाः

इन्टरन्यासनल क्राइसिस ग्रुप
प्रशान्ति कोलोनी, सानेपा, ललितपुर
फोन: ५५४८३२८, फ्याक्सः ५५४८९५८
nepal@crisisgroup.org

# विषयसूची


१. **विषय प्रवेशः जराजीर्ण प्रक्रिया** ... **१**

२. **सहमतिको अन्त्य** ... **२**

- क) गुल्टिने दौड ... ३
- ख) हरेक चालमा माथ ... ४
- ग) साङ्घातिक संवैधानिक चोट ... ५
- घ) अलबिदा कि फेरि भेटौंला? ... ६

३. **माओवादी नियतको सवाल** ... **७**

- क) माओवादी शासनः निर्दयी होइन निरीह ... ७
- ख) भिडियो प्रकरण ... ९
- ग) सुरुआतको अन्त्य कि अन्त्यको सुरुआत? ... ११

४. **सेनाको बढ्दो राजनीतिक भूमिका** ... **१३**

- क) परोक्ष युद्ध ... १३
- ख) राज्यको सैनिक कि सैनिक राज्य? ... १४
- ग) तातिएको बिँड ... १६
- घ) चोखो र बिटुलो ... १७

५. **भारतः शक्तिशाली प्रतिप्रहार** ... **१८**

- क) चिनियाँ साउती ... १९
- ख) शङ्का र निराशा ... २१
- ग) दलदलमा दिल्ली ... २२
- घ) फेरि दिशा फेला पार्नु ... २३

६. **शान्ति प्रक्रियाका तगाराहरू** ... **२४**

- क) नयाँ सत्ता, पुराना समस्या ... २४
- ख) पार्टीहरूको पराभव ... २६
- ग) अनमिनः मन नपर्ने, नभई नहुने ... २८

७. **समस्याको समाधानः केही सुझाउहरू** ... **३१**

- क) हरेक परिवर्तनलाई झेल्नुपर्छ ... ३१
- ख) राज्यको क्षमता र वैधानिकता बलियो पार्नुपर्छ ... ३२
- ग) सैनिकीकरण रोकिनुपर्छ ... ३४
- घ) असैनिकीकरण गर्ने ... ३५
- ङ) भाँजो हाल्नेहरूलाई पुल्पुल्याउन छाड्नुपर्छ ... ३६

८. **निष्कर्ष** ... **३७**


**अनुसूचीहरू**


- क) नेपालको नक्सा ... ३९
- ख) इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय ... ४०
- ग) इन्टरन्यासनल क्राइसिस ग्रुपले सन् २००६ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू ... ४१
- घ) इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू ... ४४

International Crisis Group
WORKING TO PREVENT CONFLICT WORLDWIDE

एसिया रिपोर्ट नं. १७३ — १३ अगस्ट २००९

# नेपालको भविष्य कसको हातमा?

## सारसङ्क्षेप र सुझाउ

नेपालको शान्ति प्रक्रिया धरापमा छ। माओवादीले नेतृत्व गरेको सरकारको पतन मूलतः उसको आफ्नै कारणले भएको थियो तर त्यसले राजनीतिक समस्या समाधानको बाटामा रहेको गहिरो सङ्कटलाई इङ्गित गरेको छ। सहमतिको राजनीतिले क्रमशः धुव्रीकरणको बाटो समाउँदै गएको छ जसले गर्दा दुवै पक्षका अति सैन्यवादी तत्त्वहरूले ठाउँ पाउँदै गएका छन्। मध्यमार्गी राजनीतिज्ञहरूले शान्ति प्रक्रियालाई पछ्याउनुबाहेक अर्को विकल्प नरहेको कुरा सार्वजनिक रूपमा जोड दिँदै आएका छन्, तर अर्कातिर मुलुक युद्धतिर फर्कन सक्छ भन्ने कोठेगफ चर्कोसित सुनिन थालेको छ। त्यस्ता गफचाहिँ नेपाली सेनाका जर्नेलहरूले हाँकिरहेछन् जसले शान्ति प्रक्रियालाई कहिल्यै आत्मसात् गरेनन्। तुरुन्तै मुठभेड सुरु हुने सम्भावना कम छ तर कम्तीमा पनि सहमतिमा काम गर्ने वातावरण निर्माण गर्दै माओवादीहरूसहितको राष्ट्रिय एकताको सरकार बनाउने सङ्गठित प्रयत्नले मात्र आपसी विश्वासलाई अझ भत्किनबाट रोक्न सकिनेछ। यसका लागि बलियो अन्तर्राष्ट्रिय सहयोग आवश्यक छ, खासगरी भारतले अल्पकालीन हस्तक्षेप गर्नुको सट्टा शान्ति प्रक्रियालाई दीर्घकालीन संरक्षकत्व प्रदान गर्नुपर्छ, जुन प्रक्रियाको सुरुआत उसकै अगुवाइमा भएको थियो।

४ मे २००९ मा सरकारबाट माओवादीहरू बाहिरिने तात्कालिक कारण सेनाप्रमुखलाई पदबाट बर्खास्त गर्न उनीहरूबाट गरिएको असफल प्रयास थियो। सरकारमा संलग्न साझेदारहरूबाट उनीहरूले पहिले प्राप्त गरेको सहमति बाह्य दबाबका कारण टुटेपछि माओवादीहरूले सेनाप्रमुखलाई हटाउने निर्णय एकलौटी रूपमा गरे। सेनाप्रमुखलाई हटाउने कानुनतः संदिग्ध उनीहरूको निर्णयले आलङ्कारिक राष्ट्रपतिलाई झनै विवादास्पद हस्तक्षेप गर्न उक्सायो र उनले त्यो निर्णय खारेज गरे। माओवादी नेता प्रचण्डले नैतिकताका आधारमा प्रधानमन्त्री पदबाट राजीनामा दिए, तर प्रधानमन्त्री र राष्ट्रपतिबीचको शक्तिसन्तुलनसम्बन्धी विषय भने अझै विवादित छ।

माओवादीहरूको राजीनामाका कारण नयाँ सरकारको निर्माण अनिवार्य बन्न पुग्यो र नेपालको अवस्था हेरी त्यो सङ्क्रमण तुलनात्मक हिसाबले छिटो र सहज देखियो। तैपनि मध्यमार्गी नेकपा (एमाले) ले नेतृत्व गरेको नयाँ सरकार स्वभावैले अस्थिर छ र यो सरकार चर्का चुनौतीहरू सामना गर्न अक्षम छ। २२ दलहरूको समर्थन मिलेको भनिए पनि यस सरकारले पूर्णता प्राप्त गर्न सकेको छैन र त्यसभित्रका प्रमुख दलहरूमा पूर्ण मतैक्य पनि छैन। धेरै एमाले नेताहरू नयाँ सरकारलाई खुलेरै अविश्वासको दृष्टिले हेर्छन् र मधेसी जनअधिकार फोरम (फोरम) औपचारिक रूपले फुटेको छ। यी दुई पार्टीहरूको तुलनामा गैरमाओवादी पार्टीहरूमध्ये नेपाली काङ्ग्रेस (नेका) बरु एक ढिको र आन्तरिक प्रजातन्त्र भएको पार्टी देखिन आएको छ।

सत्तामा छँदा माओवादीहरूले धेरैले अपेक्षा गरे मुताबिक प्रभावकारी ढङ्गले काम गर्न सकेनन्। त्यसमाथि उनीहरूले अत्यधिक महत्त्वका दुई पक्षलाई चिढाउने काम गरे — भारतलाई (चीनप्रति नजिक भएको आभास दिएर तथा आज्ञाकारी र नरम शक्ति बन्न इन्कार गरेर) र काठमाडौंका उच्च मध्यमवर्गलाई (उनीहरूलाई कर तिर्न बाध्य पारेर तथा आधारभूत सुविधाहरू विशेषतः बिजुलीको आपूर्ति गर्न नसकेर)। तथापि उनीहरूको मुख्य समस्या भनेको राजनीतिक बहुलवाद र अहिंसाप्रति उनीहरूले प्रस्ट र चित्तबुझ्दो प्रतिबद्धता देखाउन नसक्नु हो। माओवादी पार्टीभित्रका प्रमुख विचारकहरूले राज्यसत्ता कब्जा गर्ने रणनीतिक लक्ष्य र सर्वसत्तावादी शासनको सिद्धान्तलाई उनीहरूले कहिल्यै छाड्दैनन् भन्ने तर्कलाई बल पुर्‍याउने काम नै गरे। त्यसले गर्दा पार्टीले बहुदलीय प्रजातन्त्र अँगालिसकेको छ भन्ने उनीहरूको नेतृत्वको आग्रह पूर्णतः विश्वासिलो देखिएन।

अर्कातिर, सेनाले झन्झन् बलमिचाइ र राजनीतिक व्यवहार देखाउन थालेको छ। माओवादीलाई ठेगान लाउन सक्ने एकमात्र तोडका रूपमा सेनालाई हेर्नेहरूले सेनालाई प्रोत्साहन र समर्थन दिँदै आएका छन्। गणतन्त्रतर्फको सङ्क्रमणमा सेनाको रौं पनि हल्लिएन बरु यस अवधिमा सेना झनै फस्टाएको छ। पार्टीहरू काँतर भइदिनाले आफ्नो बजेटमा भारी वृद्धि गर्न सेना सफल भएको छ, आफूले उपभोग गर्दै आएको स्वायत्तता उसले जोगाउन सकेको छ, आफ्नो

सैन्यशक्ति यथावत् राखेको छ र युद्धविरामको बर्खिलाफ नयाँ घातक हतियारहरूको आयात गर्न दबाब दिइरहेको छ।

अहिले उत्पन्न अस्थिरताको कारण मूलतः भारतको परिवर्तित नीति हो। नयाँ दिल्ली आफैले शान्ति सम्झौता तयार पारेको हो तथा त्यसको जमानीका रूपमा काम गरेको हो र त्यसबमोजिम चल्न सबै पार्टीहरूलाई दबाब दिएको हो। माओवादीको विजयलाई कहिल्यै पचाउन नसकेको र परिवर्तनका लोकप्रिय मागहरूलाई सहज रूपमा लिन नसकेकाले भारतले नेपाली राजनैतिक पार्टीहरूमार्फत हस्तक्षेपकारी काम गर्दै आएको छ र माओवादीद्वारा सत्ता कब्जा भएको वा अराजकता उत्पन्न भएको अवस्थामा त्यससित जुध्न सक्ने सबभन्दा विश्वासिलो पात्रका रूपमा नेपाली सेनालाई स्याहार्ने काम गरिरहेको छ। जनमुक्ति सेनालाई साङ्केतिक रूपमा भए पनि समायोजन गर्ने सवालमा भारतले कुनै विकल्प नदिई कडा विरोध गर्नाले शान्ति समीकरण असन्तुलित हुन गएको छ।

जुन पृष्ठभूमिमा काठमाडौंमा गुजुल्टिएको षडयन्त्रको मञ्चन हुने गर्छ त्यो स्थिर छैन र अपरिवर्तनीय पनि छैन। सार्वजनिक सुरक्षा कमजोर छ र अन्य धेरै क्षेत्रहरूमा यस्तै अवस्था छ। स्थानीय प्रशासन नाम मात्रको छ भने कतिपय ठाउँमा त्यो शून्य बराबर छ। पार्टी र नागरिक समाजका प्रतिनिधिहरूलाई एक ठाउँमा ल्याउने शान्ति समितिहरू केही जिल्लाहरूमा काम गर्दैछन् तर उनीहरूको काममा कुनै सङ्गति मिलेको पाइन्न। पहिचानको राजनीति तथा अरू नयाँ खाले राजनीतिक आन्दोलनहरूले संवैधानिक प्रक्रियाप्रति अधीरता देखाइरहेका छन् जसले गर्दा प्रक्रिया नरोकिए पनि तोकिएको समयमा सर्वस्वीकार्य नयाँ संविधान बन्ने सम्भावना क्षीण हुँदै गएको छ। शान्ति प्रक्रियाका सुरुका चरणहरूमा महत्त्वपूर्ण शक्तिका रूपमा रहेको नागरिक समाज अहिले विभाजित र नूर गिरेको अवस्थामा छ।

एकपक्षीय देखिएको भारतको दृष्टिकोणले गर्दा अन्तर्राष्ट्रिय सङ्गति आउन सकेको छैन। अन्तर्राष्ट्रिय समूहको अगुवाका रूपमा आफ्नो रणनीतिप्रति अन्तर्राष्ट्रिय खेलाडीहरूको समर्थन लिन सफल रहेको भारत अहिले एक्ले-वीर बन्न पुगेको छ। भारतले संयुक्त राष्ट्रको नेपाल नियोगको कुरा काट्ने काम गरिरहेकै छ। माओवादी नेता प्रचण्डले जनमुक्ति सेनाको सङ्ख्या कीर्ते ढङ्गले बढाएर नियोगलाई झुक्याएको भनी बोलेको कुराको भिडियो टेप बाहिर आएपछि त्यस नियोगको विश्वसनीयतामा आँच पुगेको थियो। संयुक्त राष्ट्र सफलताको जस लिएर यहाँबाट उम्कन चाहन्छ, तर पनि परिस्थितिमा सुधार नहुन्जेलसम्म हातहतियारहरूको अनुगमनका लागि गरिएको अनुरोधलाई उसले अस्वीकार गर्न सक्दैन र परिस्थितिमा सुधार ल्याउनमा उसको प्रत्यक्ष हात पनि छैन। त्यसका साथै नाजुक शान्तिको संरक्षण गर्ने र भारतको पूर्ण प्रभुत्वबाट नेपाललाई जोगाउन उसले खेलेको भूमिकाको श्रेय उसले पाउन सकेको छैन।

दाताहरू विकासका गतिविधिहरूलाई सुचारु राख्न इच्छुक छन् र शान्ति प्रक्रियालाई पनि सहयोग गर्न चाहन्छन्। तर उनीहरूको धैर्यको बाँध फुट्दैछ, विकास निर्माणका लागि वातावरण बन्न सकेको छैन र अन्तर्राष्ट्रिय आर्थिक सहयोगको रकम धान्न नसकिने गरी फुलेको सुरक्षा क्षेत्रमा खर्च भइरहेको छ। सेनाको सङ्ख्या निजामती कर्मचारीको कुल सङ्ख्याभन्दा निकै ठूलो छ। नेपाली सेना, क्यान्टोमेन्टमा रहेका जनमुक्ति सेनाका लडाकूहरू र सशस्त्र प्रहरीहरू भएर पनि शान्ति सुरक्षाको आधारभूत आवश्यकता पूरा हुन सकेको छैन।

यो कुरा साँचो हो सबै पार्टीहरू अझै पनि गफगाफमै मग्न छन् र सङ्कट टार्नेलाई अन्तिम समयसम्म पर्खन परम्परा रहिआएको छ। त्यो कहानी फेरि दोहोरिन सक्छ। तर त्यसो भन्दैमा के कुरा बिर्सन हुँदैन भने ठूला खेलाडीहरूबीचको मतभेद फराकिलो हुँदै गएको छ र सल्लाह-सहमतिको आधारचाहिँ साँघुरिँदै गएको छ। द्वन्द्वलाई फेरि फर्कन नदिनाका लागि खतरालाई प्रस्टसित बुझ्न जरुरी छ र त्यसको समाधानका लागि नेपालका राजनीतिक पार्टीहरूबीच असल सम्बन्धको खाँचो छ साथै प्रक्रियाका लागि ठोस अन्तर्राष्ट्रिय सहयोग आवश्यक छ, जसमा भारतको निर्णायक नेतृत्व हुनु जरुरी छ।

## सुझाउहरू

### शान्ति र संवैधानिक प्रक्रियाहरूका निम्ति सम्पूर्ण राजनीतिक पार्टीहरूका लागिः

१. शान्ति प्रक्रियाका लागि राजनीतिक सहमति र बृहत्तर आधारको सरकारको खाँचोलाई दृष्टिगत गर्दै,

   क) लोकतान्त्रिक अभिमतले माओवादीहरूलाई नेतृत्वदायी भूमिका दिएको कुरालाई स्वीकार्दै राष्ट्रिय एकताको सरकार यथाशीघ्र बनाउनका लागि कार्य गर्ने;

   ख) विशुद्ध शान्ति प्रक्रियासित सम्बन्धित विषयहरू हेर्ने प्रस्तावित उच्चस्तरीय राजनीतिक संयोजन समितिलाई आकार प्रदान गर्ने, त्यसको स्पष्ट एजेन्डा तोक्ने र नियमित बैठकहरू बसाउने। साथै त्यसले गरेका निर्णयहरूको कार्यान्वयन र अनुगमनका लागि आवश्यक सहयोग सुनिश्चित गर्ने;

   ग) स्थानीय तहमा सरसहयोगको प्राथमिकता निर्धारण गर्ने। विवादहरूको समाधान र मेलमिलापलाई अघि बढाउन खासगरी स्थानीय शान्ति समितिहरूलाई प्रभावकारी निकायका रूपमा सक्रिय तुल्याउने;

   घ) राष्ट्रिय सरकारको स्थापनाका साथसाथै लामो समयसम्म खाली रहन गएका स्थानीय निकायहरूको पुनर्स्थापना गर्ने वा सर्वदलीय संयन्त्र निर्माणको काम तत्काल गर्ने;

   ङ) समग्र शान्ति प्रक्रिया अनुगमन गर्ने संयन्त्र बनाउने।

२. विश्वास निर्माणका लागिः

   क) विद्यमान सम्झौताहरूको अनुगमन तथा कार्यान्वयनका लागि व्यावहारिक कदमहरू चाल्ने कुरालाई जोड दिँदै सल्लाह-सहमतिको सिद्धान्तको परिपालना गर्ने;

ख) सबै पक्षबाट प्रतिबद्धता पूरा नहुँदा विश्वासको सङ्कट सिर्जना भएको कुरालाई स्वीकार्दै अगाडि बढ्नलाई पारस्परिक विश्वास चाहिन्छ भन्ने तथ्यलाई आत्मसात् गर्ने;

ग) राष्ट्रपतिको शक्तिबारे स्पष्ट हुन सहमत हुँदै उनको भूमिकाका बारेमा उठेका गम्भीर र सारभूत चासोहरूलाई सम्बोधन गर्ने तथा उनको आलङ्कारिक पद राजनीतिक शक्तिकेन्द्रका रूपमा प्रतिस्पर्धी हुँदैन भनी सुनिश्चित गर्ने;

घ) जनमुक्ति सेनाको सवाल मात्र नभई विगतका सम्झौताहरूबाट सम्बोधन हुन नसकेका विषयहरू विशेषतः सशस्त्र समूहहरू, आपराधिक माफियाहरू र पार्टीका युवा लडाकू दस्ताहरूलाई असैनिकीकरण गर्ने योजनाहरू बनाउने; र

ङ) संवैधानिक प्रक्रियालाई बाटो बिराउन नदिने र विलम्बका कारण अहिलेसम्म भएको क्षतिलाई कम गर्ने।

३. माओवादी लडाकूहरूको समायोजन र पुनर्स्थापनाका विकल्पहरू निर्धारण गर्न सेना समायोजन विशेष समितिलाई सहयोग पुऱ्याउन निम्न कार्य गर्नेः

क) सेना समायोजन विशेष समितिमा मुख्य पार्टीहरूको सन्तुलित प्रतिनिधित्व गराउनुपर्ने कुरालाई स्वीकार्दै त्यसको पुनर्गठनमा सहयोग गर्ने र विवादास्पद बुँदाहरूमा तुरुन्तै गम्भीर छलफल चलाउने;

ख) प्राविधिक उपसमितिको प्रमुख राजनीतिक सवालहरूलाई टुङ्गो लगाउने हैसियत नरहेको कुरालाई स्वीकार्दै त्यस समितिलाई उसको काम जारी राख्नका लागि प्रोत्साहित गर्ने;

ग) सेना समायोजन विशेष समिति र त्यसको प्राविधिक उपसमितिका लागि अन्तर्राष्ट्रिय सहयोग प्राप्त गर्ने कुरामा स्पष्ट हुँदै प्राविधिक मद्दत हात पार्न नेपालका लागि संयुक्त राष्ट्रको नियोगको क्षमताको उपयोग गर्ने; र

घ) सबैभन्दा विवादास्पद विषयहरूको टुङ्गो लगाउने, विशेषतः नेपाली सेनामा अथवा अन्य कुनै सुरक्षा बलमा समायोजन गर्नुपर्ने माओवादी लडाकूहरूको सङ्ख्याबारे छलफल गर्ने, ६ महिनाको पछिल्लो म्यादभित्र काम पूरा हुन नसक्ने यथार्थलाई महसुस गर्दै त्यसको सही प्रगतिका लागि मापदण्डहरू र समयतालिकाबारे गम्भीरतापूर्वक विचार गर्ने।

४. धैर्य गुम्दै जाँदा आइपर्ने जोखिमलाई ध्यान दिंदै यथेष्ट अन्तर्राष्ट्रिय सहयोग लिनका लागि निम्न कार्य गर्नेः

क) संयुक्त राष्ट्र र अन्य अन्तर्राष्ट्रिय समुदायका मध्यस्थताको भरपूर उपयोग गर्दै अनमिनको कार्यमा सघाउ पुऱ्याउने र नेपालमा उसको कार्य चाँडोभन्दा चाँडो फत्ते गराउन सुनिश्चित गर्ने;

ख) त्यसका लागि मापदण्डहरू निर्धारण गरी तिनको अनुसरण गर्ने र कार्यप्रगतिबारे अन्तर्राष्ट्रिय सहयोगीहरूलाई साक्ष्य प्रस्तुत गर्दै शान्ति सम्झौताका बाँकी तत्त्वहरू पनि कार्यान्वयनका दिशामा अघि बढिरहेका छन् भनी ठोस सङ्केतहरू देखाउने; र

ग) बाह्य हस्तक्षेप र लामो तथा अवरोधकारी राजनीतिक चलखेललाई रोक्ने उत्तम उपाय पार्टीहरूबीचको एकता नै हो भन्ने कुरा व्यवहारमा देखाउने।

५. राज्य र राजनीतिक पार्टीहरूको वैधानिकता बढाउन निम्नानुसार सहयोग गर्नेः

क) एमालेको महाधिवेशन र नेपाली काङ्ग्रेसको संसदीय दलद्वारा प्रस्तुत सफल उदाहरणलाई अघि सारेर आन्तरिक लोकतन्त्र बढाउँदै लैजाने;

ख) अन्तरपार्टी मतभेदका कारणले हिंसात्मक भिडन्तहरू हुन नदिन स्थानीय स्तरको राजनैतिक संयन्त्र विकास गर्दै स्वार्थका लागि हिंसाको प्रयोग गर्ने कुराको भर्त्सना गर्ने र पार्टीका युवा दस्ताको गैरकानुनी गतिविधिहरूलाई अन्त्य गर्ने;

ग) रचनात्मक बहसलाई नरोकीकन शान्ति प्रक्रियालाई कमजोर पार्ने खालका सार्वजनिक टिप्पणी गर्ने वरिष्ठ नेताहरूलाई पार्टी अनुशासनको उपयोग गर्दै लगाम लगाउने; र

घ) समावेशीकरण र सामाजिक रूपान्तरण सम्बन्धमा बारम्बार व्यक्त गरिएका प्रतिबद्धताहरूलाई व्यवहारमा देखाउँदै शान्ति निर्माणमा महिलाको सहभागितासम्बन्धी संयुक्त राष्ट्र सुरक्षा परिषद्को प्रस्ताव १३२५ का लक्ष्यहरू कार्यान्वयनका लागि नौला मापदण्डहरू स्थापना गर्न सकिने सम्भावनाहरूउपर विशेष ध्यान दिने।

### नेपाल सरकारका लागिः

६. महत्त्वपूर्ण निर्णयहरू लिंदा प्रमुख राजनीतिक दलहरू र सरकारमा सहभागी नभएका दलहरूसमेतको सहमतिका आधारमा लिइनुपर्छ भन्ने संवैधानिक प्रावधानको पालना गर्ने।

७. शान्ति सुरक्षा कायम राख्न राजनैतिक सहमति आवश्यक छ भन्ने कुरा स्वीकार्दै प्रहरीको प्रभावकारी परिचालन गर्न र दैनन्दिन कार्यमा राजनीतिक हस्तक्षेप अन्त्य गर्न राष्ट्रिय तथा स्थानीय तहमा सर्वदलीय सहयोग निर्माणार्थ सबै खाले उपयुक्त संयन्त्रहरूको उपयोग गरिकन सार्वजनिक सुरक्षाउपरको जनचासोलाई सम्बोधन गर्ने।

८. अनुसन्धान र कानुनी कारबाहीलाई अगाडि बढाउँदै प्रमाण जुटेका युद्ध अपराधका गम्भीर घटनाहरूलाई तदारुकतासाथ हेर्ने र बृहत्तर परामर्श तथा अन्तर्राष्ट्रिय मान्यताका आधारमा बेपत्ता पारिएकाहरूबारे र सत्य निरुपण तथा मेलमिलाप आयोगसम्बन्धी नयाँ कानुन बनाएर न्याय तथा दण्डहीनताका महत्त्वपूर्ण सवालहरूलाई सम्बोधन गर्ने।

९. नेपाली सेनामाथि प्रभावकारी प्रजातान्त्रिक नियन्त्रण राख्नुका साथै नोभेम्बर २००६ मा सम्पन्न विस्तृत शान्ति सम्झौता र अन्तरिम संविधानका प्रावधानहरूलाई सम्मान गर्दै निम्न कार्यहरू गरेर प्रतिबद्धता व्यक्त गर्नेः

क) सेनालाई प्रजातान्त्रिकरण गर्ने र त्यसको सही सङ्ख्या निर्धारण गर्नेबारे संविधानमा तोकिएबमोजिमको कार्ययोजना बनाई सोउपर संसदीय रेखदेख रहने प्रावधान राखुका साथै नेपाली सेनाउपर हुने खर्चको हिसाबकिताबको लेखापरीक्षण गराउने र सेनालाई अर्थपूर्ण प्रजातान्त्रिक नियन्त्रणमा ल्याउने;

ख) युद्धविराम हुँदा सेनामा भर्ती नगर्ने र हतियार खरिद नगर्ने स्पष्ट रूपमा भएको वचवबद्धताको परिपालना गर्ने;

ग) बढ्दो सुरक्षा बजेटका कारण द्वन्द्व र विकासमा पर्न सक्ने असरलाई राम्ररी विचार गरी नेपाली सेनाको उपयुक्त आकार तोक्नेबारेको संवैधानिक प्रतिबद्धता पूरा गर्न युक्तिसङ्गत योजना बनाउने;

घ) राष्ट्रिय सुरक्षा नीतिका विषयमा अनुरोध गरिएको खण्डमा सुझाउ दिनेबाहेक संवैधानिक र राजनैतिक विषयहरूमा विचार व्यक्त नगर्न नेपाली सेनालाई आदेश जारी गर्ने तथा त्यस आदेशलाई पालना गराउने; र

ङ) मानवअधिकारको पूर्ण प्रत्याभूतितर्फको पहिलो पाइलाका रूपमा विश्वसनीय र स्वतन्त्र अनुसन्धान नहुन्जेल मानवअधिकारको उल्लङ्घनको आरोप लागेकाहरूलाई पदोन्नति नगर्ने।

### एकीकृत नेकपा (माओवादी) का लागिः

१०. माओवादीको रणनैतिक मनसायप्रतिको आम सरोकार जायज छन् र ती आधारयुक्त छन् भन्ने कुरालाई महसुस गरेर निम्न ठोस कदमहरू चाली तिनको सम्बोधन गर्नेः

क) राजनैतिक बहुलवादको सिद्धान्त (जस्तैः सामन्तवाद र विस्तारवादलाई सहयोग गर्ने दललाई प्रतिबन्ध लगाउने प्रस्तावप्रति पुनर्विचार गरेर) र व्यवहार (अरू पार्टीहरूका सदस्यहरूलाई धम्क्याउने, आक्रमण गर्ने वा छेकथुन गर्ने कार्यकर्ताहरूमाथि कडा कारबाही गरेर) दुवैप्रतिको वचनबद्धताबारे ठोस प्रत्याभूति दिने;

ख) शक्तिखोर भिडियो प्रकरणबाट लडाकूको सङ्ख्या ढाँटेर बढाएको र राष्ट्रिय सेनालाई प्रजातान्त्रिकरण गर्ने नाममा राजनीतिकरण गर्ने योजना रहेको भन्ने आरोप पुष्टि हुन गएको देखिएकाले ती अहम् प्रश्नहरूबारे सफाइ प्रस्तुत गर्ने; र

ग) सम्पूर्ण राजनीतिक हिंसा बन्द गर्नेबारे युद्धविराम र बृहत् शान्ति सम्झौतामा परेका सर्तहरूको बोली र व्यवहार दुवै रूपमा परिपालना गर्ने।

११. अन्य पार्टीहरू र जनतालाई शान्ति प्रक्रियाप्रति आफ्नो वचनबद्धता रहेको विश्वास दिलाउन निम्न कार्य गर्नेः

क) वाईसीएलको सैनिक संरचना र अर्धसैनिक गतिविधिहरूको अन्त्य गर्नुका साथै व्यवहारतः ब्यारेकका रूपमा प्रयोग गरिएका सार्वजनिक भवनहरू खाली गराउने;

ख) शिविरमा रहेका अयोग्य लडाकूहरूलाई बारम्बार व्यक्त गरिएका सार्वजनिक प्रतिबद्धताबमोजिम त्यहाँबाट तुरुन्तै हटाउने र तिनीहरूको यथोचित् पुनःस्थापनाको प्याकेज बनाउनका लागि सरकारी र अन्तर्राष्ट्रिय प्रयासमा साझेदारी गर्ने;

ग) कब्जा गरिएका सम्पति फिर्ता गर्नेजस्ता विगतमा पूरा नगरिएका प्रतिबद्धताहरू पूरा गर्ने; र

घ) द्वन्द्वकाल र युद्धविराम भएपछि भएका अपराधहरूबारे अनुसन्धान र कारबाही गर्न सहयोग दिने।

### अन्तर्राष्ट्रिय समुदाय विशेषगरी भारत, चीन, संयुक्त राज्य अमेरिका, युरोपेली समुदाय, संयुक्त राष्ट्र र दातृ संस्थाहरूका लागिः

१२. शान्ति प्रक्रियालाई सार्वजनिक रूपमा समर्थन गर्दै यसलाई सफल निष्कर्षमा पुऱ्याउनका लागि अन्तर्राष्ट्रिय अपेक्षालाई प्रस्ट पार्न निम्नानुसार गर्नेः

क) बृहत् शान्ति सम्झौता र अन्तरिम संविधान लगायत अन्य सम्झौताहरूका यावत् पक्षहरूको अनुसरण गर्न सबै पार्टीहरूलाई जोड दिने;

ख) प्रभावकारी राज्य सञ्चालनमा समर्थन दिने, तर बृहत् आधारमा बनेको राष्ट्रिय सरकारबाट मात्र यसो गर्न सम्भव हुन्छ भन्ने बुझेर त्यसनिम्ति पार्टीहरूलाई आपसी मेलमिलाप बढाउन जोड दिने;

ग) राज्य सञ्चालनमा स्थिरता नआएमा महत्त्वपूर्ण विकास बजेटमा मिल्ने सहायता जोखिममा पर्दछ भन्ने कुरालाई जोड दिने;

घ) सबै पार्टीहरूलाई विरोधको अहिंसात्मक तरिका अपनाउन र संविधानसभाको काममा अवरोध पार्नेजस्ता उग्र अवरोधका तरिका छाड्न दबाब दिने; र

ङ) द्वन्द्वकालको अपराधमा आरोपित व्यक्तिहरूमाथि अनुसन्धान गर्न आग्रह गरिरहने र त्यसका लागि आवश्यक प्राविधिक सहयोग प्रदान गर्ने।

१३. अन्तर्राष्ट्रिय समझदारी र साझेदारीलाई निम्नानुसार बलियो बनाउनेः

क) भारतले शान्तिबारेको आफ्नो व्याख्यालाई फेरेको देखिएको हुनाले त्यसबाट नयाँ दिल्लीले पहिले थालेको र समर्थन गरेको सहमतिलाई सही ठान्ने अन्य प्रमुख देशहरू र भारतबीच खाडल उत्पन्न भएकोले त्यसलाई पुर्ने;

ख) संवैधानिक प्रक्रिया, सुरक्षा क्षेत्रको सुधार जस्ता संवेदनशील क्षेत्रहरूमा गरिने सहयोग कार्यक्रमहरूको पुनरावृत्ति हुनबाट रोक्न तिनलाई नियन्त्रण गरेर ती कार्यक्रमहरू व्यर्थै भइरहेछन् र तिनका कारण अन्योल सृजना भइरहेछ भन्ने भावनालाई हटाउने; र

ग) विकास सहायता र सैनिक सहयोग लगायत प्रदान गर्दा मानवअधिकार, राजनैतिक बहुलवाद र द्वन्द्व निरुपणसम्बन्धी सबै नीतिहरूलाई केन्द्रमा राखेर एउटा साझा दृढ विचार बनाउने।

१४. सुरक्षा क्षेत्रको सुधारमा हुने ढिलाइले साधनस्रोत खेर गई विकासका सबै प्रयास निष्फल हुने र राजनैतिक प्रगति कमजोर हुने तथ्यलाई महसुस गरेरः

क) सुरक्षा क्षेत्रको बजेट र नीतिनिर्माण गर्दा पूर्ण जवाफदेही रहनेछ र विकास बजेटलाई धान्न नसकिने ठूलो आकारको सेना पाल्ने काममा खर्च गरिने छैन भन्ने प्रस्ट आश्वासन प्राप्त गर्ने;

ख) सुरक्षा निकायउपर प्रजातान्त्रिक नियन्त्रण कायम गराउन दबाब दिने र त्यसनिम्ति उपयुक्त सहायता उपलब्ध गराउने योजनाबारे छलफल गर्ने;

ग) सार्वजनिक सुरक्षालाई सुधार्न तुरुन्त कदम चाल्न जोड दिने र त्यसका लागि सहयोग प्रदान गर्ने; र

घ) समायोजित नेपाली सेना र अन्य सुरक्षाबललाई दिन सकिने तालिमहरूबारे सोच्न थाल्ने। विशेषतः जनमुक्ति सेनाका पहिलेका लडाकूहरूका निम्ति र आवश्यक परेको खण्डमा अधिकृत तहका समेतलाई रूपान्तरण तालिम दिने, एकीकृत एकाइहरूको संयुक्त तालिममा मानवअधिकारको सम्मान गर्न प्रजातान्त्रिक नियन्त्रणमा रही काम गर्न सिकाउने।

## भारत सरकारका लागिः

१५. नेपाल-भारतबीच रहिआएको परम्परागत आत्मीय सम्बन्धको परिप्रेक्ष्यमा त्यस विशेष सम्बन्धको रचनात्मक प्रयोग खटनपटनका लागि नभई दुवै देशको भित्री हित रक्षा निम्ति गर्ने। त्यसका लागि निम्न कार्य गर्नेः

क) शान्ति प्रक्रियाका मूलभूत कुराप्रति प्रस्टतासाथ पुनः सार्वजनिक प्रतिबद्धता व्यक्त गर्ने;

ख) जनमुक्ति सेनालाई नेपाली सेना र अन्य सुरक्षा बलमा समायोजन गर्न नेपालका राजनैतिक दलहरू सहमत भएमा उनीहरूले चाहेजस्तो समायोजनप्रति समर्थन रहने सार्वजनिक रूपमा वचन दिने;

ग) सेनाउपर नागरिक नियन्त्रण राख्नेबारे भारतले देखाएको सफल उदाहरण र दुई सेनाबीच रहँदै आएको अद्वितीय सम्बन्धलाई अघि बढाउँदै रक्षा मन्त्रालयलाई उपयोगी बनाउने र निजामती कर्मचारी तथा सैनिक अधिकृतहरूलाई एकअर्काको समन्वयमा रही कार्य गर्ने तालिम दिनेजस्ता काममा सहयोग दिने;

घ) भारतीय सेनालाई नेपालप्रति सरकारले लिएको नीतिलाई सहयोग गर्न प्रस्ट सन्देश दिने र नेपाली सेनाका समकक्षीसँग सोहीबमोजिमको सूचनाको प्रवाह गर्न अह्राउने;

ङ) सुरक्षा निकायमा समाहित हुने पूर्व माओवादी लडाकूहरूलाई तालिम दिने लगायत सङ्घीय व्यवस्थाको आवश्यकता र सार्वजनिक उत्तरदायित्व अनुकूलको प्रहरी पुनर्संरचनामा सहयोग दिने तथा सुरक्षा निकायको सुधारका लागि सकारात्मक समर्थन गर्ने; र

च) संयुक्त राष्ट्रको भूमिकालाई समर्थन गर्दै सुरक्षा परिषद् अनुमोदित कार्यलाई टुङ्गोमा पुऱ्याउन आफ्नो प्रभावलाई रचनात्मक तवरमा उपयोग गर्ने।

## संयुक्त राष्ट्र सुरक्षा परिषद्का सदस्यहरूका लागिः

१६. सुरक्षा परिषद्ले शान्ति प्रक्रियाप्रतिको आफ्नो प्रतिबद्धतालाई जोड दिनुका साथै कमजोर हुँदै गएको सहमति र अहम् महत्त्वका कार्य सम्पन्न गर्न भएको ढिलाइप्रति आफ्नो सरोकार जाहेर गर्ने। त्यसका लागिः

क) नेपालको जटिल परिस्थिति बुझ्न र सम्बन्धित प्रमुख राजनैतिक पात्रहरू कसरी यस चुनौतीको सामना गर्ने प्रस्ताव राख्दछन् भनी उनीहरूका कुरा सोझै सुन्न सुरक्षा परिषद्को टोलीले नेपालको भ्रमण गर्ने;

ख) काठमाडौंमा प्रतिनिधित्व भएका सदस्य राष्ट्रहरूलाई यस सम्बन्धमा हुने प्रगतिको लेखाजोखा राख्ने, आवश्यक सहयोग प्रदान गर्ने र आफ्नो सरोकारबारे सार्वजनिक तवरमा जानकारी गराउने;

ग) अनमिनप्रति र नेपालका राजनीतिक पार्टीहरूलाई शान्ति प्रक्रिया निष्कर्षमा पुऱ्याउन छिटोछिटो पाइला चाल्ने कामप्रति समर्थन जनाउँदै सार्वजनिक सन्देश जारी गर्ने र द्वन्द्वपश्चातको सफल सङ्क्रमणका प्रयोजनार्थ संयुक्त राष्ट्रको दीर्घकालीन संलग्नतालाई प्रस्ट्याउने; र

घ) भारतसँग रहेको विचारको दूरीलाई कम गर्न भारतलाई नजिक राखी काम गर्ने र शान्ति प्रक्रियाका लागि बाह्य सहयोगलाई मजबुत बनाउन साझा आधार निर्माण गर्ने।

**काठमाडौं/ब्रसेल्स १३ अगस्ट २००९**

एसिया रिपोर्ट नं. १७३ | १३ अगस्ट २००९

# नेपालको भविष्य कसको हातमा?

## १. विषय प्रवेशः जराजीर्ण प्रक्रिया

नेपालको शान्ति प्रक्रिया कठिन सम्झौता-वार्ताहरूका माध्यमद्वारा बडो सुझबुझका साथ तयार पारिएको सहमतिमा आधारित छ।[१] तर जुन सहमतिमा टेकेर सम्झौता सम्पन्न भएको थियो त्यसको सफलताका लागि आवश्यक प्रतिबद्धताको अभाव भने दुवै पक्षमा रहेको थियो। सम्झौता-वार्तामा भाग लिने पक्षहरू र द्वन्द्वमा संलग्न पक्षहरू उही थिएनन्। राज्यलाई प्रतिनिधित्व गर्ने सात पार्टी गठबन्धनले राजालाई हटाउन भनेर माओवादीहरूसित तालमेल गरिसकेको थियो र उता सेनामाथि पूर्ण नियन्त्रण भएका राजा ज्ञानेन्द्रले त्रिकोणात्मक द्वन्द्वको एक कोण खडा गरेका थिए।[२]

नोभेम्बर २००६ मा सम्पन्न बृहत् शान्ति सम्झौता नामअनुसारको बृहत् थिएन।[३] त्यसमा दुई सेनाका भविष्यबारे अस्पष्टता थियो र मिलिसिया तथा असैनिकीकरण सम्बन्धमा पनि सम्झौता मौन थियो।[४] त्यसैगरी शान्ति प्रक्रियालाई धानिराख्ने काम पनि खासै हुन सकेन। अन्तरपार्टी समितिहरूको बैठक आक्कल-झुक्कल मात्र हुन्थ्यो र सम्झौतामा गरिएका अनेकन् प्रतिवद्धताहरूको पालना भए नभएको हेर्ने कुनै भरपर्दो संयन्त्र थिएन।

शान्ति प्रक्रिया आफैमा अद्वितीय भए पनि यसले समातेको बाटो भने त्यस्तो रहेन। द्वन्द्वपछिको सङ्क्रमणकालमा सम्बन्धित पक्षहरूलाई वचनबद्धता पूरा गर्न लगाउनु अत्यन्त गाह्रो काम हो। किनभने उनीहरूले शान्ति प्रक्रियाको लामो अवधिमा शक्तिसन्तुलनमा हेरफेर आउन सक्छ भन्ने बुझेका हुन्छन्। एक जना विशेषज्ञको भनाइमा, “गृहयुद्धपछिको सम्झौता बहुधा विफल हुने प्रमुख कारण के हो भने सम्झौताका सर्तहरूउपर पत्यारिलो ग्यारेन्टी प्रदान गर्न लडाकाहरूका लागि सम्भव हुँदैन।”[५] परस्पर विरोधी पक्षहरू सम्झौताको बिन्दुमा पुग्न सक्छन् र आपसमा मान्य हुने समाधान पनि पहिल्याउन सक्छन् तर लडाकाहरू “सम्झौताका सर्तहरूको परिपालना पूरै हुन्छ भनेर वचन दिन सक्दैनन्, किनभने सम्झौतामा हस्ताक्षर भएपछि र त्यसको कार्यान्वयन सुरु भएपछि फाइदा लिन सकिने अनेक अवसरहरू उत्पन्न हुन सक्छन्।”[६]

नेपालको शक्तिसन्तुलनमा नाटकीय परिवर्तन चुनावले ल्याइदियो। माओवादीहरूले चुनावमा राम्रो परिणाम ल्याउन सक्तैनन् भन्ने सबै पार्टीहरूको अड्कल थियो। तर माओवादीहरू जसरी सशक्त रूपमा देखा परे, त्यसले राजनीतिक परिदृश्य बदलिदियो।[७] व्यवहारमा माओवादीको शक्ति यसै पनि छँदै थियो त्यसमाथि वैधानिक शक्तिसमेत उनीहरूले प्राप्त गर्नाले विपक्षीहरूमा झनै डर बढ्न गयो। नेपाली सेनाले भने आफ्नो शक्तिलाई यथावत् कायम राखेको थियो। नयाँ भर्ना लिन नपाएपछि र लडाकाहरूले गुरिल्ला फौज छाड्दै जान थालेपछि जनमुक्ति सेनाको शक्ति छिटछिटो घट्दै जाने विश्वास नेपाली सेनाले गरेको थियो। नेपाली सेनाले नयाँ भर्ना लिन थाल्दा उठेको कचिङ्गलको कारण यही थियो र शक्ति समीकरणबारेको यस्तै सोझो हिसाबकिताबले गर्दा असैनिक विचारका कतिपय व्यक्तिहरूले समेत नेपाली सेनालाई माओवादी विरुद्धको एउटा सबल प्रतिपक्षका रूपमा हेर्न थाले।

माओवादीहरू आफ्नै मात्र बलले गणतन्त्र आएको, संविधानसभा खडा भएको, सङ्घीयता र अन्य परिवर्तनहरूका सम्भावना जागेको ठान्छन्। उनीहरूको नेतृत्व बेगर नै नेपाल सजिलोगरी अघि बढ्न सक्छ भनी ठान्नु उनीहरूका लागि हास्यास्पद विचार हो। अन्य पार्टीहरूले यस विचारको प्रतिकारमा कुनै ठोस सबुत प्रस्तुत गर्न सकेका छैनन्। एकीकृत नेकपा (माओवादी) ले पनि सशस्त्र क्रान्ति छाडेर बहुलवादी राजनीतिक परिपाटीलाई साँच्चै स्वीकारेको सबुत चित्तबुझ्दो ढङ्गले दिन बाँकी नै छ। आपसी आरोप प्रत्यारोप र शङ्का

[१] हेर्नुहोस् हालसम्मका प्रक्रियाबारे क्राइसिस ग्रुपको विगतका रिपोर्टहरूः संविधानसभाको निर्वाचनबारे क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १४९, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर,* २ अप्रिल २००८ र निर्वाचनपछिको पुरक एसिया रिपोर्ट नं. १५५, *नेपालको चुनावः शान्तिपूर्ण क्रान्ति?* र नं. १५६, *नेपालको नयाँ राजनीतिक परिदृश्य,* ३ जुलाई २००८; माओवादी सरकारको पहिलो ६ महिनाको गाह्रो-साँघुरोबारे एसिया रिपोर्ट नं. १६३, *नेपालको धर्मराउँदो शान्ति प्रक्रिया,* १९ फेब्रुअरी २००९। सन् २००७ यताका सम्पूर्ण रिपोर्ट र ब्रिफिङको पूर्ण नेपाली अनुवाद www.crisisgroup.org/nepali मा उपलब्ध छ।

[२] हेर्नुहोस् क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १०६, *Nepal's New Alliance: The Mainstream Parties and the Maoists*, २८ नोभेम्बर २००५।

[३] हेर्नुहोस् क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १२६, *Nepal's Peace Agreement: Making it Work*, १५ डिसेम्बर २००६।

[४] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's Peace Agreement*, माथि उल्लेखित, पृ. २५-२७ः “From Arms Management to Demilitarisation”.

[५] Barbara F. Walter, *Committing to Peace* (प्रिन्सटन, २००१), पृ. ५।

[६] ऐ.ऐ.।

[७] हेर्नुहोस् क्राइसि ग्रुप रिपोर्ट, *नेपालको नयाँ राजनीतिक परिदृश्य,* माथि उल्लेखित।

उपशङ्का बढ्दै जानाले बृहत् शान्ति सम्झौताले निर्दिष्ट गरेका कुराहरूप्रति पुनर्विचार गरिनुपर्ने खण्ड उत्पन्न भएको छ।

दुवै पक्षले एकअर्काका कुरा सुनिरहेका छैनन्। नीतिगत विषयहरूउपर दोहोरो संवाद बिल्कुलै चलेको छैन भन्दा पनि हुन्छ। अक्सर सञ्चारमाध्यममा र यदाकदा संविधानसभामा चल्ने छलफल उत्साहपूर्ण देखिए पनि नेपालको सार्वजनिक क्षेत्र दुई समानान्तर संसारमा विभक्त रहेको आभास मिल्छ। यसो हुनुमा दुवै पक्षको व्यवहार जिम्मेवार छ। साविकका "मूलधारका" पार्टीहरूलाई यथास्थिति कायम राख्न रुचाउने अनुदारवादी शक्ति-स्रोतहरूले धाप दिँदै आएका छन्। त्यस्ता शक्ति-स्रोतहरूमा सेना, सञ्चारगृहहरू, भारत, केही दाताहरू तथा अन्य द्वाररक्षकहरू पर्दछन्। माओवादीहरूले पनि आफ्ना कुरा बुझाउने, तटस्थ मञ्चहरूलाई प्रयोग गर्ने, अरूका चिन्ता-सरोकारहरू उपर समझदारी देखाउने र उनीहरूका दीर्घकालीन नियतप्रतिको आशङ्कालाई हटाउने अवसरहरूलाई आफ्नै हठीपनाले गुमाउँदै आएका छन्।

सबै पार्टीहरूले जनआन्दोलनका आधारशिलाप्रति बेवास्ता गरिरहेछन् जुन आधारशिला उनीहरू आफैले नै सन् २००५ को नोभेम्बरमा खडा गरेका थिए, जसमा भनिएको थियो : "प्रजातन्त्र, शान्ति, समृद्धि, अग्रगामी सामाजिक परिवर्तन अनि मुलुकको स्वतन्त्रता, सार्वभौमिकता तथा प्रतिष्ठाप्रति केन्द्रित समझदारीका आधारमा शान्तिपूर्ण आन्दोलन चलाइनेछ।"[८]

[८] बाहबुँदे सम्झौता, नोभेम्बर २००५ धारा २, हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's New Alliance*, माथि उल्लेखित, पृ. ३०।

## २. सहमतिको अन्त्य

माओवादी सरकारको पतन अप्रत्यासित र नाटकीय ढङ्गले भयो। आफ्नै लचकहीनता र चतुर प्रतिद्वन्द्वीहरूको चालमा परेर कुना पर्न गएका माओवादीहरूले सिद्धान्तका आधारमा सरकारबाट राजीनामा दिएर उनीहरूलाई सत्ताच्युत गर्ने निकै पहिलेदेखिको विरोधीहरूको प्रयासलाई सफल पारिदिए। त्यसको तात्कालिक कारणचाहिँ सेना उपरको नियन्त्रण र मन्त्रिमण्डलले गुमाएको एकता थियो। एक्लिएको माओवादीले ढल्नुभन्दा सरकार छाड्नु श्रेयस्कर ठान्यो।

अल्पावधिको माओवादी सरकारको अन्त्य त्यतिविघ्न अनपेक्षित भने थिएन। नेपाली काङ्ग्रेसका सभापति गिरिजाप्रसाद कोइरालाले निकै अघिदेखि नै यो सरकार "पाकेको आँपझैं आफै खस्छ टिप्नै पर्दैन" भन्दै आएका थिए। माओवादी नेतृत्वले आफ्नै विनाशका धेरै बीउहरू रोपेका थिए। उनीहरूले आफ्ना हितैषीहरू खोज्नपट्टि ध्यान दिएनन्। राज्य संयन्त्र सञ्चालन गर्ने मामिलामा उनीहरू उदेकलाग्दो पाराले अक्षम र सत्ता साझेदारहरूलाई चित्त नबुझेका नीतिहरू लागू गर्नमा उत्ताउला देखिए। त्यसका साथै उनीहरूको क्रान्तिकारी रणनीति कागतमा मात्र नभई व्यवहारमा पनि जीवित छ भनी शङ्का गर्नेहरूलाई मनग्गे निहुँ दिए।

माओवादीले सरकार छाड्नअघि उनीहरूलाई ठेलेर अक्करमै पुऱ्याइएको थियो। सुरुदेखि नै उनीहरूले प्रतिपक्षको कडा प्रहार बेहोर्नुपऱ्यो। सेनाको नेतृत्व र शक्तिशाली उच्चवर्गको समर्थन पाएको विरोधीहरूका गठजोडको अग्रदस्तामा मिडियाका आक्रमक विश्लेषकहरू र ठूला पार्टीका दोस्रो तहका नेताहरू थिए।[९] चुनाव परिणामलाई पचाउन नसकेको तर प्रारम्भमा माओवादीहरूलाई शङ्काको लाभ दिने नीति लिएको भारत पछि गएर माओवादी विरोधी अभियानमा पूरै लाग्यो। माओवादीहरूले सेनाप्रमुखलाई चलाउने निर्णय गर्नुअघि नै नयाँ दिल्लीले यस परीक्षणलाई अघि नबढाउने र

[९] निर्वाचन परिणामले सेनाप्रतिको दृष्टिकोणमा विशेषरूपले प्रभाव पाऱ्यो। कटवालप्रति निकै शङ्कालु र सेनाको राजनीतिकरणबारे सार्वजनिक रूपमै आलोचक रहेका *हिमाल खबरपत्रिका* जस्ता प्रभावशाली सञ्चारमाध्यमहरूले माओवादीले सरकारको नेतृत्व गर्न थालेपछि आफ्नो बाटो बदले। (संविधानसभाको निर्वाचनअघि यस छापाले सेनाको बढ्दो राजनीतिक प्रभावलाई चुनौती दिएको थियोः किरण नेपाल र जे.बी. पुनमगर, "प्रभाव बढाउँदै सेना", *हिमाल खबरपत्रिका,* १ अगस्ट २००७, मुठभेडको वातावरण तयार पार्न *हिमाल खबरपत्रिका*को भूमिका विशेष रूपले उल्लेख्य थियो। यसमा २९ जनवरी २००९ को "सैनिक संवेदनशीलता" शीर्षकको सम्पादकीयमा माओवादी लडाकूहरूलाई सेना भनिन अयोग्य रहेको विचारसहित उसका लडाकूहरूलाई खसालेर "लडाकू जत्था" भन्ने भाषा प्रयोग गरी गरिएको टिप्पणी र माओवादी कार्यकर्ता भनिएको कुनै अमुक व्यक्तिले पदबाट राजीनामा दिनु, नदिए "भौतिक कारबाही" भोग्न तयार रहनु भनी दिएको धम्कीका कारण प्रधानसेनापति थर्कमान रहेको भन्ने भावुक र अपत्यारिलो सामग्री (जे.बी. पुनमगर, "अर्को उट्पट्याङको अवसान", १२ फेब्रुअरी २००९) उल्लेखनीय छन्। आठ जना जर्नेलहरूको म्याद थप्न माओवादी सरकारले इन्कार गरेकोलाई *हिमाल खबरपत्रिकाले* सैनिक अधिकारीहरूलाई आफ्नो दास बनाउने प्रयत्न भनी विश्लेषण गरेको थियो। (जे.बी. पुनमगर, "दास बनाउने खेल", *हिमाल खबरपत्रिका,* २९ मार्च २००९)।

माओवादीलाई हटाउने मनसुवा लिइसकेको थियो। माओवादीहरूले लिएका मुठभेडको बाटोले उनीहरूका प्रतिरोधीहरूलाई आफ्नो अभीष्ट पूरा गर्न झनै सजिलो पारिदियो।

## क) गुल्टिने दौड

माओवादीहरूले प्रधानसेनापतिको प्रकरणलाई किन त्यस हदसम्म अघि बढाए त्यो प्रस्ट छैन। सेनासितको सम्बन्धमा तनाव हुनु त स्वाभाविकै थियो, किनभने सन् २००६ सम्म माओवादीहरू सेनाविरुद्ध लडिरहेका थिए। त्यसैले १८ अप्रिल २००९ मा प्रधानसेनापति कटवाललाई सरकारको आदेश बर्खिलाफ गरेकोबारे स्पष्टीकरण मागिनुभन्दा पहिलेदेखि नै तनाव बढिरहेकै थियो।

डिसेम्बर-जनवरीताका गठबन्धन सरकारका साझेदारहरूबीचको सम्बन्ध निकै बिग्रेको थियो र प्रतिपक्षी पार्टीहरूसितको सम्बन्ध पनि खराब थियो। त्यो हेरी यता आएर माओवादी सरकारले केही स्थायित्व पाएको अवस्था थियो। जनवरीमा निजामती सेवा र पुलिसको भर्नामा समावेशी नीति लिनेबारे ल्याइएको अध्यादेशबाट मधेसी जनअधिकार फोरम खुसी देखिन्थ्यो, किनभने यसलाई उसले नीतिगत उपलब्धि ठानेर आफ्नो श्रेयका रूपमा मानेको थियो। उता नेकपा एमालेको अधिवेशनले एकीकृत नेकपा (माओवादी) सित रचनात्मक सहयोग बढाउन कटिबद्ध झलनाथ खनाललाई नेता छानेको थियो। राजश्व बढाउन मात्र सक्ने तर विकास कार्यमा खर्चचाहिँ गर्न नसक्ने भन्ने जुन आलोचना बाबुराम भट्टराईले खेप्नुपरेको थियो त्यसको जवाफ दिने मौका आउने बजेटले प्रदान गर्ने थियो। उनी र उनका टिमले आफ्ना कमजोरी पहिल्याएर अझ प्रभावकारी गरिबमुखी कार्यक्रमहरू ल्याउने सङ्केतहरू देखिएका थिए।

यस्तो परिस्थितिमा आफ्नै सरकार गिराउने गरी प्रधानसेनापतिलाई बर्खास्त गर्ने अड्डी लिनुपछाडिको कारण बुझिनसक्नु छ। प्रधानसेनापति कटवालले शान्तिप्रतिको वचनबद्धता र उनको निष्ठा उपर शङ्का गर्न सकिने प्रशस्त कारणहरू दिएका थिए। तर उनी सेप्टेम्बरमा सेवानिवृत्त हुनेवाला थिए र उनका भित्री मनसायहरू जेसुकै भए पनि तिनले गर्दा सरकारलाई खतरा आउन सक्ने थिएन। माओवादीहरूले रथी कुलबहादुर खड्कालाई स्याहार्नमा निकै ध्यान दिएका भए पनि उनलाई सेनाप्रमुख बनाउँदैमा तुरुन्तै त्यस्तो कुनै ठूलो लाभ हुनेवाला थिएन जस्तो धेरै विश्लेषकहरूले अनुमान लगाएका थिए।[१०] खड्कामा सेनाप्रमुख हुने प्रबल इच्छा हुँदो हो, तर उनी माओवादी त पक्कै थिएनन्। सन् २००६ मा पनि उनले कटवाललाई उफ्रेर जित्ने आशामा कोइरालाहरूमा चाकरी पुऱ्याएका थिए। जे भए पनि, उनी एक्लैले सिङ्गो जनमुक्ति सेनालाई मिसाउन र माओवादी कमान्डरहरूलाई नेपाली सेनामा अधिकृत बनाउन सक्ने थिएनन्।

माओवादी आन्दोलनभित्र कटवाललाई कारबाही गर्नुपर्ने दबाब बढिरहेको थियो। कटवालले देखाएको सेना समायोजन विरोधी अडान र देखादेखी गरेको राजनीतिक चलखेलबाट जनमुक्ति सेनाका कमान्डरहरू र पार्टी नेताहरू रुष्ट थिए। शान्ति प्रक्रियाका प्रमुख कल्पनाकार मानिने बाबुराम भट्टराई र असन्तुष्ट समूहका नेता मोहन वैद्यबीच फाटो हुँदाहुँदै पनि यी दुई नेता कटवाललाई बाटो तताउन लगाउने कुरामा भने एकजुट भएका थिए। स्पष्टीकरण मागिएको पत्रमा उल्लेख भएका तीन कारणहरू[११] बाहेक सेना समायोजन विशेष समितिअन्तर्गतको प्राविधिक समितिका गैरमाओवादी सदस्यहरूलाई आफ्नो पक्षमा कटवालले तान्न खोजेको थाहा पाएर माओवादीहरूको कन्सिरी झनै तातिएको थियो।[१२] कटवालको यस प्रयासबारे मुठभेडको स्थिति आउनअघि नै माओवादीहरूले जानकारी पाएका थिए। एक वरिष्ठ नेताको भनाइमाः

> सेना भर्तीबारे खिचलो चुलिँदा हामीले धैर्यधारण गऱ्यौं र कार्यगत सम्बन्ध कायम राख्न हामीले सम्झौता गऱ्यौं। तर (कटवालले) त्यसबमोजिम कार्य गर्न इन्कार गरे र झनै जोरी खोज्न थाले। हामीले कारबाही नगरी सुखै पाएनौं, नत्र हाम्रो सरकारका साथै भविष्यको सरकारलाई समेत सेनाले राजनीतिक रूपमा पेलिरहने थियो।[१३]

कटवालले मिल्ने ठाउँ राखेर स्पष्टीकरण दिएका भए सम्झौताको सम्भावना नरहेको होइन।[१४] केचाहिँ उदेकलाग्दो छ भने कुनै पनि टिप्पणीकारहरूले शान्ति प्रक्रियाको शब्द र मर्मलाई अनुसरण गर्नु त परको कुरा नेपाली सेना सहमतिको बाटो खोज्न नैतिक रूपमा बाँधिएको छ भन्नेसमेत प्रश्न उठाएनन्। वरिष्ठ नेता र जनमुक्ति सेनाका नायब कमान्डर वर्षमान पुन "अनन्त" भन्छन् : "हामीलाई स्पष्टीकरण नरम खालको आउँछ र हामी सबैको चित्त बुझ्ने खालको उपाय खोज्न सक्छौं भन्ने लागेको थियो। तर स्पष्टीकरणमा हदै

[१०] खड्काले स्पष्टतः नेकपा (माओवादी) सँग उनीहरूलाई कसरी सघाउन सकिन्छ भनेर छलफल गरेका थिए। धेरै टिप्पणीकारहरूले औंल्याएअनुसार संयुक्त राष्ट्रले प्रमाणित गरेका सबै लडाकूहरूलाई नेपाली सेनामा समायोजन गर्ने र जनमुक्ति सेनाका पूर्व कमान्डरहरूलाई नेपाली सेनाको उच्च पदमा पदस्थापन गर्न खड्का तयार थिए। यस्तो दाबी सत्य हुन सक्छ। तर, खड्काले नेपाली सेनाको विरोध वा असहमतिलाई माओवादी नीतिका सामु मत्थर पार्न सक्ने भए पनि समायोजनको निर्णय सर्वदलीय सेना समायोजन विशेष समितिले गर्ने कुरा हो र सेनाका अधिकृत पद उनले कोसेली दिने कुरा होइन।

[११] तीनओटा मुद्दाहरू हुनः नयाँ भर्ना रोक्न नेपाली सेनाले नमानेको, आठ जर्नेलहरूको म्याद नथप्ने सरकारको निर्णय विपरीत कटवालले उनीहरूलाई काम गरिरहन निर्देशन दिएको र राष्ट्रिय खेलकुदमा जनमुक्ति सेनाले भाग लिएको विरोधमा नेपाली सेनाले आफ्नो सहभागिता फिर्ता लिएको।

[१२] घटनाक्रमलाई नजिकबाट नियालिरहेकाहरूको तर्कअनुसार सेना समायोजन विशेष समितिको प्राविधिक समितिका सदस्यहरूलाई नेपाली सेनाले भित्रभित्रै प्रभावमा पार्न खोजेका कारण केही सीप नलागेर प्रचण्डले सेनापति कटवाललाई बोलाएर स्पष्टीकरण मागेका थिए र राजीनामा दिन भनेका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, अप्रिल-मे २००९।

[१३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, २९ अप्रिल २००९।

[१४] कटवालले उनीमाथि लगाइएका सम्पूर्ण आरोपहरूलाई इन्कार गर्दै आफ्ना कामकारबाहीहरूको रक्षा गर्न विस्तृत कानुनी तर्कहरू अघि सारेर आफूसित स्पष्टीकरण माग्ने सरकारको अधिकारमाथि नै प्रश्न तेर्स्याउँदै दिएको आक्रामक जवाफको पूर्ण पाठ २६ अप्रिलको २००९ को *देशान्तर* साप्ताहिकमा "प्रधानसेनापतिको स्पष्टीकरण" शीर्षकमा छापिएको थियो।

अवज्ञा देखियो र सरकारसित मिलेर समस्या सल्टयाउनुको सट्टा सेनाप्रमुखले विभिन्न राजनीतिक पार्टीहरू तथा कूटनीतिक नियोगहरूमा मद्दत माग्न गएको पाइयो। हामीलाई यो नाजायज लाग्यो।"[१५]

सेनाप्रमुखको पखेटा काट्ने प्रयास प्रचण्डले यसअघि अख्तियार गर्दै आएको मलुवा रणनीतिभन्दा बेग्लै थियो। रक्षामन्त्री रामबहादुर थापा र सेनाबीचको सम्बन्ध एकदमै चिसो रहिआएको थियो।[१६] थापाले सैन्य सहयोग जारी राख्न अन्तर्राष्ट्रिय निकायहरूसित व्यक्तिगत तवरमा पहल गरे पनि उनले सेनाको विश्वास पटक्कै जित्न सकेनन् र दुवै पक्षले आपसी अविश्वासलाई पुर्ने काम पनि गरेनन्। माओवादीहरूले अत्यावश्यक ठहऱ्याएको सेनालाई "प्रजातान्त्रिकरण" गर्ने योजना तयार पार्न र त्यसलाई लागू गर्नमा थापा असफल रहे।[१७] सेनासितको सम्बन्धमा यस्तो खटपट रहे पनि प्रचण्डले भने कटवालसित एक किसिमको मेलमिलापको सम्बन्ध कायम राखेका थिए। आन्तरिक दबाब र बाह्य परिस्थिति जस्तोसुकै भए पनि प्रचण्ड सम्भवतः कटवाललाई कार्यकाल सकेर चुपचाप अवकाश लिएको हेर्न चाहन्थे। तर उनले सोचेजस्तो परिस्थिति भएन।

## ख) हरेक चालमा मात

धेरै टिप्पणीकारहरू माओवादीहरूले आफ्नै धृष्टताका कारण आफ्नो सरकारलाई गिराएको दोष लगाउने गर्छन्। त्यो आलोचना वृथा होइन। धेरैजसो विवादास्पद र असफल निर्णयहरू माओवादीहरूले कुनै परामर्श बेगर लिएका थिए। तर सेनाको हकमा कुरा बेग्लै थियो। उनीहरूले कटवालसित स्पष्टीकरण लिनेबारे मन्त्रिमण्डलको स्वीकृति लिएका थिए र स्पष्टीकरण चित्तबुझ्दो नभएमा कटवाललाई बर्खास्त गरिने समझदारी रहेको थियो।[१८] त्यो समझदारी उदाङ्गिनुमा माओवादीको आफूखुसी व्यवहारभन्दा पनि राजनीतिक दाउपेचको असफलता मुख्य कारण थियो।

कुरा कहाँ खुस्कियो त? पहिलो, माओवादीहरूले कटवाल र उनलाई बुई चढाउनेहरूको प्रतिरोध गर्न सक्ने शक्तिलाई कम आँक्ने गल्ती गरे। दोस्रो, उनीहरूले कारबाही गर्नमा ढिलो गरे, जसले गर्दा विरोधीहरूले नयाँ दाउ चल्ने यथेष्ट समय पाए। यी दुवै गल्तीबाट द्वन्द्वकालमा उनीहरूले देखाएको कौशल भुत्ते भएको प्रमाण मिल्छ। उनीहरूले आफ्ना शत्रुलाई आदर गर्न बिर्से र सङ्कटका घडीमा निर्णय क्षमता पनि देखाउन सकेनन्।[१९] कटवाललाई स्पष्टीकरण पत्र थमाए लगत्तै एमाले नेता झलनाथ खनाल र मधेसी जनअधिकार फोरमका नेता तथा परराष्ट्रमन्त्री उपेन्द्र यादव विदेश यात्रामा गए। उनीहरूको अनुपस्थितिमा सङ्गठित प्रतिआक्रमण विकसित हुने मौका पायो।

प्रतिआक्रमणको योजनामा पहिलो काम माओवादीहरूलाई सुस्त तुल्याउनु थियो र जनतामाझ तथा पार्टीहरूभित्रै पनि शङ्काको बीजारोपण गर्नु थियो। यो काम निकै जाँगर र चतुरतापूर्वक फत्ते गरियो। सञ्चारमाध्यममा घुमाउरो पाराले त्यस्ता खालका टिप्पणीहरू देखा परे।[२०] त्यसपछि उडेका हल्लाहरू त अति नाटकीय पाराका थिए। कटवाललाई बर्खास्त गर्नाले कि सेनाले सत्ता लिनेछ कि त राज्य नै भताभुङ्ग हुनेछ भन्ने खालका हल्ला उडेका थिए।[२१] एउटा पत्रिकाले त मे दिवसको ऱ्यालीको निहुँ पारेर माओवादीहरूले सत्ता कब्जा गर्नेवाला छ भन्ने पुष्टि हुन नसकेको सनसनीपूर्ण आवरण लेख नै छाप्यो।[२२] यस्ता खालका समाचार-लेखहरू सेना र प्रेस तथा राजनीतिक पार्टीभित्रका त्यसका समर्थकहरूले नियोजित ढङ्गले प्रसार गरिरहेका बुझिन्थ्यो। सेनाको साइक्लोजिकल अपरेसन्स युनिट (मनोवैज्ञानिक कक्ष) मूलधारको मिडियामा माओवादी विरोधी प्रोपोगन्डा फैल्याउन पूरै जोडतोडले लागेको थियो।

---

[१५] अन्तर्वार्ता, *The Kathmandu Post*, ५ मे २००९ (१ मेका दिन अन्तर्वार्ता लिइएको थियो)।

[१६] रक्षामन्त्री र प्रधानसेनापतिबीचको चिसो सम्बन्धको विस्तृत विश्लेषणका लागि, हेर्नुहोस् मुकुल हुमागाईं "असहज सम्बन्ध", *नेपाल,* १८ जनवरी २००९।

[१७] नेपाली सेनाको भविष्यबारे माओवादीको आधारभूत धारणामा एकरूपता रहेको छ र त्यो सार्वजनिक पनि भएको थियो। हेर्नुहोस्, बाबुराम भट्टराई, "सेनाको लोकतान्त्रिकरण र पुनःसंरचनाको प्रश्न" *जनादेश,* १२ जून २००७। यो कुरा एनेकपा (माओवादी) ले सन् २००९ मा संविधानसभामा प्रस्तुत गरेको संविधानको मस्यौदामा पनि प्रतिबिम्बित भएको थियो। तर पनि सरकार ढल्नुभन्दा पाँच हप्ताअघि मात्रै पार्टीले यससम्बन्धी व्यावहारिक प्रस्तावहरू प्रस्तुत गऱ्यो। लेखनाथ न्यौपाने, "यस्तो छ नेपाली सेनालाई लोकतान्त्रिकरण गर्ने सरकारी योजना", *जनदिशा,* ३० मार्च २००९।

[१८] एमाले नेता झलनाथ खनाल र मधेसी जनअधिकार फोरमका नेता उपेन्द्र यादवले पछि दिएका प्रेस अन्तर्वार्ताहरूमा यथार्थमा उनीहरूले प्रस्तावित कारबाहीप्रति सहमति दिएको कुरा प्रस्ट पारे। एक जना वरिष्ठ भारतीय कूटनीतिज्ञले समेत सुरुमा यस्तो सहमति भएको स्वीकार गरे र पछि कसरी त्यत्तिकै यो फासफुस भयो त्यो चाहिँ बुझ्न नसकेको खुलासा गरे। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जून २००९।

[१९] प्रधानसेनापति कटवाललाई उनका क्रियाकलापबारे स्पष्टीकरण मागिएकोमा माओवादी कार्यकर्ताहरूले राहत मात्र होइन दम्भ पनि महसुस गरे जो अदूरदर्शी थियो। माओवादी मुखपत्रमा "प्रधानसेनापति धरापमा" भन्ने फुर्तिलो शीर्षक दिएर पहिलो पृष्ठमा मुख्य समाचार छापियो, *जनादेश* २१ अप्रिल २००९। योजनाको रहस्य खुल्दै जाँदा सम्भवतः माओवादीले आफै धरापमा परियो भन्ने महसुस गर्न थालेका भए पनि पुनः त्यही मुखपत्रले कटवाल विरुद्धको प्रस्तावित कारबाहीलाई पूरापूर स्वागत गर्दै "अन्ततः कटवाल कारबाहीमा" भनेर *जनादेश,* २८ अप्रिल २००९ मा छाप्यो।

[२०] उदाहरणका लागि माओवादीले निम्त्याइरहेका समस्याहरूबारे एक जना सम्मानित सम्पादकको पहिलो पृष्ठको टिप्पणीले माओवादीले खेप्नुपर्ने सम्भावित आन्तरिक दबाब र बाह्य विरोधको आकलन गरेको थियो। सुधीर शर्मा, "माओवादी किन पछाडि सऱ्यो?", *कान्तिपुर,* २३ अप्रिल २००९।

[२१] सेनाद्वारा हुने सक्ने "कू"बारे पत्रपत्रिकामा निकै चर्चा भयो, त्यसमा कथित "सफ्ट कू" र रथी खड्काको प्रधानसेनापति कटवालबाट शक्ति आफ्नो हातमा लिने षडयन्त्रबारे पहिलो पृष्ठमा लेखिएको रहस्योद्घाटनको समाचार सामग्री (सुधीर शर्मा, "के के भयो सेनाभित्र?" *कान्तिपुर* २४, अप्रिल २००९) बाट सुरु भएर अर्को मुस्किलले टरेको "दुर्घटना" शीर्षकमा निरन्तरता पायो (सुधीर शर्मा, "झन्डै दुर्घटना", *कान्तिपुर,* २५ अप्रिल २००९)। "कू"को सम्भाव्यताका प्रश्न र त्यसको सम्भावित असरसम्बन्धी सामग्रीले एउटा समाचारपत्रको शनिबारको विशेष संस्करण पूरै ढाकेको थियो। "सैनिक 'कू' सम्भव छ?" *नयाँ पत्रिका,* २५ अप्रिल २००९।

[२२] जे.बी. पुनमगर, "भयानक सपना", *हिमाल खबरपत्रिका,* २९ अप्रिल २००९।

दोस्रो कामचाहिँ शक्तिशाली अन्तर्राष्ट्रिय खेलाडीहरूलाई मैदानमा उतार्नु थियो। अधिकांश कूटनीतिक नियोगहरू कटवालप्रतिको सम्मानभन्दा पनि तिनलाई बर्खास्त गर्नाले उत्पन्न हुन सक्ने अस्थिरता र माओवादीहरूको नियतमा खोट पो छ कि भन्ने जायज शङ्काका कारण चिन्तित थिए। सधैंझैं यसको वास्तविक खेलाडीचाहिँ भारत निस्क्यो। भारतका प्रभावशाली व्यक्तिहरूलाई परिचालित गर्नु कुनै गाह्रो काम थिएन, किनभने सरकार गिराउने योजनामा भारत आफै भिडेको थियो।[२३] राजदूत राकेश सुदले त्यसबीच कति बैठक र भेटघाट गरे भन्ने बाकायदा अभिलिखित भएको कुरा हो।[२४] त्यसबाहेक भारतीय परराष्ट्रमन्त्री प्रणव मुखर्जीले महत्त्वपूर्ण भूमिका खेले। उनले चीन भ्रमणमा रहेका झलनाथ खनाललाई टेलिफोन गरेर तुरुन्त काठमाडौं फर्की माओवादीलाई दिएको समर्थन फिर्ता लिन भने।[२५]

तेस्रो र अन्तिम कामचाहिँ राष्ट्रपतिको कार्यालयलाई तुरूप बनाई उपयोग गर्नु थियो। पहिलेका दुई उपायहरू नै माओवादीहरूलाई पछि हट्न बाध्य पार्न यथेष्ट थिए। तर गठबन्धन तोडिँदै गर्दा पनि जब माओवादीहरूले कटवाललाई बर्खास्त गरिछाड्ने भए तब राष्ट्रपतिलाई हस्तक्षेप गर्न अघि सारियो।

### ग) साङ्घातिक संवैधानिक चोट

मे ३ तारिखका दिन घटनाक्रम उत्कर्षमा पुग्यो। एकीकृत नेकपा (माओवादी) ले कटवाल विरुद्ध कारबाही गर्ने पक्कापक्की भएपछि गठबन्धनका मुख्य घटक नेकपा (एमाले) ले मन्त्रिमण्डलको बैठक बहिष्कार गऱ्यो। मधेसी जनअधिकार फोरमले बैठक कोठा त छाडेन, तर कारबाही गर्ने निर्णयलाई समर्थन गर्न इन्कार गऱ्यो। त्यसभन्दा अघिका दिनहरूमा भएका अनेक छलफल र बैठकहरूबाट माओवादी नेताहरूले यस्तो निर्णय गर्नाले राष्ट्रपति, विपक्षी पार्टीहरू, सेना र शक्तिशाली कूटनीतिज्ञहरूबाट ठूलो झटारो आउनेछ भन्ने राम्ररी बुझेका थिए। त्यति हुँदाहुँदै पनि उनीहरूले कदम चाल्ने निधो गरे र यसप्रकार कदम चाले जसले गर्दा त्यस झटारोको संवैधानिक र प्रक्रियागत औचित्यमाथि प्रश्न उठाउन सकियोस्।[२६]

कटवाललाई हटाउने माओवादीहरूको सङ्कल्प संवैधानिक दृष्टिले सरकारले "... राजनीतिक सहमति र आपसी सहयोगको संस्कृति अनुरूप हुनुपर्नेछ"[२७] भन्ने प्रावधानको बर्खिलाफ देखिन्थ्यो। तर त्यो आरोप त्यति बलियो किन देखिँदैन भने त्यसै धारामा कार्यपालिकाले "संयुक्त जनआन्दोलनको चाहनाबमोजिम" कार्य गर्नुपर्ने पनि भनिएको छ। यसको अर्थ सबै पार्टीहरूले नोभेम्बर २००५ को बाह्र बुँदे सम्झौतामा उल्लेख गरिएको "अग्रगामी सामाजिक परिवर्तन" का साथै नेपाली सेनालाई "प्रजातान्त्रिकरण" गर्ने वचन पालना गर्नुपर्छ भन्ने हो।[२८] यसप्रकार मोटामोटी तवरमा लेखिएको सैद्धान्तिक घोषणाबाट पार्टीहरूलाई बाँध्नु ती प्रावधानहरूको कानुनी व्याख्याभन्दा पनि राजनीतिक जिम्मेवारी आवश्यक पर्छ। "राजनीतिक सहमति" को अवधारणा पनि कानुनी रूपमा राम्रोसित परिभाषित गरिएको छैन। यसले सात पार्टी र माओवादी सम्झौतालाई[२९] जनाउँछ भन्ने मूल पाठलाई जुलाई २००८ मा गरिएको पाँचौं संशोधनमा हटाइएको थियो।[३०] जहाँसम्म बहुमत अथवा एक दलको मन्त्रिमण्डलको निर्णयको वैधानिकताको प्रश्न हो त्यसबारे संविधान स्पष्ट छ — त्यस्तो अधिकार सरकारसित रहन्छ र त्यो अदालतमा जानुपर्ने कुरा होइन।[३१]

प्रक्रियागत हिसाबमा भने माओवादीहरूले नियमको पालना नगरेको प्रस्ट छ। राष्ट्रपतिको भूमिका जतिसुकै आलङ्कारिक भए पनि राष्ट्रपतिलाई मन्त्रिमण्डलको सल्लाहमा प्रधानसेनापति नियुक्त गर्ने र सेनामाथि नियन्त्रण राख्ने अधिकार छ।[३२] सेनाप्रमुखलाई बर्खास्त गर्ने प्रावधान नभए पनि यसबारे संविधान स्पष्ट छ।[३३] माओवादीहरूले

[२३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, भारतीय अधिकारीहरू र स्वतन्त्र विश्लेषकहरू, काठमाडौं, अप्रिल-मे २००९ र नयाँ दिल्ली, जून २००९।

[२४] हेर्नुहोस्, उदाहरणका लागि नेपालको सर्वाधिक बिक्री हुने दैनिकको मुख पृष्ठको समाचार (गोपाल खनाल, "सुदको दौडधुप") र त्यसै अङ्कमा दिनेश वाग्लेको विश्लेषण ("सेनापति प्रकरणमा दिल्लीको चासो"), *कान्तिपुर*, २ मे २००९।

[२५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, नयाँ दिल्ली, जून २००९।

[२६] माओवादीको निर्णयशैली र प्रक्रियाका एक आलोचकले महत्त्वपूर्ण दस्तावेजहरूको पुनः प्रकाशन गरिदिनाले धेरै फाइदा भएको छ जुन दस्तावेजहरूबारे यहाँ छलफल गरिएको छ। केदार सुवेदी, "दस्तावेजहरूले प्रमाणित गर्छ — को नायक, को खलनायक", *देशान्तर साप्ताहिक*, १७ मे २००९।

[२७] अन्तरिम संविधान धारा ४३(१): "नेपाल सरकारका कामकारबाहीहरू संयुक्त जनआन्दोलनको आकाङ्क्षा, राजनीतिक सहमति र आपसी सहकार्यका आधारमा कार्यान्वयन गरिनेछ। आपसी सहमतिबाट तयार पारिएको न्यूनतम साझा कार्यक्रम नेपाल सरकारले लिने नीतिको आधार हुनेछ।"

[२८] अन्तरिम संविधानले ७ नोभेम्बर २००६ को सात पार्टी र माओवादीबीचको बृहत् शान्ति सम्झौतालाई सहमतिको एजेन्डाको आधारको रूपमा लियो। यस सम्झौताको दोस्रो खण्डमा भनिएको छः "अन्तरिम संसदको सम्बन्धित समितिको सुझाउ लिएर अन्तरिम मन्त्रिपरिषद्ले नेपाली सेनाको प्रजातान्त्रिकरणको विस्तृत कार्ययोजना तयार पारेर त्यसको कार्यान्वयन गर्नेछ। यसभित्र नेपाली सेनाको सही सङ्ख्या निर्धारण गर्ने, राष्ट्रिय र समावेशी चरित्र झल्काउने गरी यसको प्रजातान्त्रिक संरचना तयार पार्ने र उनीहरूलाई प्रजातान्त्रिक सिद्धान्त र मानवअधिकारका मूल्य-मान्यताबारे तालिम दिनेजस्ता कार्यहरू रहनेछन्।"

[२९] "यस संविधानको प्रयोजनका लागि 'राजनीतिक सहमति' भन्नाले ८ नोभेम्बर २००६ मा पार्टीहरूबीचमा भएको सहमतिलाई जनाउँछ नेपाली काङ्ग्रेस, नेकपा (एमाले), जनमोर्चा नेपाल, नेपाल सद्भावना पार्टी (आनन्ददेवी), नेपाल मजदुर किसान पार्टी, संयुक्त वाममोर्चा नेपाल र नेकपा (माओवादी)"। अन्तरिम संविधान, धारा ३८(१)।

[३०] "संविधानको धारा ३८ को संशोधनः धारा ३८(१) उपधारा (१) मा रहेको व्याख्या हटाइएको छ।" अन्तरिम संविधानको पाँचौं संशोधन धारा ७।

[३१] "शक्तिको बाँडफाँड र नेपाल सरकारका कामकारबाहीहरू नेपाल सरकारद्वारा स्वीकृत नियमअनुसार सञ्चालन हुनेछन्।" अन्तरिम संविधान धारा ३८(२) "माथि खण्ड २ मा उल्लेखित नियमको पालना भएको छ कि छैन भनी कुनै पनि अदालतमा प्रश्न उठाउन पाइने छैन।" अन्तरिम संविधान, धारा ३८(३)।

[३२] अन्तरिम संविधान, धारा १४४।

[३३] अन्तरिम संविधानको चौथो संशोधनले राष्ट्रपतिको व्यवस्था गर्नुअघि पहिले नै कानुनी रूप लिइसकेको सैनिक ऐनले नेपाल सरकारले सेनाप्रमुखलाई हटाउन सक्ने व्यवस्था गरेको थियो। सैनिक ऐन २००६, ११(३)।

राष्ट्रपतिलाई छले, उनीहरूले मन्त्रिमण्डलको निर्णयबारे राष्ट्रपतिलाई टेलिफोनबाट मात्रै जानकारी गराए। तर बर्खास्त गर्ने चिठी प्रधानसेनापतिलाई सोझै पठाए, त्यसका साथै रथी कुलबहादुर खड्कालाई कायममुकायम सेनाप्रमुख नियुक्त गरेर चिठी पनि दिए।[३४]

संवैधानिक विषयहरूको तुलनामा यस प्रक्रियागत त्रुटिले महत्त्व राख्दैन। यसले निर्णयको वैधतामा कुनै फरक पार्दैन। तर त्यसले गर्दा राष्ट्रपति रामवरण यादवलाई प्रतिपक्षका अठारओटा पार्टीहरूद्वारा राखिएको निर्णयको खारेजीको मागलाई स्वीकार गर्ने ठाउँ मिल्यो। उनको हस्तक्षेपको संवैधानिक आधार भने कमजोर थियो।[३५] तर व्यावहारिक दबाब र राजनीतिक प्रोत्साहन भने निकै प्रबल थियो। सेनाका स्रोतहरूले त्यसै दिनभित्र बर्खास्त गर्ने निर्णय नउल्टाएमा कटवालले पद छाड्नुबाहेक कुनै उपाय नभएको र त्यसो भएको खण्डमा सेनाको नियन्त्रण माओवादी पक्षधर उत्तराधिकारीमा जाने भएबाट कुनै अपिल गर्नुभन्दा अगावै सम्भावित नोक्सानी भइसक्ने औंल्याए। त्यसबाहेक भारतले आफ्नो मन बाँधिसकेको थियो। विश्वस्त सूत्रहरूका अनुसार बर्खास्त गर्ने घोषणा भएलगतै प्रणव मुखर्जीले राष्ट्रपति यादवलाई टेलिफोन गरेर निर्णय उल्टाएमा भारतको पूर्ण समर्थन रहने वचन दिए।

दुवै पक्षका सामुन्ने संवैधानिक औचित्यका प्रश्नहरू लडाइँ सकिएपछि मात्र खडा भए। यस मुद्दामा माओवादीहरूको तुलो भारी थियो तर उनीहरूले यो नलडिकनै मन्त्रिमण्डल छाडिदिए। राष्ट्रपतिले आफ्नो अधिकार क्षेत्रलाई फराकिलो पारेर आफूले खोजेजस्तो राजनीतिक शक्तिको उपयोग गर्न पाए।[३६] तर उनको यस हस्तक्षेपको असर निकै दूरगामी हुनेछ। राष्ट्रपति यादवलाई निरङ्कुश नयाँ राजाका रूपमा चित्रण गर्नु हास्यास्पद होला, तर उनको कदमले द्वैध शक्तिकेन्द्रको खतरालाई सामुन्ने ल्याएको छ। ज्ञानेन्द्रले अक्टोबरमा प्रधानमन्त्री देउवाको सरकारलाई बर्खास्त गरेको र पछि फेब्रुअरी २००५ मा गरेको शाही कूसित यस कदमलाई ठ्याक्कै दाँज्न मिल्दैन तर सारतत्त्व भने उस्तै छः "राजनीतिक आवश्यकता" भन्ने अमूर्त कुरालाई उरालेर संविधानको प्रतिरक्षा गर्ने नाममा वैधानिक सरकारको विरुद्ध कार्य गर्नु।"[३७]

## घ) अलबिदा कि फेरि भेटौंला?

माओवादीहरूले कटवाललाई लखेट्ने सुर कस्दा त्यसबाट आफैलाई विपत्ति आइपर्छ भन्ने हेक्का राखेनन्। राष्ट्रपति यादवले उनीहरूको प्रयासलाई विफल पारिदिएपछि भने उनीहरूको चेत फिर्‍यो र फेरि निर्णायक कदम चाल्न थाले जुन कुरा उनीहरूले त्यसभन्दा अघिका दिनहरूमा बिर्सेझैं लाग्दथ्यो। माओवादीहरूलाई सरकारबाट हटाउन उनीहरूका विरोधी लामो र झन्झटिलो लडाइँको तयारीमा थिए र माओवादीहरूलाई अविश्वासको प्रस्तावबाट हराउन सकिएला भन्ने उनीहरूले सोचेका थिएनन्।

तर प्रचण्डले अरूलाई चकित तुल्याउने बाटो रोजे। भोलिपल्ट बिहान उनले राजीनामा लेखेर तयार पारे, मध्याह्नमा टेलिभिजनको पर्दाबाट राष्ट्रका नाममा आफूले सिद्धान्तका आधारमा सरकार छाडेको सन्देश दिए।[३८]

राजीनामा दिँदाखेरिको भाषणमा आफ्नो निरीहता बताउन प्रचण्ड चुकेनन्। प्रचण्डले आफू र आफ्नो पार्टीलाई चेपुवामा पारेको तथा सहमति अघि बढाउने र नागरिक सर्वोच्चता कायम गर्ने आफ्ना प्रयासलाई नयाँ दिल्लीको इसारामा विरोधीहरूको गठबन्धनले निष्फल पारेको बताए।[३९] केही हदसम्म आफ्नै बढाइचढाइ पनि उनको भाषणमा नरहेको होइन र आफ्नो सरकार पतन हुनुमा माओवादीहरू आफै कति जिम्मेवार थिए त्यो स्वीकार्न उनले कञ्जुसी पनि देखाए। तर उनको विश्लेषणले धेरै जनसाधारणमा प्रभाव छाड्यो। प्रचण्डले भारतका सामु लिएको टेक र भारतले यस मामिलामा हात हालेको भनी जुन ठाडो भाषामा आलोचना गरे त्यसबाट उनले नयाँ प्रशंसकहरू कमाए। अझ महत्त्वको विषयचाहिँ के हो भने खिचलो झिकेर लट्ठी गरिरहनु सट्टा उनीहरूले सरकार

[३४] यथार्थमा नियुक्ति पत्र आवश्यक थिएन। प्रधानसेनापतिको पद खाली भएमा स्वतः दोस्रो वरिष्ठ अधिकारी कार्यवाहक प्रमुख हुन्छ जसका लागि मन्त्रिपरिषद्को स्वीकृति वा राष्ट्रपतिको अनुमोदन आवश्यक पर्दैन। सैनिक ऐन २००६, ८(३)।

[३५] राष्ट्रपतिले सरकारका निर्णय अस्वीकृत गर्ने वा उल्ट्याउने कुनै संवैधानिक प्रावधान छैन न त दलहरूले बहुमत जुटाएको दाबी राष्ट्रपतिसमक्ष सोझै अनुरोध गर्न पाउने प्रावधान नै छ। तर उनीहरूले अविश्वासको प्रस्ताव ल्याउन भने सक्छन् जुन कुरा राष्ट्रपतिद्वारा चालिएको कदम र माओवादीले तत्काल राजीनामा दिएका कारण टर्न गयो।

[३६] सङ्कट चर्किंदै जाँदा राष्ट्रपति यादवसँग भएको संयुक्त बैठकमा उपस्थित नागरिक समाजका एक अगुवाले राष्ट्रपति यादव पहिलेदेखि कुनै सक्रिय कदम चाल्ने पक्षमा अभ्यास गरिरहेका थिए र अन्य कुनै वैकल्पिक उपायबारे सुन्न चाहिरहेका थिएनन् भनेर खुलासा गरेका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मे २००९। उक्त बैठकमा राष्ट्रपतिले व्यक्त गरेको विचारका विवरणका लागि हेर्नुहोस् "म सेरमोनियल हुँ भन्ने संविधानमा कहाँ लेख्या छ?" *नयाँ पत्रिका,* २९ अप्रिल २००९। त्यस प्रत्रिकाले उही अङ्कमा राष्ट्रपतिको "असंवैधानिक महत्त्वाकाङ्क्षा" बारे सचेत गराउँदै सटिक सम्पादकीय पनि छाप्यो। "राष्ट्रपतिको असंवैधानिक महत्त्वाकाङ्क्षा", *नयाँ पत्रिका,* २९ अप्रिल २००९। राष्ट्रपति भइसक्दा पनि यादवले आफ्नो गृह जिल्लाको राजनीतिमा हात हाल्ने काम कायमै राखेका छन्। प्रशान्त झा, "Right shift", *Nepali Times*, १० जुलाई २००९। तर पनि उनको जोडले उनको छोरालाई कुनै फाइदा भएन। संविधानसभामा यादवले छाडेको स्थानका लागि भएको उपनिर्वाचनमा उनका छोरा लज्जास्पद रूपले तेस्रो स्थानमा आए।

[३७] एउटा उदाहरण, एमालेका धेरैजसो नेताहरूले समेत राष्ट्रपतिको कदमलाई असंवैधानिक मानेका थिए र आफ्नै पार्टीको रवैयाको उनीहरूले आलोचना गरेका थिए। *Telegraph Weekly*, १८ जून २००९।

[३८] प्रचण्डले राजीनामा दिँदा गरेको भाषणको पूर्ण नेपाली पाठ www.nepalnews.com.np/archive/2009/may/may04/full%20text-pm%20address.pdf मा उपलब्ध छ।

[३९] प्रतिपक्षी नेताका रूपमा प्रचण्डले संविधानसभामा दिएको पहिलो वक्तव्यले नागरिक सर्वोच्चताका विषयमा माओवादीहरूको अडानलाई प्रस्ट पार्छ। उनको वक्तव्यको सम्पादित अंश "नागरिक सर्वोच्चता स्थापित नभएसम्म शान्ति र संविधान टुङ्गोमा पुग्दैन" भन्ने शीर्षकमा छापियो। *जनदिशा,* ९ जुलाई २००९। एनेकपा (माओवादी) का एक जना कानुनी विशेषज्ञ र संविधानविज्ञ एवं अन्तरिम संविधान मस्यौदा समिति सदस्यले पनि पार्टीको अडान स्पष्ट रूपले व्याख्या गरेका छन्: खिमलाल देवकोटा, "नागरिक सर्वोच्चता र सैनिक नेतृत्व", *नयाँ पत्रिका,* २२ अप्रिल २००९।

छाड्ने तत्परता देखाए र त्यसबाट आफ्नै निजी स्वार्थका लागि सरकारमा झुन्डिएर नबसी राजनीतिमा नौलो तौरतरिका देखाउन खोजे। उनको भाषण अन्तिम बिदाइ भाषण अवश्य थिएन।

## ३. माओवादी नियतको सवाल

सबभन्दा अहम् प्रश्नचाहिँ माओवादीहरूले शान्तिपूर्ण मार्ग अवलम्बन गरेका हुन् कि होइनन् भन्ने छ। उनीहरूका आलोचकका भनाइमा उनीहरू कहिल्यै बदलिनेवाला छैनन्, उनीहरूले जति कसम खाए पनि त्यो मुखको मात्रै हो र भ्रम पैदा गर्नका लागि मात्रै हो, भित्रभित्रै सत्ता कब्जा गर्ने र निरङ्कुश शासन स्थापित गर्ने उनीहरूको दाउ छँदैछ। यस्ता डर उनीहरूका नेताहरूको वक्तव्य र भनाइहरूका कारण उत्पन्न भएका हुन् जसले शान्ति सम्झौताको मर्मलाई कहिल्यै आत्मसात् गरेनन् र उनीहरूले सुरुमा अख्तियार गरेको बाटो सही थिएन भनेर स्वीकार गरेका छैनन्। त्यसका अतिरिक्त पार्टीको आधिकारिक वैचारिक अडानमा किञ्चित परिवर्तन आएको छैन — कागजमा जनयुद्ध विगत बनिसकेको छैन। यसको रणनीतिक आक्रमणको चरण अझै जारी छ, यद्यपि युद्ध हाल विभिन्न कार्यनीतिहरूबाट सञ्चालित छ।

माओवादीहरूले आफ्नो बाटो छाडेका छैनन् र उनीहरूले शान्ति प्रक्रियालाई हिंसात्मक विद्रोह मच्चाउन आवरणका रूपमा मात्र उपयोग गरिरहेछन् भन्ने तर्क निकै दरिलो छ। यस विचारलाई निरन्तर अघि बढाउनेहरूले आफ्ना भनाइलाई आकर्षक पाराले साक्ष्यहरूसहित प्रस्तुत गरेका छन्। परन्तु यो सही होइन। बहुलवाद र उदारवादी प्रजातन्त्रप्रति माओवादीहरूको निष्ठा हल्का ढङ्गको रहे पनि उनीहरूको आन्दोलन विकसित हुने प्रक्रियामा छ र त्यो आन्दोलन बितेका वर्षहरूमा ठूला परिवर्तनहरूबाट गुज्रेको छ।

यस जटिल र तीव्र प्रक्रियाको परिणाम के हुन्छ त्यो अनिश्चित छ। माओवादी पार्टीले आफ्नो क्रान्तिकारी लक्ष्य उपरको प्रतिबद्धता छाड्ने छाँट छैन। एमाले जस्ता नरमपन्थी कहलिएका पार्टी र भारतीय कम्युनिस्ट पार्टी (माओवादी) समेतले त्यो छाडेका छैनन्। जडसूत्रवादी विचारका समर्थकहरूले पार्टी हाँकेर आन्दोलनलाई फेरि मुठभेडतिर डोऱ्याउन पनि सक्छन्। तर त्यस पार्टीभित्र साँच्चिकै विवाद चलिरहेको छ भन्ने कुरालाई इन्कार गर्नु वास्तविकताप्रति जानाजान आँखा चिम्लनु हुन्छ वा एनेकपा (माओवादी) लाई अर्काको दोष मात्र देख्ने निन्दाशील भनेर जुन आरोप लगाइन्छ त्योभन्दा बढी निन्दाशील भएको ठहर्छ।

### क) माओवादी शासनः निर्दयी होइन निरीह

माओवादीहरू शासन चलाउनका लागि तयार थिएनन्, न त अन्य पार्टीहरू उनीहरूलाई सफलतापूर्वक राज्य सञ्चालन गर्न दिन नै तयार थिए। सरकार बनाउनमा चार महिना ढिलाइ भएबाटै यो कुरा प्रस्ट भइसकेको थियो, पछि त झनै खुलस्त नै भयो। माओवादीहरू असफल भएका खण्डमा उनीहरू शासन गर्न अक्षम साबित हुने थिए। उनीहरू सफल भएको खण्डमा उनीहरूलाई शासन गर्न दिइरहनु अति खतरनाक हुने थियो।

तर उनीहरूको रेकर्ड न नाटकीय रूपमा सफल रह्यो न त असफल। वास्तवमा यी दुवैको मिश्रण साबित भयो। उनीहरूका असफलता सबैले देख्ने खालका थिए। एकातिर उनीहरूमा अति

महत्त्वाकाङ्क्षा देखिन्थ्यो भने अर्कोतिर प्राथमिकता तय गर्नमा, तोकिएका प्राथमिकता पूरा गर्नका लागि राज्य संयन्त्र उपयोग गर्नमा, गठबन्धन राजनीति सञ्चालन गर्नमा र आलोचना बेहोर्नमा कुशलताको अभाव देखिन्थ्यो। त्यसका साथै उनीहरूको नियतप्रति जुन शङ्का थियो त्यसको गहिराइलाई उनीहरूले सही आँक्न सकेनन् र त्यस्ता शङ्काहरूलाई हटाउने र विश्वासको पुल बनाउने मौकाहरूको उपयोग उनीहरूले गर्न सकेनन्।

माओवादीहरूको सत्ता कब्जा गर्ने बारम्बारको धम्कीले पनि उनीहरूलाई पिछा छाडेन। उनीहरूका हरेक चाललाई सत्ता कब्जा गर्ने गोप्य योजनाका रूपमा हेर्ने गरिन्थ्यो।[४०]

प्राप्त शक्तिको उपयोग गर्ने मनसाय नरहेको होइन र त्यो स्वाभाविक पनि थियो। यस्तो मनसाय कुनै पनि सत्तासीन पार्टीको रहन्छ भने लेनिनवाद र माओवादबाट प्रशिक्षित पार्टीले शक्तिको उपयोग नगर्ने त कुरै आएन। *सत्ता कब्जा* गर्ने कुरा पटक्कै नौलो होइन भनेर माओवादी कार्यकर्ताहरू ठीकै भन्छन्। नेपाली राज्यलाई मुट्ठीभर उच्चवर्गले नियन्त्रण गरेर आफ्नो फाइदाका लागि स्रोतसाधनहरूको दोहन गर्दै आएको तथ्य इतिहाससिद्ध छ।[४१] माओवादीहरूका विचारमा सत्ता कब्जाबारेको होहल्ला उच्चवर्गले आफ्नो राजनीतिक र आर्थिक हालिमुहाली घट्ला भन्ने चिन्ताले मच्चाएका हुन्। एकीकृत नेकपा (माओवादी) का एक जना जिल्ला सचिवको भनाइ यस्तो थियो, "हामी शक्तिको उपयोग जनताको हितका लागि गर्छौं भनेर हामीले भन्नासाथ मानिसहरू हल्ला मच्चाउन थाले। तर सामन्ती शक्तिहरूले कैयौं शताब्दीसम्म राज्यसत्ता कब्जा गर्दाचाहिँ हामीले चुपचाप स्वीकार्नुपर्ने रे।"[४२]

जे होस्, माओवादीहरूको यस दृष्टिकोणमा निहित गुणात्मक र परिमाणात्मक भिन्नताबारे प्रश्न उठाउनु सान्दर्भिक हुनेछ। उनीहरूको वैचारिक अभ्यासमा आन्तरिक वादविवादको ठाउँ रहे पनि वैकल्पिक विश्व-दृष्टिकोण भने सह्य हुँदैन। हुन त उनीहरूले सोभियत र चिनियाँ प्रणालीको सर्वसत्तावादी प्रकृतिलाई अस्वीकार गरेका छन्, तर अन्य मुलुकका कठोर र स्वेच्छाचारी कम्युनिस्ट शासनको अतीतले उनीहरूलाई पिरोल्ने गरेको छ।[४३] माओवादीहरूको देखिएको शक्ति र प्रतिबद्ध रणनीतिक उद्देश्यले गर्दा पनि नेपालका यसअघिका सरकारहरूभन्दा उनीहरूको सरकारलाई पृथक् पारेको छ। राणा र शाहहरू कठोर थिए तर उनीहरूको एकतन्त्रीय शासन अक्षम थियो। २०४६ पछि बनेका सरकारहरू अदूरदर्शी र लथालिङ्गे तालका थिए। ती सरकारहरूको शक्ति सुदृढ पार्ने र त्यसको उपयोग गर्ने प्रयास खतरनाक साबित हुनेगरी कहिले पनि स्पष्ट हुन सकेन, त्यसमाथि अरू पार्टीहरू र दरबारका कारण कहिले पनि तुलो एकतिर ढल्किन पाउँदैन थियो। तिनका तुलनामा एकदम कार्यकुशल, रणनीतिक तवरले एकनिष्ट र आफ्नै सैन्य शक्तिको आड पाएको माओवादी शासन वास्तवमा बेग्लै किसिमको थियो।

तर यथार्थमा माओवादीहरूले संरचनात्मक परिवर्तन ल्याउनमा केही गर्नै सकेनन् भन्दा पनि हुन्छ। स्थापित उच्चवर्ग जे पनि फटाफट गर्ने उनीहरूको कार्यकुशलता देखेर डराएका थिए। उता सामान्य मतदाताहरू भने आधारभूत वस्तुहरू उपलब्ध गराउने काममा सुरुसुरुका विफलतावाट निराश बनेका थिए।

माओवादीहरूले काम गर्नलाई पाएको ठाउँ एकदमै साँघुरो थियो। गठबन्धनका साझेदारहरूको पूर्ण समर्थन उनीहरूलाई कहिल्यै रहेन, बरु ती साझेदारहरूले माओवादीहरूका प्रयासलाई बिथोल्ने काम गरे। माओवादीहरूले केही ठोस काम गर्न आँटे कि विपक्षी पार्टी र विरोधीहरू एक स्वरले रडाको मच्चाउँथे। माओवादीहरूले अक्षमता र भ्रष्टाचारका लागि चारैतिरबाट विश्वास गुमाइसकेको न्यायपालिकामा सुधार गर्ने कुरा गर्नेबित्तिकै त्यही न्यायापालिका एकाएक पवित्रतम् बन्न पुग्यो। निश्चित समयमा अवकास दिने नियम प्रहरीमा लागू गर्न खोज्दा त्यसलाई राजनीतिक हस्तक्षेपका रूपमा चित्रण गरियो।[४४]

त्यति हुँदाहुँदै पनि माओवादीहरूले जुन गलत निर्णयहरू लिए, राजनीतिक मनोभावलाई जसरी गलत तरिकाले बुझे वा आफ्ना

[४०] उदाहरणका लागि हेर्नुहोस् रामशरण महत, "Malafide intention", *The Kathmandu Post*, २७ अप्रिल २००९, गेजा शर्मा वाग्ले, "Hidden agenda", *The Kathmandu Post*, २४ अप्रिल २००९; दिलीप रायमाझी "Shades of the Third Reich", *The Kathmandu Post*, १ जून २००९। सेनापतिको सङ्कट चुलिँदै जाँदा नेपाली काङ्ग्रेसका युवा नेता गगन थापाले सुझबुझयुक्त विश्लेषणसाथ लेखेः "माओवादी नियतमा आशङ्का", *कान्तिपुर*, १ मे २००९।

[४१] समयक्रममा नेपाल राज्यको औपचारिक संरचना र सैद्धान्तिक आधारहरू नाटकीय रूपले बदलिएपछि अनौपचारिक सम्भ्रान्त सञ्जालको राज्यशक्ति कब्जा गर्ने क्षमता लच्किलो साबित भयो। मानवशास्त्री डेभिड गेलनर अधिक कर उठाउने तर जनहितमा कम लगानी गर्ने राणाहरूको सन् १९५१ सम्मको शासनलाई "शोषणयुक्त राज्य" भनी चित्रण गर्छन्। हेर्नमा अलिक कम शोषणयुक्त सन् १९६०-१९९० बीचको दरबारिया शासनले आफ्नो विकास एजेन्डामार्फत जनहितको लगानीमा उल्लेख्य वृद्धि गऱ्यो। तर कर्मचारीतन्त्रमा सुविधासम्पन्न समूहहरूको नियन्त्रण र राज्यका धेरजसो स्रोतसाधनमाथिको हालीमुहाली कायम राखे। विकासमा चरम असमानता थियो। सारा वैभव र सरसुविधाहरू राजधानीकेन्द्रित थियो भने अरू सबैजसो क्षेत्रका जीवनस्तर खस्केको वा टाक्सिएको थियो। सन् १९९० पछिको प्रजातान्त्रिक शासनले असमानता कम गर्ने सम्बन्धमा केही प्रगति गरेको थियो तर चलाखीपूर्ण ढङ्गले आफूलाई बदलेको अनौपचारिक सञ्जालद्वारा राज्यलाई कब्जामा लिने काम केही हदसम्म चुनावी प्रतिस्पर्धाको दबाब र खर्चका कारण पनि जारी नै रह्यो। डेभिड गेलनर, "Introduction: Transformations of the Nepalese State", मा गेलनर (सं), *Resistance and the State: Nepalese Experiences* (नयाँ दिल्ली, २००३)।

[४२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, पश्चिमाञ्चल क्षेत्र, मार्च २००९।

[४३] उदाहरणका लागि, सोभियत र चिनियाँ मोडेलको एकदलीय प्रणालीप्रतिको अस्वीकृतिलाई सन् १९९० को दशकको अन्ततिर आएको "एक्काइसौं शताब्दीमा जनवादको विकास" को नीतिले औपचारिकता प्रदान गऱ्यो। संविधानसभाप्रतिको प्रतिबद्धता पनि सन् २००१ मा माओवादी पहिलो पटक महत्त्वपूर्ण सम्झौतामा आएपछि मात्रै संवैधानिक संशोधनको सुरुको अस्पष्ट प्रतिबद्धताबाट विकसित भएको हो। लामो आन्तरिक छलफलको माध्यमबाट भएका रणनीतिक र कार्यनीतिक पुनःविचारका अरू थुप्रै उदाहरणहरू छन्। हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालका माओवादीः विशुद्धतावादी कि व्यवहारवादी?*, माथि उल्लेखित।

[४४] "अप्रिल २००८ मा सत्तामा आएको माओवादीले न्यायपालिकाको पुनःसंरचना गर्ने प्रयास गरेको र कर्मचारीतन्त्रलाई सरुवा-बढुवाको सिकार बनाएकोमा एक जना भारतीय पत्रकार त्रसित भएकी थिइन्।" Aditi Phadnis, "Once a revolutionary …", *Business Standard*, ८ मे २००९।

नीतिहरू लागू गर्दा आइपर्ने कठिनाइहरूलाई जसरी कम आँके ती सबै काम अरूको सहयोगबिना उनीहरू आफैले गरेका हुन्। चुनौतीपूर्ण अवस्थामा शासन चलाउनु अत्यन्त दुष्कर कार्य थियो। पहिलेबाटै योजना नगरिएको भए पनि उनीहरू अहिले विपक्षमा बस्न पुगेका छन्। सरकार चलाउनुभन्दा विपक्षमा बस्न पाउँदा उनीहरूलाई अवश्य राहत महसुस भएको हुनुपर्छ।

## ख) भिडियो प्रकरण

यस्तो परिस्थितिमा प्रचण्डले आफ्ना लडाकाहरूलाई जनवरी २००८ मा दिएको भाषणको भिडियो बाहिर निस्कनाले जुन खैलाबैला मच्चियो त्यो अपेक्षित नै थियो। प्रचण्डले जनमुक्ति सेनाको तेस्रो डिभिजनका लडाका र कमान्डरहरूलाई दिएको ८० मिनेट लामो भाषणको भिडियो उनले राजीनामा दिएलगत्तै देखा पऱ्यो।[४५] त्यस भिडियोबाट छानीछानी निकालिएका अंशहरू पहिले एउटा निजी टेलिभिजन च्यानेलबाट प्रसारित गरेर पछिबाट अरू मिडियामा छरिएको थियो, जसको उद्देश्य भाषणको सन्दर्भलाई एकातिर पन्छाएर माओवादीहरूलाई सकेसम्म रातो मुख लाउने पार्नु थियो। त्यस भिडियोमा प्रचण्डले विशेषगरी लडाकाहरूको प्रमाणीकरण गर्दा तिनको सङ्ख्या ह्वात्त बढाएर संयुक्त राष्ट्रको नेपाल नियोग (अनमिन) लाई छक्याएको, सत्ता कब्जा गर्ने उनीहरूको योजना यथावत् रहेको र सेनाको "प्रजातान्त्रिकरण" गर्ने प्रस्ताव वास्तवमा सेनालाई राजनीतिकरण गर्ने उद्देश्य भएको बताएको देखाइएको छ।

त्यसबाट फाइदा उठाउँदै उक्त भिडियोबाट माओवादीहरूको नियत खुलस्त भएको र उनीहरूप्रतिको डरको औचित्य पुष्टि भएको तर्क विरोधीहरूले अघि सारे। यद्यपि त्यस पूरै भिडियो भाषणको कुनै गम्भीर विश्लेषण न प्रेसमा गर्ने प्रयास नै भयो न त त्यसको वास्तविक सन्दर्भ हेरेर प्रचण्डका टिप्पणीहरूको महत्त्वलाई बुझ्ने चेष्टा नै गरियो।[४६] एउटा अत्यासको वातावरण सृजित भयो र माओवादीहरूको क्रान्तिकारी एजेन्डा थाहा पाएर कसरी भयातुर भए त्यो बताउन विश्लेषकहरू उछिनपाछिन गर्न थाले। यस्तो अवस्थामा तथ्य बाङ्गिनु र त्यसमा अन्तरनिहित सन्देश हराएर जानु स्वाभाविक थियो।[४७] उदाहरणका लागि शिविरका लागि दिइएको रकम हातहतियार खरिद गर्नमा खर्च गरेको प्रचण्डले स्वीकारे भनेर बारम्बार जोड दिने गरियो। भिडियोमा त्यसबारेका सर्सरती प्रसङ्ग भए पनि त्यस्तो खाले स्वीकारोक्ति भने छैन। त्यसै भिडियोमा पाइने माओवादी राजनीतिसम्बन्धी महत्त्वका सूचनाहरूबारे भने प्रेसमा पटक्कै चर्चा भएन।

[४५] सम्बोधनको पूर्ण पाठ एक दैनिक पत्रिकामा छापिएको थियो: "यस्तो छ माओवादी जनयुद्धको दीर्घकालीन रणनीति", *नागरिक*, ६ मे २००९।

[४६] अवश्य केही अपवादहरू थिए। उदाहरणका लागि, प्रमोद मिश्र, "Reading the tapes", *The Kathmandu Post*, १३ मे २००९। यद्यपि कसैबाट पनि यसको विस्तृत विश्लेषण भएन।

[४७] उदाहरणका लागि हेर्नुहोस्, गेजा शर्मा वाग्ले, "Maoist façade", *The Kathmandu Post*, ९ मे २००९; Tom Marks, "Prachandagate: critical analysis", *Republica*, १२ मे २००९; कनक दीक्षित, "शक्तिखोर मनस्थिति र माओवादी प्रवृत्ति", *कान्तिपुर*, ७ मे २००९।

त्यसबारे एकीकृत नेकपा (माओवादी) को नेतृत्त्व वर्गको प्रतिक्रिया पनि संवेदनशील व्याख्या गर्न प्रोत्साहित गर्ने खालको रहेन। लडाकाहरूको सङ्ख्याबारे उनीहरूका भनाइ अविश्वनीय र गोलमटोल पाराका थिए। प्रचण्डले बदलिएको परिस्थितिमा भिडियोका कुरा अप्रासङ्गिक भइसके भनेर भासभुस पार्न खोजे जो दम्भी र हाउडे तरिका थियो।[४८] त्यसो भन्नु किन पनि ठीक थिएन भने शान्ति प्रक्रियाको महत्त्वपूर्ण समयमा माओवादी नीति र आन्दोलनको विकासक्रमलाई व्याख्या गर्न त्यस भिडियोले सघाउँछ। त्यसबाट बडो सान्दर्भिक शिक्षाहरू मिल्दछन्।

**सन्दर्भः** सम्पादन गरिएका भिडियोका अंशहरूले छोपेका र अनगिन्ती समाचारहरूले विरलै उल्लेख गरेका कुराचाहिँ कसरी जनमुक्ति सेनाले प्रचण्डलाई त्यहाँ उपस्थित हुन बाध्य पारे भन्ने हो। नेतृत्वले लिएको लाइनबारे बताउन उनी त्यहाँ उनको इच्छा विरुद्ध उपस्थित हुनुपरेको त उनले स्वीकारकै छन्। उनले गरेका टिप्पणीहरू हरेक ब्रिगेडका लडाकाहरूसितको परामर्शमा जनमुक्ति सेनाले आफ्नो छुट्टै नीति तयार गरिसकेको छ भन्ने निकै गम्भीर प्रतिवेदनको पृष्ठभूमिमा गरिएका थिए। त्यो प्रतिवेदनले धेरै कुरा समेटेको र त्यसमा निकै चिन्ता प्रकट गरिएको प्रस्ट छ। प्रचण्डलाई त्यहाँ उपस्थित भएर अनेक आलोचनाहरूको जवाफ दिन बाध्य पारिएबाट सन् २००७ को अन्त्यतिर माओवादी सेनाले आफ्नो राजनीतिक बल प्रयोग गर्न थालेको र नेतृत्ववर्गलाई दबाब दिन थालेको प्रस्ट हुन्छ। त्यसबाट चुनावअगाडि सेना समायोजन हुनुपर्छ भन्ने अडान माओवादीहरूले छाड्नुमा जनमुक्ति सेनाको मुख्य हात थियो भन्ने भनाइ केही हदसम्म प्रमाणित हुन्छ।[४९] नेतृत्ववर्गले जनमुक्ति सेनाका चिन्ताहरूलाई राम्रोसित बुझेको छ भनी आश्वस्त तुल्याउन प्रचण्डलाई निकै बल गर्नुपरेको थियोः

> आखिरमा, तपाईंहरूले समायोजनबारे निकै प्रश्नहरू गर्नुभएको छ। संविधानसभा (को चुनाव) भन्दा अगाडि समायोजन हुन्छ जस्तो मलाई लाग्दैन ... संविधानसभाभन्दा अघि समायोजन गर्ने कुनै समझदारी, सम्झौता, निर्णय भएको छैन। यो संविधानसभा पछाडि नै हुन्छ।[५०]

[४८] "मैले संविधानसभाको चुनावअगाडि धेरै अवसरहरूमा अनगिन्ती भाषण गरेको छु", प्रचण्डले स्पष्टीकरणमा भने। "तिनलाई अहिले प्रसारण गरियो भने शान्ति प्रक्रिया र नयाँ संविधान निर्माणमा हाम्रो वर्तमान प्रतिबद्धताका अगाडि यो अर्थहीन र विसङ्गतिपूर्ण लाग्नेछ।" "'Prachandagate' tape irrelevant: PM", *The Himalayan Times*, ६ मे २००९।

[४९] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको चुनाव र त्यसभन्दा पर्तिर*, माथि उल्लेखित पृ. २१: "जनमुक्ति सेनाका लडाकूहरूको समायोजन कार्यमा प्रगति नहुनुलाई माओवादीका अनुदारवादी विरोधीहरूले विजयको रूपमा लिएका भए पनि माओवादीका अधिकांश जुझारु कमान्डरहरूले यही चाहेका थिए। प्रचण्डको डिसेम्बर २००६ (जति बेला उनी चुनाव अगावै समायोजनाका लागि आह्वान गरिरहेका थिए) को अडान जनवरी २००८ (जब उनले समायोजनको काम चुनावपछि सम्मलाई रोक्न सकिने घोषणा गरे) मा बदलिनु नरमपन्थको विजय जस्तो देखिए पनि यथार्थमा यो जनमुक्ति सेनालाई यथावत् राख्न चाहनेहरूसँगको ११ अप्रिलमा भएको एउटा सहमति हो।

[५०] जनमुक्ति सेनाको प्रशिक्षण कार्यक्रममा प्रचण्डको भाषण, शक्तिखोर शिविर, ८ जनवरी २००८।

**जनमुक्ति सेनाको सङ्ख्याको प्रश्नः** प्रचण्ड माओवादीसित भएका भन्दा बढी सङ्ख्यामा लडाकाहरूको प्रमाणीकरण गर्न लाएर अनमिनलाई झुक्याएको डिङ हाँक्छन्:

> सम्झौता हुनुभन्दा अघि हामी साँच्चि नै कति थियौं र? साँच्चि नै भन्ने हो भने हामी धेरै थिएनौं। हामी त्यस्तै सातआठ हजार थियौं होला। हामीले त्यति मात्रै सङ्ख्या बताएका भए अनमिनको प्रमाणीकरणपछि कति पो बाँकी रहने थियौं? चार हजार। हामीले ३५ हजार भन्नाले २० हजार त बाँकी रह्यौं कि! सत्य यही हो। यो कुरा हामीले अरूलाई बताउनु हुँदैन। साँचो कुरा हामीलाई थाहा छ भने अर्थोक किन सोच्नुपर्‍यो? हाम्रो नेतृत्वले विचार पुर्‍याएर हाम्रो नियमित सेनाको सङ्ख्या बढाएर सात हजारबाट २१ हजार पुर्‍यायो।[५१]

त्यसो भए पनि कुरा त्यति सजिलो छैन। अक्टोबरमा भएको चुङबाङ सम्मेलनपछि जनमुक्ति सेनाको ठूलो मात्रामा विस्तार गरिएको थियो।[५२] त्यसभन्दा अगाडि जनमुक्ति सेनासित १० हजारजति सेना रहेको अनुमान थियो। शाही सेनाको अड्कलमा पनि उनीहरूसित नौ हजार पाँच सय तालिमप्राप्त सैनिक र २५ हजार मिलिसिया रहेको हुनुपर्थ्यो।[५३] प्रमाणीकरणको प्रक्रियामा असली लडाकाहरू धेरै छुट्न गएका छन् भन्ने आम धारणा भएकोले त्यसको जवाफ दिँदैछु भनेर प्रचण्डले भनेकै थिए: "झट्ट हेर्दा हाम्रो सेना घटेको देखिन्छ। तर घटेको भन्ने कुरा म मान्दिन ... घटेको कहाँ देखुहुन्छ, यो त बरु ठूलो सङ्ख्यामा बढेको पो छ।"[५४]

**शान्ति प्रक्रियाप्रतिको दृष्टिकोणः** प्रचण्डले शान्ति प्रक्रिया र त्यसप्रति माओवादी वचनबद्धताको जसरी व्याख्या गरे त्यसमा व्यवहारिकता, शङ्काभाव र क्रान्तिकारी आदर्शको मिश्रण पाइन्छ। जनवरी २००८ ताका तोकेकै समयमा चुनाव हुन्छ भनेर कोही पनि राजनीतिक नेता र विश्लेषकहरू ठोकुवा गर्न सक्ने अवस्थामा थिएनन्। डिसेम्बर २००७ मा समझदारीबाट माओवादीहरू सरकारमा फर्के पनि वातावरण संदिग्ध नै थियो। "संविधानसभाको कुरामा कि त काङ्ग्रेसले यो हुन दिँदैन कि भने हामी हुन दिन्नौं" भन्ने प्रचण्डको भनाइ अहिले आएर हेर्दा कटु लाग्दछ, तर पार्टीहरू त्यस बेला जुन अवस्थामा थिए त्यसबारे त्यो भनाइ सटिक थियो। संविधानसभाको उनीहरूको माग सन् २००१ वा २००३ मै पूरा भएको भए माओवादीहरूले उसै बेला सशस्त्र सङ्घर्ष त्यागेर चुनावमा भाग लिने थिए भनी प्रचण्डले बोलेको अझ विचारयोग्य छ। यस्तो विचारणीय कुराबारे मूलधारको मिडियामा चर्चा नै भएन।

**राजनीतिक एजेन्डा र जनसमर्थनः** माओवादी एजेन्डालाई जनतामाझ कसरी ग्राह्य बनाउन सकिन्छ त्यस उपर प्रचण्डको भनाइ ध्यानयोग्य छ। उनको भनाइमा परिवर्तनप्रतिको साँचो प्रतिबद्धता र जनताको मनोदशाको सटिक बुझाइ झल्किन्छ। साथै माओवादीको क्रान्तिले पाउन सकेको जनसमर्थनको कारण पनि उनको भनाइमा पाइन्छः

> (नेपाली काङ्ग्रेस र एमाले) सङ्घीय राज्यहरू भन्नाले अञ्चलहरू भनी बुझ्दछन्। तर नेपाली जनताले सङ्घीयता हामीले बुझे जसरी नै ठ्याक्क बुझेका छन्। किनभने हामीले सङ्घीयता के हो भन्ने बुझाएका छौं। हामीले भनेका छौं यो जातीय, भौगोलिक र भाषिक आधारमा हुनुपर्छ। जनताले यी कुरा बुझेका छन्। तर काङ्ग्रेस र एमालेका नेताहरूले यसरी बुझेका छैनन्। उनीहरू अञ्चल बनाउँछौं र तिनलाई स्वशासित बनाउँछौं भन्छन्। उनीहरू ती क्षेत्रहरू भौगोलिक आधारमा मात्र स्वशासित हुने भन्छन्। नेपाली जनता यस कुरालाई मान्न तयार छैनन्। यस कुरामा हामीले जितेका छौं।

एक जना भारतीय विश्लेषकको भनाइमा भिडियोबाट "माओवादीहरू प्रजातन्त्र र प्रजातान्त्रिक आदर्शहरूप्रति प्रतिबद्ध छैनन् तर "आफ्नो अधिनायकवाद अन्तर्गतको प्रजातन्त्र चाहन्छन्"[५५] भन्ने प्रमाणित हुन्छ। वास्तवमा भिडियोले प्रचण्डलाई बल प्रयोगको धम्की दिनु कुनै अप्ठ्यारो नभएको पनि खुलाएको छ ("देशभरिका उम्मेदवारहरूको खुट्टा भाँच्नु हाम्रालागि कुनै गाह्रो काम होइन") र उनले संविधानसभाको चुनावमा भाग लिनु भनेको अर्को तरिकाले क्रान्तिलाई अघि बढाउनु हो भनेर बारम्बार भनेका छन्। तर यी कुरा परिवर्तनप्रतिको जनचाहनालाई सम्मान गर्नुपर्ने र मतदाताहरूसितको सम्बन्ध सुधार गर्नुपर्ने प्रसङ्गमा गरिएका छन् ("गणतन्त्रलाई बिर्सनेहरू गद्दार ठहरिने छन्; जनताले उनीहरूलाई पत्याउने छैनन्")। निःसन्देह, क्रान्तिको लक्ष्य राखु र त्यसनिम्ति जनसमर्थन जुटाउनु असङ्गत कुरा होइनन्। अपितु ती एउटै सिक्काका दुई पाटा हुन्: "जनताको मन जितेर अनि माओवादीहरू सही छन् भनेर प्रमाणित गरेर मात्रै विद्रोह हुन्छ अनि तिनको अनुसरण गरेर मात्रै हामी अघि बढ्न सक्छौं।"

**सिक्नुपर्ने पाठः** भन्ने नै हो भने नौलो भन्न लायक कुनै कुरा भिडियोले बाहिर ल्याएको छैन। माओवादीहरूको क्रान्तिकारी लक्ष्य, चुनावप्रतिको अस्पष्ट धारणा र आन्तरिक दबाबका कारण उत्पन्न उनीहरूको कठिनाइ कुनै गोप्य कुरा थिएनन्। यसबाट दुईओटा पाठ सिक्न सकिन्छ।

---

[५१] जनमुक्ति सेनाको प्रशिक्षण कार्यक्रममा प्रचण्डको भाषण, शक्तिखोर शिविर, ८ जनवरी २००८।

[५२] यस बैठकले जनमुक्ति सेनालाई तीनबाट सात डिभिजनमा विस्तार गर्ने निर्णय गर्‍यो। त्यसपछि प्रचण्डले नयाँ सिर्जना गरिएका दरबन्दीहरूको पूर्ति गर्न सम्पूर्ण राजनीतिक कार्यकर्ताको आधा सङ्ख्यालाई सैनिक जिम्मेवारी दिएर रूपान्तरण गरिनेछ भनी घोषणा गरे। *नयाँ दिशाबोध,* नोभेम्बर २००५ मा उद्धृत गरिएको। हेर्नुहोस् क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १११, *Electing Chaos*, ३१ जनवरी २००६, पृ. ८-९।

[५३] कर्नेल भिक्टर ज.ब. राणा, शाही नेपाली सेनाको पत्रकार सम्मेलन, *The Kathmandu Post*, २१ मे २००५। हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालका माओवादी,* पृ. ८-९। वास्तविक सङ्ख्या यकिन गर्न एकदमै गाह्रो छ। केही अतिवादी दाबीहरू अत्यन्तै हास्यास्पद लाग्छन्। उदाहरणका लागि हेर्नुहोस्, "PLA's real strength 1,000: Oli", ekantipur.com, १८ जुलाई २००९।

[५४] जनमुक्ति सेनाको प्रशिक्षण कार्यक्रममा प्रचण्डको भाषण, शक्तिखोर शिविर, ८ जनवरी २००८।

[५५] अदिती फाडनिस, माथि उल्लेखित।

गैरमाओवादीहरूले प्रचण्डको राजनीतिक कौशल र माओवादीहरूको खुला राजनीतिमा भाग लिने सोचिविचारी गरिएको हिसाबकिताबलाई कम आँक्नु हुँदैन। गहिरोसित सशङ्कित बनेका जनमुक्ति सेनालाई प्रचण्डले गरेको सम्बोधन असन्तुष्टिलाई पन्छाउने कुशल कार्य थियो। उनको भाषणशैलीमा गम्भीर तर्क र वैचारिक विश्लेषणदेखि ठट्यौलो पाराले फुर्काउनेदेखि लिएर अवज्ञा विरुद्ध चेतावनीसमेत मिसिएको थियो।[५६] त्यस दिन उनको कुरा लाग्नु शान्ति प्रक्रियाका सम्बन्धित सबै पक्षहरूका लागि फाइदाजनक थियो। तर उनले त्यसप्रकार प्रतिरक्षात्मक रूपमा प्रस्तुत हुनुपर्दा त्यसबाट बृहत्तर माओवादी आन्दोलनप्रतिको भित्री चिन्ता र शक्तिशाली जनमुक्ति सेनाको खतराको सङ्केतरेखा प्रकट हुन्छ। आमूल परिवर्तन ल्याउने सङ्कल्प र सम्झौताप्रतिको संशय दुवै प्रबल देखिन्छन्।

अरूले उनीहरूको नियतप्रति शङ्का गर्दछन् भने त्यसका लागि माओवादीहरू आफै जिम्मेवार छन् भन्ने कुरा उनीहरूले बुझ्नुपर्छ। भिडियोको प्रचार-प्रसार भद्दा प्रोपोगन्डा अभियान थियो — त्यसलाई जानाजान प्रकाशमा ल्याइएको थियो, त्यसका अंशहरू छानीछानी देखाइएका थिए, त्यसबारेको समाचार भ्रम सिर्जना गर्ने हिसाबले दिइएको थियो र भारत तथा अन्यत्रका छानिएका दर्शकहरूलाई बडो उत्साहपूर्वक देखाइएको थियो। जे भए पनि, त्यो अभियान सफल भयो। त्यसका कारण पुराना चिन्ता-सरोकार फेरि बल्झिए, माओवादी नेतृत्वले हच्किनुपर्‍यो र संयुक्त राष्ट्रको प्रतिष्ठामा आँच पुग्यो। यति सामान्य चलाखीले माओवादीहरू चक्कर खान पुग्छन् भने उनीहरूका राजनीतिक चेतना-तन्तुहरू पक्कै पनि भुत्ते भएका हुनुपर्छ। अनि उनीहरूले विद्रोहका आवाजबाट उत्पन्न चिन्ता-सरोकारहरूप्रति चित्तबुझ्दो जवाफ दिन सक्दैनन् भने आफूलाई अरूले विश्वास गरेनन् भनेर उनीहरूले आश्चर्य मान्नु पर्दैन।

## ग) सुरुआतको अन्त्य कि अन्त्यको सुरुआत?

माओवादीहरूलाई कहिल्यै विश्वास गर्न हुँदैन भन्ने जिकिर राख्नेहरूले आफ्ना कुरा सुनिदिने तत्पर श्रोताहरू पाएका छन्। उनीहरूको भनाइमा माओवादी नीति अपरिवर्तनीय छ त्यसकारण एकीकृत नेकपा (माओवादी) कुनै पनि हालतमा शान्ति र प्रजातन्त्रको साझेदार हुनु हुँदैन। यस्तो भनाइ जत्तिकै आकर्षक सुनिए पनि यो भनाइ तर्क नभएर अडान हो। यस किसिमको अडानले माओवादी आन्दोलनभित्रको तीव्र विवादलाई ध्यान दिँदैन न त एकीकृत नेकपा (माओवादी) को राजनीतिक व्यवहारबारे व्याख्या नै गर्दछ। यसले अवसर तथा अवरोधहरूको सृजनामा बाह्य कारकहरूको कुनै हात हुन्छ भन्ने मान्यता पनि राख्दैन। माओवादीहरूका आन्तरिक वादविवादलाई भ्रम सृजना गर्न र उनीहरूको क्रान्तिकारी भित्री मकसदबाट ध्यान हटाउन खडा गरिएको तमासा मात्रै हो भनेर उसै पन्छाउन मिल्दैन।

[५६] उदाहरणका लागि, उनले असन्तुष्टहरूलाई पार्टीको दोस्रो सम्मेलनले पारित गरेको नीति विरुद्ध जानुअघि उनीहरूले बडो होसियारीपूर्वक सोच्नुपर्ने कुरा सम्झाउँदै तोकेरै "आलोक प्रवृत्ति"को सन्दर्भ कोट्याएर पार्टीले केही हदसम्म वादविवाद स्वीकारे पनि विद्रोहप्रति पार्टी असहिष्णु भएकोमा जोड दिए।

यस आन्तरिक छलफलको परिणाम के हुन्छ त्यो अनिश्चित छ।[५७] बाह्य पात्रहरूको खेलका कारण त्यो छलफलले अनुमान गर्न सकिने तर खतरनाक दिशा समात्न पनि सक्छ।

माओवादी सिद्धान्तकारहरूले परम्परागत क्रान्तिकारी लाइन नै समातेका छन् र उनीहरूको पार्टीको लचकता कमजोरी बन्नेछ भन्ने डरलाई हावा भरिरहेछन्। सी.पी. गजुरेल "गौरव"ले विदेशमा बस्ने नेपाली तथा विदेशी समर्थकहरूलाई क्रान्तिका लागि तयार रहन निरन्तर हौस्याइरहेछन्।[५८] माओवादी क्रान्तिकारी अन्तर्राष्ट्रिय आन्दोनल "रिम"का पश्चिमी सदस्यहरू अतिवादी छन् र उनीहरूको सान्दर्भिकता पनि छैन। तर विद्रोही लाइनप्रतिको उनीहरूको समर्थनले धेरै कुरा बताउँदछ। उदाहरणका लागि, इटालीका माओवादीहरू एकीकृत नेकपा (माओवादी) को नेतृत्वको विरोधमा उत्रेका छन्:

> यस सन्दर्भमा हामी अध्यक्ष प्रचण्डको अडानको समर्थन नगरी अहिलेको अवस्थामा अर्को लाइन समात्ने एकीकृत नेकपा (माओवादी) का किरण र गौरव जस्ता कमरेड र नेताहरूको समर्थन गर्दछौं। हाम्रो विचारमा यस लाइनले छिटै पार्टीभित्र, नेपालको क्रान्तिमा र नेपाली जनसमुदायमा बहुमत पाउनेछ। हामी विशेष समितिहरूमार्फत राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभियान चलाउँछौं र कमरेड गौरवलाई इटाली र युरोपमा बोलाउँछौं।[५९]

गजुरेलले देशभित्र पनि यही सन्देश दिइरहेछन् र अपरिमार्जित जनगणतन्त्रको नारा फैल्याउन विशेषतः नेका र एमालेप्रति सहानुभूति राख्ने सञ्चारमाध्यमहरूको उपयोग गरिरहेछन्।[६०] चुम्बकीय तर अस्थिर चित्तका पूर्व माओवादी मधेसी नेता मातृका यादवले लडाइँको बाटो समातेका छन्। नेतृत्वले दिशा गुमाएको छ र सिद्धान्त

[५७] सन् २००८ को अन्त्यतिर असन्तुष्टहरूमध्येका एक प्रमुख नेताको मुख्य आन्तरिक विवादहरूलाई प्रस्ट पारेर लेखिएको एक लेखले थुप्रै गम्भीर नीतिगत मतभेदबारे राम्रो मार्गदर्शन प्रदान गर्दछ। नेत्रविक्रम चन्द "विप्लव", "हाम्रो पार्टीका प्रमुख मतभेदहरू", *जनदिशा,* २२ नोभेम्बर २००८। माओवादीको सरकार ढलेपछि नेतृत्व र मुख्य आन्तरिक प्रतिपक्षबीच देखिएको प्रस्ट विभाजनका लागि हेर्नुहोस् नेत्र पन्थी, "माओवादीमा स्पष्ट दुई धार", *नयाँ पत्रिका* २४ जून २००९। स्मरणीय छ, वरिष्ठ नेता मोहन वैद्य कुनै कार्यनीतिमा असमझदारी नभएकोमा जोड दिन्छन् तर क्रान्तिकारी सङ्घर्षका लागि फेरि अर्को रणनीतिक दबाब दिइरहेछन्। "कार्यनीतिको बारेमा पार्टीभित्र कुनै विवाद छैन", अन्तर्वार्ता, *जनादेश,* २३ जून २००९।

[५८] हेर्नुहोस् "क्रान्तिका लागि तयार रहन प्रवासीलाई गौरवको अपिल", *जनादेश,* २९ अप्रिल २००९।

[५९] Partito comunista maoista – Italia (इटालीको माओवादी कम्युनिस्ट पार्टी) घोषणा, जुलाई २००९।

[६०] उदाहरणका लागि, हेर्नुहोस् नेपाली काङ्ग्रेस निकट एक साप्ताहिकसँगको अन्तर्वार्तामा सम्झौता हुन नसक्ने उनको सन्देशः "दश महिनामा जनगणतन्त्र आउँछ", *घटना र विचार,* ८ जुलाई २००९। यस्तै विचार राख्ने अन्य केन्द्रीय कमिटी सदस्यहरूले एमाले निकट छापालाई यस्तै सन्देश दिन्छन्। उदाहरणका लागि, "जनगणतन्त्रको तयारीमा छौं", हरिभक्त कँडेलसँगको अन्तर्वार्ता, *दृष्टि,* ३० जून २००९।

छाडेको छ भन्ने उनको भनाइले पार्टी छाड्ने धेरैलाई उनको पार्टी नेकपा (माओवादी) तर्फ आकर्षित गरिरहेको छ।[६१]

यसले गर्दा अरू माओवादी पार्टीहरूबाट खासगरी अमेरिकाको रिभोल्युसनरी कम्युनिस्ट पार्टी (जसको यथार्थप्रतिको पकड खुकुलो छ) र भारतीय माओवादीहरू (जसले साँच्चिकै क्रान्तिकारी प्रयास थालेका छन् र केही अनुभव तथा प्रभाव पनि प्राप्त गरेका छन्) बाट चर्को आलोचना सार्वजनिक रूपमै आइरहेको छ। यी दुवै पार्टीहरू एकीकृत नेकपा (माओवादी)को पूरै र डरलाग्दो किसिमले रणनीतिक विचलन भएबाट पार्टी मार्क्सवाद-लेनिनवाद-माओवादको मूलभूत सिद्धान्तभन्दा पर पुगेको छ भन्ने विश्वास गर्छन्। भारतीय कम्युनिस्ट पार्टी (माओवादी) ले एकीकृत नेकपा (माओवादी) जनयुद्ध तथा वर्ग-सङ्घर्षबाट विमुख भएको छ भनेर निकै लामो र तर्कहरूले भरिएको आलोचना प्रस्तुत गरेको छः

> अहिले नेपालको परिस्थिति विचित्रको छ। साविकको शाही नेपाली सेना नै वर्तमान राज्य संरचनाको दुर्गरक्षकका रूपमा रहेको छ र जनमुक्ति सेना भने निष्क्रिय रमिते भएर बसिरहेको छ। सेनाले प्रतिक्रियावादी दलाल-सामन्ती पार्टीहरूको उक्साइमा र भारतीय विस्तारवाद तथा अमेरिकी साम्राज्यवादको धापमा कू गऱ्यो भने माओवादीहरूले के गर्ने? अथवा प्रतिक्रियावादीहरूले इन्डोनेसियामा जस्तो कम्युनिस्टहरूको रगतको होली खेल्ने विचार गरे भने के हुन्छ? जनमुक्ति सेनालाई खारेज र निःशस्त्र पारिसकेको माओवादीहरूले आत्मरक्षा कसरी गर्ने?[६२]

त्यसका साथै एकीकृत नेकपा (माओवादी) र अन्य पार्टीहरूबीचको साँध-सिमाना पनि पहिले हेरी खुकुलो हुँदै गएको छ। अहिलेको नयाँ मन्त्रिमण्डलमा माओवादी छाडेर एमालेमा गएका रवीन्द्र श्रेष्ठ मन्त्री छन् र यस सरकारलाई जमिनदारहरूका टाउको गिँड्ने झापाली आन्दोलनका पूर्वनेता सी.पी. मैनालीको समर्थन रहेको छ।[६३] आश्चर्य नमानौं, सरकार बदल्ने कामका प्रणेता रहेका के.पी. ओली अहिले नेपाली सेना र नयाँ दिल्लीको निकटतम विश्वासपात्र मानिन्छन्, तिनै ओली एकताका माओवादी थिए।[६४] पूर्वमाओवादीलाई सामेल गर्ने कुरा नौलो होइन। ज्ञानेन्द्रले सत्ता हत्याएपछि बनाएको मन्त्रिमण्डलमा आर.के. मैनाली पनि सामेल थिए जो पहिलेका झापाली हुन्। निश्चय पनि व्यक्तिहरूको निजी राजनीति अपरिवर्तनीय हुँदैन। एकीकृत नेकपा (माओवादी) ले जुन किसिमले गद्दार र संशोधनवादीहरूको निन्दा गर्ने गरेको छ त्यसबाट यस तथ्यबारे उनीहरू पूर्ण अवगत रहेको बुझिन्छ। मातृका यादवको "असली" नेकपा (माओवादी) ले ठूलो मात्रामा माओवादीहरूलाई पार्टी पलायन गराउन खोजिरहेको बुझिएको छ।[६५] संयुक्त राष्ट्रको प्रमाणीकरणमा परिसकेका जनमुक्ति सेनाका केही लडाकाहरूसमेत शान्ति प्रक्रियाबाट वाक्क भएर अर्कोपट्टि ढल्किएका छन् भनिन्छ।[६६]

तान्ने र मिसाउने काम दोहोरो नै छ। नेकपा (माओवादी) ले जनवरी २००९ मा नेकपा (एकता केन्द्र) लाई मिसाएर एकीकृत नेकपा (माओवादी) बनायो।[६७] माओवादी पार्टीले एमाले कार्यकर्ताहरूलाई आफूमा तानेर ल्याएको कुरा सधैं नै गर्वसाथ प्रचार गरिरहेको हुन्छ। एक जना माथिल्ला तहका एमाले नेताको अनुमानमा माओवादीका आधाजति जिल्ला सचिवहरू एकताका एमालेका सदस्य हुन् जसमध्ये धेरैले सन् १९९९ मा एमाले फुटेपछि माओवादीमा प्रवेश गरेका थिए।[६८] माओवादीहरूले सहजज्ञानको प्रतिकूल र विवादास्पद रूपमा सिनेमा कलाकार र निर्देशकलगायत पहिलेका राजावादीहरूलाई समेत ठूलो सार्वजनिक समारोह गरेर अँगालेका छन्। यो काम उनीहरूले "राष्ट्रवादीहरू"लाई एकताबद्ध गर्ने नीतिबमोजिम गरेका हुन्। धेरै प्रजातन्त्रवादीहरूको बुझाइमा "राष्ट्रवादी" पहिलेका राजाका समर्थकहरूलाई प्रयुक्त हुने साङ्केतिक शब्द हो। तर केही माओवादी नेताहरू यस लचकताप्रति गर्व गर्छन्।[६९]

---

[६१] मातृका यादवले एनेकपा (माओवादी) लाई "भ्रष्ट नेताहरूको जत्था" भनी बताएको र "माधवकुमार नेपाललाई संविधानसभा सदस्य बनाएर प्रचण्डले जीवनमै ठूलो भूल गरेको ... तिनै पुरानै मानसिकता र सामन्तवादी मान्छेहरू सरकारमा रहिरहेसम्म गणतन्त्रलाई संस्थागत गर्नु एउटा जटिल कार्य हो" भनेको भनेर उनलाई उद्धृत गरियो "Matrika slams UCPN (Maoist) as corrupt", ekantipur.com, १०, जुलाई २००९।

[६२] "नेकपा (माओवादी) लाई खुला पत्र", भारतीय कम्युनिस्ट पार्टी (माओवादी) पोलिटब्युरो, २० मे २००९, www.bannedthought.net/ India/ CPI-Maoist-Docs/Nepal/OpenLetterToCPNM-090520.pdf। यस तर्कको सारांशका लागि हेर्नुहोस् "Indian Maoists criticise Prachanda for betraying the revolution", IANS, २९ जून २००९। नेपालका बारेमा भाकपा (माओवादी) को थप टिप्पणीका लागि हेर्नुहोस् www.bannedthought.net/India/CPI-Maoist-Docs/index.htm.

[६३] भारतको पश्चिम बङ्गाल राज्यका नक्सलवादी विद्रोहीहरूबाट प्रेरित भएर थालिएको सन् १९७१ को झापा विद्रोहमा आठ जना जमिनदारहरूको हत्या भयो। पछि यो विद्रोह सरकारद्वारा दबाइयो। यस विद्रोहका सात जना अगुवालाई मारियो र अन्यलाई जेलमा हालियो। हेर्नुहोस् दीपक थापा, *A Kingdom under Siege* (काठमाडौं, २००३), पृ. २६।

[६४] झापा विद्रोहको सुरुआतबारे हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *नेपालको धर्मराउँदो शान्ति प्रक्रिया,* माथि उल्लेखित, पृ. १६।

[६५] एनेकपा (माओवादी) का २४० जना कट्टरपन्थी कार्यकर्ताहरू आफ्नो मातृपार्टीले क्रान्तिकारी चरित्र त्यागेको तथा नेताहरू र तिनका तर्कहरूप्रति असन्तुष्टि रहेको जनाउँदै मातृका यादवको नेकपा (माओवादी) मा प्रवेश गरेको एउटा रिपोर्टको दाबी थियो। "240 UCPN (Maoist) activists join Matrika's party", ekantipur.com, ५ जुलाई २००९।

[६६] सङ्गठित एकाइहरूद्वारा पूर्णरूपमा पार्टी परित्याग भन्ने रिपोर्टहरू बढाइचढाइ गरिएका देखिन्छन्। तर पनि केही व्यक्तिहरूले पार्टी परित्याग गरेका कुरामा भने सत्यता छ। हेर्नुहोस् "50 PLA men join Matrika party", ekantipur.com, ५ जुलाई २००९।

[६७] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको धर्मराउँदो शान्ति प्रक्रिया,* माथि उल्लेखित।

[६८] प्रदिप नेपाल "माओवादीको कारखाना एमाले", *दृष्टि,* २३ जून २००९। प्रदिप नेपालको अनुमानमा संविधानसभाका झन्डै ६० जनाजति माओवादीका सभासद्हरू र ७५ जिल्लाका सचिवहरूमध्ये ३६ जना एमालेबाट गएका हुन्। उनले के पनि दाबी गरेका छन् भने सन् १९९९ मा वामदेव गौतमले नेतृत्व गरेको नेकपा (माले) मा प्रवेश गर्न एमाले त्यागेकाहरू (जसलाई उनी "माले-माओवादी" भन्छन्) एकाएक सन् २००७ को अन्तरिम व्यवस्थापिकामा माओवादीका प्रतिनिधि भएर झुल्किए।

[६९] उदाहरणका लागि, पूर्वमन्त्री हिसिला यमी नेकपा (माओवादी) अरू वामसमूहहरू जस्तै (नेकपा (मसाल)) कट्टर नभएकोमा गर्व गर्छिन्। हिसिला यमी, "Divided we fall", *The Kathmandu Post,* २३ जून २००९।

अनेक आलोचना खेपेर पनि नेतृत्वकारी समूह अहिलेसम्म एकसाथ छन्। प्रचण्डले एकीकृत नेकपा (माओवादी) को नेतृत्वमा राष्ट्रिय एकताको सरकार बन्नुपर्नेमा जोड दिँदै आएका छन् र शान्ति प्रक्रियाप्रति आफ्नो पार्टी वचनबद्ध रहेको बताउँदै आएका छन्।[७०] माओवादीहरू फेरि प्रतिपक्षमा फर्केकाले तत्काललाई त्यस्तो मोर्चा बन्न पनि सक्छ, किनभने राज्यसत्तामा भाग नपाएबाट कतिपय घटकहरू रुष्ट छन्। माओवादीहरूले ठाउँ छाडेर धेरै पर जानु हुँदैन भन्ने बुझे जस्तो छ। उनीहरूको सरकार पतन भएपछि जिल्ला-जिल्लामा सुरु गरेका डाङडुङे गतिविधि उनीहरूले छाडेका छन्। उनीहरूले संविधानसभा चल्न दिए, सरकारको कार्यक्रम पारित गर्न र बजेट प्रस्तुत गर्न पनि दिए। यसबाट गलत व्यवहार देखाउनु अदूरदर्शी र जोखिमपूर्ण हुन्छ भन्ने चेत पलाएको सङ्केत मिल्दछ। केही उत्साही प्रतिद्वन्द्वीहरूचाहिँ उनीहरूले संविधानसभा अवरुद्ध पारेर सङ्कटकाल निम्त्याउनलाई निहुँ बनाएका हुन् भन्दछन्।

जे होस्, आउँदा महिनाहरूमा यस परिस्थितिले निकास नपाएमा नेतृत्वमाथि दबाब बढ्नेछ। बाहिरबाट नियाल्नेहरूका लागि यो प्रश्न झनै टड्कारो हुनेछ — शान्ति प्रक्रियालाई सघाउने नेताहरूको समर्थन गरेर एकीकृत नेकपा (माओवादी) लाई अहिंसात्मक पार्टीका रूपमा बलियो हुन दिन सहयोग गर्ने वा उनीहरूलाई ठेलेर यस्तो कुनामा पुऱ्याउने जुन अवस्थामा अतिवादीहरूले शान्तिप्रति पिठ्यूँ फर्काउनेछन् र भिडन्तका लागि तम्तयार हुनेछन्।

[७०] हेर्नुहोस् "माओवादी राष्ट्रिय संयुक्त सरकारको पक्षमा" *जनादेश,* ३० जून २००९ र "राष्ट्रिय सरकार नबनाई सुखै छैन", अन्तर्वार्ता, *साप्ताहिक विमर्श,* ३ जुलाई २००९।

## ४. सेनाको बढ्दो राजनीतिक भूमिका

### क) परोक्ष युद्ध

नेपाली सेनाले शान्ति प्रक्रियालाई कहिल्यै पनि आत्मसात् गरेन। ज्ञानेन्द्रले लत्तो छाडेबाट र शान्ति-वार्ताहरूमा मूलधारका पार्टीहरूबाट उनीहरूको पर्याप्त प्रतिनिधित्व नभएबाट निराश बनेका सेनाका टाउकेहरूले बृहत् शान्ति सम्झौताको परिपालना गर्ने ओठे (साङ्केतिक) आश्वासन दिए पनि उनीहरू द्वन्द्वलाई अरू तरिकाले निरन्तर राख्ने उपायमा लागिरहेका थिए।

उनीहरूको यस अभियानको नेतृत्व कट्टर राजावादी प्रधानसेनापति रुकमाङ्गद कटवालले गरिरहेका थिए जसले प्रजातान्त्रिक मूल्यहरूप्रतिको अनादरलाई कहिल्यै लुकाएनन्। अप्रिल २००६ को जनआन्दोलनपछि उनी प्रधानसेनापतिमा बढुवा हुने कुरा पक्का थिएन। पार्टीका नेताहरूले ज्ञानेन्द्रले सत्ता हत्याउँदा उनले त्यसको समर्थनमा व्यक्त गरेका कुराहरूलाई उक्काउँदथे।[७१] मानवअधिकारवादीहरू युद्धकालमा उनी बाहिनीपति हुँदाको उनको रेकर्डबाट यतिविघ्न क्षुब्ध थिए कि उनीहरूले संयुक्त राष्ट्रका महासचिवलाई उनको बढुवा रोक्न हस्तक्षेप गरिदिन चिठीधरि लेखेका थिए (तिनमध्ये केही व्यक्ति पछि कटवाललाई बर्खास्त गर्नुहुन्न भन्नेमा लागे, त्यो बेग्लै कुरा हो)।[७२] अन्तरिम प्रधानमन्त्री कोइरालाका साथै उच्चपदस्थ अधिकारीहरूले जनआन्दोलनको

[७१] यी सबै "अजय पी. नाथ" को छद्म नाममा छापिएका थिए। सबैजसो लेख पूरै राजावादी तर्कले भरिपूर्ण हुन्थे। जस्तै— "लथालिङ्गे प्रजातन्त्र" को सट्टा "परिष्कृत निरङ्कुशता" को पक्षपोषण। अजय पी. नाथ, *The Rising Nepal*, ५ सेप्टेम्बर २००२।

[७२] "हामी १४ अगस्ट २००७ मन्त्रिपरिषद्को लेफ्टिनेन्ट जनरल रुकमाङ्गत कटवाललाई नेपालको कार्यवाहक प्रधानसेनापतिमा बढुवा गर्ने निर्णयको जोडदार विरोध गर्छौं। विगतमा जनआन्दोलन दबाउने प्रमुख व्यक्तिका रूपमा संलग्न भएका कटवालको नियुक्ति सन् २००६ को जनआन्दोलनको भावना विपरीत छ। कटवाल मध्यपश्चिमाञ्चल क्षेत्र नेपालगन्जमा शाही नेपाली सेनाको पृतनापति हुँदा कैदीहरूलाई बेपता पारेको, महिलाको बलात्कार गरेको र विशेषगरी बाँके र बर्दियामा निर्दोष जनताको हत्या गरेका घटनाहरूमा नेपालको राष्ट्रिय मानवअधिकार आयोगलगायत विभिन्न अन्तर्राष्ट्रिय मानवअधिकारवादी सङ्गठनहरूले दोषी ठहऱ्याएका व्यक्ति हुन्। "रुकमाङ्गत कटवाललाई सेनाको कार्यवाहक प्रमुखमा गरिएको नियुक्तिको विरोध गर्दै नेपालका मानवअधिकारवादी समुदायद्वारा जारी प्रेस विज्ञप्ति", १५ अगस्ट २००६। ४ सेप्टेम्बर २००६ मा तिनै अधिकारवादीहरूले संयुक्त राष्ट्रका महासचिव कोफी अन्नानलाई "नेपालका कार्यवाहक सेनाप्रमुख र सैनिक ऐनमा संशोधन" को भर्त्सना शीर्षकमा एउटा पत्र पठाए। पत्रमा नेपाल सरकारलाई तुरुन्तै कटवाललाई सेनाको कार्यवाहक प्रमुखबाट हटाउन र उनको नेतृत्वमा भएका भनिएका मानवअधिकार उल्लङ्घनका सबै घटनाहरूको एउटा स्वतन्त्र निकायबाट निष्पक्ष र विस्तृत छानबिन गराउन अन्नानलाई अनुरोध गरिएको थियो। तर, २००९ को सुरुतिर यस कदममा संलग्न केही अगुवाहरू सेना र यसका प्रमुख कटवाललाई माओवादीको दबाबबाट जोगाउनुपर्छ भन्ने कुरामा जोड दिँदै बदलिएका थिए। मुख्य गरी एमाले र काङ्ग्रेसका नेता र अन्य पक्षधरहरूले हस्ताक्षर गरेको "नेपाली सेनालाई विवाद र दलीय प्रभावभन्दा माथि राख्नुपर्ने आवश्यकता" भन्ने एउटा सार्वजनिक अपिलको संयोजन २००६ को अपिलमा हस्ताक्षर गर्नेहरूमध्येकै एक जनाले गरेका थिए। "लोकतन्त्र दिवसका अवसरमा हाम्रो अपिलः १९ जना नागरिकहरूको भनाइ", काठमाडौं, २४ अप्रिल २००९।

क्रममा आन्दोलनकारीहरूलाई मार्ने र घाइते पार्ने सुरक्षा बललाई परिचालित गरेकोमा नेपाली सेनालाई कारबाही गर्नुको सट्टा संरक्षण दिएकोमा ठूलो आलोचना बेहोर्नुपरेको थियो।[७३]

सुधारवादी विचारका सेनाप्रमुखले शान्ति प्रक्रियालाई अघि बढाउने काममा महत्त्वपूर्ण भूमिका खेल्न सक्थे र सेनाको राजनीतिकरण गर्ने प्रयासलाई रोक्न सक्थे। त्यसको साटो नेपाली सेनालाई आफ्नो स्वायत्तता रक्षाको नाममा र माओवादीको विरोधमा भद्दा प्रोपोगन्डा अभियान चलाउन लगाइयो। सेनाले बृहत् शान्ति सम्झौतामा उल्लेख भएको र अन्तरिम संविधानमा लेखिएको सेनाको प्रजातान्त्रिकरण गर्ने र यसको आकारलाई घटाएर शान्तिकाल सुहाउँदो पार्ने कुरालाई पूरै अस्वीकार गऱ्यो।[७४] सेनाले बाहिरी तवरमा अनमिनलाई सघाएको श्रेय लिने कोसिस गरे पनि भित्री तवरमा अनमिनको तटस्थताप्रति शङ्काको बीउ छर्ने काम गऱ्यो। कटवाल संयुक्त राष्ट्र महासचिवका भूतपूर्व विशेष दूत इयान मार्टिनलाई "कमरेड इयान मार्टिन" भनेर खिज्याउँथे। उनको दृष्टिमा इयान मार्टिन माओवादी समान थिए। उनका सैन्य अधिकृतहरूचाहिँ माओवादीहरूले दूतावास र संयुक्त राष्ट्रका नियोगहरूलाई पूरै बहकाइसके भनेर विदेशी दूतावासका सैनिक सहचारीहरूको कान भर्थे।[७५]

नेपाली सेना निर्वाचनपछिको माओवादी वैधतालाई मानेजस्तो गरे पनि माओवादी सरकारलाई निचा देखाउने र माओवादी विरुद्ध "संयुक्त मोर्चा" बनाउन अघिसरा भएर लाग्यो। राजनीतिज्ञहरू र विश्लेषकहरूले पुल्पुल्याएका सेनालाई मात्र होइन प्रजातान्त्रिक पार्टीहरू कमजोर हुनाका कारण रिक्त भएको ठाउँ लिनसमेत सेनालाई प्रोत्साहित गरे। नेपाली काङ्ग्रेसले कैयन् मुख्य संवैधानिक विषयहरूमा अझै प्रस्ट नीतिहरू ल्याउन बाँकी नै छ उता नेपाली सेनाले भने राष्ट्रिय राजनीतिक एजेन्डाहरूबारे लम्बेतान दस्तावेज प्रस्तुत नै गरिसक्यो। त्यसमा सेनाले धर्म निरपेक्षता र सङ्घीयता सम्बन्धमा जनमत सङ्ग्रह गरिनुपर्ने र आधुनिक नेपालका निर्माता र एकात्मक राज्यका प्रतीक पृथ्वीनारायण शाहलाई संवैधानिक रूपमै राष्ट्रिय एकताका निसानी बनाउनुपर्ने माग राखेको थियो।[७६]

शक्तिको केन्द्र राजदरबारलाई बक्साइ रहनुपर्ने दायित्वबाट मुक्त भएपछि सेनाले झटपट आफ्नो मामिला आफै सह्माल्न थाल्यो र राष्ट्रिय मामिलामा आफ्नो अनुदारवादी विचार प्रवाहित गर्न पनि बेर लगाएन। सेनाको यस रवैयामा मुख्य अन्तर्राष्ट्रिय पात्रहरूको मौन स्वीकृति रहेको थियो। शान्ति प्रक्रिया पूरा नभएसम्म सेनालाई "चलाउन हुन्न" भन्ने अडानमा भारत अडिग रह्यो। प्रधानसेनापति कटवाल डिसेम्बर २००७ मा भारत भ्रमणमा जाँदा उनलाई अभूतपूर्व सम्मान प्रदान गरियो। उनले भारतीय राष्ट्रपति र परराष्ट्र मन्त्रीलाई भेट्नुका साथै निकै न्यानो सार्वजनिक स्वागत पनि पाए। चीनले माओवादीहरूसितको सम्बन्ध बढाउन खोजे पनि दरबार र सेनाको गठजोडप्रति सिकायत गरेन र चीन अझै नेपाली सेनासित राम्रो सम्बन्ध कायम राख्न चाहन्छ।

बेलायतले कटवाललाई विशेष सम्मानका साथ निम्ता गरेको भए तापनि बेलायतले आफ्नो नीति कायमै राखेको थियो। त्यो हो सुरक्षा क्षेत्रमा सुधार आवश्यक छ, तर जर्नेलहरूलाई चिढाउनु पनि हुँदैन भन्ने। संयुक्त राज्य अमेरिका नेपाली सेनाको राजनीतिक संलग्नताको भित्रभित्रै आलोचक रहे पनि सैनिक प्रशिक्षणको सहयोग दिएर सेनालाई रचनात्मक रूपमा अल्झाइराख्ने नीति उसले लिएको छ। सैन्य शक्तिको प्रदर्शनलाई समर्थन गर्ने पहिलेको नीतिलाई अमेरिकाले छाडिसकेको छ, तैपनि "वैधानिक" सुरक्षा बललाई मात्र सघाउने र ऊसित मात्रै सहकार्य गर्ने भन्ने पुरानो नीतिबाट अमेरिका अझै प्रभावित छ।[७७] सैन्य सहयोग दिँदा कडा खालका पावन्दीहरू लगाएर यस असन्तुलनलाई सच्याउन सकिन्छ। युद्ध अपराधबारेको अनुसन्धानमा सहयोग गर्नुपर्ने र माओवादी लडाकाहरूलाई सेनामा समायोजनको समर्थन गर्नुपर्ने कुराहरू त्यस्ता पावन्दीका सर्तहरू हुन सक्छन्।[७८]

## ख) राज्यको सैनिक कि सैनिक राज्य?

"राज्य भनेको राज्य हो", कटवालको यो प्रिय उक्ति हो। यसको तात्पर्य के हो भने माओवादीहरूले वैधानिकता पाउने आसै नगरे हुन्छ किनभने वैधानिकता भनेको केवल राज्यको हुन्छ। सेनाले आफूले राष्ट्रलाई परिभाषित गरेको ठान्छ, राष्ट्रले सेनालाई होइन।

[७३] हेर्नुहोस् क्राइसिस ग्रुपको रिपोर्ट, *Nepal's Peace Agreement*, माथि उल्लेखति।

[७४] नयाँ संविधान निर्माण गर्न गठित विभिन्न समितिहरूका लागि आवश्यक सुझाउहरू", संविधानसभामा बुझाइएको नेपाली सेनाको पत्र, फेब्रुअरी २००९। "अत्यन्त गोप्य" सुझाउहरूको रूपरेखाका लागि हेर्नुहोस् आदित्य अधिकारी, "A people's army?", *The Kathmandu Post*, फेब्रुअरी २००९।

[७५] सेनाको दृष्टिमा "कूटनीतिक नियोगहरू/संयुक्त राष्ट्रका निकायहरू (जस्तैः UNOHCHR) को उपयोग गर्ने प्रयासलाई माओवादीको पहिले नै पूरा भएको चालबाजीको एक अंश हो, जसको उद्देश्य राज्यका निकायहरू माओवादी पार्टीका हतियार नबनुन्जेलसम्म तिनीहरूलाई ध्वस्त पार्ने र माओवादी पार्टीका सबै विरोधीहरूलाई हटाउने वा निषेध गर्ने हो।" "माओवादी लडाकू समायोजनको व्यवस्थापन", काठमाडौंस्थित विदेशी नियोगका अधिकारीहरूलाई नेपाली सेनाको ब्रिफिङ, मार्च २००९।

[७६] "नयाँ संविधान ...", नेपाली सेना, माथि उल्लेखित।

[७७] हेर्नुहोस् क्राइसिस ग्रुप ब्रिफिङ, *नेपालको नाजुक शान्ति प्रक्रिया,* माथि उल्लेखित, पृ. १०।

[७८] "यस ऐनले 'Foreign Military Financing Program' शीर्षकअन्तर्गत छुट्याएको कोष नेपाललाई सहयोगस्वरूप उपलब्ध गराउन सकिनेछ, यदि विदेशमन्त्रीले बजेट विनियोजन समितिहरूलाई नेपाली सशस्त्र फौजले निम्न कुराहरू पालना गरिरहेका छन् भनेर सिफारिस गरेको खण्डमा — (क) अन्तर्राष्ट्रिय रूपमा मान्यता दिइएको मानवअधिकारको उल्लङ्घनका घटनाहरूमा नागरिक न्यायिक निकायहरूद्वारा अनुसन्धान र न्यायिक निरुपण गर्ने कार्यमा उसले पूर्ण सहयोग गरिरहेको छ। (ख) नेपाली सशस्त्र फौजको उद्देश्यको पुनःपरिभाषा गर्दाखेरि बजेटको पारदर्शिता र जवाफदेहीका लागि सघाउन नागरिक नियन्त्रणको रक्षा मन्त्रालय स्थापना गर्नेलगायत सुधारको कार्यान्वयन गर्न र मेलमिलाप शान्ति र स्थिरताको लक्ष्यसँग मेलखाने गरी पूर्व विद्रोही लडाकूहरूलाई नेपाली सशस्त्र फौजमा समाहित गर्न सहजीकरण गर्ने कार्यमा रचनात्मक ढङ्गले कार्य गरिरहेको छ", Fiscal Year 2010 Foreign Operations Appropriations Act, S1434, U.S. Congress, 9 July 2009.

अर्को शब्दमा भन्नुपर्दा "नेपालको इतिहास भनेको एक अर्थमा शाही नेपाली सेनाको इतिहास हो।"[७९]

सेनाको दृष्टिमा सेना नेपालको एकता र सार्वभौमिकताको इमानदार रक्षक मात्र नभएर नेपालको संस्थापक र संरक्षकसमेत हो। सेनाले राज्य सञ्चालनमा आफ्नो शक्तिशाली भूमिका रहेको देख्छ। सेनाले आफूसित औपचारिक तवरमा राष्ट्रिय सुरक्षासम्बन्धी कुनै पनि विषयमा सैनिक प्रभुत्वका निकायहरूमार्फत र अनौपचारिक तवरमा राजनीतिज्ञहरूलाई मूलभूत नीतिहरूबारे सल्लाह दिने हैसियत रहेको ठान्छ।[८०]

नेपाली सेनाले बाह्य नियन्त्रण र आन्तरिक सुधार दुवैलाई अस्वीकार गर्दै आएको छ। सेनाको यस प्रतिरोधका कारण सेनालाई आफ्नो कार्यको जवाफदेही बनाउने कुनै संयन्त्र खडा गर्न सक्ने राजनीतिक इच्छाशक्तिलाई झनै कमजोर पारेको छ। राजनीतिज्ञहरूले लक्ष्मण रेखा नाघ्न खोजेमा सेनाले तुरुन्तै आफ्नो असन्तुष्टि साफ शब्दमा जाहेर गरिहाल्छ। प्रधानमन्त्री नेपालले पाँच हजार माओवादी लडाकाहरूलाई सेनामा मिसाउने[८१] कुरा गरेको सुन्नेबित्तिकै जर्नेलहरूको ठूलो डफ्फा लिएर प्रधानसेनापति आफ्नो अप्रसन्नता व्यक्त गर्न प्रधानमन्त्रीकहाँ गइहाले। (पछिबाट सेनाले त्यसलाई "नियमित भेटघाट" बताएको थियो)।[८२] सन् १९९० मा तत्कालीन अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराई र सन् २००६ मा अर्का अन्तरिम प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई गरेझैं लक्ष्मण रेखाबाहिर खुट्टा हाल्न खोज्ने कुनै पनि प्रधानमन्त्रीलाई दबाब दिन नेपाली सेना हिच्किचाउँदैन।[८३]

नेपाली सेनाको राजनीतिक पकड मजबुत पार्नलाई सेनासित सदैव थर्कमान रहने काँतर मिडियाले पनि सघाएको छ। हुन त अचेलभरि सेनाबारे बोल्नै हुँदैन भन्ने मान्यता हट्दै गएको छ, तैपनि सेनाका कुरा काट्ने कसैले आँट गऱ्यो भने उसले सेनाबाट तुरुन्तै खुला चेतावनी पाइहाल्छ।[८४] अमेरिकाले प्रशिक्षण दिएको र आर्थिक सहयोग उपलब्ध गराएको द्वन्द्वकालमा बेकामे भएर बसेको सेनाको मनोवैज्ञानिक कक्ष यता आएर जुर्मुराएको छ र सेनाबारे गरिने खुला छलफलको हिसाबकिताब राख्ने काममा लागेको छ। नक्कली नामबाट माओवादी र स्वतन्त्र विश्लेषकहरूको भर्त्सना तथा सेनाको पक्षमा पैरवी गर्दै लेखिएका पत्रपत्रिकामा बारम्बार पढ्न पाइने एउटै ढाँचाका चिठीहरूको स्रोत सम्भवतः यही युनिट हुन सक्छ।[८५] कटवालले प्रमुख विज्ञापनदाताहरूलाई हातमा लिएर यसप्रकार परिचालित गरेका छन् जसका कारण आम्दानीको स्रोत सुक्ने डरले सञ्चारगृहका मालिकहरूको मुखमा ताला लागेको कुरा सम्पादकहरू बताउँछन्।[८६] माओवादीहरूले धाकधम्की दिएर अप्रत्यक्ष सेन्सरसीप लागू गरेको भनिन्छ, तर नेपाली सेना यस्ता आलोचनाबाट माओवादीहरूभन्दा कता हो कता बढी सुरक्षित भएर बसेको छ।

केही आँटिला विश्लेषकहरूले तर्कसम्मत छलफल चलाउन थालेपछि सेनाले त्यस्ता आलोचकहरूको मुख बुझो लगाउन अनेक उपायहरू निकालेको छ। यसअघि कहिल्यै नाम नसुनिएका "सुरक्षाविद्हरू"का लेखहरू प्रेसमा भरमार आउन थालेका छन्। त्यस्ता लेखहरूमा सेनाका उच्चपदस्थ अधिकारीहरूका विचार प्रतिबिम्बित भएका पाइन्छन् र तिनका लेखकहरूको वास्तविक अस्तित्वबारेचाहिँ पत्तो पाइँदैन।[८७] सेनाका अधिकृतहरू निजी तवरमा उनीहरूबारे कसैले नबोलिदिएको गुनासो गर्ने गर्छन्। उनीहरू सेना समायोजन विशेष समितिमा आफ्नो प्रतिनिधित्व भएको हेर्न चाहन्छन् र राष्ट्रिय सुरक्षासम्बन्धी छलफलमा उनीहरूको विशेषज्ञता र ज्ञानको उपयोग

---

[७९] "शाही नेपाली सेनाको इतिहास", शाही नेपाली सेना, मिति उल्लेख नभएको, पृ. २८, पहिले www.rna.mil.np/organisation/images/history.pdf (अक्टोबर २००६ मा हेरिएको) मा उपलब्ध। "शाही" शब्द हटाएर यस शीर्षकलाई अद्यावधिक गरिएको छ र थपिएको छः *The Nepalese Army: A force with history, ready for tomorrow* (काठमाडौं, २००८), एउटा रमाइलो सचित्र पुस्तकद्वारा जनसम्पर्कको एक प्रयास।

[८०] हेर्नुहोस् "नयाँ संविधान ...", नेपाली सेना, माथि उल्लेखित र "नेपालको राष्ट्रिय मूल नीति", नेपाली सेना, २००८/२००९।

[८१] एउटा प्रतिष्ठित समाचार संस्थासँगको अन्तर्वार्ता जसलाई उनले पछि आफ्ना विचारलाई गलत रूपले प्रस्तुत गरिएको भनी खण्डन गरे। "Nepal PM says Maoist peace process stalled", Reuters, २५ जून २००९।

[८२] "Nepal Army annoyed: PM says he was misquoted", *Telegraph Weekly* (online), २७ जून २००९।

[८३] प्रधानमन्त्रीको कार्यालयमा २६ जून २००९ मा आफ्ना असन्तुष्टि पोख्न जाने जर्नेलहरूमा छत्रमानसिंह गुरुङ, तोरणबहादुर सिंह, गौरवशमशेर राणा, नेपाल भूषण चन्द, केशवराज महत र अनिलजंग थापा रहेको बताइन्छ। "Nepal Army annoyed: PM says he was misquoted", *Telegraph Weekly* (online), २७ जून २००९। यी वरिष्ठ अधिकारीहरूले सेनाको बजेट बढाउनुपर्ने माग पनि राखेको बताइएको थियो। "Army top brass at PM's door", Himalayan News Service, २७ जून २००९।

[८४] सुरक्षासम्बन्धी कुरामा बढ्दो जनचासोको प्रमाणस्वरूप *अन्नपूर्ण पोष्ट*ले छापेका दुई विशेष अतिरिक्ताङ्कहरू "नयाँ संविधानमा सेनाको स्थान" (१० मे २००९) र "राष्ट्रिय सुरक्षा नीतिका प्रश्न" (५ जुलाई २००९) लाई लिन सकिन्छ। तर नेपाली सेनाको दृष्टिकोण अप्रत्यक्ष रूपले राम्ररी प्रतिबिम्बित भएको तथ्यका बाबजुद ८ पृष्ठको गहिरो विश्लेषणयुक्त अतिरिक्ताङ्कहरूमा सेनाको आफ्नै संवैधानिक प्रस्तावका बारेमा भने कुनै चर्चा भएको थिएन।

[८५] उदाहरणका लागि, पादटिप्पणी तल ८७ मा उल्लेखित रविन पौड्यालको पत्र।

[८६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, अङ्ग्रेजी र नेपाली भाषाका दैनिक समाचारपत्रहरू, काठमाडौं, जुलाई २००९।

[८७] उदाहरणका लागि, "डा. रमेश दाहाल" र "रविन पौड्याल" ले सबैभन्दा बढी बिक्ने अङ्ग्रेजी भाषाको दैनिक समाचारपत्रको पृष्ठमा सेनाको मुख्यालयको शैलीअनुरूपको विचार छपाए। हेर्नुहोस्, रमेश दाहाल, "They are guilty too", *The Kathmandu Post*, ८ मार्च २००८; "Autopsy on UNMIN report", *The Kathmandu Post*, ३१ जुलाई २००८; "Milestone on the Maoist roadmap", *The Kathmandu Post*, १९ मार्च २००९; र सेनापतिको सङ्कट चुलिएको बेला स्वस्पष्ट "Leave the army alone", *The Kathmandu Post*, २८ अप्रिल २००९। "बोस्टन, अमेरिका" बाट "जर्मनी" सरेका घुमन्ते रविन पौड्यालको रोजाइको विधा सम्पादकलाई चिठी हो। उदाहरणका लागि, "Erroneous deductions", letter, *The Kathmandu Post*, १६ मे २००९; "Suspicious", letter, *The Kathmandu Post*, २९ मे २००९; "Watchdog or lapdog", letter, *The Kathmandu Post*, १० जुलाई २००९; "Diplomatic blunder", letter, *The Kathmandu Post*, २४ जुलाई २००९; "Biased diplomacy", letter, *The Kathmandu Post*, २ अगस्ट २००९। क्राइसिस ग्रुपले उनीहरूसँग गरेको लेखापढीको जवाफ दुवैले दिएनन्।

नगरिएको ठान्छन्।[८८] आफूमाथि अन्याय भएको भावना उनीहरूमा भित्रैदेखि छ। दुर्भाग्यवश निजी तवरमा अघि सारिने यस्ता विचार र घटिया प्रोपोगन्डाबाट उनीहरूका मनासिब चिन्ता-सरोकारप्रति सम्बोधन हुन नसक्नु अचम्मको कुरा होइन।

सेनाको व्यवहारमा केही लगाम भने लागेको छ। सेनाले खोजेजस्तो बजेटमा ठूलो वृद्धि सेनाले पाउन सकेन (तल हेर्नुहोस्)। सफल प्रायः भए पनि सेनाले गरेको अधिकृतहरूको बढुवाको सिफारिसका लागि निकै कसरत गर्नुपऱ्यो। कानुन विभागका प्रमुख बिए कुमार शर्मालाई बढुवा दिलाउन पनि सेना सफल भयो। शर्माले अगस्ट २००३ मा भएको दोरम्बा नरसंहारबारे गलत सूचना प्रवाह गर्ने काम गरेका थिए जसले शान्तिवार्ता भङ्ग गर्नुमा सघाउ पुऱ्याएको थियो।[८९] जुलाई १३ तारिखका दिन नयाँ मन्त्रिमण्डलले शर्मालाई उपरथी पदमा बढुवा गऱ्यो र कानुन विभागको तहलाई पनि उकास्यो, जुन कानुन विभागले युद्ध अपराधको छानबिन कार्यलाई निरन्तर रोक्ने काम गर्दै आएको छ। तोरणबहादुर सिंहको प्रस्तावित बढुवा भने हाललाई तामेलीमा छ।[९०] सिंह कमान्डर रहेका गण सन् २००३-०४ तिर माओवादी कार्यकर्ता भएको आशङ्कामा अनेकौं व्यक्तिहरूलाई यातना दिने र बेपत्ता पार्ने कामको जिम्मेवार रहेको छ। यसभन्दा अघि नेपाली सेनाले उनलाई संयुक्त राष्ट्रको सल्लाहकार पदका लागि सिफारिस गरेको थियो, तर संयुक्त राष्ट्रको शान्तिसेना विभागले उनको रेकर्ड हेरेर उनलाई अस्वीकार गऱ्यो। उनको नाम अझै अमेरिकाको कालो सूचीमा रहेको छ। एमालेको नेतृत्वको सरकार कति दबाबमा छ भन्ने कुरा शाही शासनकालमा आफ्नो पार्टीका सांसदको हत्या गराउनमा हात भएका ठानिएको अधिकृतको बढुवा रोक्न नसकेबाटै बुझ्न सकिन्छ।[९१]

अदालतप्रतिको सम्मान सेनाले मुखले देखाउने गरेको छ र अदालतको फैसला पनि साधारणतया कि सेनाको हकमा कि त कसैलाई नछुने खालको आएका छन्। सेना स्वतन्त्र चिन्तन प्रवृत्तिका न्यायाधीशको फेला पर्न बाँकी नै छ। सेनाका अधिकृतहरूले नागरिक नियन्त्रणका अन्तर्राष्ट्रिय मान्यताहरू के हुन् भनेर राम्ररी बुझेका छन्, तर आफूलाई सुहाउँदो अमूर्त पाराले र तिनको परिपालना गरिहाल्नुपर्छ भन्ने अर्थमा होइन। त्यसबाहेक, शान्ति प्रक्रियाप्रति नेपाली सेनाको जतिसुकै अरुचि भए पनि युद्धविरामका प्रायः सबैजसो सर्तहरू पालना भने सेनाबाट भएकै छ। नेपाली सेना अनुशासित रहेको छ र सैनिक हस्तक्षेप गर्ने कसैको धम्कीको पछि लागेको छैन यद्धपि हस्तक्षेप निम्त्याउने खालको परिस्थिति पैदा गर्ने काम सेनाबाट नभएको भने होइन (यसबारे तलको खण्डमा चर्चा गरिएको छ)।

सङ्क्षेपमा, नेपाली सेना मदोन्मत देखिएको छैन र कम्तीमा पनि सामूहिक रूपमा यसका कमान्डरहरू सांसारिक वास्तविकताबाट अप्रभावित छैनन्। राजनीतिक इच्छाशक्तिको अभावका कारण सेनामा जवाफदेही वहन गर्नु नपर्ने र दण्डको भागीदार हुनु नपर्ने संस्कृति भने मौलाइरहेको छ। सेनाको टोकाइभन्दा पनि भुकाइचाहिँ खराब छ। राज्यको सुरक्षा मामिलाबारे सबै पार्टीहरू एक भएर दृढतापूर्वक निर्णय लिई अघि बढेमा सेना ठेगानमा आउन सक्नेछ। त्यसो नहुँदासम्म पुच्छरले कुकुरलाई हल्लाइरहनेछ र सेनाका जर्नेलहरू नेपालको विकासको अर्को कदमलाई "मूलतः नेपाली सेनाको इतिहास" बनाइराख्न प्रयत्नशील रहनेछन्।

## ग) तातिएको बिंड

बृहत् शान्ति सम्झौताका सबै औपचारिकताहरूको परिपालना हुन्छ नै भन्ने कुनै ग्यारेन्टी छैन। जर्नेलहरूले "सिध्याउने कि सिद्धिने" गरी निर्णायक ढङ्गले माओवादीमाथि खनिने आफ्नो चाहनालाई लुकाएका छैनन्। उनीहरू विद्रोहकालमा गतिरोध हुनुमा सेनाको क्षमतामा कमी हुनाको कारणले नभई बाह्य कारणहरूबाट भएको तर्क गरेर थाक्दैनन्। उनीहरूको भनाइमा ज्ञानेन्द्रले मूर्खतापूर्ण र अधकल्चो राजनीतिक रणनीति लिएर काम बिगारे, एकदमै खाँचो परेका बेलामा अन्तर्राष्ट्रिय दाताहरूले सहयोग रोक्ना गरे, अनि ज्यानको खति कमभन्दा कम होस् र माओवादीहरू "बाटो बिराएका दाजुभाइ दिदीबहिनीहरू" हुन् सैनिक प्रतिद्वन्द्वी होइनन् भन्ने नेपाली सेनाले लिएको विचारले गर्दा पनि हानि भयो।

यस्ता तर्कमा कुनै दम छैन। यस्ता तर्कहरूमा सत्यताभन्दा पनि आफ्नो घाइते अहम् तुष्टि गर्ने मनसाय निहित छ। साथै यी तर्कहरू नेपालका लागि "श्रीलङ्का शैलीको समाधान" चाहिएको छ भन्नेहरूलाई बल पुऱ्याउने खालका छन्। श्रीलङ्का जस्तै भन्नुको मतलब एउटा रक्तपातपूर्ण अन्त्यको कल्पना गर्नु हो जसमा प्रचण्डको स्थानचाहिँ तमिल टाइगर्सका नेता प्रभाकरणको हुनेछ। त्यस्ता विचार राख्नेहरूको सोचाइमा यतिखेर माओवादीहरू कमजोर भएका छन्,

---

[८८] यो चासो राजावादी र भित्रैदेखि माओवादी विरोधी अधिकृतहरूदेखि लिए धेरै नै उदार व्यक्तिहरूसम्म पूरै राजनीतिक परिदृश्यमा पाइयो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, नेपाली सेनाका वरिष्ठ अधिकारीहरू, विभिन्न ठाउँहरूमा, २००९।

[८९] राष्ट्रिय मानवअधिकार आयोगले यी हत्यासम्बन्धी प्रश्न उठाउँदा शर्माले आयोगले सधैं माओवादीको संरक्षण गर्ने गरेको गुनासो गर्दै यस्ता व्यवहार जारी राखे आयोगको अस्तित्व नै नरहने चुनौती दिए। सेना जस्तो "एकीकृत र शक्तिशाली संस्थालाई कसैले पनि नजरअन्दाज गर्नुहुँदैन", उनले थपे "नत्र भने परिणाम राम्रो हुँदैन"। "RNA begins probe into Doramba clash", *The Himalayan Times*, २५ अगस्ट २००३। यस्तो चेतावनीको मात्रा र आक्रामक शैलीमा खासै परिवर्तन आएको छैन।

[९०] प्रस्तावित बढुवाका लागि हेर्नुहोस् खिम घले, "विवादस्पद जर्नेलको बढुवा सिफारिस", *कान्तिपुर,* १ जुलाई २००९। यसको कार्यान्वयनमा भएको ढिलाइबारे, हेर्नुहोस् किरण चापागाई "Bhandari suspends Maj Gen Singh's promotion, *Republica*, ६ जुलाई २००९।

[९१] नेपाली सेनाको मुख्यालयले रथी बाबुकृष्ण कार्कीको बढुवाको सिफारिस गरेको छ जसमाथि रक्षामन्त्री भण्डारीकै पार्टी एमालेका तत्कालीन सांसद हेमनारायण यादवको हत्याको अभियोग लागेको छ। "संसदलाई बिर्सेर सेनासित हातेमालो", *जनआस्था,* ८ जुलाई २००९। माओवादी पक्षधर एक रिपोर्टका अनुसार कटवालले कार्कीको संरक्षण गर्नुले संसदीय छानबिनलाई बेवास्ता गरेको जनाउँछ। मे २००६ मा नेपाली काङ्ग्रेसका सांसद आनन्दप्रसाद ढुङ्गानाको संयोजनमा बनेको संसदीय छानबिन समितिले दोषी अधिकारीहरूलाई कारबाही गर्न सिफारिस गरेको थियो। सन्तोष पौडेल, "एमाले सांसदको हत्यारालाई कटवालको संरक्षण", *जनदिशा,* २९ अप्रिल २००९।

उनीहरूका लडाका शिविरहरूमा सीमित छन् र हतियारचाहिँ कन्टेनरहरूमा थन्किएका छन्। दाउपेचका हिसाबले पनि उनीहरूलाई यतिखेर पछार्न सकिने अवस्था छ, किनभने माओवादीहरूले बाचा तोडेकाले गैरमाओवादीहरू ठगिएको महसुस गरिरहेछन्, दिल्लीले पनि मुन्टो बटारेको छ र नक्सलवादीका सहयोगीहरूलाई सकेसम्म मिल्काउन रुचाउँछ। तर माओवादीका कट्टर विरोधीहरूले समेत सैनिक विजय पाउने कुरा सपना देखु बराबर हो भन्ने बुझेका छन्।

कटवालले अवकाश लिएर गएपछि नेपाली सेनाको माथ्लो तहमा रहेको युद्ध छेड्ने जोस केही ठन्डा हुनेछ। तर पूर्णतः प्रजातान्त्रिक मूल्यहरूका आधारमा शान्तिलाई सुदृढ नपारेसम्म युद्धउन्मादी तत्त्वहरू पाखा लाग्ने छैनन्। भारतमा कसैकसैले माओवादी शक्ति वा अव्यवस्थालाई सिध्याउन बरु सैनिक शासन भए पनि सहनुपर्ने विचार अघि बढाइरहेछन्।[९२] नेपालकै उच्चवर्ग पनि युद्धोन्मादी रटानमा रमाइरहेछन्। नेपाली सेना अझै बढी राजनीतिक जञ्जालमा फस्ने खतरा छ र सिपाहीहरू कसैको स्वार्थमा फेरि थालिने र जित्न नसकिने लडाइँको मोर्चाको पहिलो पङ्क्तिमा खडा हुनुपर्ने खतरा छ।

## घ) चोखो र बिटुलो

सेनाका जर्नेलहरू, राजनीतिज्ञहरू र भारतीय कूटनीतज्ञहरू सबै सेनाको "पवित्रता" कायम राखिनुपर्नेमा जोड दिने गर्छन्।[९३] तर प्रधानसेनापतिका विषयमा जुन रडाको भयो त्यसले सन्त भनाउँदाहरूको मुहारमा दाग लगायो। एक जना सेनाप्रमुखले आफ्नो सहायकलाई अधिकार हस्तान्तरण गर्नुपर्ने परिस्थिति उत्पन्न हुन लाग्दा जसरी हल्लीखल्ली मच्चियो त्यसबाट सेनाले बाहिरियालाई देखाउन खोज्ने "चेन अफ कमान्ड" त्यति पवित्र रहेनछ भन्ने देखियो।

"एक जना ६० वर्षे अनुभवी सैन्यको ठाउँमा अर्को उस्तैलाई ल्याउन खोज्दा नेपालको सैन्य शक्तिउपर माओवादी एकाधिकार भएको ठहरिन्छ भने त्यहाँको परिस्थिति अरूले सोचेभन्दा धेरै नै नाजुक रहेछ भन्ने मान्नुपर्छ।"[९४] तर राष्ट्रपतिको निर्णयको समर्थन गर्नेहरूचाहिँ त्यो एउटा कदमबाटै राज्य भताभुङ्ग हुन सक्थ्यो भन्ने मान्यता राख्छन्। यस घटनालाई नियाल्ने एक पर्यवेक्षकका अनुसार "राष्ट्रपतिलाई २४ मध्ये २२ ओटा राजनीतिक पार्टीहरूले प्रचण्डको कामलाई नउल्टाए पूरै सत्ता माओवादीहरूले कब्जा गर्नेछन् भनेर गुहारेका थिए।"[९५] नेपाली सेनाका एक जना अवकाशप्राप्त उपरथीले अर्कोसँग मिलेर लेखेको एउटा लेखमा खड्का पक्षबाट षडयन्त्र भएको स्वीकार्दै त्यसमा सेनाको ठूलै समूह लागेको हुन सक्ने सङ्केत गरेका छन् र भन्छन्: "यस भयानक षडयन्त्रमा खड्का अवश्य एक्लै नहोलान्, ती सबैउपर कारबाही हुनुपर्छ।"[९६]

या त नेपाली सेना अत्यन्तै खतरनाक स्थितिमा हुनुपर्छ या होइन भने प्रधानसेनापतिको हेरफेरबाट माओवादीहरूले सत्ता कब्जा गर्छन् भन्ने डर कटवाललाई बर्खास्त गर्ने निर्णयलाई उल्ट्याउन जानाजान बढाइचढाइ गरेर फैल्याइएको थियो। सेनाको दोस्रो नम्बरका मूलीलाई यसप्रकार सजिलै बहकाउन सकिन्छ भने नेपाली सेना अनुशासित, अराजनीतिक र व्यावसायिक छ भनेर जुन दाबी गरिन्छ त्यो हावादारी सावित हुन्छ। दोस्रो नम्बरका व्यक्ति उपर भरोसा गर्न नसकिने हो भने पूरै संस्थाप्रतिको जनविश्वास र सैनिक नेतृत्वको निष्ठामा आँच आउँछ।

कटवालले लडाइँ जितेका छन्, तर नेपाली सेना भने कमजोर भएको छ। सेनाका पक्षधरहरू हौसिएका छन्, तर सेनालाई राजनीतिबाट टाढा रहेको देखाउन यत्नसाथ बुनिएको पर्दा च्यातिएको छ। नेपाली सेनाका तीन प्रमुख खम्बाहरूले हामी एकताबद्ध छौं भनेर टेलिभिजनमा बोलेका कुरा पत्यारलाग्दो थिएन। सेनाका उच्च तहमा रहेको निजी र राजनीतिक प्रकृतिका तनाव आन्तरिक तवरले पहिल्यै देखा परिसकेको थियो खालि अहिले आएर त्यो कुरा बाहिर उदाङ्ग भएको मात्र हो। सेनाको प्रतिष्ठा कुच्चिएको छ र कटवालका उत्तराधिकारीको जिम्मेवारी निकै कठिन भएको छ। आन्तरिक चिरा अझै बढ्न सक्नेछ।

आफ्ना प्रमुखको प्रस्ट देखिने राजनीतिक व्यवहारबाट सचेत धेरै सैनिक अधिकृतहरू हालका घटनाहरूका सम्भावित परिणामबाट असजिलो महसुस गरिरहेका होलान्। आन्तरिक गुटबन्दीका कारण बढुवा नपाउने र तालिम लिन जान नपाउने अधिकृतहरू त झनै निराश बनेका होलान्, खासगरी कैयन् योग्य उम्मेदवारहरू हुँदाहुँदै कटवालका छोराले स्टाफ कलेजको आकर्षक पद पाएबाट निराशा थपिएको होला। यस्तो पृष्ठभूमि भएबाट र कटवालको खुलमखुल्ला

[९२] बी. रमन, "Valid reasons for a military take-over in Nepal", South Asia Analysis Group Paper No. 2683, २७ अप्रिल २००८।

[९३] सङ्क्रमणकालमा नेपाली सेनाका अधिकृतहरू र तिनका समर्थकले यस शब्दको अत्यधिक प्रयोग गर्ने गर्थे। उदाहरणका लागि, एउटा पाक्षिक पत्रिकाका प्रकाशकले एकोहोरो पाराले सेनालाई कदम चाल्न र देश बचाउन उक्साउन आफ्नो नियमित सम्पादकीयको उपयोग गर्ने गर्छन्। उनले यसलाई यसरी प्रस्तुत गरेका थिए: "(सशस्त्र फौज) कुनै पनि राजनीतिक शिक्षाबाट दीक्षित हुनु हुँदैन। राजनीतिज्ञहरू नभए पनि हुन्छ, नेपाली सेना नभई हुँदैन। यसको पवित्रता र निष्पक्षतालाई जुनसुकै मूल्यमा बचाइराखु पर्छ। हामी विश्वास गर्छौं, नेपाली सेनाले यो कुरा राम्ररी बुझेको छ।" *Spotlight*, २४ अक्टोबर २००८। प्रधानसेनापति कटवालले संयुक्त राष्ट्रको शान्ति स्थापनामा ५० वर्षको योगदानको स्मरण गर्दै आयोजित एउटा कार्यक्रममा "प्रजातन्त्रको नाममा सेनाको शुद्धता, पवित्रता र एकतामा कहिले पनि सम्झौता हुन सक्दैन" भन्ने भाषण दिए। "नेपाली सेनाः प्रजातन्त्रको प्रमुख प्रवर्धक र रक्षक" प्रधानसेनापतिको भाषणबाट उद्धृत, *People's Review*, ३ जुलाई २००८। नेपाली सेनाको "पवित्रता" भन्नाले सायद भारतीय रक्षा मन्त्रालयको आन्तरिक टिप्पणीहरूलाई इङ्गित गरिएको हुन सक्छ। सेनाका विषयमा बोल्दा एक जना भारतीय कूटनीतिज्ञले यो शब्द प्रायः सधैं प्रयोग गर्ने गर्थे। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, भारतीय कूटनीतिज्ञहरू, काठमाडौं, नयाँ दिल्ली र न्युयोर्क, जून-जुलाई २००९।

[९४] Siddharth Varadarajan, "India's Nepal policy in disarray", *The Hindu*, ७ मे २००९।

[९५] युवराज घिमिरे, "The camera hasn't lied", *Indian Express*, ७ मे २००९।

[९६] शशी पी.बी.बी. मल्ल, प्रदीप पी.बी. मल्ल र नरेन्द्र पी.बी. मल्ल, "Collapse of the Maoist grand strategy", *People's Review*, ७ मे २००९।

राजनीतिक चालबाट पार्टी नेताहरू र नयाँ दिल्लीलाई केही असजिलो लागेबाट उनको पदावधि थपिने सम्भावना समाप्त भयो र राष्ट्रपतिको कार्यालयमा उनलाई प्रभावशाली पद दिलाउने प्रयास पनि तुहियो।[९७] आखिरमा सेना भनेको एउटा संस्था हो। ज्ञानेन्द्रको पतनले पनि सेनाको हैसियतमा केही फरक परेन बरु बढ्यो। सेनाका टाउकेहरूले वर्तमान प्रधानसेनापतिले अवकाश लिएपछि सामूहिक रूपमा आफ्नो हित रक्षा हुने गरी सबल ढङ्गले अघि बढ्ने निर्णय लिने आशा गर्न सकिन्छ।

[९७] परम्पराअनुसार प्रधानसेनापति कटवालले सेप्टेम्बर ९ मा उनले अवकाशप्राप्त गर्नुभन्दा एक महिनाअघि बिदाका लागि आवेदन दिए।

## ५. भारतः शक्तिशाली प्रतिप्रहार

नेपालको शान्तिबारे भारतको दीर्घकालीन रणनीति थियो। नोभेम्बर २००५ को बाह्र बुँदे सम्झौता तयार गर्नमा र त्यसपछिका घटनाक्रमलाई निर्देशित गर्नमा नयाँ दिल्लीको हात रहेको थियो। माओवादी र अन्य पार्टीहरूलाई राजा विरुद्ध एकगठ तुल्याउने वार्ताहरू गराउनमा आफ्नो भूमिका भारतले सार्वजनिक तवरमा स्वीकार नगरे पनि त्यस सम्झौताको सहजकर्ता र जमानीका रूपमा भारतको भूमिका रहेकोमा कुनै शङ्का छैन।[९८] शान्ति प्रक्रिया रोकिएको समयमा, खासगरी सन् २००७ को अन्त्यतिर, भारतले चुनावतर्फको गतिलाई शिथिल हुन नदिन दह्रो कूटनीतिक दबाब दिएको थियो र अन्य अन्तर्राष्ट्रिय पात्रहरूलाई पनि त्यसनिम्ति प्रोत्साहित गरेको थियो।[९९]

तर आफ्नो सुरुको योजनालाई नयाँ दिल्लीले लत्याइदिएको छ। उसले एक जटिल प्रक्रियालाई यसको आरोह-अवरोहमा साथ दिनुको सट्टा अल्पकालीन स्वार्थपूर्ति गर्ने बाटो लिएको छ। सुरक्षा क्षेत्रको सुधार विरुद्धको अडानमा भारत टसमस भएको छैन जुन कुरा बृहत् शान्ति सम्झौताको विपरीत छ। भारतको हस्तक्षेपकारी गतिविधिहरू लाजमर्दो गरी उदाङ्गिएका छन् र काठमाडौंको निम्नस्तरको राजनीतिमा परराष्ट्रमन्त्रीदेखि लिएर परराष्ट्र सचिव र राजदूत संलग्न रहने गरेका छन्।[१००] नेपालको मामिलामा हात हाल्नु भारतका लागि कुनै नौलो र अचम्मलाग्दो कुरा होइन। तर अहिले फेरिएको नीतिले गर्दा स्थायित्वको सम्भावनामाथि नै खतरा देखिएको छ र यसलाई नफेर्ने हो भने नयाँ दिल्लीले जुन भित्री राष्ट्रिय स्वार्थ पूरा गरुँला भन्ठानेको छ त्यो पनि पूरा गर्न नसक्ने छाँट छ।

शान्तिका लागि भारतले प्रारम्भिक रूपमा लगाएको हुटहुटीका पछाडि उसको विश्वासिलो तर गलत अनुमान रहेको थियो। त्यस अनुमानमा माओवादी नराम्रोसित हार्नेछ र विद्रोहको बाटो छाडेर बहुदलीय राजनीतिमा टेक्नसम्मलाई ठाउँ मिल्नेछ तर वार्ता-टेबुलमा उनीहरूको फौज विघटन गर्नेबारे मोलमोलाही गर्न सक्ने कुनै तागत हुनेछैन भन्ने थियो। माओवादीहरूले निर्णायक जित हासिल गरेको वास्तविकतालाई भारतले सुरुसुरुमा त राम्रैसित पचाएको थियो, तर धेरै प्रभावशाली व्यक्तिहरू त्यसबाट अति चिन्तित हुन पुगेका थिए। एकीकृत नेकपा (माओवादी) लाई चुनावी राजनीतिमा आउन सघाउनाले गल्ती पो भयो कि भन्ने विचारमाथि चिनियाँहरूको बढ्दै गएको प्रभावप्रतिको चिन्ता पनि थपिन गयो।

[९८] बाह्रबुँदे सम्झौताको निर्माण र त्यसको जमानी बस्ने भारतको भूमिकाबारे हेर्नुहोस्, क्राइसिस ग्रुप रिपोर्ट, *Nepal's New Alliance*, माथि उल्लेखित, पृ. १५-१६।

[९९] उदाहरणका लागि, हेर्नुहोस् क्राइसिस ग्रुप एसिया ब्रिफिङ नं. ७२, *नेपालः स्थगित शान्ति*, १८ डिसेम्बर २००७, पृ. १२-१३।

[१००] यो व्यवहार पूर्वअनुमानित थियो। क्राइसिस ग्रुपको रिपोर्टमा एक वर्ष पहिले नै यस्तो उल्लेख गरिएको थियोः "भारतले सूक्ष्म व्यवस्थापन गर्ने हस्तक्षेपकारी रुचिलाई छाडेको छैन र प्रजातान्त्रिक रूपान्तरणबाट नेपाली सेनालाई अलग राख्नमै ऊ खुसी हुनेछ।" क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको नयाँ राजनीतिक परिदृश्य*, माथि उल्लेखित, पृ. १३।

वरिष्ठ माओवादी नेता तथा पूर्वअर्थमन्त्री बाबुराम भट्टराईको भनाइमा भारतले प्रधानसेनापतिबारेको सङ्कटमा बुद्धि पुऱ्याएन किनभने त्यस बेला राजनीतिज्ञहरू चुनावमा व्यस्त थिए र यो जिम्मा नासमझ कर्मचारीहरूको हातमा पर्न गयो।[१०१] नेपाल नीतिबारे भारतीय राजनीतिक नेताहरूले साह्रै थोरै जिम्मेवारी सकारेको सत्य हो। (तल हेर्नुहोस्)। तर के पनि हो भने उच्च पदस्थ अधिकारीहरूले मन्त्रिस्तरीय स्वीकृतिमा तयार पारेका निर्देशनहरूलाई यहाँ कार्यरत कूटनीतिज्ञहरूले लागू गराउने काम मात्र गरेका हुन्।

## क) चिनियाँ साउती

नयाँ दिल्लीको नेपालप्रतिको चिन्तामा चिनियाँ प्रभाव सिरानमा पर्छ। माओवादी नेतृत्वको सरकारका समस्याहरूबारे प्रश्न गर्दा प्रायशः सरकारी अधिकारी र विश्लेषकहरूले सुरुमा झिक्ने कुरा नै चिनियाँ प्रभावको हुने गर्छ। बेइजिङसितको सम्बन्धलाई राम्रो बनाउने सुरमा माओवादीहरूले भारतले कोरेको लक्ष्मणरेखा नाघेकोमा शङ्का छैन।[१०२] तर त्यसका साथै माओवादीहरूले वा चीनले रणनीतिक सम्बन्धलाई नाटकीय तवरले बदल्न खोजे वा बदले भन्ने धारणालाई पुष्टि गर्ने सबुत पाइँदैन।

माओवादी सरकार गिरेको केही दिनमै भारतीय प्रेसमा प्रचण्डलाई चीनले बाजी लगाउन उचालेको थियो भन्ने आशयका अज्ञात स्रोतहरूमा आधारित समाचारहरू ह्वारर्र आएका थिए। एउटा समाचार यस्तो थियोः "माओवादी प्रधानमन्त्री प्रचण्डलाई सेनाप्रमुख हटाउनबाट रोक्न खोज्दा भारतले जनतामा अपयश कमाइरहेको थियो भने चीनले चाहिँ त्यसै बेला प्रचण्डलाई त्यसको ठीक उल्टो गरेमा समर्थन दिने सन्देश पठाइरहेको थियो। ती सङ्कटपूर्ण दिनहरूका घटनाक्रमलाई नियालिरहेका स्रोतहरूका अनुसार चीनले प्रचण्डलाई आफ्नो इरादा नछाड्नु त्यसमा समर्थन रहनेछ भनेको बुझिएको छ।"[१०३]

यस्ता खाले सिद्धान्तहरूले भारतीय नीतिका विफलताका समाचारहरू ओझेलमा पारे। अझ भारतले कटवाललाई जोगाउनुमा जस्तो किसिमको भूमिका खेलेको भए पनि त्यो चीनसितको बृहत्तर रणनीतिक लडाइँकै एक हिस्सा थियो भन्ने आशय ती समाचारहरूमा पाइन्थ्यो। चीनले माओवादीहरूलाई प्रधानसेनापतिलाई बर्खास्त गर्न उक्साएको थियो भन्ने कुनै प्रमाण छैन, यद्यपि जनमुक्ति सेनाका अफिसरहरूको तालिममा सहयोग दिने कुरा छलफलको टेबुलमा थियो। एक जना वरिष्ठ भारतीय कूटनीतिज्ञले समेत चीनको लाइन भारतको भन्दा उस्तो फरक नभएको बताउँदै यसो भनेका थिएः

"हामीले भनेका भन्दा बेग्लै कुरा प्रचण्डले चिनियाँ राजदूतबाट सुन्नुपरेको होला भन्ने मलाई लाग्दैन। मलाई लाग्छ चिनियाँ राजदूतले होसियार हुने र यस्तो कदम चाल्नुअघि सहमति खोज्ने सल्लाह नै प्रधानमन्त्रीलाई दिएको हुनुपर्छ।"[१०४]

"माओवादीहरूको नियत पहिलो दिनमै प्रकट भयो जब प्रचण्डले आफ्नो पहिलो विदेश भ्रमणमा भारतको साटो चीन जाने निर्णय गरे। यस्तोमा कडा कूटनीतिक सन्देश दिनुपर्नेमा त्यसको तत्कालैपछि प्रचण्डले भारतको भ्रमण गर्नुपर्ने ठेगान गर्नेतिर पो भारत लाग्यो" यसो भनेर एक जना टिप्पणीकारले गुनासो गरेका थिए। तिनको दृष्टिमा प्रस्तावित दुईपक्षीय सहयोग सन्धि "सबै कुरा बदल्ने शान्ति र मैत्रीको सम्झौता"[१०५] थियो। यस विचार मुताबिक सन्धिमा हस्ताक्षर गर्न मे महिनामा हुने भनिएको प्रचण्डको प्रस्तावित बेइजिङ भ्रमण नेपालले सहयोग पुऱ्याएबापत खासगरी तिब्बती शरणार्थी र प्रदर्शनकारीहरूलाई दबाएबापतको पुरस्कार थियो। त्यसैले त्यो भ्रमण रद्द हुनु भारतको जित थियोः "प्रचण्ड सेनाप्रमुखलाई बर्खास्त गरेर सम्झौतामा सही गर्न बेइजिङ जान चाहन्थे, तर उनको हिसाबकिताब मिल्न सकेन।"[१०६]

चिनियाँ प्रभावप्रतिको चिन्ता नौलो होइन। क्षेत्रीय विषयमा बरोबर विश्लेषण गरिरहने पहिले भारतीय गुप्तचर अधिकारी रहिसकेका एक जना विश्लेषक भन्छन्ः

> माओवादीहरू सत्तामा बसिरहुन् भनेर चीनले भरमग्दुर गर्नेछ। यो कुरा तिब्बतमा स्थायित्वका लागि महत्त्वपूर्ण छ। हामीले यसभन्दा अघि माओवादीहरूलाई प्रचण्डले भारत र चीनबीच तटस्थ लाइन लिन्छन् भन्ने सोचेर समर्थन गरेका थियौँ। त्यो आशा व्यर्थ भयो। हामीले माओवादीहरूलाई सत्तामा टिकाउन मद्दत गर्ने खालको राजनीतिक समझदारी गरेर नेपालमा चीनको योजना पूरा गर्न सघाउने? कि गैरमाओवादी विकल्प खोज्ने? यसबारे हाम्रा नीतिनिर्माताहरूले गम्भीरतापूर्वक सोच्नुपरेको छ।[१०७]

---

[१०१] "India blundered, lost the respect it once had", interview, *Outlook*, १८ मे २००९।

[१०२] एक जना अवकाशप्राप्त भारतीय अधिकारीले सहानुभूति दर्शाउँदै भनेअनुसार, "माओवादी चीनतर्फ जसरी लहसियो त्यसबाट दिल्लीमा उनीहरूको पक्षमा बोल्न असम्भव तुल्याएको छ। दिल्लीले उनीहरूप्रति नराम्रो व्यवहार गरेको भए पनि उनीहरूले हदै गरे"। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली, जून २००९।

[१०३] "China pushed Prachanda into sacking army chief: Sources", *The Times of India*, ९ मे २००९।

[१०४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, मे २००९।

[१०५] Pranab Dhal Samanta, "Process in pieces", *Indian Express*, ५ मे २००९।

[१०६] ऐ.ऐ.। यस्तो व्याख्या व्यापक छ। "चीनको प्रभावसँग भारतको प्रभावलाई सन्तुलित राख्न नेपालले जानेरै निर्णय लिएको थियो", नयाँ दिल्लीका एक पत्रकारले टिप्पणी गरे। गएको एक वर्षभित्रमा अभूतपूर्व रूपमा ३८ ओटा चिनियाँ प्रतिनिधिमण्डलहरूले नेपालको भ्रमण गरेका छन्। प्रचण्डले गएको हप्ता (त्यसभन्दा पहिले नै उनले पद छाडे) गर्ने भनिएको चीन भ्रमणबारे भारत त्यति खुसी नभएको कुरा भारतले लुकाएको छैन। उनी त्यस देशसित शान्ति र मैत्री सन्धि गर्न जान लागेका थिए जुन सन्धि सन् १९५० को नेपाल-भारत मैत्री सन्धि जस्तै छ जो दुई देशबीचको अद्वितीय सम्बन्धको दस्तावेज हो।

[१०७] बी. रमन, "China wants Prachanda to stay in Nepal", rediff.com, ४ मे २००९। त्यसभन्दा अघिल्लो लेखमा यिनै विश्लेषकले यस्तो परिस्थितिबारे सचेत गराउँदै लेखेका थिएः "हाम्रो 'पूर्वतिर हेर' नीतिको जवाफमा चीनको 'दक्षिणतिर हेर' भन्ने नीति छ। हामी दक्षिणपूर्वी एसियाका राष्ट्रहरूसँग सम्बन्ध बढाउन पूर्वतर्फ लाग्दा हामीलाई घेर्न चीन भने दक्षिणतिर बढ्ने

एक भूतपूर्व परराष्ट्रमन्त्रीको भनाइमा यस्तो डर अब यथार्थमा परिणत भइरहेछः "हामी नेपालमा एक हजार करोड (दस अरब) रुपियाँ खन्याइरहेछौं। तर नेपालमा हामीभन्दा चीन बढी सक्रिय छ। प्रचण्ड पनि ढुक्क छन्।"[१०८] चीनबारे भारतको सोचाइमा वास्तविकता मात्र होइन अनुभूतिले पनि उत्तिकै महत्त्व राख्दछ। नेपालमा चीनको प्रभाव बढ्दैछ भन्ने डर ठूलो तस्बिरको एउटा अंश मात्रै हो। एक जना कूटनीतिज्ञले होसियारी गराउँदै भने, "सवाल नेपालको मात्र होइन। चिन्ताजनक व्यवहारको बृहत्तर परिदृश्यमा (नेपालको सवाल) कहाँनेर मिल्न पुग्छ भन्ने हो।"[१०९] भारत र चीनको सम्बन्ध तनावपूर्ण भएको छ। उदाहरणका लागि सीमा-विवाद र भारतको पूर्वोत्तर क्षेत्रमा बढ्दो सैनिकीकरणले गर्दा बढेको तनावबारे लेखिएको एउटा लेखमा यस्तो उल्लेख छः

> चीनको हातबाट हार खानु परेबाट रन्थनिएको भारत दशकौंदेखि चीनको धाकधम्की अघिल्तिर लुत्रुक्क पर्दै आएको छ। अब त्यो बदलिदैछ। भारतले पनि अब रोब देखाउन थालेको छ र यसबाट चीन असजिलो महसुस गरिरहेछ। भारतीय विश्लेषकहरूको रायमा दुवै मुलुक युद्ध चाहँदैनन्। तर चीनले सीमित प्रकृतिको सैनिक कारबाही गर्न सक्ने सम्भावनालाई भने उनीहरू नकार्दैनन् ...। त्यसैको तयारीमा भारत अरुणाचलमा आफ्नो सैनिक ताकत बढाउँदैछ।[११०]

सम्भावित सैनिक भिडन्तको कारणमा विशेषज्ञहरू एकदमै बढेको आपसी अविश्वासलाई देखाउँछन्।[१११]

यस परिप्रेक्ष्यमा केही विश्लेषकहरू के बताउँछन् भने प्रस्तावित सन्धिमा सही गर्नलाई प्रचण्ड बेइजिङ जान नसकुन् भनेर नै भारतले माओवादीहरूलाई सेनाको झ्याउलो हालिदिएको हो।[११२] प्रचण्ड आफैले पनि यस अड्कलप्रति सङ्केत गर्दै भारतीय प्रेसलाई दिएको अन्तर्वार्तामा माओवादी सरकारप्रतिको समर्थन भारतले झिक्नुमा "सुनियोजित चाल या काकताली" हुन सक्छ भनी बताएका थिए। उनले भनेका थिए, "(बेइजिङको) भ्रमण नहोस् भनी चाहने शक्तिहरू छन्। त्यस भ्रमणका बारेमा धेरैले धेरै कुरा गरेका छन्।"[११३] मैत्री सन्धि गर्ने आफ्नो चाहना रहेको थियो भन्ने बताउँदै उनले त्यसबाट "भारतसितको मित्रतामा कुनै नराम्रो असर नपर्ने" र "भारतको राजनीतिक वृत्तमा नेपालले भारत विरुद्ध चिनियाँ कार्ड खेल्छ भन्ने काल्पनिक डर छ" भनेका थिए।[११४]

चीन सधैंझैं नेपालको आन्तरिक राजनीतिमा केही नबोली बस्यो। चीनले एकीकृत नेकपा (माओवादी) सित पहिल्यै परित्याग गरेको सम्बन्धमा केही न्यानोपन आएको छ, तर अरू पार्टीहरूसित पनि चीनको निकट सम्बन्ध रहेको छ। यस्तो सम्बन्ध कम्युनिस्ट पार्टीहरूसित मात्र सीमित छैन। माओवादी नेतृत्वको सरकार रहेका बेला नेपाली काङ्ग्रेस र एमालेका माथ्लो तहका प्रतिनिधि-मण्डलहरूलाई पनि बेइजिङ निम्त्याइएको थियो।[११५] चिनियाँ कूटनीतिज्ञहरूले शाही परिवारप्रति पनि स्नेह प्रदर्शित गर्ने गरेको थियो। नयाँ परराष्ट्रमन्त्री सुजाता कोइरालासित पनि उनीहरूको सौहार्द सम्बन्ध छ। चीनले थोरै गरेर धेरै फाइदा लिने गरेको देखिन्छ। चीनले माओवादी सरकार (वा पार्टी) माथि पैसा खर्च गरेन, जसरी दरबारप्रति सहानुभूति हुँदाहुँदै पनि शाही कू भएपश्चात् चीनले दिएको आर्थिक वा सैनिक सहयोग नगण्य थियो। लगानीको अनुपातमा उनीहरूलाई प्राप्त हुने गरेको प्रतिफल निकै ठूलो रहेको मान्नुपर्छ। उता खुला हातले खर्च गर्ने भारतचाहिँ उसले उदारतासाथ आर्थिक सहयोग दिने पार्टी, राजनीतिज्ञ र स्थानीय समुदायहरूको समर्थनसमेत अक्सर पाउन सक्दैन।

---

प्रयासमा छ। चीन दक्षिण एसियाली शक्ति होइन तर पहिलेदेखि नै उसको यहाँ रणनीतिक उपस्थिति रहेको छ — पाकिस्तान, श्रीलङ्का र बाङ्लादेशमा। चीन माओवादी नियन्त्रित सरकारको सहयोगबाट नेपालमा पनि यस्तै उपस्थिति जनाउन खोजिरहेको छ ... भारतले नेपालमा आफूलाई म्यानमारमा जस्तो सधैंभरि आर्थिक फाइदा र राजनीतिक प्रभावका लागि चीनसँग प्रतिस्पर्धा गरिरहनुपर्ने स्थितिभन्दा फरक स्थितिमा पाउने छैन। आजसम्म, नेपालको रणनीतिक खेल मैदानमा भारतको पूरै एकाधिकार कायम रहेको छ। अब भने चीन दोस्रो खेलाडी हुनेछ।" बी. रमन, "Rise of Maoists in Nepal: Implications for India", ९ अगस्ट २००८ मा एसिया सेन्टरले बैङलोरमा आयोजना गरेको गोष्ठीमा प्रस्तुत कार्यपत्र, www.southasiaanalysis.org/papers29/paper2802.html मा उपलब्ध।

[१०८] के. नटवर सिह, "Neighbourhood in turmoil", *Indian Express*, ५ मे २००९।

[१०९] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, भारतीय कूटनीतिज्ञ, जुलाई २००९।

[११०] सुधा रामचन्द्रन, "Indian might met with Chinese threats", *Asia Times*, १० जुलाई २००९।

[१११] "एक जना अगुवा सुरक्षाविज्ञको भविष्यवाणीअनुसार सन् २०१२ सम्ममा चीनले भारतमाथि आक्रमण गर्नेछ। 'अभूतपूर्व' आन्तरिक विरोध, बढ्दो बेरोजगारी र वित्तीय समस्याहरूका कारण त्यहाँ कम्युनिस्टहरूको पकडमाथि चुनौती बढिरहकाले जनताको ध्यान मोड्न चीनले यसो गर्नेछ। 'चीनले सन् २०१२ पहिले भारतमाथि धावा बोल्नेछ। भारतलाई अन्तिम पाठ पढाउन हतास बेइजिङसित धेरै कारणहरू छन्। त्यसपछि यसै शताब्दीमा एसियामा चिनियाँ सर्वोच्चता पनि कायम हुनेछ।' Indian Defence Review का सम्पादक भरत बर्माले भनेका छन्।" "Nervous China may attack India by 2012: Expert", Press Trust of India, १२ जुलाई २००९।

[११२] उदाहरणका लागि एउटा (प्रखर भारत विरोधी र माओवादी विरोधी) साप्ताहिक अखबारले भारतीय गुप्तचरहरूले भ्रमण रोक्न सो सङ्कट खडा गरेको हो भनी लेख्यो। "RAW mission successful?", *People's Review*, ७ मे २००९।

[११३] "We'll not bow to foreign pressure: Prachanda", *The Times of India*, ९ मे २००९।

[११४] ऐ.ऐ.।

[११५] चुनावपछि पार्टीले भारत भ्रमण गर्नुभन्दा पहिले नै उपसभापति प्रकाशमान सिंहले नेतृत्व गरेको नेपाली काङ्ग्रेसको एक प्रतिनिधिमण्डलले चीन भ्रमण गरेको थियो। ("After Prachanda, Koirala's party heads for China", thaindian.com, २९ अगस्ट २००८)। मधेसी जनअधिकार फोरमका नेता उपेन्द्र यादवले अप्रिल २००९ मा परराष्ट्रमन्त्रीका रूपमा बेइजिङको भ्रमण गरे ("China to increase aid: FM Yadav", *The Kathmandu Post*, १८ अप्रिल २००९)। त्यसै महिना चिनियाँ कम्युनिस्ट पार्टीको निम्तामा एमालेका नेता झलनाथ खनालले पार्टी प्रतिनिधि मण्डलको नेतृत्व गर्दै एक हप्ता चीनको भ्रमण गरे। ("Nepal UML on a trip to late Chairman Mao's land", *The Telegraph Weekly*, १९ अप्रिल, २००९), प्रधानसेनापतिको प्रकरणका कारण उनले आफ्नो भ्रमण छोट्याउनुपरेको थियो।

चीनको मुख्य प्राथमिकता भनेको नेपाली भूमिबाट कुनै प्रकारको "चीन विरोधी" गतिविधि हुन नदिनु र तिब्बतीहरूको विरोधलाई दबाउनु हो। यस सम्बन्धमा चाहिँ चिनियाँ कूटनीतिज्ञहरू खुलेर केही नलुकाई बोल्छन् र उनीहरूको व्यवहार एकनासे रहेको छ । नेपालमा जुनसुकै राजनीतिक रङको सरकार आए पनि शक्तिशाली छिमेकीको यस प्राथमिक सरोकारप्रति नतमस्तक हुनुबाहेक कुनै उपाय छैन। वामपन्थी पार्टीहरू र खासगरी एकीकृत नेकपा (माओवादी) त यस मामिलामा झनै सजग र उत्साही रहने गरेका छन्।

त्यसो हुँदाहुँदै पनि बेइजिङले भारतलाई शङ्का गर्ने ठाउँ दिएको छ। उच्चस्तरीय प्रतिनिधिमण्डलको ओहोरदोहोरले गर्दा प्रभाव विस्तार गर्ने गहिरो राजनीतिक चासो र प्रयास रहेको देखियो। अनौपचारिक राजदूत र नीतिनिर्माता मानिने बेइजिङस्थित एसिया-प्रशान्त अध्ययन केन्द्रका नेपालविद् प्राध्यापक वाङ होङवीलाई नेपाली जनमुक्ति सेनाका कमान्डरहरूमाझ लडाकूहरूले लगाउने ज्याकेट पहिरेर बसेको देख्दा ढुक्क लाग्दैन, शङ्का जाग्छ।[११६] माओवादीहरूलाई सैनिक मामिलामा सहयोग गर्न पाउँदा बेइजिङ खुसी थियो। रक्षामन्त्री थापा समायोजनमा चीनबाट समर्थन पाउने आशामा थिए।[११७] बेइजिङले सानोतिनो सैनिक सहयोग पनि दियो।[११८] चीनले जनमुक्ति सेनाका कमान्डरहरूलाई व्यावसायिक तालिम दिएको पनि बताइन्छ। समायोजनलाई सहयोग पुऱ्याउने दृष्टिले त्यो कदम तर्कसम्मत थियो तर भारत र नेपाली सेनाले अफिसर तहमा माओवादीको प्रवेशबारे सोच्न पनि इन्कार गरेको अवस्थामा त्यसो गर्न मिल्ने कुरा थिएन।[११९]

दुई ठूला शक्तिशाली मुलुकहरूद्वारा च्यापिएको नेपाल जस्तो राष्ट्रले छिमेकीहरूबाट मिल्ने अहस्तक्षेपको आश्वासनलाई असंदिग्ध भएर विश्वास गर्न मिल्दैन। तर चीनले हस्तक्षेप गरेको छ या आफ्ना भित्री एजेन्डाहरूलाई उसले अघि बढाउँदैछ भन्ने भनाइको महत्त्व त्यस कुराको साक्ष्यको अभावमा भेटिन्छ। चीनले निश्चय नै नेपाल-भारतसितको दोसाँधमा बडो महत्त्वको रणनीतिक अवस्थितिमा रहेको मान्दछ, तर व्यापारिक सम्बन्ध बढाउनु र तराईलगायत विभिन्न ठाउँमा चीन अध्ययन केन्द्रहरू खोल्नुबाहेक आफ्नो सिमानालाई हिमालयको दक्षिणतर्फ घचेट्नमा उसको कुनै रुचि देखिँदैन।

चीनको नेपालप्रतिको दीर्घकालीन उद्देश्य सधैं नै कुभलो नगर्ने खालको हुनेछ भन्न सकिन्न। त्यो चीनको स्वार्थ के कुरामा रहन्छ त्यसमा भर पर्ने कुरा हो, उसको व्यवहार मित्रवत् रहिनरहन पनि सक्छ। तर अहिलेलाई भने आन्तरिक मामिलामा उसको अहस्तक्षेपकारी मन्त्र सत्यको नजिक छ।[१२०] एक जना चिनियाँ कूटनीतिज्ञको भनाइमाः "नेपालमा चीनले जे गरिरहेछ त्यो यस देशको प्रगति र स्थायित्वका लागि हो। यो चीनको अन्तर्राष्ट्रिय भूमिका र अन्तर्राष्ट्रिय समुदायको चाहनाअनुरूप छ। नेपाललाई यस्तै गर्न चाहने अरू मुलुकहरूलाई हामी रोक्तैनौं।"[१२१]

## ख) शङ्का र निराशा

माओवादीलाई सत्तामा पूरै हालीमुहाली गर्न नदिने र आमूल परिवर्तन ल्याउन नदिने चाहनाले गर्दा नयाँ दिल्ली नेपाली सेनालाई अँगाल्न पुग्यो, नेपाली सेनाका भनाइलाई मान्न पुग्यो र सेनालाई छुन हुन्न भन्न थाल्यो। त्यसका साथै नयाँ दिल्ली के चाहन्छ भने माओवादीले आफ्नो बाटो सुधार्नुपर्छ र त्यसप्रति एकीकृत नेकपा (माओवादी) को पूर्ण प्रतिबद्धता हुनुपर्छ अनि जनमुक्ति सेना र नेपाली सेनाको समायोजनको कुरा पूरै छाड्नुपर्छ।[१२२] एक जना नीतिनिर्माताले नेपाली सेनाको स्वच्छताबारे रूपकको प्रयोग गर्दै यसो भने, "बोतलभित्रको पानी सफा छ भनेर हामी भन्दैनौं। तर बोतलमा झन् फोहर हालेर (माओवादी लडाकाहरू) पानी सफा हुँदैन। प्रचण्डले समायोजनको कुरा परित्याग गरेर आफ्नो इमानदारी प्रमाणित गर्नुपर्छ।"[१२३]

भारतीय अधिकारीहरू एक मुख भएर उनीहरूले माओवादीहरूलाई पूरा मौका दिएकोमा जोड दिन्छन्। एक जनाले भने, "हामीले उनीहरूलाई सरकार बनाउनबाट रोकेनौं र उनीहरूले लिने निर्णयहरूमा हामीले हस्तक्षेप पनि गरेनौं। त्यस अवसरको उपयोग गर्दै उनीहरूले केही गर्न सकेनन् भने त्यो हाम्रो गल्ती होइन।"[१२४] कूटनीतिक अधिकारीहरू प्रचण्डले सेप्टेम्बर २००८ मा गरेको दिल्ली भ्रमणको स्मरण गर्दै भन्छन्, "उनी यहाँ आउँदा हामीले रातो कार्पेट ओछ्यायौं। हामीले केही वचन दियौं र उनले पनि केही वचन दिए। हामीले हाम्रा सबै वचनहरूको पालना गऱ्यौं र उनले कुनै पनि वचन पूरा गरेनन्।"[१२५] यस सिकायतका पछाडि एउटा बलियो धारणा के छ भने हिंसा त्याग्ने र नियमअनुसार चल्ने माओवादीहरूको प्रतिज्ञालाई साह्रै कमजोर मान्नुपर्छ या होइन भने त्यो हदै दर्जाको बेइमानी हो।

---

[११६] हेर्नुहोस् भोजराज भाट "चियर्स, नयाँ नाता", *नेपाल,* १७ जून २००७। धेरै बिक्री हुने लोकप्रिय यस साप्ताहिक पत्रिकाको आवरणमा यो फोटो छापिएको थियो।

[११७] फणिन्द्र दाहाल, "Thapa seeks Chinese help on integration", ८ डिसेम्बर २००८।

[११८] "China agrees to provide non-lethal military support", *The Rising Nepal*, ९ डिसेम्बर २००८।

[११९] यसले विवाद सल्काउँछ भन्ने डरले जनमुक्ति सेनाका कमान्डरहरूलाई सहयोगको त्यो प्रस्ताव स्वीकार नगर्न माओवादी नेताहरूले मनाए।

[१२०] न्युयोर्कमा देखिने भारतसँगको यो भिन्नता साह्रै नै चकित पार्ने खालको छ, सुरक्षा परिषद्को सदस्य रहेको चीन नेपालको बारेमा केही बोल्दैन तर सुरक्षा परिषद्को सदस्य नरहेको भारत भने बोलीमा नेपालको स्वाधीनताप्रति प्रतिबद्ध रहेको देखाउँछ र नेपालको "सार्वभौम" दृष्टिकोणको समर्थनमा पैरवी गरिरहन्छ।

[१२१] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, चिनियाँ कूटनीतिज्ञ, बेइजिङ, जुलाई २००९।

[१२२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ सरकारी अधिकृत, नयाँ दिल्ली, जून २००९।

[१२३] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ सरकारी अधिकृत, नयाँ दिल्ली, जून २००९।

[१२४] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली, जून २००९।

[१२५] क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, वरिष्ठ सरकारी अधिकृत, नयाँ दिल्ली, जून २००९।

माओवादीले आफ्नो चरित्रमा सुधार ल्याउनुपर्छ भन्नेमा जोड दिनु बुझ्न सकिने कुरा हो, तर अर्को पक्षले हठधर्मिता देखाइरहँदा माओवादीहरूबाट चाहिँ समझदारीको अपेक्षा गर्नु बुझिनसक्नु छ। यस्तो योजना लागू हुनलाई त माओवादीहरू यसको प्रतिकार गर्न नसक्ने गरी अत्यन्त कमजोर र छिन्नभिन्न भएको हुनपर्छ। यस्तो खालको मूल्याङ्कन वास्तविक विश्लेषण नभई मनोगत चाहना ठहर्छ।[१२६] यदि शान्तिपूर्ण प्रजातान्त्रिक मूल्यहरूतर्फको माओवादी सङ्क्रमण उनीहरू सत्तामा छँदा रोकिएको थियो भनी मान्ने हो भने उनीहरू प्रतिपक्षमा आउँदा त त्यसले झनै गति पाउन सक्दैन।

## ग) दलदलमा दिल्ली

भारतीय नीतिनिर्माताहरू उनीहरू आफै लमी भएर थालिएको शान्ति प्रक्रियाको गाँठी कुराप्रति आफै विश्वस्त नभएको कुरा लुकाउने प्रयास गर्दैनन्। त्यो गाँठी कुरा हो माओवादीहरूले हिंसा त्यागेर बहुलवाद अपनाउने कुरा। माओवादीहरूले त्यस्तो काम कदापि गर्ने छैनन् भन्ने धारणा राख्नेहरूकै अहिले जोड चलिरहेको छ।

भारतले सार्वजनिक रूपमा व्यक्त गर्ने विचार र कूटनीतिक क्रियाकलाप अन्योल उत्पन्न गराउने खालका छन्। सरकारी अधिकारीहरू शान्ति सम्झौताको पुनर्व्याख्या गर्दै त्यसका मूल सिद्धान्तहरू उपर नै प्रश्न उठाउँछन्, तर आफ्ना धारणामा त्यसप्रकार परिवर्तन आएको कुरालाई भने सार्वजनिक र निजी तवरमा समेत स्वीकार्दैनन्।[१२७] उनीहरूको यस परिवर्तित धारणाबाट पर्न सक्ने प्रभावहरूलाई पनि उनीहरू गम्भीरतासाथ विश्लेषण गर्दैनन्। माओवादीहरूले आफ्नो "बाटो सच्याउनुपर्छ" भनी उनीहरू बारम्बार भन्ने गर्छन्, तर भारतीय नीतिनिर्माताहरू आफ्नै बाटो बदलिएको चाहिँ देख्दैनन् र त्यसले पैदा गर्ने खतरालाई पनि देख्दैनन्।

यसको एउटा कारणचाहिँ के हो भने नेपालका पार्टीहरूले जस्तै भारतले पनि शान्ति प्रक्रियाबारे आफ्ना सम्बन्धित पक्षहरूलाई नै राम्ररी बुझाउन सकेन। मुख्य प्रतिपक्ष भारतीय जनता पार्टी (भाजपा) र हिन्दूवादी समूहहरू हिन्दू राजतन्त्रलाई मिल्काउने उद्देश्यले थालिएको आन्दोलनलाई भारत सरकारले देखादेखी सघाएको थाहा पाएर बेखुसी भएका थिए र उनीहरूले आफ्नो अप्रसन्नता सार्वजनिक रूपमै पोखेका थिए। उनीहरूले काङ्ग्रेस नेतृत्वको सरकारले भारतको नेपाल नीतिको पूरै ठेक्का भाकपा (मार्क्सवादी) लाई दिएको भन्ने सिकायत गरेका थिए।[१२८] कर्मचारीतन्त्र र राज्यका अन्य अङ्गका शक्तिशाली हस्तीहरू पनि यसबाट तर्सिएका थिए। शाही कूपछि नेपाललाई सैनिक सहायता दिन बन्द गरिएको निर्णयप्रति नै भारतीय सेना बेखुसी थियो, माओवादीहरूलाई खुला राजनीतिमा डोऱ्याएर ल्याउने नीतिप्रति पनि उसलाई चित्त बुझेको थिएन र अहिले पनि माओवादी लडाकाहरूलाई नेपाली सेनामा समायोजन गर्ने कुराको विरोधी रहँदै आएको छ। परराष्ट्र र सुरक्षा संस्थापनामा संलग्न व्यक्तिहरू पनि सेनाको यस धारणाप्रति सहानुभूति राख्दछन्।

बाह्र बुँदे सम्झौताबारे हदै दर्जाको गोप्यता राख्ने काम भएबाट पनि राम्रो भएन।[१२९] त्यसबारे यावत् काम खुफिया एजेन्टका भरमा छाडियो र माओवादी तथा राजतन्त्रप्रति आएको नीतिगत परिवर्तनलाई सकार्ने र त्यसबारे बुझाउने काम पटक्कै भएन। "नेपाली जनताको चाहनालाई समर्थन गर्ने" भनाइ एकातिर थियो भने अर्कोतिर नेपालको प्रत्येक राजनीतिक गतिविधिमा भारतको गहिरो संलग्नता रहेको थियो। तर निजामती कर्मचारीहरूद्वारा तयार पारिएको नीतिहरूबारे राजनीतिक छलफल गर्ने काम नयाँ दिल्लीले गर्दै गरेन भन्दा हुन्छ। मुख्य-मुख्य विषयमा मन्त्रिस्तरीय निर्णय गरिएका थिए भने पारित नीतिको कार्यान्वयन र अल्पकालीन लक्ष्यहरूको संशोधन कर्मचारीहरूद्वारा अपारदर्शी ढङ्गबाट भएका थिए जसप्रति सार्वजनिक रूपमा प्रश्न उठाउने र राजनीतिक रूपमा रेखदेख गर्ने काम पनि भएन।

कुनै कुरा भन्नुअघि भारतीय नीतिनिर्माताहरूको यसो भन्नु थेगो नै भएको छ, "हामी नेपालको स्वाधीनता र सार्वभौमिकताको सम्मान गर्छौं ...।" यथार्थमा नयाँ दिल्ली नेपाललाई पूर्ण स्वाधीन र पूर्ण विदेशी राष्ट्रका रूपमा हेर्दैन। तर भारतले आफ्ना राज्यहरूबारे जसरी प्रत्यक्ष जानकारी र उनीहरूलाई कज्याउने क्षमता राख्दछ त्यो नेपालको हकमा भारतसित छैन। भारतको दूतावासमा मनग्गे कर्मचारी छैनन् र उनीहरूको दृष्टिक्षितिज साँघुरो छ। खुफिया काम गर्ने मानिसहरूको कमी छैन, तर तिनीहरू खर्चिला र बेकम्मा छन्।[१३०] नेपालबारे ज्ञान राख्ने प्राज्ञिक वा अन्य क्षेत्रका स्वतन्त्र

[१२६] नेपालका घटनाक्रमलाई विभिन्न राजनीतिक एंव संस्थागत कोणबाट नियालिरहने सरकारबाहिरका धेरैजसो पर्यवेक्षकहरू भर्खरैका घटनाक्रमले भारतको प्रतिष्ठा र स्वार्थलाई हानि पुऱ्याएको कुरामा सहमत छन्। तर गोष्ठीहरूको ओइरो लागे पनि सरकारले परामर्श लिएको जस्तो देखाए पनि त्यसबाट नीतिनिर्माणमा कुनै प्रभाव नपरेको गुनासो सबैको रहेको छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, नयाँ दिल्ली, जून २००९।

[१२७] भारतीय राजदूत राकेश सुद जनमुक्ति सेनाका लडाकूहरुलाई नेपाली सेनामा समायोजन गर्ने सम्बन्धमा कुनै मोडेल बृहत् शान्ति सम्झौतामा सिफारिस गरिएको छ भनी प्रश्न गर्छन्: "समायोजन नेपाली सेनामा हो र पुनःस्थापना समाजमा हो भन्ने कुरा तपाईका शब्द हुन्, शान्ति सम्झौतामा यी कुराहरू छैनन्।" "Consensus is the need of the hour", अन्तर्वार्ता, *The Kathmandu Post*, १५ जून २००९। समायोजन र पुनःस्थापना जस्ता शब्दको परिभाषा बृहत् शान्ति सम्झौतामा नपरे पनि पछिको हतियार र सेना व्यवस्थापन अनुगमनको सम्झौताले स्पष्टै तोकेको छ, दर्ता गरिएको जनमुक्ति सेनाका लडाकूहरूले "तोकिएका मापदण्ड पूरा गरेपछि सुरक्षा निकायहरूमा गरिने सम्भावित समायोजन", (AMMAA, अनुच्छेद ४.१.३) अन्तरिम संविधानको अनुसूचीमा हतियार तथा सेना व्यवस्थापन अनुगमन सम्झौता समावेश गरिएको छ।

[१२८] मे २००९ को आमनिर्वाचनमा भाजपाको तर्फबाट प्रधानमन्त्रीको उम्मेदवार एवं प्रतिपक्षी नेता एल.के. आडवाणीले प्रधानसेनापतिको विवादलाई काङ्ग्रेसले वामपन्थी पार्टीहरूसँग गरेको अवसरवादी गठबन्धनको "स्वाभाविक" परिणाम भनी व्याख्या गरे। "काङ्ग्रेस नेतृत्वको सरकारले नेपाल हेर्ने जिम्मा वामपन्थी पार्टीहरूलाई सुम्पियो र त्यसको व्यवस्थापन गलत ढङ्गबाट हुनाले माओवादीहरूले शक्ति हत्याउन पुगे" सि. जयशंकर, "Advani sees mishandling of foreign policy", *The Hindu*, ८ मे २००९।

[१२९] स्वतन्त्र विश्लेषकहरू र अवकाशप्राप्त अधिकारीहरू सन् २००५ को भारत सरकारको रणनीतिक परिवर्तनलाई सार्वजनिक रूपमा राम्ररी प्रस्ट नपारिएको र नियमित कूटनीतिक माध्यमहरूद्वारा राम्ररी लागू नगरिएको गुनासो गर्छन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, नयाँ दिल्ली, जून २००९।

[१३०] पूर्व विदेशमन्त्री नटवर सिंहले ढिलै भए पनि यो महसुस गरेः "हाम्रा सम्बन्धित निकायहरू ... माओवादीको उदयबारे असाध्यै गलत थिए। चुनाव

विशेषज्ञहरू भारतमा ज्यादै थोरै छन् । सीमा वारिपारिका अनेकन् प्रकारका सम्बन्ध र सांस्कृतिक निकटता भइकन पनि दिल्लीले आफूसित भएका जानकारीहरूबाट लाभ लिन सकेको छैन।

यसबारेको छलफल अब परराष्ट्र, रक्षा र प्रधानमन्त्रीको समेत कार्यालय रहेको साउथ ब्लकका दादाहरूमा मात्र सीमित छैन। केही विश्लेषकहरूले सरकारको पक्षमा लागेर माओवादीहरूको असली नियत र त्यसबाट भारतलाई पर्न सक्ने असरमाथि जोड दिँदै नयाँ दिल्लीले हालै चालेको कदमको समर्थन गरेका छन्। एउटा सम्पादकीयमा भनिएको छ, "(नेपालको) शान्तिमा भारतले धेरै गुमाउन सक्छ, त्यसैले यसलाई जोगाउन कुशल कूटनीतिक कार्यको खाँचो छ। संस्थापना भत्काउने माओवादीहरूको कार्यकालमा चीनसित शान्ति र मैत्री सन्धिमा हस्ताक्षर भयो र भारत छेउ लागेर बस्यो। तर अब भारतले सबै पात्रहरूसित कुरा गर्नुपर्छ र सोझै कुरा गर्नुपर्छ।"[१३१] तर अन्य स्वतन्त्र विश्लेषकहरूको रायमा समस्या कुराकानी र काम नभएको भन्ने होइन अपितु साध्य र साधनमा विचार नपुर्‍याउनु हो।[१३२] *द हिन्दू* र *द हिन्दुस्थान टाइम्स* जस्ता ठूला दैनिक समाचारपत्रहरूले माओवादीहरूलाई उनीहरूको गलत व्यवहारको सजाय दिने नाममा सेना उपर नागरिक नियन्त्रण कमजोर तुल्याउने अदूरदर्शिताको खोइरो खनेका छन्। नेपालबारे ज्ञान राख्ने धेरै जना विश्लेषकहरूले भारतले आफ्नै घुँडामा बन्चरो हानेको तर्क दिएका छन्। एक जनाको भनाइमाः

> काठमान्डूका ककटेल वृत्त र शक्तिका हतास भोकाहरूले सैनिक हस्तक्षेप र प्रतिहस्तक्षेप तथा गृहयुद्धको कुरा उरालेर भारतको नेपाल नीतिलाई अपहरण गर्न सकेको कुराचाहिँ स्तब्ध तुल्याउने खालको छ। यसको परिणाम के हुन्छ? पहिलो, भारत फेरि एक पटक नेपालमा बदनाम हुन्छ। मानिसहरू सोझै सडकमा नउत्रेलान् तर उनीहरूको सहानुभूति राजसी ठाँटले व्यवहार गर्ने भारतीय राजदूतको खटनपटन स्वीकार्नु भन्दा आफ्नो पद त्याग गर्ने प्रधानमन्त्रीप्रति जानेछ। यो त भर्भराउँदो राष्ट्रवादको वस्तु हो।[१३३]

## घ) फेरि दिशा फेला पार्नु

भारत र नेपालका स्वार्थहरू असमाञ्जस्यपूर्ण छैनन्। वास्तवमा कूटनीतिकहरूले भन्ने गरेजस्तै ती मिल्दाजुल्दा छन्। तर ती स्वार्थहरू पूरा गर्ने एउटै उपाय भनेको बाह्र बुँदे सम्झौताको तार्किक बाटोमा फर्कनु नै हो। योजनाअनुरूप त्यस सम्झौताले काम गरेको छैन, तर त्यसमा अन्तरनिहित हिसाब-किताब भने मजबुत थियो। शान्ति, स्थायित्व र नेपालका जनताको चाहनालाई प्रतिबिम्बित गर्ने र भारतको स्वार्थ पनि पूर्ति हुनेगरी माओवादीहरूलाई खुला तथा प्रतिस्पर्धात्मक राजनीतिमा ल्याउने त्यो हिसाबकिताब थियो। यस योजनाप्रति भारतको विश्वास हराउने कारण अनावश्यक नकारात्मक सोचमा आधारित छ।

नयाँ दिल्लीले यसको राजनीतिक स्वामित्व लिनु तथा संसदीय बुझबुझार्थ गर्नु बेस हुनेछ। यस क्षेत्रकै सबभन्दा गर्विलो प्रजातन्त्रका लागि नेपाल उपर गम्भीर संसदीय छलफल नगर्नु लज्जास्पद कुरा हो। अनौपचारिक तवरमा गरिने सेमिनारहरू र दिग्गजहरूको भेटघाटहरूले मन्त्रिस्तरीय जिम्मेवारीको ठाउँ लिन सक्तैनन्। भारतका लागि नेपालले अत्यन्त ठूलो महत्त्व राख्दछ र यस कुरामाथि जोड दिन दिल्लीका कुनै कूटनीतिज्ञ चुक्दैनन्। त्यसका बाबजुद नेपालप्रतिका भारतीय नीतिहरू आफ्ना उद्देश्यअनुरूप छन् छैनन् भन्नेबारे संसदमा हुने छलफल नगण्य छन्।[१३४] राष्ट्रिय तवरमा सकारिएको प्रक्रियालाई बोलीले मात्र होइन व्यवहारमा उतार्नु राम्रो हुनेछ। हो, यो सत्य हो नेपाली राजनीतिज्ञहरू आफै सदैव नयाँ दिल्लीमा घस्रेर गई भारतको हस्तक्षेपकारी क्षुधालाई बढाउने गर्छन्। तर केही वर्षयता नेपालका गतिविधिहरूमा भारतले प्रतिक्रिया देखाउनुका साथसाथै तिनलाई आकार दिने काम पनि गर्दै आएको छ। नेपालको सार्वभौमिकतालाई स्वीकार गर्नाले त्यसबाट नेपालको घटनाक्रमले अनपेक्षित मोड लिँदाखेरि पनि भारतलाई शान्तभावले रचनात्मक प्रतिक्रिया देखाउने ठाउँ मिल्छ। त्यस्ता अनपेक्षित घटनाक्रम पहिले पनि भएका थिए र पछि पनि हुन सक्छन्।

भारत र एकीकृत नेकपा (माओवादी) बीच बढेको आपसी अविश्वास र वैमनस्यता दुवैका लागि लाभकारी छैन। जसरी नयाँ दिल्ली माओवादी नियतप्रति सशङ्कित छ त्यसैगरी एनेकपा (माओवादी) नेताहरू भारतको दृष्टिकोणप्रति शङ्कालु छन्। दुवै दृष्टिकोण अपाच्य यथार्थमा आधारित छन्। नेपालका माओवादीहरूले आफूहरू फेरि सत्तामा फर्कने हो भने भारतको सरोकारलाई ध्यान दिनैपर्छ र आफूहरूमा वास्तवमै परिवर्तन ल्याउनुपर्छ भन्ने बुझेका छन्, तर त्यसलाई व्यवहारमा देखाउन उनीहरूले ढिलो गरिरहेछन्। धेरैजसो भारतीय नीतिनिर्माताहरूले एनेकपा (माओवादी) यहाँ रहिरहने छन् भन्ने बुझेका छन् तर ती यहाँ नभइदिए हुन्थ्यो भन्ने चाहना राख्छन्। यसका साथै भारतको नेपाल नीति उसको आफ्नै झाँगिँदै गएको माओवादी आन्दोलनले गर्दा ओझेलमा पर्न सक्ने खतरा छ। नेपालमा प्राप्त गरेको सफलताले आन्तरिक तवरमा उपयोगी नजीर

---

परिणामबारे त उनीहरू अझ कोसौं टाढा थिए, जुन चुनावले माओवादीलाई सानदार विजय प्रदान गर्‍यो।" के. नटवर सिंह, "Neighbourhood in turmoil", *Indian Express*, ५ मे २००९।

[१३१] "Post Prachanda", editorial, *Indian Express*, ५ मे २००९।

[१३२] गलत कूटनीतिक अभ्यासको दिक्दारी प्रतिपक्षी राजनीतिज्ञहरू र नेताहरूदेखि नेपाल नीतिबारे काङ्ग्रेस नेतृत्वको सरकारलाई लामो समयदेखि सुझाउ दिइरहने सबैमा पाइन्थ्यो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, नयाँ दिल्ली, जुन २००९।

[१३३] भारत भूषण, "India blunders in Nepal again", *Mail Today*, ६ मे २००९।

[१३४] सन् २००५ मा बाह्रबुँदे सम्झौता हुनुअघिदेखि नै भारतको दुवै सदन (लोकसभा र राज्यसभा) मा नेपाल नीतिबारे कुनै अर्थपूर्ण छलफल भएको छैन। संसदमा हुने छलफल र मन्त्रीहरूलाई गरिने औपचारिक प्रश्नहरू पनि धेरैजसो जलस्रोत, बाढी, व्यापार र खुला सिमानाबाट पाकिस्तानी गुप्तचर एजेन्टहरूको घुसपैठ जस्ता विषयमा केन्द्रित रहने गर्छन्। छलफल र संसदीय प्रश्नहरूको अभिलेख http://parliamentofindia.nic.in मा उपलब्ध छन्।

स्थापना गर्ला भन्ने सुरुको सोचाइ गलत साबित भइसकेको छैन, यद्यपि परिस्थिति ठ्याक्कै मिल्दाजुल्दा भने छैनन्।

अन्ततः भारतका सामु रहेको विकल्प सरल छ। कि त उसले छिमेकको प्रजातन्त्रलाई बल पुऱ्याउनु पर्नेछ जुन प्रजातन्त्रमा माओवादीहरू नेतृत्वकारी राजनीतिक भूमिकामा हुन सक्नेछन्। कि होइन भने उसले सैनिकीकरण भएको नेपाललाई बेहोर्नु पर्नेछ जुन अवस्थामा शक्ति बढेको नेपाली सेनाले अतिवादी माओवादीहरूलाई फेरि हिंसातिर फर्कनलाई उक्साउनेछ। अहिलेको अवस्थामा भारतका नीतिहरू पछिल्लो परिदृश्यलाई निम्त्याउने खालका छन्। तर पहिलो विकल्पतिर फर्कनलाई ढिलो भइसकेको छैन। भारतले अहस्तक्षेपकारी नीतिबारे अरूलाई जे सिकाउँछ त्यो व्यवहारमा गरेर देखाउने अभ्यास पनि गर्न सक्छ। अनि निरन्तरको हस्तक्षेपबाट मुक्त हुन सकेमा नेपाली राजनीतिज्ञहरू आफै समाधान खोज्न सक्षम छन् भन्ने भारतले पत्तो पाउन सक्नेछ।

## ६. शान्ति प्रक्रियाका तगाराहरू

### क) नयाँ सत्ता, पुराना समस्या

माओवादी नेतृत्वको सरकार गिरेकोमा चारैतिरबाट स्वागत नै भयो। तर त्यसको ठाउँमा २२ ओटा अमिल्दा दलहरूको गठबन्धन सरकार आएपछि उत्साहको त्यो लहर सेलाउँदै गयो। मुख्य साझेदारहरूलाई मन्त्रिमण्डलमा ल्याउनसमेत प्रधानमन्त्री माधवकुमार नेपाललाई हम्मे लाग्यो। ससाना दलहरू अझै सरकारमा सामेल भइसकेका छैनन् र उनीहरूमा तुलबुलका सङ्केतहरू देखिन थालेका छन्। जुलाई ९ तारेखका दिन सरकारले प्रस्तुत गरेको नीति र कार्यक्रमहरूबाट एमाले र नेका भित्रैबाट असन्तोष उत्पन्न भएको छ।[१३५] गठबन्धनभित्र नाममा मात्र रहेका आठओटा दलहरूले संशोधन प्रस्ताव ल्याएका थिए।[१३६] नयाँ सरकारसित केही गर्न सक्ने इच्छाशक्ति र क्षमता दुवैको अभाव छ, खासगरी शान्ति प्रक्रिया सम्बन्धमा। यसका घटकहरू यस तथ्यसित राम्ररी परिचित छन् र सुरुमा यस सरकारलाई शान्ति प्रक्रियाको खेवनहार भनी समर्थन गर्नेहरूले पनि यो कुरा बुझेका छन्।[१३७]

के कुरालाई आश्चर्यजनक नभए पनि विडम्बनापूर्ण मान्नुपर्छ भने नयाँ सरकार सहमतिको संवैधानिक प्रावधानलाई लत्याएर खडा भएको थियो जुन कुराको आरोप माओवादीहरूलाई लगाउने गरिन्थ्यो। मुख्य-मुख्य नीतिहरूबारे यस सरकारले एनेकपा (माओवादी) सित कुनै परामर्श नगरेको मात्र होइन मन्त्रिमण्डल बन्नु अगावै यसले केही नौला खाले निर्णयहरू पनि लियो।[१३८] गठबन्धनका साना साझेदारहरू खासगरी साना पार्टीहरू आफूलाई पन्छाइएको गुनासो गर्छन्। २२ ओटा पार्टीको गठबन्धन सुन्नमा निकै गहकिलो लाग्दछ तर संविधानसभामा यस सरकारको बहुमत न फराकिलो छ न त सुरक्षित नै। यसले प्रस्तुत गरेको नीति र कार्यक्रमलाई ३०५

[१३५] नीति र कार्यक्रमहरूको पूर्ण पाठ सरकारी र अन्य सञ्चारमाध्यमहरूमा प्रकाशित गरिएको थियो। हेर्नुहोस् "नेपाल सरकारको आर्थिक वर्ष २०६६/६७ को नीति तथा कार्यक्रम", *गोरखापत्र*, १० जुलाई २००९।

[१३६] संशोधन दर्ता गराउनेमाः तिलकबहादुर थापा मगर, नेकपा (माले); चन्द्रबहादुर गुरुङ, राष्ट्रिय प्रजातन्त्र पार्टी (नेपाल); जयप्रकाश गुप्ता, मधेसी जनअधिकार फोरम (उपेन्द्र यादव); सरिता गिरी, नेपाल सद्भावना पार्टी (आनन्दीदेवी); विश्वेन्द्र पासवान, दलित जनजाति पार्टी; रुकमिनी चौधरी, संयुक्त लोकतान्त्रिक राष्ट्रिय मञ्च; लीला न्याइँचाई, नेपाल मजदुर किसान पार्टी; शान्तबहादुर नेपाली, राष्ट्रिय जनमोर्चा। "Parties against govt's policy", *The Himalayan Times*, online edition, १० जुलाई २००९।

[१३७] उदाहरणका लागि, हेर्नुहोस् कमलदेव भट्टराई, "Month-old UML-led government fails to inspire confidence", *The Himalayan Times*, २२ जून २००९। पूर्वमाओवादी समर्थक भएकोमा पश्चात्ताप गर्ने अहिलेका एक प्रखर माओवादी विरोधीले माधव नेपालको राजीनामा माग गर्दै गरेको टिप्पणी निकै गहकिलो थियोः अनुज चौधरी, "उपाय प्रधानमन्त्रीको राजीनामा", *नेपाल*, ५ जुलाई २००९।

[१३८] नयाँ सरकारका ध्यानयोग्य प्रारिम्भक निर्णयहरूमा पूर्वराजदरबारमा स्थापना गर्ने भनी बनाइएको गणतान्त्रिक स्मारकको पहिलेको योजनाको ठाउँमा नयाँ गणतान्त्रिक स्मारकको शिलान्यास गर्ने लगायतका कुराहरू पर्दछन्। यद्यपि त्यस सम्बन्धमा कुनै बजेट तयार भइनसकेको अधिकारीहरू बताउँछन्। यी निर्णयहरू गठबन्धन सरकारको मन्त्रिमण्डल पूरा हुनै नपाई शपथ खाएका तीन जना मन्त्रीहरू रहँदा लिइएका हुन्।

जना सदस्यहरूको समर्थन प्राप्त थियो, जो साधारण बहुमतका लागि आवश्यक ३०१ को सङ्ख्याभन्दा चार मात्र बढी हो। अहिलेसम्ममा यसले सामना गरेको परीक्षा त्यही हो।

संविधानसभाको निर्वाचनमा हारेका धेरै जना मन्त्री बनेकाले पनि यस सरकारको प्रजातान्त्रिक छवि धमिलिएको छ। माधव नेपाल विभिन्न घटकहरूबीच सन्तुलन कायम गराउन सक्ने सन्तुलनकर्ता र सेतु निर्माता हुन्। तर उनी आफै अप्रिल २००८ को चुनावमा दुई-दुई निर्वाचन क्षेत्रबाट हारेका थिए र प्रधानमन्त्रीको पद पाउनलाई उनले अतीतमा देखाएको व्यग्रताको छायाबाट बाहिर निस्कन सकेका छैनन्। ३२ जना मन्त्रीहरूमध्ये केवल १२ जना प्रत्यक्ष निर्वाचनबाट चुनिएका हुन्। आठ जना चुनाव हारेका थिए, अर्को आठ जना समानुपातिक प्रतिनिधित्वबाट छानिएका हुन् र तीन जनाले चुनाव नै लडेका थिएनन्। अहिलेको मन्त्रिमण्डलमा प्रमुख पद सह्माल्नेहरूमा परराष्ट्रमन्त्री सुजाता कोइराला, रक्षामन्त्री विद्या भण्डारी, शान्ति र पुनर्निर्माणमन्त्री रकम चेम्जोङले चुनावमा हारेका हुन्। यसले गर्दा एमालेभित्र असन्तुष्टि पैदा भएको छ र एमाले नै हरुवाहरूलाई मन्त्री बनाउनमा बढी इच्छुक थियो।[१३९]

सरकारमा रहेका अन्य पार्टीहरूको प्रहार यथावत् छ। नेकाका धेरै नेताहरूले सरकारको नीति र कार्यक्रमको आलोचना गरे, यद्यपि रामशरण महत जस्ता पार्टीका प्रतिनिधि मस्यौदा समितिमा रहेका थिए।[१४०] असन्तुष्ट नेताहरूले आफ्ना पार्टीलाई औपचारिक तवरमा विरोध जनाउन आग्रह गरेका थिए भने महत आफैले एक समाचारपत्रले सङ्कलन गरेको प्रतिक्रियामा सरकारको कार्यक्रमलाई आधा नम्बर मात्र दिएका थिए।[१४१] यस्तै खालका सिकायतहरू एमालेका माथ्ला तहका नेताहरूबाट पनि आएका थिए।[१४२]

कागतमा यस वर्षको बजेट निकै संवेदनशील र राजनीतिक रूपमा चुस्त देखिन्छ। यसमा माओवादीले थालेका लोकप्रिय पहलहरूलाई कायम राखिएको छ, यद्यपि कृषकहरूलाई दिइने साना ऋणलाई "माओवादीहरूको पेवा कार्यक्रम" भनेर खारेज गरिएको छ।[१४३] सन् १९९४-९५ मा एमाले सरकारमा हुँदा थालिएका र राम्रा मानिएका कार्यक्रमहरूलाई पनि यसमा ठाउँ दिइएको छ। त्यसबाहेक सडक तथा पूर्वाधारहरूको निर्माणमा भारी लगानी गर्ने कुराका साथै काठमाडौंका बासिन्दालाई खुसी तुल्याउने आयोजनाहरू पनि त्यसमा परेका छन्। तर "के यी सबै कुराको कार्यान्वयन हुन सक्छ त?" यस प्रश्नको उत्तरमा धेरै टिप्पणीकारहरू शङ्का व्यक्त गर्दछन्।[१४४]

केही समयको अवरोधपछि माओवादीहरूले कार्यक्रम प्रस्तुत गर्न र पछिबाट बजेट पारित गर्न दिए। यस्ता कुराहरूमा अन्य पार्टीहरूले बडो नराम्रो परम्परा कायम गरेर गएका छन्। संविधानसभाको चुनावपछि सरकार खडा गर्न र बजेट ल्याउन नेकाले रोकेकोलाई राम्रो काम भन्न मिल्दैन। तर संविधानसभाको बैठक बस्न नदिनु प्रतिपक्षमा बस्नेहरूको मुख्य हतियार बन्न पुगेको छ। विधायिकाका रूपमा संविधानसभाको कारबाही बिथोलिएको छ र यसको कार्य खासै अघि बढ्न सकेको छैन। माओवादीहरूले शान्ति प्रक्रियासम्बन्धी विषयमा सघाउने छाँट देखाए पनि अरू विषयमा नयाँ सरकारलाई सञ्चले बस्ने दिने देखिँदैन। प्रस्तावित उच्चस्तरीय समन्वय समितिले कम्तीमा यस दिशामा केही प्रयास गर्न सक्नेछ। यसबारे लामो समयदेखि कुरा चलेको हो र अहिले आएर गिरिजाप्रसाद कोइरालाले यसलाई अगाडि बढाइरहेछन् जो यस्तो समन्वय समितिको प्रमुख बन्न सक्छन् वा केही नभए पनि प्रक्रियाको "संरक्षक" भनिन चाहन्छन्। सरकारको दैनन्दिन कार्यमा हात नहाल्ने हो र तोकिएको परिधिभित्र रहेर कार्य गर्ने हो भने यस्तो संयन्त्र उपयोगीसिद्ध हुन सक्छ।

संविधान लेखनको हकमा भने उतिसारो प्रगति हुन सकेको छैन।[१४५] लामो र जटिल प्रश्नावलीको माध्यमबाट संविधानसभाका सदस्यहरूले जनमत लिने कोसिस गरे, तर त्यसबाट राम्रोसित जनमत सङ्कलन हुन सकेन। संविधान लेखनको समयतालिका खुस्किएको छ र अन्तरिम तवरमा निर्धारण गरिएको समयसीमालाई फेरि संशोधन गर्नुपर्ने भएको छ।[१४६] विषयगत समितिहरूमध्ये केहीले मात्र मस्यौदा प्रस्ताव पेस

---

[१३९] "आखिरमा हामीले गर्न चाहेको यही थियो भने चुनावको नाटक किन गर्नुपऱ्यो?" भनी एक जना एमालेका विधायकले चुनाव हारेकाहरूलाई मन्त्री नियुक्त गरेपछि माधव नेपाललाई सोधेको बताइन्छ। एमालेबाट मन्त्रीमा नियुक्त भएकामध्ये कनिष्ठ गृहराज्य मन्त्री मोहम्मद रिजवान मात्रै सर्लाही क्षेत्र नं. २ बाट प्रत्यक्ष निर्वाचन जितेर आएका थिए। "PM under fire in UML", *Republica*, १८ जून २००९।

[१४०] उदाहरणका लागि, हेर्नुहोस् "काङ्ग्रेस असन्तुष्ट", *नयाँ पत्रिका,* १० जुलाई २००९; "Dissatisfaction within NC over govt policy programmes", *The Kathmandu Post*, १० जुलाई २००९।

[१४१] "नीति तथा कार्यक्रमः सरकारलाई ४४ नम्बर", *नयाँ पत्रिका,* १० जुलाई २००९।

[१४२] १० जुलाईमा बसेको आफ्नो पार्टीको संसदीय दलको बैठकमा एमालेका सभासद्हरूले एजेन्डा बासी भएको भनी गुनासो गरे। "Govt policy programmes lack new idea: UML lawmakers", ekantipur.com, १० जुलाई २००९।

[१४३] मुकुल हुमागाईं, "Maoist pet programmes to be scrapped", *The Kathmandu Post*, ७ जुलाई २००९। गठबन्धनका सबैजसो साझेदारहरूको सहमति रहेको निजी क्षेत्रको परम्परागत मान्यताको विपरीत यसले पुराना दुई सरकारी उद्योगहरू पुनः सञ्चालन गर्ने वाचा गऱ्यो। यसमा "हेटौडा कपडा उद्योग" पनि पर्छ। यस कदमले त्यस उद्योगको उपकरणको रक्षा गर्न र पुनः सञ्चालनमा ल्याउन दबाब दिन पहिलेदेखि उद्योग क्षेत्र ओगटेर बसेका माओवादीका ट्रेड युनियनवादीहरूलाई खुसी बनाउन सक्थ्यो वा एमालेले जस लिन खोजेको भनी उनीहरू रिसाउन पनि सक्थे। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, "माओवादी पार्टी र ट्रेड युनियन नेताहरू", हेटौडा औद्योगिक क्षेत्र, अप्रिल २००९।

[१४४] सरकारका समर्थकहरूसमेत कार्यान्वयनप्रति शङ्कालु थिए। पूर्वअर्थमन्त्री एवं अर्थविद् रामशरण महत र प्रकाशचन्द्र लोहनी त्यस्तो शङ्का उठाउनेहरूमा पर्दछन्। उनीहरू र एमालेबाहेकका अन्य राजनीतिज्ञहरूले बजेटले गठबन्धनका साना पार्टीहरूको प्रतिनिधित्व गर्दैन भनी गुनासो गरे। "Lawmakers see challenge in implementation of budget", nepalnews.com, १४ जुलाई २००९।

[१४५] हेर्नुहोस् मार्टिन चौतारी पोलिसी ब्रिफ, "The Constituent Assembly Process", काठमाडौं, मे २००९, www.martinchautari.org.np/pdf/policy-brief_no.1_may2009.pdf.

[१४६] समयतालिका अत्यन्तै छोटो हुँदाहुँदै पनि विषयगत समितिहरूबाट थप अवधारणाहरू आउने प्रतीक्षामा रहेको संविधानसभा २१ जुलाई २००९ मा अनिश्चितकालका लागि स्थगित भयो।

गरेका छन्। तिनमा धेरैजसो हचुवा तालका छन् र सर्वसम्मति नजुटाई प्रस्तुत गरिएका छन्।[१४७] माधव नेपालले प्रधानमन्त्रीको पद सह्यालेपछि संवैधानिक समितिको सभापति जस्तो महत्त्वको पद रित्त रहेको छ। हम्मेसी नहच्किने संविधानसभाका अध्यक्ष सुभास नेम्बाङले पनि आफ्नो सार्वजनिक अडानलाई बदलेर समस्याहरू रहेका र प्रक्रिया समयतालिकाभन्दा ढिलो हुन गएको तथा सहमतिको अभावमा अभ्यास पूरा नहुने खतरा भएको स्वीकार गर्नुपरेको छ।

कसैमा पनि विचारहरूको समानता पाइँदैन र थोरै पार्टीहरूले मात्र भावी संविधानबारे आफ्नो दृष्टि-सोच बाहिर ल्याएका छन्। त्यस्तो दृष्टि-सोच भएमा निःसन्देह सजिलो हुने थियो। तर ठूला पार्टीहरू नै मूल विषयहरूमा अनिर्णित रहेका छन्। उदाहरणका लागि, नेपाली काङ्ग्रेसले सम्भावित सङ्घीय संरचनाबारे आन्तरिक दस्तावेज नै जुलाई २००९ मा बल्ल तयार पार्न सक्यो, त्यो पनि स्वीकृत नीतिगत पत्र नभएर छलफलका लागि बनाइएको थियो। यस्तो सबैभन्दा केन्द्रीय महत्त्व र विवादास्पद विषयमा केही पार्टीहरूले मात्र सार्वजनिक रूपमा स्पष्ट अडान राखेका छन्। यस विषयमा विस्तारपूर्वक गरिएको एक आकलनमा भनिएको छ, "नेकपा (माओवादी) मात्र एउटा यस्तो (राजनीतिक पार्टी) हो जसले सङ्घीय गणतन्त्र नेपालको बुझ्ने हिसाबले भौगोलिक खाका प्रस्तुत गरेको छ।"[१४८] अन्य धेरै पार्टीहरूको जाँगर नकारात्मक रहेको छ। उनीहरू सम्भावित विखण्डन र जातीय काटमारको खतरालाई रोक्नुपर्छ मात्र भन्छन्।[१४९]

## ख) पार्टीहरूको पराभव

अन्य पार्टीहरूको अवस्थाले हालका घटनाक्रमहरूमा प्रभाव पारेको छ र त्यसको असर माओवादी हिसाबकिताबमा पनि परेको छ। एनेकपा (माओवादी) भित्र गम्भीर नीतिगत छलफलहरू भएका छन्, तर यस्ता छलफल नहुने पार्टीहरूको अवस्था त झनै लथालिङ्ग छ। प्रायः सबैजसो पार्टीहरू गुटबन्दीबाट ग्रस्त छन्, दिशाविहीन छन् र उनीहरूमा नयाँ विचार तथा नेतृत्वको अभाव छ। यो कुरा एमालेमा पनि लागू हुन्छ, जसको फेब्रुअरी २००९ मा सम्पन्न राष्ट्रिय महाधिवेशनले गम्भीर नीतिगत छलफल गरेर तथा आन्तरिक चुनाव गरेर आशलाग्दो उदाहरण देखाएको थियो। पार्टीहरूका शत्रु उनीहरू आफै हुन्। उनीहरू पहिलेका दुःखदायी गल्तीहरू दोहोऱ्याउन खप्पिस छन्।

धेरै पार्टीहरूको स्थानीय साङ्गठनिक सञ्जाल कमजोर छ र तिनलाई पुनर्जीवित गर्नुपर्ने खाँचो छ। उनीहरू आफ्ना सच्चा समर्थक र जनता दुवैबाट टाढिएका छन्। यस्तो गल्तीलाई सच्याउनुको साटो उनीहरू मास्तिर हेर्ने गर्छन् र नभन्दै मास्तिरबाट उनीहरू सत्ता प्राप्त गर्छन् जनआधारबाट होइन। पहिले सत्ताको त्यस्तो स्रोत दरबार हुने गर्थ्यो र अहिले माथ्लो शक्तिका रूपमा नेपाली सेना र नयाँ दिल्ली रहेका छन्। मधेसी पार्टीहरूले उठाएका क्षेत्रीय स्वायत्तताको मुद्दाबाहेक माओवादी प्रस्तावहरूको विकल्पमा कुनै घतलाग्दा नीतिहरू अगाडि आएका छैनन्। (सरकारमा साझेदार रहेका धेरै पार्टीहरूले नयाँ सरकारको नीति र कार्यक्रमलाई बासी भनी गुनासो गरेका छन्) नीतिगत विषयमा कुनै धारणा नहुनु नेपाली काङ्ग्रेसको विशेषता रहेको छ। चुनावमा भएको हारबारे नेकाले विस्तृत विश्लेषण गर्दै गरेन र ढिलो गरी यता आएर बल्ल प्रमुख संवैधानिक सवालहरूबारे छलफल थालेको छ। तर उसका प्रतिस्पर्धीहरू पनि यस मामिलामा त्यति अगाडि छैनन्।

प्रजातान्त्रिक प्रतिपक्षमा रहेको निरन्तरको यस कमजोरीले केवल सेनालाई राजनीतिक पार्टीहरूको भूमिका ग्रहण गर्न प्रोत्साहित गर्दछ। ठूला पार्टीहरू आफ्ना जिम्मेवारीबाट पन्छिनाले पनि यस खतरनाक प्रवृत्तिले तीव्र गति लिइरहेको छ। आफूले भन्दा सेनाले गम्भीरतम् संवैधानिक सुझाउहरू अघि सार्दा पनि नेपाली काङ्ग्रेसलाई अप्ठेरो नलाग्नु आश्चर्यको कुरा हो। नेपाली काङ्ग्रेसका चार-चार जना प्रधानमन्त्रीहरू यसअघि सैनिक हस्तक्षेपको सिकार भइसकेका छन्। दरबारको निर्देशनमा सेनाले गरेको कूका कारण सन् १९६० मा बीपी कोइराला र सन् २००५ मा शेरबहादुर देउबा जेल परेका थिए। कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइराला दुवैले अन्तरिम कालमा सेनाको धाक-धम्की बेहोर्नुपरेको थियो।[१५०] सेनाले असहयोग गरेकै कारण पहिलेका प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला तथा पार्टीका शक्तिशाली नेता र गृहमन्त्रीसमेत रहेका गोविन्दराज जोशीले राजीनामा दिनुपरेको थियो।[१५१] सेनाको यस बलमिचाइको स्वाद पाउन प्रधानमन्त्री नेपालले धेरै पर्खनुपरेन। उनले जनमुक्ति सेनालाई समायोजन

[१४७] उदाहरणका लागि अनिवार्य सैनिक सेवा, सार्वभौमिकताको परिभाषा, सीमाको सुरक्षा तथा त्यसलाई नियमित गर्ने कुरा र भाषिक नीति जस्ता शीर्षकमा मस्यौदामा प्रस्तावित भाषाउपर प्रायः समितिभित्रैबाट विरोध आयो। यस्ता कुरामा समितिका सभापतिहरू र बहुमत सदस्यहरूले सहमति बनाउन नखोजी आफ्ना पार्टीको नीतिअनुसारका शब्दहरू राख्न जोड दिए।

[१४८] पीताम्बर शर्मा र नरेन्द्र खनाल, Towards a Federal Nepal: An assessment of proposed models (काठमाडौं, २००९)।

[१४९] "जातीय सङ्घीयता" को सम्भावना विरुद्ध आवाज चर्किंदैछ। एउटा काङ्ग्रेस पक्षधर साप्ताहिकले त माओवादीहरू जातीय युद्ध भड्काउन "नागरिक सर्वोच्चता र राष्ट्रियता" को आवरण प्रयोग गरिरहेका छन् भनेर समेत तर्क गऱ्यो। "नागरिक सर्वोच्चता र राष्ट्रियताको नाममा जातीय युद्ध भड्काउने माओवादीको योजना", *घटना र विचार*, ३ जून २००९।

[१५०] अन्तरिम प्रधानमन्त्री कृष्णप्रसाद भट्टराईले जर्नेलहरूको बलमिचाइबारे बोलेका छन्। Martin Hoftun, William Raeper and John Whelpton, *People, Politics & Ideology* (काठमाडौं, १९९९), पृ. ३०१। अप्रिल २००६ को जनआन्दोलन लगत्तै कोइरालाले पनि यस्तै अनुभव गरेका थिए। तत्कालीन प्रधानसेनापति प्यारजङ्ग थापा, रथी कटवाल लगायत वरिष्ठ अधिकृतहरूको डफ्फा लिएर शाही सरकारलाई समर्थन गरेबापत उनीहरूलाई कारबाही गर्न पाइन्न भनी चेतावनी दिन उनको कार्यालयमा गएका थिए।

[१५१] सन् २००१ मा रोल्पाको होलेरीमा घेराउमा परेका अनेकौं प्रहरीहरूलाई छोडाउन सेनाले इन्कार गरेकाले कोइरालाले प्रधानमन्त्री पदबाट राजीनामा दिनुपरेको थियो। सन् २००० मा डोल्पाको सदरमुकाम दुनैमा माओवादीले गरेको पहिलो ठूलो आक्रमणमा प्रहरीहरूको आमहत्या हुँदा पनि नजिकैको ब्यारेकबाट सेना टसमस नगरेपछि जोशीले राजीनामा दिनुपरेको थियो।

गर्नेबारे गरेको भनिएको टिप्पणीको खण्डन गराउन सेनाका जर्नेलहरूको झुन्ड उनकहाँ पुगेको थियो।[१५२]

मुख्य गैरमाओवादी पार्टीहरूलाई संविधान लेखन प्रक्रिया लम्ब्याउनमा नै फाइदा छ। उनीहरूको अवस्था कमजोर रहिरहेसम्म उनीहरू यस प्रक्रियालाई छिटो अघि बढाउन चाहँदैनन्, किनभने संविधान छिटो लेखिसक्नुको मतलब त फेरि छिटो चुनावमा जानु हो। अहिलेसम्म देखिएको अवस्थाअनुसार पुराना पार्टीहरूलाई माओवादी प्रभाव विरुद्ध चुनौती दिनु र मधेस तथा अन्यत्रका नयाँ पार्टीहरूलाई उछिन्नु निकै गाह्रो पर्नेछ। त्यस कुराको प्रमाण अप्रिल २००९ मा भएको उपनिर्वाचनले पनि दिएको छ।[१५३] माओवादीहरूले अप्रिल २००८ को जस्तो नतिजा फेरि ल्याउन सम्भवतः नसक्लान्, तर उनीहरूको लोकप्रियता पूरै खतम भइसक्यो भनी ठोकुवा गर्नु पनि सही हुनेछैन। माओवादीका प्रतिस्पर्धी पार्टीहरूले पुनर्जीवन प्राप्त गरेको लक्षण नदेखाएसम्म निर्वाचनमा माओवादीहरूको शक्तिलाई कम नआँके हुन्छ।

मुख्य पार्टीहरूः

**नेपाल कम्युनिस्ट पार्टी (एकीकृत मार्क्सवादी लेनिनवादी), एमालेः** यसका होनहार र योग्य नेताहरूको जमातले राजनीतिक विश्लेषण गर्नमा निकै समय खर्चेका छन्। तर पनि यस पार्टीले माओवादी र नेपाली काङ्ग्रेसबीच आफ्नो स्थान कहाँ हो त्यो खुट्याउन सकेको छैन। मध्यभागमा उभिएर दायाँ र बायाँबीचको अपरिहार्य सेतु बन्नुको साटो यो पार्टी असान्दर्भिकतातर्फ चिप्लिँदै गएको छ। सन् २००५ मा सम्पन्न शान्ति सम्झौताको सिलसिलामा भएका वार्ताहरूमा यसको भूमिका न्यून थियो। नयाँ सरकारको मूलीको हैसियतले यसले नाम मात्रको नियन्त्रण रहेको प्रशासन सह्माल्नुपर्ने खतरा छ। एमाले नेताहरूले यस्तो परिस्थितिबाट उत्पन्न हुन सक्ने खतरालाई बुझेका छन्। एमालेको जनवरी २००९ को विस्तृत राजनीतिक प्रतिवेदनले सन् २००४-२००५ को गठबन्धन सरकारमा सामेल हुनु भूल थियो र सरकारमा जाने रहरले गर्दा ज्ञानेन्द्रको "प्रतिगामी कदम"लाई "आधा सच्चिएको" देख्नु गल्ती थियो भनी औँल्याएको थियो।[१५४] निकै सालअघि सन् १९९४-१९९५ मा उनीहरूले छोटो समयका लागि अल्पमतको सरकार चलाएको अनुभव छ र त्यसको सम्झना उनीहरूको दिमागमा अझै ताजा छ।

केवल नौ महिना सत्तामा रहेर ढल्ने माओवादी सरकार नेपालमा त्यसप्रकार ढल्ने दोस्रो कम्युनिस्ट सरकार हो। सन् १९९४-१९९५ मा बनेको एमालेको अल्पमतको सरकार पहिलो थियो। यो विडम्बना एमाले नेताहरूले बुझेका छन् र नयाँ सरकारले अघिल्लो सङ्क्षिप्त शासनकालको रेकर्ड तोड्न नसक्ने डर पनि उनीहरूलाई छ। पार्टीभित्रको यो संशय लुक्न सकेको छैन। हाल प्रतिद्वन्द्वीहरूबाट मात खाएका पार्टी अध्यक्ष झलनाथ खनालले यस उपर चिन्ता व्यक्त गरेका छन्। पूर्वगृहमन्त्री वामदेव गौतमले त माओवादी नेतृत्वको सरकारलाई दिएको समर्थन झिकेर नेपाली काङ्ग्रेस र अन्य दक्षिणपन्थी पार्टीहरूसँगको मिलोमतोमा एमालेले सरकार बनाएकोमा खुलेरै आफ्नो बेखुसी प्रकट गरेका छन्। माथ्ला तहका धेरै नेताहरूलाई आफ्नो पार्टीलाई नेपाली काङ्ग्रेस र सेना दुवैले प्रयोग गर्नेछन् भन्ने डर छ। त्यसो भएको खण्डमा जनताको आँखामा उनीहरूको विश्वनीयता घटनेछ र केही महिना मन्त्री पदमा बस्न पाउनुबाहेक उनीहरूलाई कुनै लाभ हुनेछैन।

**नेपाली काङ्ग्रेस (नेका)ः** नेपालको सबभन्दा पुरानो पार्टीले आफ्नो संसदीय पार्टीको नेता छान्नलाई ढिलै भए पनि चुनाव गराएर निकै ठूलो पाइला चालेको छ। चुनावमा रामचन्द्र पौडेल अनपेक्षित रूपले धेरै मत ल्याएर विजयी भए। यस परिणामले सुजाता कोइरालालाई परराष्ट्रमन्त्री पद र सरकारमा नेपाली काङ्ग्रेसको नेता बनाउन राजी भएकोमा शेरबहादुर देउवालाई जिताउन गिरिजाप्रसाद कोइरालाले चाल चल्नेछन् भन्ने व्यापक अनुमानलाई हावा ख्वाइदियो। आन्तरिक प्रजातन्त्रको यस अभ्यासले गर्दा स्वेच्छाचारी र अपारदर्शी ढङ्गले चलेको ठानिएको पार्टीभित्र उपयोगी नजीर स्थापित भएको छ।

पार्टी अधिवेशन हुन लागेको र पार्टी अध्यक्ष पदको पनि चुनाव हुन सक्ने अवस्थामा पार्टीभित्र थप ध्रुवीकरण हुन सक्नेछ। देउवाले आफ्नो हारको क्षतिपूर्ति खोज्नेछन् भने उनले आफ्ना समर्थकहरूको साथ गुमाएको कारणबाट उनका प्रतिद्वन्द्वीहरूको हौसला बढ्नेछ। यसले सन् २००२ मा भएको फुटको धाँजा फेरि प्रकट हुने सम्भावना देखाएको छ।[१५५] आन्तरिक प्रजातन्त्र बढ्दै जानाले पार्टीले पुनःताजगी पाउनेछ तर यसबाट पार्टीभित्रका प्रतिद्वन्द्वी गुटहरूको सन्तुलन भने खल्बलिनेछ। कोइरालाका सम्भावित उत्तराधिकारीहरूमध्ये कोही पनि नेता शक्तिशाली छैनन्, पार्टीमा उनको जस्तो पकड कसैको पनि छैन, उनी जसरी कसैले पनि

[१५२] प्रधानमन्त्रीले बोलेका तर पछि फिर्ता लिएका शब्दहरूमाथिको विवादका लागि हेर्नुहोस् खण्ड ७ घ।

[१५३] छओटा उपनिर्वाचनका क्षेत्रहरूमा भौगोलिक एवं राजनीतिक दुवै हिसाबले सन्तुलन देखा पर्नु एउटा संयोग थियो। तैपनि, तिनबाट राष्ट्रव्यापी प्रतिनिधित्व भने भएको थिएन। तथापि माओवादीले आफ्ना दुई सिट कायम राख्दै थप एक सिट जित्नुले संविधानसभा निर्वाचनको परिणाम एकपल्टको संयोग मात्रै थिएन भन्ने जनाउँछ। त्यसपछि भएको विद्यार्थी युनियनको चुनावमा एमाले र नेपाली काङ्ग्रेसले धेरै बलियो परिणाम ल्याए तर त्यो त्यति ठूलो राहत होइन किनभने विद्यार्थीहरूको सङ्ख्या सानो छ र यसले वर्ग, जात, जातजाति, लिङ्ग र अन्य पक्षहरूमा समग्र जनसङ्ख्याको प्रतिनिधित्व गर्दैन।

[१५४] रिपोर्टमा एमालेले प्रतिपक्षी कोइराला काङ्ग्रेसलाई आफ्नो निर्णय क्षमतालाई धुमिल पार्ने मौका दियो भन्ने उल्लेख छ। "समग्र परिस्थितिको विश्लेषण नै नगरी" पार्टीले देउवालाई समर्थन गऱ्यो। नेकपा (एमाले) केन्द्रीय कमिटी "राजनीतिक प्रतिवेदन", जनवरी २००९, पृ. ९१। त्यस निर्णयले आफ्नै पार्टीभित्र असन्तुष्टि र विरोध बढाएको, ज्ञानेन्द्रलाई तानाशाही कदम चाल्न प्रोत्साहन गरेको, प्रजातान्त्रिक प्रतिपक्षीलाई फुटाएको र एमालेले तोकेका लक्ष्यहरूको प्राप्तिलाई अझ जटिल बनाएको भन्ने कुरालाई प्रतिवेदनमा स्वीकार गरिएको छ। माथि उल्लेखित, पृ. ९२।

[१५५] सन् २००२ मा पार्टी विभाजन हुँदा आफ्ना कार्यकर्ताको समर्थन प्राप्त व्यक्तिहरूमा कोइराला र देउवा मात्रै थिए। अहिले परिस्थिति त्यति प्रस्ट छैनः कोइरालाको प्रभुत्व जारी छ, तर आफ्नो प्रभाव विस्तार गर्न उनीसँग प्रतिस्पर्धा गर्नेहरू धेरै छन्। यस जटिल परिदृश्यको राम्रो विश्लेषणका लागि हेर्नुहोस् हरि थापा र कुलचन्द्र न्यौपाने, "काङ्ग्रेसभित्र फेरिएको ध्रुवीकरण", *कान्तिपुर*, २३ जून २००९।

माओवादीहरूसित साहसपूर्वक व्यवहार गर्न सक्दैन या सेना अथवा भारतसित टक्कर लिन सक्तैन। उनका कमजोरीहरूका बाबजुद पार्टी र देशलाई अझै कोइरालाको नेतृत्वको खाँचो छ। नेतृत्वको यो सवाल त छँदैछ त्यसबाहेक नेपाली काङ्ग्रेसले उदार बहुलवादको जुन कुरा गर्दै आएको छ त्यसलाई व्यवहारमा उतार्न एउटा गम्भीर नीतिगत मञ्च खडा गर्न सकेमा यस पार्टीले प्रजातन्त्रको प्रमुख संस्थापकका रूपमा आफूलाई पुनर्स्थापित गर्न सक्नेछ।

**मधेसी जनअधिकार फोरम (फोरम)ः** फोरम फुटेको छ। गच्छेदार समूहले अध्यक्ष उपेन्द्र यादवको नेतृत्वको विरोध गर्दै यसका सभासद्हरूले नयाँ सरकारलाई समर्थन दिएका छन्।

पार्टी नियन्त्रणबारेको कानुनी विवाद आंशिक रूपमा टुङ्गो लागेको छ (निर्वाचन आयोगले उपेन्द्र यादवको समूहलाई मान्यता दिएको छ), तर पार्टीको साविकको केन्द्रीय समिति विभाजित छ र फेरि जोडिने सम्भावना क्षीण छ। यादवलाई यस अवस्थाबाट फाइदा नै होला, यद्यपि अहिलेलाई उनको प्रभुत्व घट्न गएको छ। अवसरवादी ठूला नेताहरूबाट पार्टी मुक्त भएपछि उनले स्थानीय तहको नेतृत्वलाई ब्यूँताउन सक्नेछन् र नयाँ दिल्लीसितको दूरी कायम राख्दै मधेसी अभियानमा पुनः प्राण फुक्न सक्नेछन्। संविधान लेखनको प्रक्रिया चलिरहेकै अवधिमा अर्को नयाँ राजनीतिक आन्दोलन थालिने सम्भावना प्रबल छ। तर, फोरम र अन्य मधेसी पार्टीका नेताहरू "एक मधेस एक प्रदेश"को लक्ष्य भने प्राप्त गर्न नसकिने कुरा निजी तवरमा स्वीकार गर्दछन्। संविधान लेखनको प्रक्रिया सङ्घीयताबारे निर्णय गर्ने बेलामा पुग्दा त्यो सङ्कटको घडी साबित हुन सक्छ, किनभने त्यस बेला पार्टीहरूले सस्तो लोकप्रियतालाई छाडेर व्यावहारिकता अँगाल्नुपर्ने हुन्छ। त्यस्तो बेला अहिलेलाई अलिक परै छ। तत्काललाई मधेसी पार्टीले झेल्नुपर्ने चुनौती भनेको थारू, दलित, मुस्लिम र यथोचित् प्रतिनिधित्व नभएका समूहहरूले उठाएका मागहरू हुनेछन्।

## ग) अनमिनः मन नपर्ने, नभई नहुने

अनमिनको म्याद फेरि ६ महिनाका लागि २२ जनवरी २०१० सम्म थपिएको छ। यसको म्याद चौथो पटक थपिएको हो। म्याद थपसम्बन्धी सरकारले गरेको अनुरोधमा शान्ति प्रक्रियामा राम्रो प्रगति भइरहेको कुरा फेरि एक पटक दोहोऱ्याइएको छ। विशेष कुनै बाचा नगरीकन संयुक्त राष्ट्रका महासचिवलाई "यो प्रक्रिया "तार्किक निष्कर्ष"तर्फ बढिरहेको र संविधानसभा "नेपालको नयाँ प्रजातान्त्रिक संविधान लेखनमा लागिरहेको र निर्धारित समयभित्रै संविधान लेखिने छ" भनेर आश्वस्त पारिएको छ।[१५६] अनमिनको कार्यक्षेत्र सीमित छ र यसको प्राथमिक जिम्मेवारी भनेको हातहतियार र सेना व्यवस्थापन प्रक्रियाको अनुगमन गर्नु हो।[१५७]

**प्रहारको निसानाः** अनमिन "बाह्य हस्तक्षेप" निम्ति रिस पोख्ने भाँडो भएको छ। विडम्बनाचाहिँ के छ भने त्यसो गर्ने न यसको इच्छा छ न त यससित भारतले जसरी हाकाहाकी चालबाजी गर्न सक्ने क्षमता नै छ। एउटा अनुदारवादी साप्ताहिकले यस्तो सम्पादकीय लेखेको थियो, "विश्वका अन्य मुलुकमा जस्तै नेपालमा पनि संयुक्त राष्ट्रको शान्ति प्रयास एकदम असफल भएको छ र त्यसो हुने कारण सम्बन्धित मुलुक नभई संयुक्त राष्ट्रको टिममा संलग्न व्यक्तिहरूको गलत रवैया र अनैतिक व्यवहार हो। अनमिनका पहिलेका प्रमुख इयान मार्टिन पूरै माओवादीतर्फ लागेका थिए ... नेपालका नेताहरूले अनमिनलाई नेपालबाट औपचारिक तवरमा बिदा दिने बेला आएको छ। यो संयुक्त राष्ट्रको कार्यालय नेपालमा जतिन्जेल बस्छ त्यतिन्जेल हामीले कष्ट सहनु पर्नेछ।"[१५८] राजनीतिक पार्टीहरूबाट पनि प्रहार भएको छ, खासगरी नेपाली काङ्ग्रेसबाट। प्रहार माओवादीबाट पनि भएको छ जसको पक्ष लिएको आरोप अनमिनलाई लागेको छ।[१५९] भारतले छेउबाट घोच्ने काम मात्र

[१५६] "अनमिनको वर्तमान क्षेत्राधिकार र उसका क्रियाकलापको निरन्तरताको अवधि २३ जुलाई २००९ देखि लागू हुने गरी थप ६ महिना विस्तारका लागि सादर अनुरोध गर्दछु। शान्ति प्रक्रियामा ... निरन्तर प्रगति भइरहेको पनि यहाँलाई थप जानकारी गराउँछु। शान्ति प्रक्रियालाई तार्किक निष्कर्षमा पुऱ्याउन सरकार र नेपालका सबै प्रमुख राजनीतिक दलहरू प्रतिबद्ध छन् र उनीहरू यस दिशातर्फ तनमनका साथ अग्रसर छन्। तोकिएको समयसीमाभित्र नेपालको नयाँ संविधान लेख्ने कार्यमा निर्वाचित संविधानसभाले नियमअनुसार काम गरिरहेको छ।" राजदूत मधुरमण आचार्यले संयुक्त राष्ट्रका महासचिवलाई लेखेको पत्र, ७ जुलाई, २००९।

[१५७] २३ जनवरी २००७ मा स्थापित अनमिनको कार्यकाल सुरुमा एक वर्ष तोकिएको थियो जसलाई त्यसपछि चार पटकसम्म नवीकरण गरिएको छ। अनमिनलाई निम्नबमोजिम बृहत् शान्ति सम्झौताको कार्यान्वयनमा सहयोग गर्न भनी परिचालन गरिएको थियोः हतियार र सेना व्यवस्थापनको अनुगमन, युद्धविरामसम्बन्धी व्यवस्थाको अनुगमनमा सहयोग (मानवअधिकार क्षेत्रको अनुगमन OHCHR मानवअधिकारसम्बन्धी उच्चायुक्तको कार्यालयले गर्ने) र संविधानसभा निर्वाचनमा सहयोग। अनमिनले सुरुका १२ महिनाका लागि १,०७३ जना कर्मचारी भर्ना गर्ने योजना बनाएको थियो, तीमध्ये ९६८ जना अप्रिल २००८ भित्र भर्ना गरिएका थिए। संविधानसभाको चुनाव सम्पन्न भएपछि यसको क्षमता क्रमशः घटाउँदै लगियो। निर्वाचनमा सहयोग पुऱ्याउने कार्यालय मे २००८ मा बन्द गरियो र अरू धेरै एकाइहरूमा कर्मचारी कटौती गरियो। डिसेम्बर २००८ सम्ममा यसका कर्मचारी ३५५ जना थिए भने जुलाई २००९ मा त्यो सङ्ख्या घटेर २५५ पुग्यो। संयुक्त राष्ट्रका महासचिवले सुरक्षा परिषद्लाई बुझाएको जनवरी २००७ देखि जुलाई २००९ सम्मका प्रतिवेदन www.unmin.org मा उपलब्ध छ। अनमिनको सुरुको क्षेत्राधिकार लागि हेर्नुहोस् क्राइसिस ग्रुप एसिया रिपोर्ट नं. १२८, *नेपालको संवैधानिक प्रक्रिया,* २६ फेब्रुअरी, २००७, पृ. ३४।

[१५८] "Nepal: Say Good bye to UNMIN", editorial, *Telegraph Weekly*, १७ जुन २००९।

[१५९] विशेषगरी नेपाली काङ्ग्रेसले शक्तिखोर भिडियोलाई अनमिनको कडा आलोचना गर्न र माओवादीका लडाकूको पूरै पुनः प्रमाणीकरणको माग उठाउन उपयोग गऱ्यो। उदाहरणका लागि, हेर्नुहोस् उमाकान्त चौधरी, "माओवादी रणनीति र अनमिनको भूमिका", *नयाँ पत्रिका,* १९ मे २००९। प्रमाणीकरणको समयमा पनि सबैभन्दा बढी आपत्ति जनाउने माओवादी नै थिए। विशेषगरी, अनमिनले पहिलो चरणको प्रमाणीकरणको प्रक्रिया जनमुक्ति सेनाको पहिलो डिभिजनबाट थाल्दा उसले अन्यायपूर्ण ढङ्गले योग्य लडाकूहरूलाई पनि अयोग्य ठहर गरेको भनेर उनीहरूले जोडतोडले आलोचना गरे। पछि पुनर्विचार गरियो तर थोरै मात्र लडाकूहरू दोस्रो चरणको जाँचमा उत्तीर्ण भए। के चाहिँ विडम्बनापूर्ण छ भने मानवीय कारणहरूबाट संयुक्त राष्ट्रले स्थापित गरेको सम्पर्कबारे सिकायत गर्ने भारत सरकार आफै ती समूहहरूलाई सोझै सघाइरहेको थियो। क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, सरकारी अधिकारीहरू र विश्लेषकहरू, नयाँ दिल्ली, सेप्टेम्बर २००८।

होइन कहिलेकाहीं सार्वजनिक रूपमै विवादसमेत खडा गरेको छ।[१६०]

**कमजोरीहरूः** अनमिनको कार्यक्षेत्र बडो अप्ठ्यारो र असहाय परिस्थितिमा तयार पारिएको थियो। यसलाई सीमित तर महत्त्वपूर्ण जिम्मेवारी दिइएको थियो र योजनाअनुरूप शान्ति प्रक्रिया नटुङ्गिएमा यो अड्किरहने खतरा पनि थियो। माओवादी सेना शिविरहरूमा बसिरहुन्जेल यो नेपाल छाडेर जान सक्तैन र उनीहरूको समायोजन वा पुनर्वास गराउने कामलाई छिटछिटो घचेट्न पनि सक्तैन। अनमिनको कार्यक्षेत्रमा देखिएको विसङ्गतिको जिम्मेवारी नेपालका पार्टीहरूको हो र त्यसभन्दा पनि बढ्ता भारत सरकारको हो जसले यसको सीमारेखा कोरिदिएको थियो र त्यस रेखाको उल्लङ्घन भयो कि भनेर निगरानी पनि गर्ने गर्छ। आदर्श कार्यक्षेत्र नहुँदानहुँदै पनि संयुक्त राष्ट्रले यसलाई स्वीकार्ने गाह्रो निर्णय लिएको थियो, किनभने त्यसो नगर्नाले अघि बढिरहेको शान्ति प्रक्रिया रोकिन सक्ने थियो। अनमिनको कार्यशैली र क्रियाकलापबारे भएका खँदिला आलोचनाहरूलाई सम्बोधन गर्ने काम अनमिन आफैबाट राम्रोसित हुन सकेन। यसले काठमाडौंमा कार्यरत कूटनीतिज्ञ र दाताहरूको समर्थन जुटाउने प्रयास पनि त्यतिविघ्न गरेन। यहाँ रहेका कूटनीतिज्ञहरूका दृष्टिमा अनमिनका समकक्षीहरू संवाद कायम गर्न नरुचाउने खालका थिए र उनीहरूको "चलिहाल्छ" भन्ने किसिमको व्यवहारले केही विकासे अधिकारीहरू क्षुब्ध भएका थिए।

**शत्रुतापूर्ण वातावरणः** सुरुसुरुमा अनमिनले राम्रो स्वागत पाएको थियो, तर पछिपछि यसले नेपालका जनमत निर्माताहरूबाट रत्तिभर समर्थन पाउन सकेन। थोरैले अनमिनको भूमिका र यसको उपयोगिताबारे प्रस्ट र इमानदार धारणा राखेका थिए। केहीको सैद्धान्तिक तवरमा सन्देह थियो। तर धेरै चाहिँ रमाइलोका लागि हिलो छ्याप्ने भीडमा सामेल भएका थिए। चर्को स्वर पार्नेहरूमा बढी भारेभुरे स्रोतहरू रहेका छन्, तर कहिलेकाहीं मूलधारका प्रकाशनहरूले पनि त्यस्तो अतिरञ्जना प्रदर्शन गरेका छन्।[१६१] राजनीतिक पार्टीहरू धेरैजसो जनता खुसी पार्ने कुरा गर्छन् र आफ्ना कार्यकर्ताहरूलाई रिझाउन खरा कुरा गरिटोपल्छन् अनि निजी तवरमा भने संयुक्त राष्ट्रको भूमिकाको सहनी गर्छन् र थप सहयोगको माग गर्छन्। मुखले सहयोग गर्ने भने पनि र औपचारिक तवरमा केही काम गरेजस्तो देखाए पनि नेपाली सेनाको हाइकमानले भने अनमिनको कार्यलाई सदैव होच्याउने काम नै गर्‍यो।

**भारतीय चासोः** संयुक्त राष्ट्रको खाँचो भारतले बुझेको थियो तर सुरुबाटै यसको उपस्थितिप्रति चिन्तित पनि थियो। यस दोहोरो विवशतालाई भारतले लुकाउन सकेन। भारतले अनमिनको स्थापनामा सुरुमा साँच्चिकै सघाएको हो। अनेक व्यावहारिक कुरामा भारतको ठूलो सहयोग रहेको छ, जस्तै गाडीहरू र हतियार थन्क्याउने कन्टेनरहरू भारतले नदिएको भए अन्यत्रबाट ल्याउन महिनौं लाग्ने थियो। तर त्यसका साथसाथै भारतले लुकेर हिर्काउने काम पनि सुरु गर्‍यो, कहिलेकाहीं एकदमै तल्लो स्तरमा ओर्लेर।[१६२] भारतको यस्तो व्यवहार संविधानसभाको चुनाव सकिएको केही हप्तापछि नै "वैधानिक सरकार" बन्छ र त्यसले धन्यवाद भनेर अनमिनलाई तत्काल बिदा गर्छ भन्ने अनुमानमा आधारित थियो। त्यसबाहेक जतिसुकै सीमित कार्यक्षेत्रको भए पनि अनमिन जस्तो अन्तर्राष्ट्रिय संस्था यहाँ रहिरहनाले नेपालमा भारतको निर्वाध प्रभाव घट्न जाने र शान्ति प्रक्रियामा रहेको उसको एकलौटी भूमिका फिका हुने डर पनि भारतलाई थियो। यसले गर्दा भारतको इज्जतमा धक्का लाग्नुका साथै उसले गर्न सक्ने हस्तक्षेपको क्षेत्र पनि साँघुरिने थियो।

**नयाँ तरिकाप्रति असन्तुष्टिः** अनमिनले सीमान्तीकृत समूहहरूको विषयलाई गम्भीरतासाथ लिएर संस्थापनाका धेरै तहलाई चिढाउने काम गर्‍यो। रोजगारको सम्बन्धमा अनमिनले यथार्थमा समावेशी नीति अवलम्बन गरेर युएनको जागिरमा परम्परागत रूपले कब्जा जमाइराखेका वर्गलाई बेखुसी पार्ने काम गर्‍यो। यसप्रकार नेपालका अन्य राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्थाहरूको तुलनामा अनमिन अत्यन्त विविधतायुक्त श्रमशक्ति खडा गर्न समर्थ भयो जसले गर्दा दातृसंस्थाहरू र नेपाल सरकारलाई समेत लाज मान्नुपर्ने अवस्था आयो। उच्चजातिका पुरुषहरूको प्रधानता रहेको पार्टी तथा मिडिया नेतृत्वको दाँजोमा यो फरक झनै टड्कारो देखिन्छ। अनमिनले यस कामका लागि कुनै स्याबासी पाएन न त कसैले यसप्रति चासो नै देखाए, जो नौलो कुरा होइन। कामको प्रकृतिले गर्दाखेरि अनमिन माओवादीहरूसित र खासगरी जनमुक्ति सेनासित हातहतियार अनुगमन र संयुक्त अनुगमन संयोजन समितिको माध्यमबाट निकट सम्पर्कमा रहनुपर्‍यो। त्यसले गर्दा माओवादीहरूप्रति उनीहरूको दृष्टिकोण बाहिरिया मानिसको भन्दा बेग्लै हुनु स्वाभाविक थियो, किनभने त्यो दृष्टिकोण उनीहरूसितको नजिकको बसउठ र व्यवहारबाट पैदा भएको थियो। त्यसबाट अरूलाई अनमिन पूर्वाग्रही भएको आरोप लगाउन ठाउँ मिल्यो।

छोटकरीमा भन्नुपर्दा, अनमिनले काम थाल्दा पाएको अधिकारपत्र नै सायद त्रुटिपूर्ण थियो। तर त्यसमा केही गर्न सक्ने अवस्था थिएन र

[१६०] यसले उदाहरणका लागि, अनमिनको मधेसी सशस्त्र समूहहरूसँग सम्बन्ध छ भन्ने हल्लाको विवादलाई चर्काउने काम गर्‍यो। (वस्तुतः आवश्यक सहयोगको प्रयासमा आपसी सहयोग जुटाउन भन्ने झिनो निहुँमा गलत सल्लाहमा परेका कारण संयुक्त राष्ट्रको कार्यालयले मानवीय सरसहयोगको मामिलामा संयोजनका लागि बिहारमा एउटा बैठकको आयोजना गरेको थियो)।

[१६१] उदाहरणका लागि, हेर्नुहोस् अनमिन प्रमुखले मे २००९ मा संयुक्त राष्ट्रका महासचिवलाई पठाइएको रिपोर्टमा परेको एउटा वाक्य (गलत थिएन) का कारण मूलधारको एउटा दैनिक पत्रिकाले उनलाई बर्खास्त गर्नुपर्ने माग गरेको थियो। "Recall Landgren", editorial, *Republica*, २७ मे २००९।

[१६२] "नेपाल रमाइलो स्थल हो भन्ने उनीहरूले बुझेका छन् र यहाँ बसेर रमाइलो गर्न र तलबभत्ता तथा गाडीको सुविधाभोग गर्न आफ्नो बसाइलाई अनिश्चितकालसम्म लम्बाउन चाहन्छन्।" खारिएका कूटनीतिज्ञहरूबाट पनि बारम्बार यही भनाइ सुन्न पाइन्छ। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विभिन्न भारतीय अधिकारीहरू, काठमाडौं र नयाँ दिल्ली, २००७-२००८। (निश्चय नै मोटर र तलबभत्ता वास्तवमा लाजैलाग्दो गरी विलासीपूर्ण थिए। यस्तो प्रवृत्ति हुँदा पनि काठमाडौंको सर्वव्यापी वैदेशिक सहयोग विशेषज्ञहरू र भारतीय राजदूतहरूले यसलाई बदल्नमा खासै केही गरेनन्)।

अहिले फर्केर हेर्दा पनि त्यो निर्णय सही लाग्दछ। उस बेला अन्य कुन विकल्प उपलब्ध थियो र अरू के उपाय गर्न सकिन्थ्यो त्यो अहिले कल्पना गर्न सकिँदैन। अनमिनको जनसम्पर्क राम्रो नभएको पक्का हो तर उसले पूर्ण राजनीतिक र कूटनीतिक समर्थन नपाएबाट पनि यस्तो हुन गएको हो। अनमिन बलिको बोको हुने त तय थियो, तर उसले सार्वजनिक रूपमा आउने आलोचना बेहोर्न अलिक गतिला रणनीतिहरू भने तयार पार्न सक्थ्यो। तथापि, उसले गर्नुपर्ने आवश्यक भूमिका भने निर्वाह गऱ्यो। उसले गरेका धेरै कार्यहरू प्रशंसित हुन सकेनन् त्यो बेग्लै कुरा हो।[१६३] अनमिन नहुँदो हो त शान्ति प्रक्रिया धराशायी हुने थियो र नेपालका सबै रङ र रूपका राजनीतिज्ञहरूले दुवैतर्फको दृढसङ्कल्पित तर गलत हिसाबकिताबको हस्तक्षेपबाट आफूलाई जोगाउने रक्षाकवच पाउन सक्ने थिएनन्।[१६४]

नेपालमा संयुक्त राष्ट्रको भूमिका रहन्छ र जनवरी २०१० भन्दा पर्तिर पनि त्यो रहिरहनेछ। अनमिनले गर्न सक्ने हदसम्म त्यसको उपयोग गरिएकै छैन, चाहे प्राविधिक सहयोगका लागि होस् चाहे शान्ति प्रक्रियाका लागि राजनीतिक समर्थनका लागि होस्। यसको कार्यक्षेत्रलाई विस्तार गर्न सकिँदैन र त्यो आवश्यक पनि छैन। हालकै व्यवस्थाअन्तर्गत केही प्राविधिक सहयोग मिलेकै छ र संयुक्त राष्ट्रका महासचिवको मध्यस्थताको वचननिम्ति कुनै स्वीकृति आवश्यक पर्दैन। आफ्नो कोठेबारीमा सुरक्षा परिषद्को निरन्तर ध्यान गइरहेको भारत हेर्न चाहँदैन र यसमा चीनको धारणा पनि फरक छैन। तर अनमिन रहेसम्म सुरक्षा परिषद्को सुपरीवेक्षण रहिरहनु अनिवार्य छ र प्रगतिको सुस्त गति तथा समयसीमाको बारम्बार हेरफेरका कारण यसका सदस्यहरूको चासो पनि नेपालप्रति रहिरहनेछ। उनीहरूको यो चासो-चिन्ता उपयोगी छ र सुरक्षा परिषद्द्वारा नेपालको भ्रमण गरिनुपर्छ भन्ने रुसले धेरै अघिदेखि राख्दै आएको प्रस्तावप्रति गम्भीर विचार हुनु आवश्यक छ।[१६५]

अनमिनको म्याद घरिघरी थपिरहनु आफैमा कुनै खराब काम होइन, यो असजिलो लाग्ने कुराचाहिँ अवश्य हो। मुख्य प्रश्न अन्तर्राष्ट्रिय रूपमा मिलेको नैतिक तथा व्यावहारिक समर्थनलाई कसरी उपयोग गर्ने भन्ने हो र साथै चुनौतीहरूलाई इमानदारीसाथ स्वीकार्नु हो। त्यस किसिमको इमानदारीबाट अप्ठ्याराहरूसित जुध्न दीर्घकालीन योजना बनाउन मद्दत पुग्छ, त्यो प्रत्येक जुलाई र जनवरीमा सकिने म्यादी काम जस्तो हुँदैन। त्यसो गर्दा भारत र चीनको चासो तथा चिन्ताको यथार्थपरक समझदारी रहनु जरुरी छ र सेता गाडी तथा नीला हेलमेटहरू उपर सदा आश्रित नरहने नेपालीहरूको भित्री इच्छालाई पनि बुझ्नुपर्छ। तर अनमिन गइसकेको अवस्थामा पनि पूर्ण स्थायित्वतर्फ नेपालको सङ्क्रमण प्रक्रिया लामो र नाजुक हुनेछ जसका लागि विकासे सहयोगभन्दा कहीं बढी अन्तर्राष्ट्रिय समझदारीको खाँचो पर्दछ। सङ्क्रमणको त्यस चरणका लागि समन्वयपूर्ण सहयोगका बारेमा सोच्ने बेला आइसकेको छ। त्यस्तो सहयोग संयुक्त राष्ट्रको उपस्थितिलाई बढाएर वा अन्तर्राष्ट्रिय समन्वय संयन्त्रलाई अझ राम्रो बनाएर वा अन्य कुनै उपायद्वारा प्राप्त गर्न सकिन्छ। उत्तमचाहिँ नेपाल आफैले त्यसतर्फ कदम चाल्नु हुनेछ र नेपालका शक्तिशाली छिमेकीहरूले यस क्षेत्रको दीर्घकालीन कल्याणका लागि अन्तर्राष्ट्रिय पात्रहरूलाई एउटै मञ्चमा फर्काउन पहल गर्नुपर्छ।

---

[१६३] तुलनात्मक रूपमा विवादरहित उदाहरणका लागि, जिल्ला जिल्लामा निर्वाचन सल्लाहकारहरू थिए जसले संविधानसभाको चुनावका दौरानमा देशभरिका जिल्लामा खटिएका निर्वाचन आयोगका अधिकृतहरूको नैतिकता र क्षमता वृद्धिमा प्रोत्साहित गरे। हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको चुनावः शान्तिपूर्ण क्रान्ति?*, माथि उल्लेखित, पृ. ९। भारतले हृदयदेखि नै यस्ता प्रयासहरूलाई सहयोग गरेको कुरा यहाँ उल्लेख्य छः संयुक्त राष्ट्रसँगको भूमिकाप्रतिको उसको आलोचना भने कुठाउँमा परेको थिएन।

[१६४] छापामा लेखेर भन्न नचाहने केही गम्भीर विश्लेषकहरू अनमिनको उपस्थिति द्वन्द्वको पुनरावृत्तिलाई रोक्ने महत्त्वपूर्ण बाधक भएको कुरा स्वीकार्छन्। उदाहरणका लागि, एक जना वरिष्ठ सम्पादक भन्छन्, "यदि अनमिन नभएको भए हामी धेरै पहिले युद्धमा फर्किसकेका हुने थियौं; शान्ति प्रक्रिया भत्किन अनिवार्य थियो।" क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, काठमाडौं, जुलाई २००९।

[१६५] सुरक्षा परिषद्ले आफ्ना नियोगहरू काम गरिरहेका धेरै देशहरूको भ्रमण गरेको छ। ती नियोगका रिपोर्टहरू www.un.org/Docs/sc/missionreports.html मा उपलब्ध छन्।

## ७. समस्याको समाधानः केही सुझाउहरू

ध्रुवीकरण र केही व्यक्ति पात्रहरूको बदनियतका कारण शान्ति प्रक्रियामा पर्न गएको सङ्कटको छाया प्रस्ट छ। तर नेपालको सङ्क्रमणलाई गहिरो र बृहत् सामाजिक, आर्थिक र सांस्कृतिक परिवर्तनले निर्धारित गर्दछ। ठूला पार्टीका नेताहरूको प्रभाव अत्यन्त ठूलो हुन सक्छ, तर मुलुकको रूपान्तरण केवल उनीहरूका हातमा छैन। युवा र बढ्दो जनसङ्ख्या आकाङ्क्षा र निराशाको भुमरीमा परेका छन्, सीमान्तीकृत समूहहरू प्रतिनिधित्व बढाउन सङ्घर्षरत छन्, राज्य र राजनीतिक प्रक्रियाप्रतिको विश्वास पूरै समाप्त नभए पनि त्यो धर्मराएको छ । यस्तो असन्तुष्टि र विद्रोहका बीचमा यी सबै समस्याका संरचनागत चुनौतीहरूको दिगो समाधान खोज्नु चानचुने कुरा होइन। यसबाहेक राष्ट्रिय पहिचानको प्रश्न पनि सामुन्ने आउँछ। नेपाल बाल्कान होइन। जातीय र क्षेत्रीय पहिचानको खोजीको अर्थ विखण्डनकारी र साम्प्रदायिक हुन सक्तैन।

### क) हरेक परिवर्तनलाई झेल्नुपर्छ

नेपाल ठूलो देश हो र यो बदलिरहेछ। शान्ति प्रक्रियाको स्रोत एक हिसाबले त्रिकोणात्मक द्वन्द्वलाई मान्न सकिन्छ। तीनओटा मुख्य पार्टीहरूलाई चिन्न सजिलो थियो, उनीहरूका आआफ्ना संरचना थिए र उनीहरूको व्यवहार आकलन गर्न सकिने खालको थियो। उनीहरू लडाइँ गर्थे र परेमा वार्ता पनि गर्थे। उनीहरूले चाहेमा वितन्डा मचाउन सक्थे र स्थायित्व पनि ल्याउन सक्थे। तर अहिलेको स्थिति त्यति सजिलो छैन। कोठामा बसेर तत्कालका लागि टालटुले निर्णय गर्ने काम भइरहेकै छ, तर त्यसबाट टिकाउ परिणाम आउन सक्तैन र त्यसले गर्दा राजनीति झनै डावाँडोल हुन्छ। काठमाडौँमा हुने "म्युजिकल चेयर"ले नेपालका जल्दाबल्दा र बहुविध समस्याहरूको समाधान हुन सक्तैन। पार्टीहरूले आफ्नो पकड बलियो राख्नुपर्छ र उनीहरूले आपसी विवाद केका निम्ति हो भन्ने बुझ्नुपर्छ। त्यसो गर्न नसकेमा देशको ढाँचा बदल्ने कार्य अनेकन् शक्तिहरूले गर्नेछन् र त्यसमा उनीहरूको कुनै नियन्त्रण रहने छैन अनि उनीहरूले रमिते भएर बस्नु पर्नेछ।

राज्य नाजुक अवस्थामा छ। असफल हुँदै गएको छ वा असफल भएको छ भन्ने अवधारणाले मद्दत गर्नेवाला छैन र त्यो लागू हुने कुरा पनि होइन।[१६६] तर नाजुक राज्यको सूचकाङ्कमा नेपालको स्तर तल घट्दै गएको तथ्यचाहिँ चिन्ताको विषय हो। यसमाथि शान्ति सुरक्षाको कमजोर स्थितिले गर्दा (यसबारे तल उल्लेख गरिएको छ) शान्तिका उपायहरू पत्ता लगाउन र तिनलाई व्यवहारमा उतार्नु झनै गाह्रो हुन्छ। सामान्यतया राज्यअन्तर्गतका निकायहरू आफ्ना काममा अप्रभावी हुने गर्छन् र उनीहरूप्रति जनविश्वास पनि न्यून हुन्छ। भ्रष्टाचार भएको छ भन्ने बुझाइ र प्रहरी तथा न्यायपालिकाको राजनीतिकरण जनविश्वास र जनसुरक्षाका लागि विशेषतः हानिकारक हुन्छ।

**असमानता र द्वन्द्वः** नेपाल असमानतापूर्ण देश हो। नेपालको असमानता दक्षिण एसियामा सबैभन्दा बढी छ र यो असमानताको खाडल बढ्दैछ।[१६७] यस्तो असमानताले सहज प्रजातान्त्रिकरणमा व्यवधान उत्पन्न गर्छ र सर्वसत्तावाद हाबी हुने खतरा बढाउँछ। शान्ति प्रक्रिया प्रजातान्त्रिक संरचनाका लागि सबै वर्गहरूलाई समेट्ने सहमतिमा आधारित थियो। तथापि जहाँसम्म प्रजातन्त्रलाई संस्थागत गर्ने कुरा हो त्यो सत्ताको शक्ति उपयोग गर्ने समूहहरू र त्यसबाट वञ्चित समूहहरूबीच बढ्दै गएको सङ्घर्षमा भर पर्दछ। असमानता जति फराकिलो भयो त्यति नै शक्तिहीनहरूलाई आफ्नो हकका लागि लड्ने साहस मिल्छ तर त्यसका साथै उच्चवर्गको स्वार्थमा खतरा पुग्छ। उच्चवर्गलाई जति नोक्सान हुने देखिन्छ त्यति नै उनीहरू परिवर्तनलाई रोक्ने कोसिस गर्छन्।[१६८] नेपालको सन्दर्भमा "उच्चवर्ग"को परिभाषा त्यति सरल छैन। तर पनि राज्यका अङ्गहरूलाई नियन्त्रण गर्ने सङ्घर्ष चलिरहेकोमा भने सन्देह छैन र यस्तो सङ्घर्षमा वर्गसङ्घर्षका स्वरूपहरू पनि सामेल हुन्छन्। शक्तिको पुनर्वितरण भएमा त्यसबाट शक्ति गुमाउनेहरू पनि हुनेछन्, केही नभए पनि अल्पकालीन हिसाबमा। विभिन्न वर्ग, जात र जातिका स्वार्थको टक्कर हुनु अनिवार्य छ। यस्तो टक्करलाई रोक्ने उपायबारे सहमति खोज्न नसकेमा त्यसले बबन्डर र हिंसा निम्त्याउनु अवश्यम्भावी छ।

**भूमिसुधारः** भूमिसम्बन्धी विवाद आलो घाउझैं हो। भूमिहीनता चरम असमानता र धान्न नसकिने सामाजिक विषमताको उदाहरण हो। भूमिसुधार गर्नेबारे धेरै पार्टीहरूले प्रतिबद्धता त देखाएका छन्, तर त्यति हुँदाहुँदै पनि यसबारेको प्रगति पूरै रोकिएको छ। नयाँ सरकारले "भूमिहीनहरूको न्यायोचित मागहरू आपसी वार्ताद्वारा क्रमिक रूपमा पूरा गरिनेछ" भन्ने बाचा गरेको छ।[१६९] यसप्रकार माग पूरा गरिने आश्वासन पाउने जनसमूहहरूमा भूमिहीनहरूबाहेक अरू २२ ओटा समूहहरू पनि छन्। त्यसैले माग पूरा गर्नेबारे तत्काल कदम चालिने सम्भावना कम छ। सरकारले वैज्ञानिक

---

[१६६] शान्ति/वैदेशिक नीतिका लागि कोषले तयार पारेको असफल राष्ट्रहरूको सूचीमा नेपाल २५ औं स्थानमा रहेको थियो। साथै, सन् २००८ देखि व्यक्तिगत सूचाकाङ्क र तुलनात्मक स्थिति दुवै दृष्टिले नेपालको दूरावस्था चित्रण गर्दै नेपाललाई उच्चतम् खतरा रहेको समूहमा राखिएको थियो। हेर्नुहोस् www.fundforpeace.org.

[१६७] एक नेपाली बुद्धिजीवीले भर्खरै आर्थिक असमानताको गिनी (Gini) मापन पद्धतिबाट सन् १९८० को दशकको ०.३०५ बाट सन् २०००-०३ मा ०.४७२ सम्म बढ्यो भनी उल्लेख गरेः "दक्षिण एसियाली सन्दर्भमा, सन् १९८० को दशकमा नेपालको असमानता भारत, पाकिस्तान र श्रीलङ्काभन्दा कम थियो तर सन् १९९० को दशक र एक्काइसौं शताब्दीको सुरुमा यो माथिका ३ राष्ट्र र बाङ्लादेशमध्ये सबैभन्दा माथि पुग्यो ... यी चार राष्ट्रहरूमा गिनी (?) सूचक कहिले ०.४ नाघेन।" महेन्द्र लावती, "Democratic corporatism", *The Kathmandu Post*, ५ फेब्रुअरी २००९।

[१६८] Daron Acemoglu and James A. Robinson, *Economic Origins of Dictatorship and Democracy* (क्याम्ब्रिज, २००५)।

[१६९] पूर्ण सूची यस्तो थियोः "मजदुर, किसान, महिला, युवा, विद्यार्थी, शिक्षक, प्राध्यापक, बुद्धिजीवी, डाक्टर, इन्जिनियर, वकिल, निजामती कर्मचारी, पत्रकार, उद्यमी, सांस्कृतिक कलाकार, भूमिहीन, सुकुम्बासी, द्वन्द्वपीडित, विस्थापित, मुक्त कमैया, हलिया, बादी र अपाङ्ग सबैले उठाएका जायज मागहरू आपसी संवादद्वारा क्रमशः पूरा गरिनेछ।" आर्थिक वर्ष २०६६/६७ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रम, अनुच्छेद १८।

भूमिसुधार कार्यक्रम ल्याई त्यसको कार्यान्वयन गर्ने र त्यसका साथै "कृषि मजदुर, मुक्त कमैया, भूमिहीन र सुकुम्बासीहरूको सामाजिक-आर्थिक उत्थान गर्नेतर्फ विशेष ध्यान दिइनेछ भनेर पनि बाचा गरेको छ।[१७०] त्यसबाहेक सरकारले दिशा परिवर्तन गरिने दुई ठूला सिंचाइ आयोजनाका लागि भूमि अधिग्रहण गर्ने अठोट पनि गरेको छ।[१७१] भूमिसुधार पहिलेदेखि नै माओवादीहरूको केन्द्रीय मुद्दा र जनपरिचालन गर्ने उपाय बन्दै आएको छ। उनीहरू आफै सरकारमा हुँदा पनि एउटा आयोग बनाउनुबाहेक केही गर्न नसक्नुबाट यस विषयलाई सम्बोधन गर्नु कति गाह्रो छ बुझ्न सकिन्छ।

**शिक्षा, रोजगार र आर्थिक वृद्धिः** सन् २००९ को एस.एल.सी. परीक्षाफल धेरै विद्यार्थीका लागि सुखद रह्यो। दुईतिहाइ विद्यार्थीहरू उत्तीर्ण भएका थिए र उत्तीर्ण हुनेहरूको यो सङ्ख्या अघिल्लो वर्ष हेरी धेरै थियो। तर उत्तीर्ण हुनेहरू सबैले उच्चशिक्षा निम्ति प्रवेश पाउन सक्तैनन् र उच्चशिक्षा पाउनेहरूले पनि रोजगार पाउन सक्तैनन्। औद्योगिक उत्पादन घटेको छ र आर्थिक वृद्धिको दर दुई प्रतिशतभन्दा बढी दरले घट्ने सम्भावना छ।[१७२] त्यसका साथै मुद्रास्फीतिको दर भने कैयौं महिनादेखि दुई अङ्कको रहेको छ। हुन त रेमिट्यान्स आम्दानी विश्वव्यापी आर्थिक मन्दीको असरले त्यति साह्रो घटेको छैन जति अनुमान गरिएको थियो, तर पनि रोजगार बढ्ने तथा आर्थिक वृद्धि हुने सम्भावना भने त्यति उज्यालो छैन।[१७३] अर्थतन्त्रको मेरुदण्ड रहँदै आएको कृषिबाट कार्यदक्षता र उत्पादकत्वमा थोरै मात्र वृद्धिको आशा गर्न सकिन्छ त्यो पनि ऋण तथा लगानीमा सुधार भएमा र मौसम अनुकूल भएमा। उद्योगमा पनि विविधीकरणको अभाव छ र श्रमिकहरूसितको सम्बन्ध राम्रो छैन, जसले गर्दा उद्योगबाट रोजगार सृजना हुने र मुनाफा प्राप्त हुने आशा गर्न सकिन्न। बेरोजगार र आक्रोशित युवाहरूको जमात अहिले नै ठूलो छ र यो बढ्नेबाहेक घट्नेवाला छैन। नेपालको पहिलेदेखि नै रहँदै आएको खाद्य सङ्कट झनै बढेको छ र त्यसको असर दर्जनौं जिल्लाहरूमा परेको छ। यसले गर्दा साधनहीन समुदायहरूले यसबाट झन् सास्ती पाउनुपरेको छ।

**नयाँ सशस्त्र खेलाडीहरूः** राजनीतिक परिदृश्यको जटिलतामा रससाना विध्वंसकारी समूहहरूको विस्तारमा निरन्तर वृद्धि भइरहेको छ। एक प्रतिवेदनमा यस्ता बाह्य सक्रिय समूहहरूको सूची दिइएको छ, तिनमध्ये पाँचओटा समूहले सरकारसित प्रारम्भिक वार्ता थालेका छन्। त्यसैमा पूर्वी पहाडी इलाकामा सक्रिय रहेका छओटा सशस्त्र समूहहरूको उल्लेख पनि छ, जसमध्ये केवल एउटा समूह वार्तामा आएको छ।[१७४] यस्ता समूहहरूप्रति सरकारको रणनीति प्रस्ट छैन। शान्ति र पुनर्संरचना मन्त्रालयले यस्ता समूहहरूसित टेलिफोनद्वारा सम्पर्क राखेर शान्ति मन्त्रीसित गहकिलो वार्ता गर्न सकिने खबर उनीहरूलाई गरिएको बताइन्छ।[१७५] तर वार्ताका सर्तहरू र तिनबाट प्राप्त गर्ने लक्ष्यबारे प्रस्ट व्याख्या गरिएको छैन र त्यसो गर्ने प्रयास पनि गरिएको छैन। संवैधानिक प्रक्रिया खोच्याइरहेको, राजनीतिक दृश्य विभाजित रहेको र शान्ति सुरक्षाको अवस्था नाजुक रहेको अहिलेको अवस्थामा आफूतिर ध्यान आकर्षित गर्दै फाइदा बटुल्न खोज्ने नयाँनयाँ समूहहरू जन्मिनका लागि सुहाउँदो छ।[१७६]

## ख) राज्यको क्षमता र वैधानिकता बलियो पार्नुपर्छ

राज्य असफल भएको छैन। तैपनि यससित क्षमता र वैधानिकताको भने अभाव छ। राज्य असुरक्षामाथि पकड राख्न असफल भएको छ र अन्य समूहहरूभन्दा बढी नागरिकहरू राज्यको हातबाटै मारिएका छन्।[१७७]

**जनसुरक्षा, न्याय र दण्डहीनताः** अशान्ति मच्चाउने काम केवल माओवादीहरूबाट भएको छ भनी ठान्नु गलत हुनेछ। आफूलाई अहिंसावादी दाबी गर्ने अन्य पार्टीहरू पनि त्यतिविघ्न अहिंसावादी छैनन् भने ससाना समूहहरूले त शान्तिपूर्ण तरिका नमान्ने घोषणा नै गरेका छन् र उनीहरूको गतिविधि बढ्दो छ।[१७८] असुरक्षा अंशतः

[१७०] ऐ.ऐ., अनुच्छेद ३१।

[१७१] ऐ.ऐ., अनुच्छेद ३४।

[१७२] "Quarterly economic update Nepal", एसियाली विकास बैंक (एडीबी), जून २००९। एडीबीले सन् २०1० मा आर्थिक वृद्धिमा थोरै सुधार हुने अडकल गरेको छ। तर, ३.५ प्रतिशत मात्रै। "Asian Development Outlook Nepal", एडीबी, २००९। तैपनि यो तथ्याङ्क त्यति नराम्रो होइन। सशस्त्र द्वन्द्वको दशकमा नेपालको आर्थिक वृद्धि मध्यम रह्यो र गरिबी न्यूनीकरण उल्लेख्य रह्यो। "Nepal: resilience amidst conflict", विश्व बैंक, जून २००६। यसो हुनुको पछाडि प्रमुख कारण रेमिट्यान्स थियो। साथै, औद्योगिक रोजगारी र कृषि गतिविधिको बढ्दो आम्दानीले पनि महत्त्वपूर्ण भूमिका खेल्यो।

[१७३] "Interim Strategy Note for Nepal for the period FY 2010-2011", विश्व बैंक, मे २००९।

[१७४] अजित तिवारी, "Govt initiates contacts with Tarai armed groups", *Republica*, २४ जून २००९।

[१७५] ऐ.ऐ.।

[१७६] क्राइसिस ग्रुपले सार्वजनिक सुरक्षाको विषयलाई निकट भविष्यमा आउने छुट्टै रिपोर्टमा नियाल्नेछ।

[१७७] एउटा अति नै व्यवस्थित तर सबै क्षेत्रलाई नसमेट्ने प्रतिवेदनका अनुसार सन् २००९ को पहिलो ६ महिनामा पहिचान खुलेका समूहहरूबाट भएका ४४ ओटा हत्याका वारदातमध्ये १९ हत्यामा प्रहरी जिम्मेवार छ। दुईओटा हत्या माओवादी गरे, दशओटा तराईका विभिन्न सशस्त्र समूहले गरे र तीनओटा हत्या नेपाल डिफेन्स आर्मीले गऱ्यो। तर धेरैजसो हत्याका अभियुक्तहरूको पहिचान अज्ञात छ। हेर्नुहोस् इन्सेक, "Trend Analysis", www.inseconline.org/index.php?type=reports&id=3&lang=en.

[१७८] माओवादीको कट्टरविरोधी *नेपाली टाइम्स* ले छापेको बढ्दो हिंसाबारेको आवरण कथामा छानिएका तीनओटा प्रमुख हिंसात्मक झडपमा माओवादीको कुनै संलग्नता थिएन। बरु तिनीहरू स्थानीय बासिन्दाका उपद्रवी क्रियाकलाप र काङ्ग्रेस तथा एमालेका विद्यार्थी सङ्गठनहरूबीचको सशस्त्र झडपसँग सम्बन्धित थिए। "More insecure", *Nepali Times*, १० जुलाई २००९। यो कुनै नयाँ कुरा होइन। गैरमाओवादी पार्टीहरूबीचका हिंसात्मक झडपहरू संविधानसभा चुनावअघिका समाचारका मुख्य विषय थिए। (हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको चुनावः शान्तिपूर्ण क्रान्ति?*, माथि उल्लेखित), यद्यपि बदलिएको वातावरणले यस्ता कार्यमा संलग्न कतिलाई यो कुरा बिर्सन सहयोग पुऱ्याएको छ। उदाहरणका लागि, एमालेका एक जना वरिष्ठ नेता अप्रिल २००८ मा उनकै जिल्लामा काङ्ग्रेससँग भएको झडपलाई बिर्सेको स्वीकार गर्छन्, त्यस झडपमा उनका पार्टीका थुप्रै कार्यकर्ताहरू गम्भीर रूपले घाइते भएका थिए। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, लमजुङ जिल्ला, अप्रिल २००८ र अप्रिल २००९। राष्ट्रपति यादवको गाउँमा उपनिर्वाचनको दौरानमा लाठी, फलामे डन्डी र घरेलु बन्दुकहरू बोकेका काङ्ग्रेस र

हतियार एकदमै प्रभावशाली राजनीतिक साधन हो भनेर द्वन्द्व र माओवादीहरूद्वारा स्थापित हुन पुगेको "शिक्षा"को परिणाम हो। यो केवल यङ कम्युनिस्ट लिगको कुरा होइन।[१७९] युद्धविरामपछिको अवधिमा भएका कुटपिट र हत्याका कैयन् घटनाका जिम्मेवार माओवादी छन्, तर त्यसका साथै उनीहरूका आफ्नै कार्यकर्ताहरू त्यसभन्दा बढी मारिएका छन्, जसबारे कम सार्वजनिक जानकारी रहेको छ।[१८०] राज्य, राजनीतिक पार्टीहरू, सशस्त्र समूहहरू र अन्य आपराधिक समूहहरूद्वारा भएका हत्याहरूको विश्लेषणबाट बडो अन्योलपूर्ण तस्वीर सामुन्ने आउँछ, जुन तस्विरमा अनेकन् पीडक र पीडितहरू देखा पर्दछन्।[१८१] तथ्याङ्कहरूबाट पुष्टि हुन नसके पनि उथलपुथल र कानुनविहीन अवस्था छ भन्ने व्याप्त भावनाले गर्दा भिजिलान्ते प्रवृत्ति एवम् गुन्डागर्दीले प्रश्रय पाइरहेको छ र बृहत्तर समाजमा हिंसा फैलने सम्भावना बढेको छ।[१८२]

**कमजोर न्यायिक प्रणालीः** न्यायपालिका अप्रभावी, भ्रष्ट र सुधारको खाँचोमा छ। यस यथार्थलाई न्यायाधीशहरू, वकिलहरू र राजनीतिज्ञहरू सबैले स्वीकारेका छन्। तथापि यस सम्बन्धमा कुनै अर्थपूर्ण काम भने हुन सकेको छैन। प्रणालीगत कमजोरीहरूका संस्थागत जराहरू जटिल हुन्छन्। न्यायपालिका सुधारको कार्ययोजनाले आमूल परिवर्तन खोजेको छ भन्ने कुरा कानुन व्यवसायीहरूले राम्ररी बुझेका छन्।[१८३] सेवानिवृत्त र नवनियुक्त प्रमुख न्यायाधीशहरू दुवैले ढिलासुस्ती तथा भ्रष्टाचारले गर्दा अदालतको विश्वसनीयतामा आँच पुगेकोमा जोड दिएका छन्।[१८४] बेपत्ता पारिएकाहरूको अनुसन्धान लगायत द्वन्द्वकालमा भएका अपराधहरू हेर्नेबारे कुनै कारबाही भएको छैन।[१८५]

**कुण्ठित विकासः** आधारभूत विकास लगभग अवरुद्ध छ। सरकार र दाताहरूलाई एक ठाउँमा ल्याउने नेपाल विकास फोरमको बैठक बस्न यसै पनि ढिलो भइसकेको थियो। प्रत्येक दुई वर्षमा हुने यस फोरमको बैठक यस साल मे २००९ मा बस्ने निधो भएको थियो। सरकार ढलेपछि यसको बैठक अनिश्चितकालका लागि स्थगित गरिएको छ जसले विकास प्रयासमा भएको व्यवधानलाई झल्काएको छ। दाताहरूले ठूला पार्टीहरू र आफ्नैबारे पनि कडा प्रश्नहरू तेर्स्याउने थिए। पहिलेकै तालले विकास कार्यको सञ्चालन हुन सक्तैन भन्ने चेत खुले पनि त्यतिले मात्रै रोकिँदै अघि बढेको शान्तितर्फको सङ्क्रमणकाल सुहाउँदो व्यावहारिक कार्यक्रमहरू ल्याउन सकिन्न। पछिल्लो सरकारले पैसा उठाउने काम त बडो राम्रोसित गऱ्यो, तर खर्च भने गर्न सकेन। राजनीतिक गतिशास्त्रमा आमूल सुधार नल्याईकन राज्यको ग्रहणशक्ति न्यून रहने निश्चित छ। दाताहरू जति नै उदार भए पनि केन्द्रीय र स्थानीय तहको प्रशासनलाई ठाउँमा नल्याएसम्म र आधारभूत आवश्यकतालाई पन्छाएर फजुलको सुरक्षा खर्चमा लगानी बन्द नगरेसम्म उनीहरूको सहयोग रकमको सदुपयोग हुँदैन।

**कमजोर स्थानीय प्रशासनः** स्थानीय निकायहरूको पुनःस्थापना गर्नेबारे सर्वदलीय सहमति भइसकेर पनि अझसम्म केही काम हुन सकेको छैन। धेरै जिल्लाका स्थानीय राजनितिज्ञहरूले निर्वाचित प्रतिनिधिहरूको अनुपस्थिति र गाउँ तथा जिल्ला तहका पार्टीहरूबीचको द्वन्द्वले गर्दा विकासनिम्ति विनियोजित रकम खर्च गर्न र आधारभूत सेवाहरू पुऱ्याउन नसकिएको बताएका छन्।[१८६] तैपनि स्थानीय शान्ति समितिहरूको गठन गर्ने काममा भने प्रगति भएको छ। १ जुलाई २००९ सम्ममा नेपालका ७५ मध्ये ५५ ओटा जिल्लाहरूमा स्थानीय शान्ति समितिहरू गठन भइसकेका थिए र शान्ति तथा पुनर्निर्माण मन्त्रालयले ती समितिहरूका लागि सचिवहरू खटाउन थालिसकेको थियो। यी समितिहरू शान्ति प्रक्रियाका निर्णायक तत्त्व ठहरिन सक्नेछन्।

ती समितिहरूले राम्ररी काम गर्न सकेमा त्यसबाट अन्तरपार्टी सहयोग बढ्न जानेछ, स्थानीय तहको झैझगडा हुर्कन नपाई तिनको समाधान हुन सक्नेछ, राहत र पुनर्वास रकमको उपयोगमा सघाउ पुग्नेछ र शान्ति सुरक्षा कायम गर्नमा जिल्ला प्रशासनलाई सहयोग

---

एमालेका सशस्त्र समर्थकहरूबीचको निकै भयानक र उग्र भिडन्त क्राइसिस ग्रुपले प्रत्यक्ष देखेको थियो। (सपाही, धनुषा जिल्ला, १० अप्रिल २००९)।

[१७९] मिडियाको हातमा परेको "सुरक्षा निकाय"को एक प्रतिवेदनमा धेरै सक्रिय (२९) एवं निष्क्रिय (२५) सशस्त्र समूहहरू, अझ धेरै निःशस्त्र सङ्घर्षका आन्दोलनकारीहरू र दबाब समूहहरू (१४१) लाई सूचीकृत गरिएको छ। हेर्नुहोस् रवि धामी, "रोकिएन हत्या-हिंसाको शृङ्खला", *अन्नपूर्ण पोष्ट,* २ जुलाई २००९।

[१८०] उदाहरणका लागि शपथग्रहणपछि पहिलोपल्ट आफ्नो गृह जिल्ला रौतहटको भ्रमणमा गएका प्रधानमन्त्री माधवकुमार नेपाललाई कालो झन्डा देखाउने माओवादीलाई एमालेको युथफोर्सका एक सदस्यले हत्या गरे। केही समाचारमाध्यमहरूले त्यस घटनाको संक्षिप्त समाचार दिए तर प्रमुख पत्रिकाहरूले त्यसको उल्लेखसम्म गरेनन्। "Maoist cadre assaulted by UML cadres succumbs to injuries", nepalnews.com, ६ जून २००९।

[१८१] हालैका आतङ्ककारी आक्रमणहरू बढी अप्रत्यासित किसिमका छन् र सन् १९९६-२००६ को सशस्त्र विद्रोहको दौरान भएका आक्रमणहरूभन्दा नागरिकहरूका लागि बढी खतरापूर्ण छन्। उदाहरणका लागि, काठमाडौंको चर्चमा भएको आक्रमणमा तीन जनाको ज्यान गयो, तर सेप्टेम्बर २००७ मा काठमाडौंमा बसमा गरिएको भयानक बम आक्रमणका अभियुक्त संविधानसभा सदस्य बबन सिंहले आफ्नो नाम अभियोग पत्रबाट हटाउन सफल भए।

[१८२] अपहरणकारीको आरोपमा मानिसलाई कुटीकुटी मार्ने काम निकै बढेको छ। सुरुमा तराईमा कुटपिट र हत्याका यस्ता शृङ्खलाहरू भए र पछि त्यसैको नक्कल गर्दै जताततै हुल्याहा घटनाहरू भएः काठमाडौं नजिक भक्तपुरमा सामान्य मुक्कामुक्कीको घटनामा संलग्न तीन जना स्कूले केटाहरूलाई कुटीकुटी मारियो।

[१८३] कमलराज सिग्देल, . "Massive judicial reforms on anvil", १८ मे २००९।

[१८४] नयाँ प्रधानन्यायाधीश मीनबहादुर रायमाझीले "न्यायालयबाट भ्रष्टाचार उन्मूलनमा" सहयोग गर्न सबै कानुन व्यवसायीहरूलाई आह्वान गरे भने नेपाल बार एसोसियनका अध्यक्ष विश्वकान्त मैनालीले "यदि न्यायालयले निष्पक्ष फैसला दिन सक्यो भने" भ्रष्टाचार उन्मूलनमा न्यायालयले आफैलाई सहयोग गर्न सक्छ भनेर तर्क गरे। "CJ seeks lawyers' help", *The Kathmandu Post*, १८ मे २००९। न्यायाधीशहरूलाई भ्रष्टाचारी भएको भनी टिप्पणी गरेकाले सर्वोच्च अदालतले मैनालीलाई बहस गर्न रोक लगाएपछि पहिले उनी आफै तात्तातो विवादको विषय बनेका थिए। नयाँ प्रधानन्यायाधीशको दृष्टिकोणको विस्तृत विवरणका लागि, "कानुनलाई जनताले सुरक्षा र शान्तिको रूपमा अनुभूत गर्न सकुन", अन्तर्वार्ता, *अन्नपूर्ण पोष्ट,* ११ मे २००९।

[१८५] क्राइसिस ग्रुपले शान्ति र न्यायका मुद्दालाई चाँडै आउने पोलिसी रिपोर्टमा विस्तृत रूपमा समेट्नेछ।

[१८६] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, पश्चिमाञ्चल र मध्यमाञ्चलका जिल्लाहरू, मार्च-अप्रिल २००९।

मिल्नेछ। केही जिल्लाहरूमा सरकारी अधिकारीहरूको प्रोत्साहनमा स्थानीय शान्ति समितिहरूले संवेदनशील विषयहरूलाई हेर्नेगरी आफ्नो कार्यक्षेत्रलाई विस्तार गरेका छन्।[१८७] स्थानीय तहमा सरसहयोग बढाउनाले राष्ट्रिय स्तरमा हुने नाटकीय तवरको राजनीतिक उतार-चढावको प्रभावबाट स्थानीय परिस्थितिलाई जोगाउन सकिन्छ। स्थानीय शान्ति समितिहरूले पार्टी पदाधिकारीहरूलाई, नागरिक समाजका अगुवाहरूलाई, द्वन्द्व पीडितहरूलाई र सिमान्तीकृत समूहहरूलाई एकै ठाउँमा ल्याउन सक्दछन्। त्यसैले यो असल कुरा हो। तथापि यी समितिहरू दीर्घकालीन समाधान भने होइनन्। त्यस्ता समितिहरू निर्वाचित होइनन् र तिनीहरू पारदर्शी पनि हुन सक्दैनन्। त्यसबाहेक, ती समितिहरूले स्थानीय समुदायको आवश्यकतालाई भन्दा आआफ्ना पार्टीहरूको हितनिम्ति काम गरेको देखिन सक्छ (सबै पार्टीकाले भागशान्ति फाइदा लिने गर्नाले)। त्यस्ता समितिहरूले आफूलाई जिम्मेवार निकायहरूको विकल्प ठानी कुर्सी ओगटेर नबसुन् भन्नाका लागि तिनीहरूलाई ससर्त समर्थन दिनुपर्ने हुन्छ।

## ग) सैनिकीकरण रोकिनुपर्छ

सैन्य बजेट बढ्दै जानु चिन्ताको विषय हो। द्वन्द्वमा विराम लागेपछिका समयमा पनि सैन्य खर्चमा वृद्धि गरिएबाट युद्धविरामप्रति पूर्ण विश्वास नरहेको मात्र होइन कि फेरि लडाइँ हुन सक्ने खतरा पनि देखा पर्छ। यसबारे गरिएको गम्भीर प्राज्ञिक विश्लेषणले के देखाएको छ भने द्वन्द्वकालपछि बनेका सबै सरकारहरूले "शान्तिको लाभ" लिँदै सैन्य खर्चमा कटौती गर्नुको साटो सेनामा लगानी बढाउनुलाई द्वन्द्वको पुनरावृत्ति रोक्ने उपाय ठानेका छन्। वास्तवमा यो रणनीति "काम नलाग्नेभन्दा पनि खराब छ", "द्वन्द्वकालपछि सैन्य खर्चमा गरिने वृद्धिले द्वन्द्वलाई रोक्ने होइन बरु फेरि द्वन्द्वलाई बल्झाउने काम गर्छ।"[१८८] यस अध्ययनमा संलग्न विशेषज्ञहरूको भनाइमा उनीहरूको निष्कर्षमा द्वन्द्व दोहोरिने जोखिम बरु कम देखिएको छ। उनीहरू भन्छन्, "सैन्य खर्चमा वृद्धि हुनाले आर्थिक वृद्धि घट्छ भन्ने निक्यौल अरू अनुसन्धानको रहेको छ अनि आर्थिक वृद्धिले द्वन्द्वको जोखिमलाई घटाउँछ।"[१८९] सैन्य खर्चमा कटौती गरेर "शान्तिको लाभ" लिने हो भने त्यसबाट प्रत्यक्षतः द्वन्द्वको जोखिम घट्छ र अप्रत्यक्ष तवरमा आर्थिक वृद्धि भएर स्थायित्व बढ्न जान्छ।

तीन वर्षदेखि युद्धविराम टिकाउ रहँदारहँदै पनि नेपालको सन् २००९-२०१० को बजेटमा रक्षा खर्चमा २७ प्रतिशतभन्दा बढी वृद्धि भएको छ।[१९०] (यसमा रक्षा मन्त्रालयका लागि विनियोजित बजेट रकम मात्र परेको छ, अन्य शीर्षकबाट अप्रत्यक्ष रूपमा सेनालाई जाने रकमहरू परेका छैनन्)। रक्षा मन्त्रालयका लागि भनेर १५ अर्ब ६० करोड रुपियाँ छुट्याइएको छ। त्यसको अर्थ हो जनतालाई बिजुली उपलब्ध गराउनुमा भन्दा बढी रकम सेनामा खर्च गरिनेछ। यो प्राथमिकता उदेकलाग्दो देखिन्छ, किनभने एकातिर औद्योगिक विकासका लागि विद्युत् ऊर्जा अपुग छ र अर्कातिर बिजुलीको अभावबाट प्रभावशाली सहरिया बासिन्दा पीडित छन्। नेपाली सेनाका लागि गरिएको बजेट विनियोजन झन्डै स्वास्थ्यको हाराहारी (१८ अर्ब ५० करोड रुपियाँ) छ र कृषि तथा सिंचाई दुवैका लागि गरिएको विनियोजन जत्तिकै छ।

तैपनि विनियोजित रकम नेपाली सेनाले मागेभन्दा कम छ। नेपाली सेनाले सार्वजनिक रूपमै बजेट रकममा ६० प्रतिशत वृद्धिका लागि आवाज उठाएको थियो। रक्षा मन्त्रालयका प्रतिनिधिले अर्थमन्त्रीलाई भेटी बजेट रकम १८ अर्ब पार्न अनुरोध गरेको बताइन्छ।[१९१] सैनिक अधिकृतहरू सेनाको आधारभुत संरचना र उपकरणहरूका लागि अतिरिक्त रकम आवश्यक परेको बताउँछन्, जुन भनाइमा केही तुक छ।[१९२] सेनाका धेरै (सम्भवतः आधाजति) सिपाहीहरूका लागि ब्यारेकमा बस्ने ठाउँको अभाव छ र उनीहरूले बङ्कर तथा अस्थायी टहराहरूमा बस्नुपरेको छ। यो द्वन्द्वकालमा भएको द्रुत विस्तारको परिणाम हो। त्यस बेला सेनाको तात्कालिक आवश्यकता पूर्ति गर्न रकमको उपयोग गरियो र आधारभूत संरचना बढाउने दीर्घकालीन आवश्यकताप्रति ध्यान दिइएन।

विद्यमान सैन्य शक्तिका लागि आवश्यक दीर्घकालीन सरसुविधाहरू उपलब्ध गराउनुपर्ने माग भएबाट खर्चले धान्न सक्ने शान्तिकालमा सुहाउँदो भूमिकामा बस्न सेना अनिच्छुक रहेको देखिन्छ। त्यसबाहेक ठूलो सङ्ख्यामा हेलिकोप्टरहरू खरिद गर्नुपर्ने माग पनि सेनाको रहेको छ। हुन त हेलिकोप्टरहरू प्राकृतिक प्रकोपको समयमा उपयोगी हुन्छन् तर खासमा सम्भावित द्वन्द्वलाई दृष्टिगत गरेर यसको माग गरिएको देखिन्छ। अझ महत्त्वको कुरा त के छ भने यस्तो खरिदमा सेनाका जर्नेलहरूले लाखौंलाख डलर कमिसनबापत पाउने गर्छन्, जसको लाभ उनीहरूले युद्धकालमा पाएका थिए र त्यसपछि पाउन सकेका छैनन्।

पहिलेझैं[१९३] बजेट शीर्षकहरूमा जनपद र सशस्त्र प्रहरीका खर्च परेका छैनन् र शिविरमा रहेका १९ हजार माओवादी लडाकाहरूको

[१८७] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, स्याङ्जा, गुल्मी र अर्घाखाँचीका जिल्लाहरू, अप्रिल २००९।

[१८८] Paul Collier and Anke Hoeffler, "Military expenditure in post-conflict societies", *Economics of Governance*, अङ्क ७ (२००६), पृ. ८९-१०७।

[१८९] ऐ.ऐ., पृ. १०३।

[१९०] सन् २००८-२००९ को रक्षा बजेट १३ अर्ब ३० करोड रुपियाँ थियो। सन् २००९-२०१० का लागि सरकारले १५ अर्ब ६० करोड रुपियाँ प्रस्ताव गरेको छ। व्यवहारमा त्यसभन्दा बढी खर्च हुन सक्छ। सन् २००८-२००९ को वास्तविक खर्चको अनुमान १४ अर्ब ५० करोड रुपियाँ थियो — यो मूल बजेटमा छुट्याइएको रकमभन्दा १८ प्रतिशत बढी हो। बजेट, २००८-२००९ र २००९-२०१०, नेपाल सरकार।

[१९१] प्रधानसेनापति कटवालले २० अर्ब रुपियाँ बजेट माग गरेका थिए र आखिरमा अर्थमन्त्रालयसँग रु. १८ अर्ब रुपियाँका लागि रक्षामन्त्रीलाई अनुरोध गर्न लगाए भनिन्छ। "NA asks for additional budget", nepalnews.com, १८ जून २००९।

[१९२] क्राइसिस ग्रुपसँग अन्तर्वार्ताहरू, वरिष्ठ सैनिक अधिकृतहरू, पश्चिमाञ्चल र मध्यमाञ्चल क्षेत्र, अप्रिल, जून र जुलाई २००९।

[१९३] हेर्नुहोस् क्राइसिस ग्रुप रिपोर्ट, *नेपालको धर्मराउँदो शान्ति प्रक्रिया,* माथि उल्लेखित, पृ. १८।

खर्च पनि समावेश गरिएको छैन। यी तीनै थरी मिलाउँदा त्यसको सङ्ख्या नेपाली सेनाभन्दा बढी हुन आउँछ। राष्ट्रिय प्रेसमा बजेटबारे भएका विश्लेषणहरूमा नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बलका लागि छुट्याइएका बजेट रकमबारे कुनै चर्चा नहुनु सायद आश्चर्यको कुरा होइन।[१९४] यस सन्दर्भमा अर्थमन्त्री सुरेन्द्र पान्डेले अन्तर्राष्ट्रिय प्रेसलाई उद्योगी तथा लगानीकर्ताहरूको चित्त बुझाउन सुरक्षा खर्च बढाउन विशेष ध्यान दिइएको भन्दै "बजेटमा मेरो प्राथमिकता सुरक्षा क्षेत्रलाई सम्बोधन गर्नु हुनेछ" भनेर सहर्ष बताएको तथ्य पनि उल्लेखनीय छ।[१९५]

शान्ति प्रक्रिया पूरा हुन्जेलका लागि भए पनि सेनाको सङ्ख्या कम गर्नुपर्छ भन्ने सुझाउप्रति विचार गर्न नेपाली सेना तयार नभएको कुरा उसले लुकाएको छैन। यसको अर्थ हो माओवादी लडाकाहरूलाई निःशस्त्र पारेर उनीहरूको पुनर्वास नगरिएसम्म, नयाँ संविधान लेखेर त्यसअन्तर्गत निर्वाचन गरी वैधानिक सरकार नआएसम्म सेनाले आफ्नो सैन्यशक्ति कायम राख्नेछ र त्यसनिम्ति उसमाथि स्रोतसाधन थपिरहनुपर्छ भन्ने हो। ती सबै कार्य सम्पन्न भइसकेपछि पनि सेनाको भनाइमा राष्ट्रिय सुरक्षा रणनीति नबनेसम्म सेनाको सङ्ख्या घटाउने प्रश्न आउँदैन।[१९६]

हुन त नयाँ सरकारले नेपाली सेनाका चर्का मागहरूलाई स्वीकार गरेको छैन, तैपनि यस सरकारले रक्षा बजेटमा गरेको महत्त्वपूर्ण वृद्धिले आर्थिक विकासको घाँटी अँठ्याउनेछ तथा शान्ति प्रक्रियाप्रतिको प्रतिबद्धता खुकुलो भएको देखाउनेछ र आपसी अविश्वास बढाउनेछ। स्वास्थ्य, शिक्षा र उद्योग जस्ता अतिशय महत्त्वका क्षेत्रमा पैसा खर्च नगरी अन्यत्र मोडिनेछ। यसो गरेर माओवादीहरूलाई आक्रामक सङ्केत दिन खोजिनेछ। नेपाली सेनामा भर्ती खुला राख्ने र जनमुक्ति सेनामा भने कटौती गर्नुपर्ने जोडले के देखाउँछ भने शक्ति सन्तुलनको नयाँ स्थिति पैदा गर्न खोजिदैछ जसका कारण माओवादी लडाकाहरूलाई आफ्नो हित रक्षाका लागि भए पनि फेरि युद्धतर्फ धकेल्ने खतरा छ।[१९७] पूरै युद्ध छेड्ने "श्रीलङ्काली मोडेल"को असरले धमिलिएको अहिलेको वातावरणमा यस कदमले स्थायित्व आउन दिँदैन।

## घ) असैनिकीकरण गर्ने

शान्ति प्रक्रियाको सुरुदेखि नै हातहतियार, शिविर तथा सैनिक मामिला उपर मात्र ध्यान केन्द्रित गर्नाले असैनिकीकरणको तीभन्दा ज्यादै महत्त्वपूर्ण कुरा ओझेलमा पर्न गएका छन्। हातहतियारको अनुगमन, समायोजन र पुनर्वास आदि सबै विषय विवादास्पद छन्। तर माओवादी आन्दोलन, राज्य र ससाना राजनीतिक तथा आपराधिक समूहहरूलाई असैनिकीकरण गरिने बृहत्तर सवालहरूको तुलनामा माथिका विषयहरू प्रस्ट गर्न सकिने र साना हुन्। माओवादी सेनाका लडाकासित व्यवहार मिलाउनु र नेपाली सेनालाई जवाफदेही तुल्याउने बन्दोबस्त गर्नु पहिलो कदम हो। राजनीतिक र संस्थागत संस्कारको रूपान्तरणचाहिँ दीर्घकालीन आयोजना हो, जसका लागि नेतृत्व, दृढसङ्कल्प र स्पष्ट दृष्टिको खाँचो पर्दछ।

त्यसको प्रस्थान बिन्दु अयोग्य ठहरिएका लडाकाहरूलाई माओवादीद्वारा शिविरबाट हटाउने काम हुन सक्छ, जुन कुरा गर्ने वचन उनीहरूबाट बारम्बार दिने गरिएको छ।[१९८] यो शान्ति र पुनर्संरचना मन्त्रालयको योजना र अन्तर्राष्ट्रिय संस्थाहरूको सहयोगमा निर्भर रहने कुरा हो। पुनर्वास योजना बनाउँदा यस्तो प्रकारले बनाउनुपर्छ जो शिविर छाड्नेहरूले स्वीकार्न सकुन्, उनीहरूमाथि त्यो लादिनु हुँदैन। आदर्श रूपमा भन्ने हो भने शिविर छोडाउने सफल प्रक्रियाले अघि बढ्ने अरू बाटो खोल्न सक्छ र त्यो विश्वास जगाउने साधन पनि बन्न सक्छ। तर त्यसको सञ्चालन ठीक नभएमा दर्ता गरिएका लडाकाहरूको समायोजन र पुनर्वासको बृहत्तर छलफलमा त्यसले नराम्रो असर पार्न सक्छ।

सेना समायोजन विशेष समितिलाई सक्रिय तुल्याउनु महत्त्वको काम हो। यसको बनोट र नेतृत्व सही हुनु जरुरी छ। त्यसले राजनीतिक र प्राविधिक विषयलाई छुट्याउनुपर्छ। पार्टीहरूले विवादास्पद विषयहरूमा प्राविधिक उपसमितिले निर्णय लिए भइहाल्छ भन्ने सोच्नु हुँदैन। प्राविधिक सुझाउ र विकल्पहरू आवश्यक छन् र त्यसका लागि संयन्त्र पनि छ। तर प्राविधिक संयन्त्रले कडा निर्णयहरू लिन सक्दैन र त्यस्ता निर्णयहरू नलिँदासम्म यसले केही गर्न पनि सक्तैन।

सङ्ख्याको कुरा गर्नैपर्ने हुन्छ, यसलाई धेरै बेर पन्छाइरहन मिल्दैन। प्रधानमन्त्री नेपालले जून २००९ मा छ महिनाभित्र

[१९४] उदाहरणका लागि, बजेटका मुख्य विशेषताहरूको एउटा विस्तृत सर्वेक्षणमा शिक्षा, (४६ अर्ब ५२ करोड रुपियाँ), सडक (१८ अर्ब ४ करोड रुपियाँ), खानेपानी (९ अर्ब ४ करोड रुपियाँ), विद्युत् (१४ अर्ब ६९ करोड रुपियाँ), स्वास्थ्य (१८ अर्ब ६७ करोड), कृषि (८ अर्ब ६० करोड), सिँचाइ (७ अर्ब ९५ करोड) र सामाजिक सुरक्षा (७ अर्ब ७८ करोड)। रमेश श्रेष्ठ, "Sector-wise budget allocations", ekantipur.com, १४ जुलाई २००९।

[१९५] Cherian Thomas, "Nepal will spend more on security as industrial output falters", ब्लुमबर्ग, २४ जून २००९।

[१९६] "नेपाली सेनाको आकारबारे निर्णय निम्न कुराहरूलाई ख्याल गरेर मात्र गरिनुपर्छः नयाँ संविधान बनेर आमनिर्वाचन भएपछि; नयाँ सरकार बनेर राष्ट्रिय सुरक्षा नीतिनिर्माण गरेपछि; जुन कुरा आइपर्ने खतराको मूल्याङ्कन र राष्ट्रिय अर्थतन्त्र र अन्य भू-राजनीतिक कारकहरूहरूका आधारमा तयार गरिनेछ।" "माओवादीका लडाकूहरूको समायोजनको व्यवस्थापन", नेपाली सेनाको ब्रिफिङ, माथि उल्लेखित।

[१९७] Collier and Hoeffler को बुझाइमा, "शान्ति जति लामो समय टिक्छ त्यति नै विद्रोही सङ्गठनको सैनिक क्षमतामा ह्रास आउँछ। यस्तो ह्रास सरकारी सेनाको भन्दा धेरै बढी विद्रोही सेनामा हुन्छ। अन्ततः सरकारी सेनाको सामान्य अवस्था नै शान्तिमा रहने हो। उनीहरूलाई युद्ध गर्नु नपर्ने अवस्थामा उनीहरूमाथि लगानी गरिएको हुन्छ र उनीहरूको रणकौशलको प्रभावकारितालाई तालिमद्वारा कायमै राख्ने गरी सङ्गठित गरिएको हुन्छ। यसको विपरीत शान्ति कायम रहेको लामो अवधिसम्म विद्रोही सेनाले आफै वित्तीय भार धान्ने र रणकौशलले तम्तयार फौजको रूपमा आफूलाई धानेर बसेको उदाहरण इतिहासमा पाइँदैन।" Collier and Hoeffler, माथि उल्लेखित, पृ. ९१।

[१९८] उदाहरणका लागि, प्रधानमन्त्रीका हैसियतमा प्रचण्डले केटाकेटी र सशस्त्र द्वन्द्वबारे संयुक्त राष्ट्रका विशेष प्रतिनिधि राधिका कुमारास्वामीलाई डिसेम्बर २००८ मा नेपाल भ्रमणका क्रममा यसबारे केही गर्ने वचन दिएका थिए। "Nepal Maoists pledge to discharge child soldiers: UN", Agence France-Presse, ५ डिसेम्बर २००८।

समायोजन कार्य सम्पन्न हुनेछ भनी जोड दिँदा त्यो पूरा हुन नसक्ने चाहना जस्तो लाग्थ्यो।[१९९] उनको सरकारले यस प्रतिबद्धतालाई पूरा गर्न आधिकारिक कार्यक्रम त बनाएको छ तर सुरक्षा क्षेत्रमा गरिनुपर्ने सुधारबारे भने मौन छ।[२००] अझ महत्त्वको कुरा के छ भने प्रधानमन्त्री नेपालले सङ्ख्याबारेको छलफललाई कार्यसूचीमा राखे, यद्यपि उनको टिप्पणीलाई गलत ढङ्गले उल्लेख गरियो। उनले पाँच हजार माओवादी लडाकाहरूलाई नेपाली सेनामा समायोजन गरिनेछ भनेको बताइन्छ। माओवादीहरूले त्यस सङ्ख्याबारे रडाको मचाए, तर उनले त्यो भनेको यदि साँचो हो भने त्यो अघि बढ्ने एक कदम हुन सक्छ। प्रथमतः कम्तीमा प्रधानमन्त्रीले नेपाली सेनामा उल्लेखनीय सङ्ख्यामा समायोजन गरिनु शान्ति सम्झौताको एक हिस्सा हो भन्ने तथ्य त स्वीकारे जो उनको रक्षामन्त्रीले गरेका छैनन्। दोस्रो, सम्झौता अघि बढाउनलाई पाँच हजारको सङ्ख्या गतिलो मान्नुपर्छ।[२०१] हुन त नेपालले पछि त्यस भनाइको खण्डन गरे, तर शान्तिमन्त्री रकम चेमजोङले पाँच हजारभन्दा बढीलाई मिसाउन सकिनेमा जोड दिएका थिए।[२०२] अन्तिम नतिजा के हुन्छ त्यो बेग्लै कुरा हो, तर सङ्ख्याबारेको छलफल फाइदाजनक नै हुन्छ।

अन्तर्राष्ट्रिय समर्थनलाई पनि निश्चित दिशामा केन्द्रित गरिनुपर्छ र त्यो समर्थन तत्काल आउनुपर्छ। लामो समयदेखि सैनिक सम्बन्ध राख्ने विशेषगरी संयुक्त राज्य अमेरिका र बेलायत, भारत तथा चीनले समेत समायोजित नेपाली सेनालाई तालिम दिन कसरी मद्दत गर्न सकिन्छ भन्नेतिर सोच्न थाल्नुपर्छ। जनमुक्ति सेनाका लडाकाहरू त्यसमा पनि विशेषतः अधिकृत तहकाहरूलाई रूपान्तरण प्रशिक्षण आवश्यक पर्नेछ। नेपाली सेनामा सुधारको अर्थ अन्तर्राष्ट्रिय सहयोगको प्रकार र तौरतरिकामा पनि सोहीअनुरूप संशोधन हुनेछ। यसबारेको विस्तृत योजना सरकारले बाहिर नल्याईकन छलफल गर्न सक्नेछ र माग भएमा उपलब्ध विकल्पहरूबारे सार्वजनिक रूपमा अवश्यम्भावी परिवर्तनलाई सघाउने कुरामा जोड दिँदै त्यसको व्याख्या गरेमा झन् राम्रो हुन्छ। परिवर्तनलाई रोक्न खोज्नेहरूले भविष्यको सुधारिएको सेनामा आफ्नो प्रभाव निकै घटेको पाउनेछन्।

आखिरमा अझ बढी महत्त्वको कुरा के हो भने असैनिकीकरणको जुन बृहत्तर मुद्दा हो त्यो ओझेलमा पारिनु हुँदैन। शिविरमा रहेका लडाकाहरूको सङ्ख्याबारे तानातान हुनु स्वाभाविक हो तर त्यसबारेको छलफलले मात्रै तत्काल जुन चुनौती औपचारिक सहमतिबाहिरका झुन्डहरूले दिइरहेछन् त्यसको सामना गर्न सकिन्न। मिलिसिया समूहहरू, पार्टीका युवा दस्ताहरू, सशस्त्र झुन्डहरू र हिंसात्मक अपराधी माफियाहरूले सैनिकीकरणको यथार्थलाई प्रतिबिम्बित गर्दछन्। माओवादी र राज्य दुवैको राजनीति सैनिकीकरणयुक्त रहेसम्म टिकाउ समाधान टाढाको वस्तु हुनेछ।

## ङ) भाँजो हाल्नेहरूलाई पुल्पुल्याउन छाड्नुपर्छ

असफल हुने खतरा पहिलेभन्दा बढी छ। माओवादीहरूले सरकारको नेतृत्व लिएको केही महिनादेखि नै "युद्धलाई मौका दिनुपर्छ" भन्ने स्वर बढेको बढ्यै छ। नेपाली सेनाका उच्च अधिकृतहरू शरद् ऋतुसम्ममा माओवादीहरूसित जोरी खोज्ने कुरा गरिरहेका छन्। सेना र राजनीतिक पार्टीहरूभित्रका कट्टर माओवादी विरोधीहरू र अन्यत्रका माओवादी विरोधीहरू यस कुरालाई यथार्थमा परिणत गर्न खूब जोड लगाइरहेछन्। उग्र माओवादीहरू पनि उनीहरूको यस प्रयासलाई क्रान्ति फेरि थाल्ने र जनगणतन्त्र स्थापना गर्ने कुरा गरेर सघाइरहेछन्।

युद्ध चाहनेहरूले अहिले जितिसकेका छैनन्। माओवादी नेतृत्वले आफूलाई काबुबाहिर जान दिएको छैन र शान्ति प्रक्रियाको अनुसरण गर्ने कुरा दोहोऱ्याएको छ। नेपाली काङ्ग्रेस, एमाले र फोरमका संवेदनशील केही नेताहरू द्वन्द्वको पुनरावृत्ति र बढी शक्ति खोज्ने सेनाबाट आउन सक्ने सङ्कटबारे सचेत छन्। प्रायः नजिकका कुरा मात्र देख्ने मिडिया पनि शान्ति प्रक्रियालाई पल्टाउने यस सङ्गठित प्रयास देखेर ब्यूँझिएको छ। माओवादीहरूलाई अविश्वास गर्ने भारतसमेत द्वन्द्वको आगो फेरि सल्किएको हेर्न चाहँदैन र अति सङ्गीन परिस्थितिमा मात्र सेना परिचालन वा राजनीतिक हस्तक्षेपको कार्यलाई उसले समर्थन गर्नेछ।

यसको माने भाँजो हाल्नेहरूको प्राथमिकता भनेको द्वन्द्वको पुनरावृत्ति एकमात्र विकल्प देखिने परिस्थिति सृजना गर्नु हो। त्यसका सम्भावनाहरू अनेक छन्। माओवादीहरूलाई प्रतिरक्षात्मक बनाउन र उनीहरू केही गरी कमजोर देखिए भने उनीहरूको मनसायबारे भय फैल्याउने काम हुन सक्छ र प्रचण्ड भिडियो प्रकरण जस्ता गतिविधि फेरि दोहोरिन सक्छ। प्रेसमा एकदमै अगाडि बढाइएको "शून्य सहिष्णुता"को नीतिको अनुसरण गर्दै यङ कम्युनिस्ट लिगमाथि प्रहार गर्ने र उनीहरूलाई प्रतिप्रहार गर्न लगाउने काम हुन सक्छ। तराईमा बखेडा गर्न कुनै गाह्रो छैन खासगरी त्यहाँको राजनीतिक अन्योल र विभाजनकारी परिस्थितिको फाइदा उठाउने अवसरलाई दृष्टिगत गर्दा। बेथितिको यस अवस्थालाई नियन्त्रण गर्न सङ्कटकालीन स्थितिको घोषणाको प्रस्ताव हुन सक्छ, किनभने यसले गर्दा ढिलो भएको संवैधानिक प्रक्रियालाई अर्को छ महिनाको म्याद मिल्न

[१९९] "Nepal PM says Maoist peace process stalled", Reuters, २५ जून २००९।
[२००] सरकारले जनाएको प्रतिबद्धताअनुसार, "माओवादी लडाकूहरूको रेखदेख, समायोजन र पुनःस्थापन र हतियारको व्यवस्थापन नेपाल सरकार र नेकपा (माओवादी) बीचमा भएको वृहत् शान्ति सम्झौता लगायतका सहमतिमा व्यवस्था भएअनुसार गरिनेछ। माओवादी सेनाको रेखदेख, समायोजन र पुनःस्थापना नयाँ संविधान लेख्ने कार्य पूरा हुनुपूर्व नै गरिनेछ।" नीति तथा कार्यक्रम, माथि उल्लेखित, धारा १९।
[२०१] सुरुको शान्ति सम्झौतावार्तामा संलग्न सम्झौताकारीहरू "केही हजार" माओवादी लडाकूहरू पुनःसरंचित राष्ट्रिय सेनामा प्रवेश गराउन एउटा अलिखित सहमति भएको बताउँछन् भने धेरैजसो गैरमाओवादीहरू पाँच हजारभन्दा तलको सङ्ख्या बताउँछन्। क्राइसिस ग्रुपसँग अन्तर्वार्ता, विभिन्न ठाउँ। विशेषगरी प्रचण्डले शक्तिखोर भिडियोमा सङ्ख्या बढाएको भनेर प्रस्टसँग स्वीकार गर्नाले एनेकपा (माओवादी) को सम्झौताकारी भूमिकामा पुगेको हानिलाई विचार गर्दा प्रधानमन्त्री नेपालले भनेको भनिएको कुल सङ्ख्या मनासिब नै देखिन्छ।
[२०२] चेमजोङले सबै योग्य लडाकूहरूलाई नेपाली सेनामा समावेश गर्न सकिन्छ भनेको बताइन्छ। "Qualified Militias to be integrated into Nepal Army: Minister", *Telegraph Weekly*, २६ जून २००९।

सक्छ। माओवादीहरूको कदम विरुद्ध हस्तक्षेप गर्दा पार्टीहरूको समर्थन पाएबाट हौसिएका राष्ट्रपति यस्तो पाइला चाल्न इच्छुक हुन सक्छन्।

नेपालका शक्तिशाली खेलाडीहरूले निर्णय गर्ने बेला आएको छ। किरण, गौरव जस्ता माओवादी सिद्धान्तकार तथा तिनका गुट यदि आफूलाई साँच्चिकै क्रान्तिकारी हौं भनी देखाउन चाहन्छन् भने उनीहरूले जङ्गल फर्केर "जनयुध्द" चलाउनुपर्छ र यस प्रक्रियाको अङ्ग भएको नाटक गरिरहनु हुँदैन।[२०३] अनि माओवादीका जानी-दुश्मनहरू माओवादीहरू कहिल्यै परिवर्तन हुँदैनन् भन्ने कुरामा पूर्णतः विश्वस्त छन् र युद्ध मात्र एउटा विकल्प हो भनी ठान्छन् भने उनीहरूले पनि भित्रभित्रै "श्रीलङ्का मोडेल"को दूरभिसन्धि रच्नुभन्दा खुलेर बाहिर आए बेस हुन्छ। यदि दुवै पक्षका युद्धउन्मादीहरूमा आफ्ना विचारलाई अभ्यासमा ल्याउने हिम्मत छैन भने उनीहरूलाई प्रक्रियालाई होच्याउने काम बन्द गर भनेर कसैले भन्नुपर्ने हुन्छ। दुवैतर्फका अतिवादी तत्त्वहरू लगातार शान्ति प्रक्रियामा विश्वास नभएको रटान लगाएर मुठभेडको स्थितिलाई बढावा दिन चाहन्छन् भने त्यस्तो अवस्थामा विश्वासको वातावरण सृजना गर्न सकिन्न।

नागरिक समाजले आफ्नो एकता र विश्वसनीयता केही हदसम्म गुमाएको हुन सक्छ तर यस सन्देशलाई अघि बढाउन उनीहरू एक हुनुपर्छ। भाँजो हाल्नेहरूलाई प्रोत्साहित गर्ने काम जानी नजानी जानकारहरूबाटै भएको छ। त्यस्ताहरूले शान्ति प्रक्रियामा बिगार गर्नुअगावै उनीहरूलाई पुल्पुल्याउने काम बन्द गर्नुपर्छ।

२०३ भारतीय माओवादीले सल्लाह दिएअनुसार उनीहरूले "चुनावी खेलमा जानु व्यर्थ हो भन्ने महसुस गर्नेछन् र बरु गाउँमा जनयुद्धको विकास गर्न र वर्गसङ्घर्ष निर्माण गर्नमा उनीहरूले ध्यान केन्द्रित गर्नुपर्छ।" यसो गर्नका लागि उनीहरूले "लडाकूहरूका लागि संयुक्त राष्ट्रको निगरानीमा रहेका जेलजस्ता ब्यारेकहरूबाट जनमुक्ति सेनालाई बाहिर निकाल्नुपर्छ, विभिन्न तहमा जनक्रान्तिको शक्तिका अवयवहरूलाई ब्यूँताउनुपर्छ, आधार इलाकाहरू पुनः कब्जा गर्नुपर्छ र अझ घनीभूत बनाउनुपर्छ र गुरिल्ला युद्ध, वर्गसङ्घर्ष र आमसङ्घर्ष राष्ट्रभरि फैलाउनुपर्छ" एनेकपा (माओवादी) लाई खुलापत्र, माथि उल्लेखित।

## ८. निष्कर्ष

नेपालका लागि सन्देहयुक्त आशावादिता अझै एउटा विकल्पको रूपमा रहेको छ, तर यसको ठाउँ साँघुरिँदै गएको छ। शान्ति प्रक्रियाबाट धेरै घतलाग्दा उपलब्धिहरू प्राप्त भएका छन् — गतिलो युद्धविरामदेखि सफल निर्वाचन र प्रजातान्त्रिक संविधान लेखन प्रक्रियाको सुरुआतसम्म। धेरै डरलाग्दा विपत्तिहरूलाई पन्छाउन सकिएको छ। सबै पार्टीहरूमा सक्षम र प्रतिबद्ध नेताहरू छन् जसका सार्वजनिक अभिव्यक्तिहरू उक्साउने खालका भए पनि परेका बेला उनीहरूमा दूरदृष्टि र जिम्मेवारीपनको कमी पाइँदैन। बृहत्तर राष्ट्रिय हितका लागि वार्ता, सम्झौता र सहयोग गर्ने पार्टीहरूको क्षमतामा केही ह्रास आए पनि त्यो समाप्त भइसकेको छैन।

बहुसङ्ख्यक नेपालीहरूले एनेकपा (माओवादी) लाई एउटा राजनीतिक पार्टीका रूपमा स्वीकारिसकेका छन्, यद्यपि उनीहरूले अहिले पनि देखाइरहेका हिंसात्मक शैलीप्रति भने नेपाली जनताको मनमा केही संशय छ। तर पनि अधिकांश नेपालीहरू माओवादीहरूलाई पुराना पार्टीहरूको प्रतिरूप हुनुको सट्टा एउटा प्रजातान्त्रिक पार्टी भएको हेर्न चाहन्छन्। जनतामा सन् १९९० को दशकमा देखिएको भ्रष्ट आचरण, निजी स्वार्थ र आत्मघाती व्यवहारबाट उनीहरू टाढा रहुन् भन्ने चाहना रहेको छ। एमाले छँदैछ, जनता एमालेको अर्को अवतार हेर्न चाहँदैनन्, केही नयाँ चाहन्छन्। तर त्यसो गर्नु साटो माओवादीहरू आफ्नो खराब आचरण प्रदर्शन गर्न मात्र होइन अरूको खराब बानीबेहोराको नक्कल गर्नमा सिपालु देखिन्छन्।

असफल हुने सम्भावना छँदैछैन भन्नुचाहिँ साह्रै अबुझ कुरा हुनजाला। सहमतिको राजनीति भग्नावस्थामा छ र विद्यमान अनेक थरीका स्वार्थहरू तिक्तता र अविश्वासको स्रोत बनेका छन्। राजा गइसकेको अवस्थामा कोही साझा शत्रु बाँकी रहेन जसको विरुद्ध एकबद्ध हुन सकियोस्। राजनीतिक पार्टीहरू कमजोर र विभाजित छन्। राज्यले शासन क्षमता र वैधानिकता गुमाउँदैछ। शान्ति सम्झौताका लागि नभई नहुने क्षमतावान् इमानदार मध्यस्थकर्ताहरूको पूर्णतः अभाव छ। नागरिक समाज खण्डित छ, संयुक्त राष्ट्रले आफ्नो चमक गुमाएको छ र भारत एकपक्षीय र हस्तक्षेपकारी देखिएको छ। निर्वाचनमा सबैले राम्रो परिणाम ल्याउने आशा गरेका थिए र त्यसले अन्तर्राष्ट्रिय ध्यान पनि आकर्षित गर्न सकेको थियो। त्यसको रमाइलो पनि सकिएको छ। संवैधानिक प्रक्रिया खोच्याउँदै अघि बढेको छ, तर यसले राजनीतिक उत्साह पैदा गर्न सकेको छैन। त्यसो किन पनि भएको हो भने संवैधानिक प्रक्रिया सम्पन्न भएपछि फेरि चुनावको मुख हेर्नुपर्ने हुन्छ र त्यसका लागि धेरै पार्टीहरू तयार छैनन्। युद्धको पुनरावृत्ति चाहनेहरूले आफ्नो अभीष्टलाई लुकाएका छैनन् र उनीहरूलाई धाप दिनेहरूको पनि कमी छैन। शान्ति प्रक्रिया धेरै जटिल बन्दै गएको छ र नाजुक पनि भएको छ।

अहिले चुलिएको तनाव र मुठभेडको मनोदशा शान्ति प्रक्रिया बनाउँदाखेरिको नतिजा हो। मुख्य-मुख्य पार्टीहरूबीच नै यसबारे

प्रस्टता र एकमत थिएन। नेपाली काङ्ग्रेसमा कोइरालाको एकलौटी थियो र उनले आफ्ना पार्टीका वरिष्ठ वा कनिष्ठ कुनै पनि नेताहरूसित रणनीतिबारे छलफल गर्दैनथे, उनीहरूको सहमति लिने त कुरै छाडौं। प्रचण्ड बहुधा आफ्नो पार्टी र जनमुक्ति सेनाभन्दा अगाडि रहन्थे जसका कारण असहमति उत्पन्न हुन्थ्यो। हाल आन्तरिक प्रतिपक्षको नेतृत्व गर्ने किरण र गौरव सम्झौता वार्ताहरू सम्पन्न हुँदा जेलमा थिए र बाह्रबुँदे सम्झौता वा युद्धविरामप्रति जिम्मेवारी भएको महसुस गर्दैनन् र उनीहरूको अपनत्व भाव पनि छैन। एमाले प्रारम्भिक चरणका महत्त्वपूर्ण वार्ताहरूमा सामेल थिएन, बीचमा पस्न आएको थियो र आफ्नो आन्तरिक राजनीतिमै हराउँदै गएको थियो। शान्ति वार्तामा नेपाली सेनाको प्रतिनिधित्व रहेको थिएन (र त्यसको परिणामलाई उसले कहिल्यै स्वीकार गरेन)। नेपाली सेना अझै आफ्नो प्रतिनिधित्व नभएको ठान्छ र संस्थागत रूपमा परिवर्तनलाई आत्मसात् गर्न सक्षम रहेको देखाउन उसले कुनै कदम चालेको छैन।

सबभन्दा महत्त्वपूर्ण कुराचाहिं सन् २००५ को मध्यतिर आफ्नो नीतिलाई नयाँ मोड दिएकोमा भारतलाई अहिले ग्लानि भइरहेको छ। राजालाई मिल्क्याएर माओवादी तथा मूलधारको राजनीतिक गठबन्धनलाई समर्थन गर्ने निर्णय उच्चस्तरमा भएको गम्भीर छलफलपछि लिइएको थियो, तर यसको कार्यान्वयनको जिम्मा भने खुफिया एजेन्टहरूलाई दिइयो। भारत सरकारले यस नीतिका सम्भावित विरोधीहरू (भारतीय सेना र विभिन्न पार्टीहरूभित्रका शङ्कालुहरू) लाई विश्वासमा लिएन र त्यसपछि पनि क्षेत्रीय नीतिको यस्तो महत्त्वपूर्ण विषयमा छलफल चलाउने प्रयास नयाँ दिल्लीबाट भएन। संसदले यसबारे मन्त्रीहरूलाई दोषी ठहऱ्याएन, सरकारी अधिकारीहरूले न यसलाई स्वीकारेका छन् न त आफ्ना गल्तीबारे जवाफ नै दिएका छन्। के कुरा दुःखलाग्दो र विडम्बनापूर्ण मान्नुपर्छ भने नयाँ दिल्लीको आफ्नै प्रजातान्त्रिक कमजोरीले गर्दा अहिले नेपालको प्रजातन्त्रतर्फको सङ्क्रमण धरापमा परेको छ, जुन परिवर्तनलाई सुरुमा भारतले बडो साहसपूर्वक समर्थन प्रदान गरेको थियो। भारतले मुन्टो बटार्नाले नेपालको स्थायित्व र भारतको आफ्नै भित्री स्वार्थमा घाटा पुग्ने खतरा पैदा भएको छ।

तर भारतले चाहे पनि नेपालमा शासन गर्न सक्दैन। नेपालका समस्याहरूको प्राथमिक जिम्मेवार भारत होइन पनि। शान्ति प्रक्रियाको उद्धार अझै गर्न सकिन्छ र राजनीतिक नेताहरूका लागि ऐतिहासिक भूमिका खेल्ने ठाउँ अहिले पनि छ। युद्धविराम लागू गर्ने, निर्वाचन सम्पन्न गर्ने र संविधान मस्यौदा प्रक्रियाको थालनी गर्ने कामका लागि दुवै पक्षको राजनीतिक सुझबुझ र साहसको खाँचो थियो। दबाब परेका बेला शीर्षस्थ नेताहरूले यी गुणहरूको प्रदर्शन गरेर देखाएका छन्। तर राजनीतिक प्रक्रिया कमजोर संस्थाहरूप्रति निर्भर छ। राज्यका अङ्गहरू अत्यन्त नाजुक अवस्थामा छन्, पार्टीहरू आफ्नै आन्तरिक कलह र व्यक्तित्वको झगडामा फँसेका छन्। कसैलाई मन परे पनि नपरे पनि टिकाउ शान्तितर्फको यात्रालाई ब्युँताउने आशा दुई जना व्यक्तिमा टिकेको छ — पुष्पकमल दाहाल र गिरिजाप्रसाद कोइराला। उनीहरूबीचको गत्यात्मक सम्बन्ध बिग्रिएको छ, तर उनीहरूले चाहेमा प्रक्रियालाई फेरि सुरुआती झट्का दिन सक्छन्।

उनीहरूले पहिले देखाएका अलिकति मात्रै साहस अहिले देखाए भने नेपालको गुमेको प्रतिष्ठा र थङथिलो भएको सार्वभौमिकतालाई उनीहरूले फर्काउन सक्नेछन्। शान्ति प्रक्रियालाई फराकिलो बनाएर पार्टीहरू र अन्य खेलाडीहरूलाई ठाउँ दिनाले शान्ति, प्रजातन्त्र र परिवर्तनको बाचा पूरा हुन सक्नेछ, जुन कुरा पाउन अप्रिल २००६ मा जनता सडकमा ओर्लेका थिए। उनीहरू यसमा असफल भए भने बढ्दो असमानता, कमजोर हुँदै गएको राज्य, राजनीतिक रूपमा सचेत र अधिर जनसङ्ख्याले गर्दा नेपाल क्रान्तिका लागि परिपक्व देश बन्नेछ।

**काठमाडौं /ब्रसेल्स, १३ अगस्ट २००९**

# अनुसूची क
# नेपालको नक्सा




Map No. 4304 UNITED NATIONS
January 2007 (Colour)

Department of Peacekeeping Operations
Cartographic Section

# अनुसूची ख
# इन्टरन्यासनल क्राइसिस ग्रुपको परिचय

इन्टरन्यासनल क्राइसिस ग्रुप (क्राइसिस ग्रुप) स्वतन्त्र, गैरनाफामुखी गैरसरकारी संस्था हो। पाँचओटै महादेशमा यसका झन्डै १३० कर्मचारीहरू कार्यरत छन्। यस संस्थाले स्थलगत अनुसन्धानमा आधारित विश्लेषण तथा उच्चस्तरमा पैरवी गरेर द्वन्द्व रोक्ने र चर्किएको द्वन्द्व समाधान गर्ने प्रयास गर्दछ।

क्राइसिस ग्रुपको काम गर्ने मुख्य आधार स्थलगत अनुसन्धान हो। द्वन्द्व सुरु हुन सक्ने, बढ्न सक्ने र दोहोरिन सक्ने देशहरू अथवा छेउछाउका देशहरूमा क्राइसिस ग्रुपका राजनीतिक विश्लेषकका टोलीहरू काम गर्दछन्। स्थलगत अनुसन्धानबाट प्राप्त सूचना र मूल्याङ्कनका आधारमा क्राइसिस ग्रुपले प्रमुख अन्तर्राष्ट्रिय निर्णयकर्ताहरूसमक्ष पेस गर्न व्यावहारिक सुझाउसहितको विश्लेषणात्मक प्रतिवेदन तयार पार्छ। क्राइसिस ग्रुपले १२ पृष्ठको *क्राइसिस वाच* नामको मासिक बुलेटिन पनि प्रकाशन गर्छ। यस बुलेटिनले संसारभरिका द्वन्द्व चलिरहेका र द्वन्द्व हुन सक्ने ठाउँहरूमा के भइरहेछ त्यसबारे ताजा जानकारी गराउँछ।

क्राइसिस ग्रुपले तयार पारेको प्रतिवेदन र सूचना इमेलमार्फत सम्बन्धित सबैलाई वितरण गरिन्छ र त्यसका साथै क्राइसिस ग्रुपको वेबसाइट www.crisisgroup.org मा पनि उपलब्ध गराइन्छ। त्यसबाहेक क्राइसिस ग्रुपले आफ्ना विश्लेषणहरूतर्फ ध्यान आकर्षण गराउन र आफ्ना सुझाउहरूप्रति समर्थन जुटाउन सरकार र सरकारलाई प्रभाव पार्न सक्ने व्यक्ति, सङ्घसंस्था तथा सञ्चार जगत्सँग मिलेर काम गर्छ।

राजनीतिक, कूटनीतिक र व्यापारिक क्षेत्र तथा सञ्चार जगत्का प्रतिष्ठित व्यक्तिहरू रहेको क्राइसिस ग्रुपको बोर्डले क्राइसिस ग्रुपको सुझाउ र प्रतिवेदनलाई संसारभरिकै उच्च तहका नीति-निर्माताहरूसमक्ष पुऱ्याउन प्रत्यक्ष सहयोग गर्छ। क्राइसिस ग्रुपको सहअध्यक्षमा युरोपेली सङ्घका परराष्ट्र मामिलाका पूर्व आयुक्त क्रिष्टोफर प्याटन र पूर्व अमेरिकी राजदूत टमस पिकरिङ हुनुहुन्छ। सन् २००९ को जुलाईदेखि क्राइसिस ग्रुपको अध्यक्ष तथा कार्यकारी प्रमुखमा लुइस आर्बर रहनुभएको छ। उहाँ राष्ट्रसङ्घीय मानवअधिकारका पूर्व उच्च आयुक्त हुनुहुन्छ र उहाँले पहिलेको युगोस्लोभिया र रुवान्डाका लागि अन्तर्राष्ट्रिय फौजदारी विशेष अदालतको प्रमुख अभियोक्ता भएर काम गरिसक्नुभएको छ।

क्राइसिस ग्रुपको अन्तर्राष्ट्रिय मुख्यालय ब्रसेल्समा छ। आफ्ना पैरवीसम्बन्धी कामहरूलाई अघि बढाउन यसका कार्यालयहरू वासिङ्टन डीसी (जहाँ यो संस्था दर्ता भएको छ), न्युयोर्क र लन्डनमा रहेका छन्। यसका सम्पर्क कार्यालय मस्को र बेइजिङमा स्थापित गरिएका छन्। हाल सञ्चालनमा रहेका यस संस्थाका नौओटा क्षेत्रीय कार्यालयहरू बिस्केक, बोगोटा, डाकार, इस्लामावाद, स्तानबुल, जर्काता, नैरोबी, प्रिस्टिना र तिबलिसीमा छन् र स्थलगत अनुसन्धानका लागि १८ अतिरिक्त स्थानमा कार्यालयहरू छन्। (अबुजा, बाकु, ब्याङ्कक, बेरुत, काइरो, कोलम्बिया, दमास्कस, डिली, जेरुसेलम, काबुल, काठमाडौं, किन्सासा, औगाडौगो, पोर्ट-औ-प्रिन्स, प्रिटोरिया, साराएभो, सिओल र तेहरान) द्वन्द्वका सम्भावना भएका र द्वन्द्वग्रस्त रहेका चारओटा महादेशका ६० भन्दा बढी क्षेत्रहरूमा यसका विश्लेषकहरू हाल कार्यरत छन्। यीमध्ये अफ्रिकामा बुरुन्डी, क्यामरुन, मध्य अफ्रिकी गणतन्त्र, चाद, कोट डे आइभर, प्रजातान्त्रिक गणतन्त्र कंगो, इरिट्रिया, इथियोपिया, गिनी, गिनी-बिसाउ, केन्या, लाइबेरिया, नाइजेरिया, रुवान्डा, सियरा लिओन, सोमालिया, दक्षिण अफ्रिका, सुडान, युगान्डा र जिम्बाबे तथा एसियामा अफगानिस्तान, बाङ्लादेश, बर्मा/म्यानमार, इन्डोनेसिया, कश्मीर, कजाखस्तान, कीर्गिजिस्थान, नेपाल, उत्तर कोरिया, पाकिस्तान, फिलिपिन्स, श्रीलङ्का, ताइवान, ताजिकिस्तान, थाइल्यान्ड, तिमोर-लेस्ते, तुर्केमेनिस्तान र उज्वेकिस्तान तथा युरोपमा अरमेनिया, अजरवैजान, बोस्निया-हर्जगोभिना, साइप्रस, जर्जिया, कोसोभो, म्यासोडोनिया, रसिया (उत्तर ककेसस), सर्विया, टर्की र युक्रेन तथा मध्यपूर्वी र उत्तर अफ्रिकामा अल्जेरिया, इजिप्ट, खाडी राज्यहरू, इरान, इराक, इजरायल-प्यालेस्टाइन, लेबनान, मोरक्को, साउदी अरब, सिरिया र यमन तथा ल्याटिन अमेरिकामा क्यारेबियन, बोलिभिया, कोलम्बिया, इक्वेडर, ग्वाटेमाला, हाइटी र भेनेजुयला पर्दछन्।

क्राइसिस ग्रुपले सरकार, परोपकारी गुठी र सङ्घसंस्था र व्यक्तिगत चन्दादाताहरूबाट आफ्नो कोषमा रकम जुटाँउछ। हाल विभिन्न देशका निम्न सरकारी निकाय एवं संस्थाहरूले रकम उपलब्ध गराउँछन्: अस्ट्रेलियाको अन्तर्राष्ट्रिय विकास एजेन्सी (एएआईडी), अस्ट्रेलियाको परराष्ट्र तथा वाणिज्य मन्त्रालय, अस्ट्रियाको विकास संस्था, बेल्जियमको परराष्ट्र मन्त्रालय, क्यानेडेली वैदेशिक व्यापार तथा विदेश मामिला विभाग, क्यानेडेली अन्तर्राष्ट्रिय विकास एजेन्सी, क्यानाडेली अन्तर्राष्ट्रिय विकास अनुसन्धान केन्द्र, चेक परराष्ट्र मन्त्रालय, हल्यान्डको परराष्ट्र मन्त्रालय, डेनमार्कको परराष्ट्र मन्त्रालय, फिनल्यान्डको परराष्ट्र मन्त्रालय, फ्रान्सको परराष्ट्र मन्त्रालय, जर्मन विदेश विभाग, आयरल्यान्डको आइरिस सहयोग संस्था, जापान अन्तर्राष्ट्रिय सहयोग नियोग (जाइका) लिख्टेन्स्टाइनको परराष्ट्र मन्त्रालय, लक्जेम्बर्गको परराष्ट्र मन्त्रालय, न्युजिल्यान्ड अन्तर्राष्ट्रिय विकास नियोग, नर्वेको परराष्ट्र मन्त्रालय, स्वीडेनको परराष्ट्र मन्त्रालय, स्वीस सङ्घीय परराष्ट्र विभाग, टर्कीको परराष्ट्र मन्त्रालय, संयुक्त अरब इमिरेट्सको परराष्ट्र मन्त्रालय, अन्तर्राष्ट्रिय विकास विभाग, संयुक्त अधिराज्य बेलायतको आर्थिक तथा सामाजिक अनुसन्धान परिषद् र अमेरिकी अन्तर्राष्ट्रिय विकास संस्था (युएसएड) छन्।

क्राइसिस ग्रुपको *सेक्युरिङ दी फ्युचर* कोषमा वार्षिक सहयोग तथा अनुदान दिने निजी क्षेत्र र संस्थागत दाताहरू निम्न छन्: Carnegie Corporation of New York, Carso Foundation, Compton Foundation, Ford Foundation, Fundación DARA Internacional, Iara Lee and George Gund III Foundation, William & Flora Hewlett Foundation, Hunt Alternatives Fund, Kimsey Foundation, Korea Foundation, John D. & Catherine T. MacArthur Foundation, Charles Stewart Mott Foundation, Open Society Institute, Pierre and Pamela Omidyar Fund, Victor Pinchuk Foundation, Ploughshares Fund, Provictimis Foundation, Radcliffe Foundation, Sigrid Rausing Trust, Rockefeller Philanthropy Advisors and Viva Trust.

**अगस्ट २००९**

# अनुसूची ग
# क्राइसिस ग्रुपले सन् २००६ देखि तयार पारेका एसियासम्बन्धी प्रतिवेदन र जानकारीहरू

## CENTRAL ASIA

***Uzbekistan: In for the Long Haul***, Asia Briefing N°45, 16 February 2006 (also available in Russian)

***Central Asia: What Role for the European Union?***, Asia Report N°113, 10 April 2006

***Kyrgyzstan's Prison System Nightmare,*** Asia Report N°118, 16 August 2006 (also available in Russian)

***Uzbekistan: Europe's Sanctions Matter***, Asia Briefing N°54, 6 November 2006

***Kyrgyzstan on the Edge***, Asia Briefing N°55, 9 November 2006 (also available in Russian)

***Turkmenistan after Niyazov***, Asia Briefing N°60, 12 February 2007

***Central Asia's Energy Risks***, Asia Report N°133, 24 May 2007 (also available in Russian)

***Uzbekistan: Stagnation and Uncertainty***, Asia Briefing N°67, 22 August 2007

***Political Murder in Central Asia: No Time to End Uzbekistan's Isolation***, Asia Briefing N°76, 13 February 2008

***Kyrgyzstan: The Challenge of Judicial Reform,*** Asia Report N°150, 10 April 2008 (also available in Russian)

***Kyrgyzstan: A Deceptive Calm***, Asia Briefing N°79, 14 August 2008 (also available in Russian)

***Tajikistan: On the Road to Failure***, Asia Report N°162, 12 February 2009

## NORTH EAST ASIA

***China and North Korea: Comrades Forever?***, Asia Report N°112, 1 February 2006 (also available in Korean)

***After North Korea's Missile Launch: Are the Nuclear Talks Dead?***, Asia Briefing N°52, 9 August 2006 (also available in Korean and Russian)

***Perilous Journeys: The Plight of North Koreans in China and Beyond***, Asia Report N°122, 26 October 2006 (also available in Korean and Russian)

***North Korea's Nuclear Test: The Fallout***, Asia Briefing N°56, 13 November 2006 (also available in Korean and Russian)

***After the North Korean Nuclear Breakthrough: Compliance or Confrontation?***, Asia Briefing N°62, 30 April 2007 (also available in Korean and Russian)

***North Korea-Russia Relations: A Strained Friendship***, Asia Briefing N°71, 4 December 2007 (also available in Russian)

***South Korea's Election: What to Expect from President Lee***, Asia Briefing N°73, 21 December 2007

***China's Thirst for Oil,*** Asia Report N°153, 9 June 2008 (also available in Chinese)

***South Korea's Elections: A Shift to the Right***, Asia Briefing N°77, 30 June 2008

***North Korea's Missile Launch: The Risks of Overreaction***, Asia Briefing N°91, 31 March 2009

***China's Growing Role in UN Peacekeeping***, Asia Report N°166, 17 April 2009 (also available in Chinese)

***North Korea's Chemical and Biological Weapons Programs***, Asia Report N°167, 18 June 2009

***North Korea's Nuclear and Missile Programs***, Asia Report N°168, 18 June 2009

***North Korea: Getting Back to Talks***, Asia Report N°169, 18 June 2009

## SOUTH ASIA

***Nepal: Electing Chaos***, Asia Report N°111, 31 January 2006

***Pakistan: Political Impact of the Earthquake***, Asia Briefing N°46, 15 March 2006

***Nepal's Crisis: Mobilising International Influence***, Asia Briefing N°49, 19 April 2006

***Nepal: From People Power to Peace?***, Asia Report N°115, 10 May 2006 (also available in Nepali)

***Afghanistan's New Legislature: Making Democracy Work***, Asia Report N°116, 15 May 2006

***India, Pakistan and Kashmir: Stabilising a Cold Peace***, Asia Briefing N°51, 15 June 2006

***Pakistan: the Worsening Conflict in Balochistan***, Asia Report N°119, 14 September 2006

***Bangladesh Today***, Asia Report N°121, 23 October 2006

***Countering Afghanistan's Insurgency: No Quick Fixes***, Asia Report N°123, 2 November 2006

***Sri Lanka: The Failure of the Peace Process***, Asia Report N°124, 28 November 2006

***Pakistan's Tribal Areas: Appeasing the Militants***, Asia Report N°125, 11 December 2006

***Nepal's Peace Agreement: Making it Work***, Asia Report Nº126, 15 December 2006

***Afghanistan's Endangered Compact***, Asia Briefing Nº59, 29 January 2007

***Nepal's Constitutional Process***, Asia Report N°128, 26 February 2007 (also available in Nepali)

***Pakistan: Karachi's Madrasas and Violent Extremism***, Asia Report N°130, 29 March 2007

***Discord in Pakistan's Northern Areas***, Asia Report N°131, 2 April 2007

***Nepal's Maoists: Purists or Pragmatists?***, Asia Report N°132, 18 May 2007 (also available in Nepali)

***Sri Lanka's Muslims: Caught in the Crossfire***, Asia Report N°134, 29 May 2007

***Sri Lanka's Human Rights Crisis***, Asia Report N°135, 14 June 2007

***Nepal's Troubled Tarai Region***, Asia Report N°136, 9 July 2007 (also available in Nepali)

***Elections, Democracy and Stability in Pakistan***, Asia Report N°137, 31 July 2007

***Reforming Afghanistan's Police***, Asia Report N°138, 30 August 2007

***Nepal's Fragile Peace Process***, Asia Briefing N°68, 28 September 2007 (also available in Nepali)

***Pakistan: The Forgotten Conflict in Balochistan***, Asia Briefing N°69, 22 October 2007

***Sri Lanka: Sinhala Nationalism and the Elusive Southern Consensus***, Asia Report N°141, 7 November 2007

***Winding Back Martial Law in Pakistan***, Asia Briefing N°70, 12 November 2007

***Nepal: Peace Postponed***, Asia Briefing N°72, 18 December 2007 (also available in Nepali)

***After Bhutto's Murder: A Way Forward for Pakistan***, Asia Briefing N°74, 2 January 2008

***Afghanistan: The Need for International Resolve***, Asia Report N°145, 6 February 2008

***Sri Lanka's Return to War: Limiting the Damage***, Asia Report N°146, 20 February 2008

***Nepal's Election and Beyond,*** Asia Report N°149, 2 April 2008 (also available in Nepali)

***Restoring Democracy in Bangladesh,*** Asia Report N°151, 28 April 2008

***Nepal's Election: A Peaceful Revolution?***, Asia Report N°155, 3 July 2008 (also available in Nepali)

***Nepal's New Political Landscape***, Asia Report N°156, 3 July 2008 (also available in Nepali)

***Reforming Pakistan's Police***, Asia Report N°157, 14 July 2008

***Taliban Propaganda: Winning the War of Words?***, Asia Report N°158, 24 July 2008

***Sri Lanka's Eastern Province: Land, Development, Conflict***, Asia Report N°159, 15 October 2008

***Reforming the Judiciary in Pakistan***, Asia Report N°160, 16 October 2008

***Bangladesh: Elections and Beyond***, Asia Briefing N°84, 11 December 2008

***Policing in Afghanistan: Still Searching for a Strategy***, Asia Briefing N°85, 18 December 2008

***Nepal's Faltering Peace Process***, Asia Report N°163, 19 February 2009 (also available in Nepali)

***Afghanistan: New U.S. Administration, New Directions***, Asia Briefing N°89, 13 March 2009

***Pakistan: The Militant Jihadi Challenge***, Asia Report N°164, 13 March 2009

***Development Assistance and Conflict in Sri Lanka: Lessons from the Eastern Province***, Asia Report N°165, 16 April 2009

***Pakistan's IDP Crisis: Challenges and Opportunities,*** Asia Briefing N°93, 3 June 2009

***Afghanistan's Election Challenges***, Asia Report N°171, 24 June 2009

***Sri Lanka's Judiciary: Politicised Courts, Compromised Rights***, Asia Report N°172, 30 June 2009

## SOUTH EAST ASIA

***Papua: The Dangers of Shutting Down Dialogue,*** Asia Briefing N°47, 23 March 2006 (also available in Indonesian)

***Aceh: Now for the Hard Part***, Asia Briefing N°48, 29 March 2006

***Managing Tensions on the Timor-Leste/Indonesia Border***, Asia Briefing N°50, 4 May 2006

***Terrorism in Indonesia: Noordin's Networks***, Asia Report N°114, 5 May 2006 (also available in Indonesian)

***Islamic Law and Criminal Justice in Aceh***, Asia Report N°117, 31 July 2006 (also available in Indonesian)

***Papua: Answers to Frequently Asked Questions***, Asia Briefing N°53, 5 September 2006

***Resolving Timor-Leste's Crisis***, Asia Report N°120, 10 October 2006 (also available in Indonesian)

***Aceh's Local Elections: The Role of the Free Aceh Movement (GAM)***, Asia Briefing N°57, 29 November 2006

***Myanmar: New Threats to Humanitarian Aid***, Asia Briefing N°58, 8 December 2006

***Jihadism in Indonesia: Poso on the Edge***, Asia Report N°127, 24 January 2007 (also available in Indonesian)

***Southern Thailand: The Impact of the Coup***, Asia Report N°129, 15 March 2007 (also available in Thai)

***Indonesia: How GAM Won in Aceh*** , Asia Briefing N°61, 22 March 2007

***Indonesia: Jemaah Islamiyah's Current Status***, Asia Briefing N°63, 3 May 2007

***Indonesia: Decentralisation and Local Power Struggles in Maluku***, Asia Briefing N°64, 22 May 2007

***Timor-Leste's Parliamentary Elections***, Asia Briefing N°65, 12 June 2007

***Indonesian Papua: A Local Perspective on the Conflict***, Asia Briefing N°66, 19 July 2007 (also available in Indonesian)

***Aceh: Post-Conflict Complications***, Asia Report N°139, 4 October 2007 (also available in Indonesian)

***Southern Thailand: The Problem with Paramilitaries***, Asia Report N°140, 23 October 2007 (also available in Thai)

***"Deradicalisation" and Indonesian Prisons***, Asia Report N°142, 19 November 2007 (also available in Indonesian)

***Timor-Leste: Security Sector Reform***, Asia Report N°143, 17 January 2008 (also available in Tetum)

***Indonesia: Tackling Radicalism in Poso***, Asia Briefing N°75, 22 January 2008

***Burma/Myanmar: After the Crackdown***, Asia Report N°144, 31 January 2008

***Indonesia: Jemaah Islamiyah's Publishing Industry***, Asia Report N°147, 28 February 2008 (also available in Indonesian)

***Timor-Leste's Displacement Crisis***, Asia Report N°148, 31 March 2008

***The Philippines: Counter-insurgency vs. Counter-terrorism in Mindanao***, Asia Report N°152, 14 May 2008

***Indonesia: Communal Tensions in Papua***, Asia Report N°154, 16 June 2008 (also available in Indonesian)

***Indonesia: Implications of the Ahmadiyah Decree***, Asia Briefing N°78, 7 July 2008 (also available in Indonesian)

***Thailand: Political Turmoil and the Southern Insurgency***, Asia Briefing N°80, 28 August 2008 (also available in Thai)

***Indonesia: Pre-election Anxieties in Aceh***, Asia Briefing N°81, 9 September 2008 (also available in Indonesian)

***Thailand: Calming the Political Turmoil***, Asia Briefing N°82, 22 September 2008 (also available in Thai)

***Burma/Myanmar After Nargis: Time to Normalise Aid Relations***, Asia Report N°161, 20 October 2008 (also available in Chinese)

***The Philippines: The Collapse of Peace in Mindanao***, Asia Briefing N°83, 23 October 2008

***Local Election Disputes in Indonesia: The Case of North Maluku***, Asia Briefing N°86, 22 January 2009

***Timor-Leste: No Time for Complacency***, Asia Briefing N°87, 09 February 2009

***The Philippines: Running in Place in Mindanao***, Asia Briefing N°88, 16 February 2009

***Indonesia: Deep Distrust in Aceh as Elections Approach***, Asia Briefing N°90, 23 March 2009

***Indonesia: Radicalisation of the "Palembang Group",*** Asia Briefing N°92, 20 May 2009

***Recruiting Militants in Southern Thailand,*** Asia Report N°170, 22 June 2009

***Indonesia: The Hotel Bombings***, Asia Briefing N°94, 24 July 2009

## OTHER REPORTS AND BRIEFINGS

For Crisis Group reports and briefing papers on:

- Africa
- Asia
- Europe
- Latin America and Caribbean
- Middle East and North Africa
- Thematic Issues
- *CrisisWatch*

please visit our website www.crisisgroup.org

# अनुसूची घ
# इन्टरन्यासनल क्राइसिस ग्रुपका कार्यकारी बोर्डका सदस्यहरू

*Co-Chairs*

**Lord Christopher Patten**
*Former European Commissioner for External Relations, Governor of Hong Kong and UK Cabinet Minister; Chancellor of Oxford University*

**Thomas Pickering**
*Former U.S. Ambassador to the UN, Russia, India, Israel, Jordan, El Salvador and Nigeria*

*President & CEO*

**Louise Arbour**
*Former UN High Commissioner for Human Rights and Chief Prosecutor for the International Criminal Tribunals for the former Yugoslavia and for Rwanda*

*Executive Committee*

**Morton Abramowitz**
*Former U.S. Assistant Secretary of State and Ambassador to Turkey*

**Emma Bonino***
*Former Italian Minister of International Trade and European Affairs and European Commissioner for Humanitarian Aid*

**Cheryl Carolus**
*Former South African High Commissioner to the UK and Secretary General of the ANC*

**Maria Livanos Cattaui**
*Member of the Board, Petroplus, Switzerland*

**Yoichi Funabashi**
*Editor-in-Chief & Columnist,* The Asahi Shimbun, *Japan*

**Frank Giustra**
*Chairman, Endeavour Financial, Canada*

**Stephen Solarz**
*Former U.S. Congressman*

**George Soros**
*Chairman, Open Society Institute*

**Pär Stenbäck**
*Former Foreign Minister of Finland*

**Vice Chair*

*Other Board Members*

**Adnan Abu-Odeh**
*Former Political Adviser to King Abdullah II and to King Hussein, and Jordan Permanent Representative to the UN*

**Kenneth Adelman**
*Former U.S. Ambassador and Director of the Arms Control and Disarmament Agency*

**HRH Prince Turki al-Faisal**
*Former Ambassador of the Kingdom of Saudi Arabia to the U.S.*

**Kofi Annan**
*Former Secretary-General of the United Nations; Nobel Peace Prize (2001)*

**Richard Armitage**
*Former U.S. Deputy Secretary of State*

**Lord (Paddy) Ashdown**
*Former High Representative for Bosnia and Herzegovina and Leader of the Liberal Democrats, UK*

**Shlomo Ben-Ami**
*Former Foreign Minister of Israel*

**Lakhdar Brahimi**
*Former Special Adviser to the UN Secretary-General and Foreign Minister of Algeria*

**Zbigniew Brzezinski**
*Former U.S. National Security Advisor to the President*

**Kim Campbell**
*Former Prime Minister of Canada*

**Naresh Chandra**
*Former Indian Cabinet Secretary and Ambassador to the U.S.*

**Joaquim Alberto Chissano**
*Former President of Mozambique*

**Wesley Clark**
*Former NATO Supreme Allied Commander, Europe*

**Pat Cox**
*Former President of the European Parliament*

**Uffe Ellemann-Jensen**
*Former Foreign Minister of Denmark*

**Gareth Evans**
President Emeritus of Crisis Group; Former Foreign Affairs Minister of Australia

**Mark Eyskens**
*Former Prime Minister of Belgium*

**Joschka Fischer**
*Former Foreign Minister of Germany*

**Yegor Gaidar**
Former Prime Minister of Russia

**Carla Hills**
*Former U.S. Secretary of Housing and U.S. Trade Representative*

**Lena Hjelm-Wallén**
*Former Deputy Prime Minister and Foreign Affairs Minister of Sweden*

**Swanee Hunt**
*Former U.S. Ambassador to Austria; Chair, The Initiative for Inclusive Security and President, Hunt Alternatives Fund*

**Anwar Ibrahim**
*Former Deputy Prime Minister of Malaysia*

**Mo Ibrahim**
*Founder and Chair, Mo Ibrahim Foundation; Founder, Celtel International*

**Asma Jahangir**
*UN Special Rapporteur on the Freedom of Religion or Belief; Chairperson, Human Rights Commission of Pakistan*

**James V. Kimsey**
*Founder and Chairman Emeritus of America Online, Inc. (AOL)*

**Wim Kok**
*Former Prime Minister of the Netherlands*

**Aleksander Kwaśniewski**
Former President of Poland

**Ricardo Lagos**
*Former President of Chile*

**Joanne Leedom-Ackerman**
*Former International Secretary of International PEN; Novelist and journalist, U.S.*

**Jessica Tuchman Mathews**
President, Carnegie Endowment for International Peace, U.S.

**Moisés Naím**
Former Venezuelan Minister of Trade and Industry; Editor in Chief, *Foreign Policy*

**Ayo Obe**
*Chair, Board of Trustees, Goree Institute, Senegal*

**Christine Ockrent**
*CEO, French TV and Radio World Services*

**Victor Pinchuk**
*Founder of EastOne and Victor Pinchuk Foundation*

**Fidel V. Ramos**
*Former President of Philippines*

**Güler Sabancı**
Chairperson, Sabancı Holding, Turkey

**Ghassan Salamé**
*Former Lebanese Minister of Culture; Professor, Sciences Po, Paris*

**Thorvald Stoltenberg**
*Former Foreign Minister of Norway*

**Ernesto Zedillo**
*Former President of Mexico; Director, Yale Center for the Study of Globalization*

## PRESIDENT'S COUNCIL

*Crisis Group's President's Council is a distinguished group of major individual and corporate donors providing essential support, time and expertise to Crisis Group in delivering its core mission.*

**BHP Billiton**
**Canaccord Adams Limited**
**Mala Gaonkar**
**Alan Griffiths**
**Iara Lee & George Gund III Foundation**
**Frank Holmes**
**Frederick Iseman**
**George Landegger**
**Ford Nicholson**
**Royal Bank of Scotland**
**StatoilHydro ASA**
**Ian Telfer**
**Guy Ullens de Schooten**
**Neil Woodyer**

## INTERNATIONAL ADVISORY COUNCIL

*Crisis Group's International Advisory Council comprises significant individual and corporate donors who contribute their advice and experience to Crisis Group on a regular basis.*

**Rita E. Hauser** *(Co-Chair)*
**Elliott Kulick** *(Co-Chair)*
**Hamza al Kholi**
**Anglo American PLC**
**APCO Worldwide Inc.**
**Equinox Partners**
**Ed Bachrach**
**Stanley Bergman & Edward Bergman**
**Harry Bookey & Pamela Bass-Bookey**
**David Brown**
**John Chapman Chester**
**Chevron**
**Richard Cooper**
**Neil & Sandy DeFeo**
**John Ehara**
**Seth Ginns**
**Joseph Hotung**
**H.J. Keilman**
**George Kellner**
**Amed Khan**
**Zelmira Koch**
**Scott Lawlor**
**Jean Manas**
**Marco Marazzi**
**McKinsey & Company**
**Najib Mikati**
**Harriet Mouchly-Weiss**
**Yves Oltramare**
**Donald Pels and Wendy Keys**
**Anna Luisa Ponti & Geoffrey Hoguet**
**Michael Riordan**
**Tilleke & Gibbins**
**Vale**
**VIVATrust**
**Yapı Merkezi Construction and Industry Inc.**

## SENIOR ADVISERS

*Crisis Group's Senior Advisers are former Board Members who maintain an association with Crisis Group, and whose advice and support are called on from time to time (to the extent consistent with any other office they may be holding at the time).*

**Martti Ahtisaari** *(Chairman Emeritus)*
**George Mitchell** *(Chairman Emeritus)*
**Hushang Ansary**
**Ersin Arıoğlu**
**Óscar Arias**
**Diego Arria**
**Zainab Bangura**
**Christoph Bertram**
**Alan Blinken**
**Jorge Castañeda**
**Eugene Chien**
**Victor Chu**
**Mong Joon Chung**
**Gianfranco Dell'Alba**
**Jacques Delors**
**Alain Destexhe**
**Mou-Shih Ding**
**Gernot Erler**
**Marika Fahlén**
**Stanley Fischer**
**Malcolm Fraser**
**I.K. Gujral**
**Max Jakobson**
**Todung Mulya Lubis**
**Allan J. MacEachen**
**Graça Machel**
**Barbara McDougall**
**Matthew McHugh**
**Nobuo Matsunaga**
**Miklós Németh**
**Timothy Ong**
**Olara Otunnu**
**Shimon Peres**
**Surin Pitsuwan**
**Cyril Ramaphosa**
**George Robertson**
**Michel Rocard**
**Volker Rühe**
**Mohamed Sahnoun**
**Salim A. Salim**
**Douglas Schoen**
**Christian Schwarz-Schilling**
**Michael Sohlman**
**William O. Taylor**
**Leo Tindemans**
**Ed van Thijn**
**Simone Veil**
**Shirley Williams**
**Grigory Yavlinski**
**Uta Zapf**